
# लेखापरीक्षण प्रतिवेदन
# सुनसरी
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुर्‍याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुर्‍याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुर्‍याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

## विषय सूची


| सि.नं | | विषय | पृष्ठ नं. |
|---|---|---|---|
| १ | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | | १ |
| २ | लेखापरीक्षण र बेरुजूको स्थिति | | २ |
| ३ | कार्यालयगत लेखापरीक्षण व्यहोरा | | ३ |
| | ३.१ | आन्तरिक राजस्व कार्यालय, धरान | ३ |
| | ३.२ | कारागार कार्यालय | १७ |
| | ३.३ | कृषि विकास कार्यालय | १८ |
| | ३.४ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १९ |
| | ३.५ | जिल्ला अदालत | २० |
| | ३.६ | जिल्ला सरकारी वकिल कार्यालय | २१ |
| | ३.७ | जिल्ला प्रशासन कार्यालय | २२ |
| | ३.८ | जिल्ला प्रहरी कार्यालय | २३ |
| | ३.९ | जिल्ला वन कार्यालय | २३ |
| | ३.१० | जिल्ला शिक्षा कार्यालय | २६ |
| | ३.११ | जिल्ला विकास समितिको कार्यलय | २९ |
| | ३.१२ | जिल्ला स्वास्थ्य कार्यालय | ४० |
| | ३.१३ | तेश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | ४२ |
| | ३.१४ | पूर्व क्षेत्रीय दंगा नियन्त्रण कार्यालय दुहवी | ४३ |
| | ३.१५ | पुल आयोजना पूर्वी क्षेत्र १ धरान सुनसरी | ४४ |
| | ३.१६ | पूर्वाञ्चल क्याम्पस, धरान | ४६ |
| | ३.१७ | दोस्रो उच्च शिक्षा परियोजना | ४७ |
| | ३.१८ | रानी विराटनगर इटहरी धरान सडक योजना | ४८ |
| | ३.१९ | व्यबसायिक सीप बिकास केन्द्र,ईटहरी | ५० |
| | ३.२० | व्यबसायिक तालिम तथा प्राबिधिक शिक्षा परिषद,ईटहरी | ५१ |
| | ३.२१ | बि पी कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान, धरान | ५४ |
| | ३.२२ | महिला तथा बालबालिका कार्यालय, धरान | ७२ |
| | ३.२३ | महेन्द्र बहुमुखी क्याम्पस, धरान | ७३ |
| | ३.२४ | मालपोत कार्यालय, ईनरुवा | ७६ |
| | ३.२५ | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय | ७८ |
| | ३.२६ | सिंचाई विकास डिभिजन | ७९ |
| | ३.२७ | सुनसरी मोरङ पुल निर्माण आयोजना | ८० |
| | ३.२८ | शैक्षिक तालिम केन्द | ८३ |
| | ३.२९ | हावापानी कार्यालय | ८३ |
| | ३.३० | हुलाकी राजमार्ग आयोजना | ८३ |
| | ३.३१ | क्षेत्रीय कृषि अुनसन्धान | ८५ |
| ४ | आन्तरिक लेखापरीक्षण | | ८७ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | | ९९ |
| अनुसूची २ : | बेरुजूको स्थिति | | ९२ |
| अनुसूची ३ : | जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण | | ९४ |
| अनुसूची ४ : | जिम्मेवार पदाधिकारीको नामावली | | ९६ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था** : संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्ने, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबार(बक्यौता समेत)को लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| ● सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>● वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>● महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>● संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>● गुणस्तर आश्वस्तता निर्देशिका,<br>● आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>● राजस्व लेखापरीक्षण मार्गदर्शन, | ● सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>● प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>● जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>● जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>● लेखापरीक्षकको आचारसंहिता,<br>● सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ४९ कार्यालयको विस्तृत र ४३ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

**१.१. लेखापरीक्षण** : यस जिल्ला स्थित ९२ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.१९ अर्ब १५ करोड ८९ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यलय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

**१.२. बेरुजू** : आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुर्‍याउनुपर्ने रीत नपुर्‍याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहर्‍याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष ३४ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा ८१० र रु.१ अरव ३६ करोड ६७ लाख ६६ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अबधिसम्म ३३ कार्यालयको प्रतिक्रियावाट फछ्र्यौट र समायोजन भएका  दफा ३९३ र रु.७ करोड ४७ लाख ३१ हजार मिलान गरी ३४ कार्यालयको दफा ४१७ र रु.१ अरव २९ करोड २० लाख ३५ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियावाट फर्छ्यौट एवं समायोजन गरी कार्यालयगत व्यहोरा र बांकी दफा संख्या कायम गरीएको छ। लेखापरीक्षणको क्रममा रु १० लाख ६९ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.७ करोड ५४ लाख ८६ हजार, अनियमित रु.४३ करोड ४४ लाख ३७ हजार र पेश्की रु.७८ करोड २१ लाख १२ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

**१.३. सुझाव** : तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुर्‍याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा
## आन्तरीक राजश्व कार्यालय धरान

१. **प्रगति** : निर्धारीत लक्ष्य बमोजिम प्रगति गर्नु पर्नेमा कार्यालयको यस वर्षको वार्षिक लक्ष्य वमोजिम प्रगति शंशोधित आयकर निर्धारणमा २० र बक्यौता आयकर संकलन १९ प्रतिशत मात्र रहेको छ ।

२. **करको दायरा विस्तार** : कम्पनी ऐन, २०६३, अनुरुप संस्था दर्ता एवं नियमन गर्ने कार्यालयले संस्था दर्ता गरेपछि दर्ताको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने व्यवस्था रहेतापनि ती कार्यालयबाट संस्था दर्ताको जानकारी प्राप्त हुने गरेको पाइएन । आन्तरिक राजश्व कार्यालयले पनि आफ्नो कार्यक्षेत्रभित्र कारोबार सञ्चालन गरिरहेका सस्था एवं निकायहरुको विवरण संस्था दर्ता तथा नियमन गर्ने कार्यालयबाट प्राप्तगरी ति निकायले स्थायी लेखा नम्बर लिए नलिएको सम्बन्धमा कार्यालयको अभिलेखसंग भिडान गर्न र दर्ता नगरेको पाइएमा कानुन बमोजिम दर्ता गराउने कार्य गरेको पाईएन । नियमको व्यवस्था अनुसार कार्य हुनु पर्दछ ।

३. **स्थायी लेखा नम्बर** : आन्तरिक राजश्व कार्यायले करदातालाई स्थायी लेखा नम्बर प्रदान गर्दा करदाताको कारोबार वा पेशा वा व्यवसायको प्रकृति खुल्ने गरी स्थायी लेखा नम्बर दिने गरेको छैन । यस कार्यालयको कार्यक्षेत्र भित्रका पांच जिल्लामा कति शैक्षिक संस्था दर्ता भएका छन् सो सम्न्धी अभिलेख राखेको पाइएन । यस कार्यालयको कार्यक्षेत्रका पांच जिल्लामा दर्ता भएका तर स्थायी लेखा नम्बर नलिएका संस्थागत विद्यालयहरुको खोजी गरी बिवरण अध्यावधिक गर्न र अनिवार्य रुपमा स्थायी लेखा नम्बर लिएर मात्र बिद्यालयहरु सञ्चालन हुने व्यबस्था गर्नु पर्ने देखिन्छ। जस्ले गर्दा दर्ता भएका भएका प्राइभेट फर्म, सहकारी संस्था, पेशागत संस्था लेखापरीक्षक, कानून व्यवसायी, स्वास्थ्य व्यवसायी आदि, शैक्षिक संस्था, स्वास्थ्य संस्था, प्राइभेट कम्पनी आदिले आयकर ऐन बमोजिम अनिवार्य लिनुपर्नं स्थायी लेखा नम्बर लिए नलिएको सम्बन्धमा अनुगमन तथा नियमन गर्न सकिने अवस्था देखिएन । अतः हाल करदातालाई प्रदान गरिदै आएको स्थायी लेखा नम्बरको वर्गीकरण प्रकृयालाइ एस्.आई.टि.सी.कोडमा रुपान्तरण गरी सुधार गर्नु पर्ने देखिन्छ ।

४. **मूल्य अभिबृद्धिकरमा दर्ता** : प्राइभेट फर्म सम्बन्धि मापदण्ड, २०७१ को दफा १२ अनुसार रु २० लाखभन्दा बढि पूंजी देखाई यस कार्यालयको कार्य क्षेत्रभित्र दर्ता भएका प्राइभेट फर्मको विवरण सम्बन्धित निकायबाट लिई ती फर्महरु मूल्य अभिबृद्धि कर ऐन, २०५२ अनुसार मूल्य अभिबृद्धिमा दर्ता भए नभएको सम्बन्धमा अनुगमन गर्नु पर्ने देखिन्छ ।

५. **कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा प्रत्येक वासिन्दा व्यक्तिले भुक्तानी गर्दा ती दफाहरुमा तोकिएको दर अनुसार कर कती गर्नु पर्ने व्यवस्था छ। दफा ९० मा अग्रिम कर कटट्टी गर्नुपर्ने व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र विभागले तोकेको तरिका र ढांचामा विभागमा विवरण दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

५.१. आन्तरिक राजश्व विभागले अग्रीमकर कर कट्टाको विवरण पेश गर्नु फाराम वा अनुसूचि तोकिएको छैन भने अनलाइनबाट अपलोड गर्ने फाराम पनि तोकिएको छैन । कतिपय करदाताले अनुसूचि १० मा आफूले कटाएको अग्रीम कर समेत समावेश गर्ने गरेको देखिएकाले आफूले भुक्तानी दिंदा कटाएको कर समेत आफ्नो आयमा लाग्ने कर दायित्वमा मिलान गर्ने सक्ने अवस्था देखिएको छ । अतः यस सम्बन्धमा विभागले अलग फाराम वा अनुसूचिको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

५.२. करदाताले अग्रिम कर बुझाउन ल्याएमा मात्र रकम बुझ्ने गरेको देखियो । जसले गर्दा सबै करदाताबाट अग्रिमकर दाखिला नहुने अवस्था छ । अतः अग्रिम कर दाखिला सम्वन्धमा अनुगमन गर्नुपर्दछ ।

५.३. करदाताहरुले अग्रिम कर भौचर मार्फत दाखिला गरेपछि आय विवरण पेश गर्दा लाग्ने आयकर वा पहिले कटाई दाखिला भएको कर रकम अनुसूचि १० मार्फत दावी गर्दा भौचरको रकम पहिलेनै दावी भइसकेको वा भौचर रकममध्ये निश्चित रकममात्र दावी गर्न बांकी रहेको जानकारी विद्युतीय अभिलेख प्रणालीले दिने व्यवस्था रहेको छैन जस्ले गर्दा कुनै खास भौचरमा उल्लेखित रकम धेरै करदाताले अनुसूचि १० मा दावी गर्न सकिने अवस्था रहेको छ ।

५.४. आयकर ऐन,२०५८ को दफा ८९ मा बासिन्दा व्यक्तिले ठेक्का वा करार वापत रु ५० हजार भन्दा बढीको रकम भुक्तानी दिदो १.५ प्रतिशतका दरले अग्रीम कर कट्टी गर्नुपर्नु व्यबस्था गरेको छ । सो व्यबस्था अनुसार वस्तुको आपूर्ति सम्बन्धमा गरिएको करारलाई समेत करार मानेको छ । करार ऐन २०५६ को दफा ४० ले कुनै बिक्रेताले मूल्य लिई कुनै बस्तु तत्काल वा भबिश्यमा हस्तान्तरण गर्न मञ्जुर गरेमा करार गरेको मानिने व्यबस्था छ । कानुनको उपर्युक्त प्रावधान बमोजिम करार रकमको भुक्तानी गर्दा अग्रीम रुपमा करकट्टा गरी भुक्तानी दिनुपर्नेमा कर कट्टा नगरी भुक्तानी गरेको अबस्थामा पनि कार्यायबाट कर नकटाएको सम्बन्धमा करपरीक्षण गर्दा केही उल्लेख गरेको पाइएन ।

५.५. **अनुमानित करको विवरण :** आयकर ऐन, २०५८ को दफा ९४ मा किस्तावन्दीमा कर दाखिला गर्ने र दफा ९५ मा दाखिला गर्नु पर्ने अनुमानित करको विवरण बुझाउनु पर्ने व्यवस्था रहेको छ । यस्तो विवरण नबुझाउनेलाई ऐनको दफा ११७ (क) अनुसार शुल्क तथा दफा ११८(१) अनुसार व्याज लाग्ने व्यवस्था छ । यस कार्यालय अर्न्तगत आयकरतर्फ दर्ता भएका करदाताहरुमध्ये अनुमानित आय विवरण दाखिला गर्ने करदाताको अभिलेख अद्यावधिक गरेको पाइएन । अनुमानित कर विवरण पेश गर्नु पर्ने करदाताले समयमा पेश गरे नगरेको सम्बन्धमा अभिलेख राखी अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

आयकर ऐन, २०५८ को दफा ९५ बमोजिम पेश गरेको अनुमानित आय विवरण अनुसार दाखिला भएको आयकरभन्दा लाग्ने आयकर रकम बढी भएमा सो रकम नेपाल सरकारको धरौटी सरह मानी नेपाल सरकारको अनुमानित दायित्वको रुपमा लेखांकन गर्नु पर्दछ । यस्तो रकमलाई नेपाल सरकारको दायित्वको रुपमा लेखांकन गर्ने गरेको पाइएन । करपरीक्षण गरेका करदाताहरुको फाइल परीक्षण गर्दा विभिन्न ५ करदाताले लाग्ने करभन्दा बढि रु.२,९६०,९९२।० दाखिला गरेको देखिन्छ । यस्तो रकमलाई नेपाल सरकारको दायित्वको रुपमा लेखाङ्कन गर्नु पर्दछ ।

६. **आय विवरण :** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र दफा ९८ वमोजिम म्याद थप भएकोमा सो म्याद भित्र सो वर्षको आय विवरण दाखिला गर्नु पर्ने व्यवस्था छ । यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने ३२३७५ करदातामध्ये १६३७३ करदाता ५०.५६ प्रतिशतले मात्र आय विवरण दाखिला गरेको अभिलेखबाट देखिन्छ । कानुनमा तोकिएको समयमा आय विवरण दाखिला नगर्ने करदाता १६००२।० (४९.४२) प्रतिशत को खोजि गरी आय विवरण दाखिला गर्न लगाउने कार्य भएको समेत पाइएन ।। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन

६.१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । कार्यालयमा मूल्य अभिबृद्धि करमा दर्ता भएका ४७५० करदाताहरुमध्ये ६४३ ले बन्द गरेकोले बांकी ४१०७ ले मूल्य अभिबृद्धि कर विवरण बुझाउनु पर्नेमा ११११ (२३.३८)

प्रतिशतले डेविट विवरण, १६५८ (४०.३७ प्रतिशत) ले केडिट विवरण, पेश गरेको र १३३८ (३२.५७ प्रतिशत) ले विवरण पेश नगरेको देखिन्छ । यसबाट डेविट भन्दा केडिट १.४० गुणाले बढी बजार अनुगमन गरी यस्ता विवरणको छानविन बढाउनु पर्ने देखिन्छ ।

६.२. कार्यालयको अभिलेखबाट व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको संख्या ७९१३० रहेकोमा ती करदाताले आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय विवरण पेश गरेको अभिलेख रहेको पाइएन ।

६.३. कार्यालय अन्तरगत दर्ता भएका करदाताहरुले आर्थिक वर्ष २०७१।७२ को अन्त्यमा ८१५ डेविट कर विवरण पेश गरी रु.११३,०७६,०५४।० डेविट रकम देखाएकोमा सो सबै डेविट रकम दाखिला गरे नगरेको सम्बन्धमा नियमित रुपमा अनुगमन हुनु पर्दछ । अन्तःशुल्क ऐन, २०५८ को दफा १०क मा अन्तःशुल्क निर्धारण र असुल गर्नु पर्ने दायित्व भएका व्यक्तिले प्रत्येक महिनाको अन्तःशुल्क लाग्ने कारोबारको विवरण सो महिना समाप्त भएको पच्चीस दिनभित्र अन्तःशुल्क विवरण पेश गर्नु पर्ने व्यवस्था रहेको छ । यस कार्यालयले इजाजतपत्र लिएका एवं नवीकरण गराएका व्यक्ति, फर्म वा संस्थाको अभिलेख राखेको पाइएन । नवीकरण नगर्ने एवं विवरण दाखिला नगर्ने करदाताको खोजी गरी विवरण दाखिला गर्न लगाउने कार्य गर्नु पर्दछ ।

६.४. आयकर तर्फ आय विवरण पेश नगर्ने करदाताहरुले आर्थिक कारोबार गरे नगरेको सम्बन्धमा कार्यालयबाट नियमित रुपमा अनुगमन हुनु पर्दछ ।

७. **आर्थिक विवरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र लगती राजस्व र असुल हुन बांकी तथा हसवली राजस्व समेतको कच्चावारी समेत भिडाई राजस्वको वार्षिक आर्थिक विवरण तयार गरी पेश गर्नु पर्ने व्यवस्था छ । उक्त आर्थिक विवरणको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छ :

७.१. नियमानुसार कार्यालयले असुल गर्न सम्पूर्ण राजस्व रकम आर्थिक विवरणमा समावेश गर्नुपर्नेमा मूल्य अभिवृद्धिकर तर्फ वक्यौता रु १२५४५६२५८।० आर्थिक विवरणमा लगतमा समावेश गरेको देखिएन ।

७.२. कार्यालयमा करदाताहरुले १६५८ वटा केडिट कर विवरण पेश गरेकोमा रु ५४०९६६१९०।- मूल्य अभिबृद्धि कर फिर्ता दिनु पर्ने लाई आर्थिक विवरणमा दायित्वमा देखाएको छैन । १२ महिना भन्दा बढि केडिट हुने ६४ करदाता छनौट गर्दा सबैभन्दा बढी अवधिदेखि केडिटमा रहेका १६ करदाताहरु को मात्र रु ७२८२२२०। क्रेडिट रहेको छ । मुल्य अभिबृद्धि करमा केडिट देखाई विवरण पेश गर्ने यस्ता करदाताहरुको कारोवारका बिषेश निगरानी राखी वास्तविक केडिटको अवस्था एकिन गरी मू.अ.कर डेविटमा ल्याउन पहल गर्नु पर्ने देखिन्छ ।

७.३. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा कर अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र कर बुझाउनु पर्ने र नबुझाएमा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ । कार्यालयमा दर्ता रहेका मध्ये २०७३ आषाढ मसान्त सम्म १९२ करदातासंग मात्र रु १२ करोड ५४ लाख ५६ हजार बांकी रहेको छ । रु १ लाख भन्दा बढी मूल्य अभिवृद्धि कर बांकी राख्ने मुख्य १० करदाताको वक्यौता रु ५९२०४०२२।० रहेको छ ।

७.४. मूल्य अभिबृद्धि कर विवरण बुझाउन बांकी राख्ने १९२ करदाताहरुमध्ये रु १ लाख भन्दा बढि बांकी भएका करदाताहरुको विश्लेषण गर्दा सबैभन्दा बढि अवधिको कर विवरण बुझाउन बांकी ५ करदाताहरुको रु ८२२६५३३।० रहेको छ । उक्त रकम नियमानुसार असुल गर्नु पर्दछ ।

७.५. करदाताहरुसंग २०७३ आषाढ मसान्तसम्म आयकर रु ७७१२५४४४।११, अन्तःशुल्क रु ९८४२६।८७, अन्तशुल्क अन्य उत्पादन रु.९८४९१८३।७१, परिश्रमिक कर रु १४५०९९१।३१,

बहाल कर रु १९८३२२३।३०, बिक्रीकर रु ८२०९६८३।७१ गरी रु ९८७१६९५०।० असुल गर्न बांकी रहेको छ ।

७.६. आयकर ऐन, २०५८ को दफा ११५(८) मा निवेदन परेको साठी दिनभित्र विभागले निर्णय दिई सक्नु पर्ने व्यवस्था रहेको छ । आर्थिक वर्षको अन्तमा असुल गर्न बांकी आयकर तथा अन्तःशुल्क मूल्य अभिबृद्धि कर बाहेक वक्यौता राजस्व मध्ये विभिन्न करदाताहरुको कर निर्धारणका सम्बन्धमा राजश्व न्यायाधिकरणमा पुनरावेदन परेको कारणबाट रु ७९४६३९३४।० कर रकम विवादित रहेको कार्यालयको अभिलेखबाट देखिन्छ ।

७.७. करदाताको कारोवार एवं चल अचल सम्पत्ति रोक्का गरेर वक्यौता असुल गनं सकिने कानूनी व्यवस्था रहेतापनि वक्यौता असुली कायं प्रभावकारी हुन सकेको छैन । आयकर ऐन, तथा मूल्य अभिवृद्धि कर कानूनको व्यवस्था अनुसार करदाताले दाखिला गर्नुपर्नेकर तोकिएको अवधिभित्र दाखिला नगरेमा बक्यौता असुल गर्न करदाताहरुको खोजतलास गरी टुगो लगाउने, सम्पत्ति तथा कारोबार रोक्का गर्ने जस्ता कारबाही गर्नसक्ने कानूनी व्यवस्थाको पालना गरी वक्यौता असुलीलाइं प्रभावकारी वनाउनु पर्दछ ।

कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको राजश्व रकम आम्दानी रसिद म.ले.प.फा.नं ११ काटी बुझ्नु पर्ने, जम्माकर्ताले राजश्व खातामा जम्मा गरेको मितिले एक वर्ष भित्र सम्बन्धित कार्यालयमा राजश्व भौचर पेश गर्नु पर्ने, बैंकले प्रत्याभुत गरेको चेक वा ड्राफ्ट वापत प्राप्त रकम नगद आम्दानी सरह मान्नु पर्ने, राजश्वको लेखा राख्दा दोस्रोप्रति भौचरको आधारमा राख्नु पर्दछ । यस्का लागि मुख्य रुपमा म.ले.प.फा.नं.हरु क्रमशः ११, १०८क, १०८ख, १०, १०८, २३, ९, १५क र १९३ अनिवार्य रुपमा राख्नु पर्दछ ।

७.८. करदाताले राजश्वमा दाखिला गरेको राजश्व रकमको भौचर कार्यालयमा पेश गरेपछि कार्यालयले आम्दानी रसिद काटी राजश्व रकम बुझ्नु पर्नेमा कार्यालयले करदाताले बुझाउन ल्याएको राजश्वको बैंक भौचरको आधारमा नभई बैंकबाट प्राप्त विवरणको आधारमा राजश्वको आम्दानी देखाउने गरेको पाइयो । यसबाट राजश्व दाखिला गरेको मध्ये करदाताले कार्यालयमा पेश गरेको राजश्वको भौचरको रकम भिडान गर्न सक्ने अवस्था रहेको छैन ।

७.९. आन्तरिक राजश्व विभागले लागु गरेको राजश्व लेखा प्रणाली (रास) ले कार्यालयमा प्राप्त भएको राजश्वको रकम आम्दानी रसिदबाट बुझेपछि राजश्वको आर्थिक विवरण सम्मका सबै म.ले.प.फा.नं.हरु स्वचालित रुपमा प्रशोधन गरी प्रतिवेदनहरु तयारी गर्नु पर्नेमा केही हदसम्म राजश्वको मासिक प्रतिवेदन म.ले.प.फा.नं. (९) र राजश्व आम्दानी बैंक नगदी किताब म.ले.प.फा.नं.२३ मात्र प्रशोधन गरेतजपनि राजस्व आम्दानी दैनिक नगद प्राप्ति खाता ( म.ले.प.फा.नं. १०८ (क), राजस्व आम्दानी दैनिक बैंक भौचर खाता (म.ले.प.फा.नं. १०८ ख), राजस्व आम्दानी दैनिक गोश्वारा खाता (म.ले.प.फा.नं. १०८) र राजश्वको आर्थिक विवरण ( म.ले.प.फा.नं. १९३) लगायतका राजश्व लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन । राजश्वको वार्षिक आर्थिक विवरण स्वीकृत ढांचाभन्दा फरक ढांचामा तयार गरेको पाइयो । त्यस्तै राजश्वको बैंक हिसाब विवरण एवं गत आर्थिक वर्षमा कार्यालयमा पेश नभएको भौचरको भिडान विवरण तयार गरेको पाइएन ।

७.१०. राजश्व लेखाप्रणालीको अभिन्न अंगको रुपमा रहेको निर्धारित कर माग र असुली किताब म.ले.प.फा.न.३९ लाई आन्तरिक राजश्व विभागले राजश्व लेखा प्रणालीमा समावेश नगरेकोले कार्यालयले हस्तलिखित अभिलेख खडा गरेको छ । उक्त फारामलाई विद्युतीय माध्याममा राखेमा अनुगमन प्रभावकारी हुने देखिन्छ ।

७.११. नेपालको संविधान को धारा २४१ अनुसार महालेखापरीक्षकबाट लेखापरीक्षण गरिने लेखा महालेखापरीक्षकद्धारा तोकिएको ढाँचामा राख्नु पर्ने व्यवस्था रहेको छ । यस प्रयोजनका लागि महालेखा परीक्षकद्धारा आन्तरिक राजश्व विभाग र अन्तरगतका कार्यालयले राख्नु पर्ने फारामहरु २६ वटा तथा अन्तशुल्क कार्यालयले राख्नु पर्ने फारामहरु ५ वटा म.ले.प.फा.नं.हरु तोकिएको छ तर कार्यालयले उक्त फारामहरु राखेको पाइएन ।

८. **लेखापरीक्षकको प्रतिवेदन** : कम्पनीले पेश गर्नुपर्ने वित्तिय विवरण कम्पनी ऐन, २०६३ तथा नेपाल लेखामान १ ले तोकेको र सोमा खुलासा गर्नु पर्ने व्यहोरा समेत स्पष्ट गरेको छ। कानूनले तोके अनुसारको ढाचामा वित्तीय विवरण तयार नगर्ने, वित्तीय विवरणका सबै अंग तयार नगर्ने, वित्तीय विवरण एवं यस्का अनुसूचिहरुमा तुलनात्मक विवरण पेश नगर्ने, व्यवस्थापनले उल्लेख गरे वमोजिम भनि नगद मौज्दात As certified by management तथा अन्तिम मौज्दात प्रमाणीत गर्ने सबै अनुसूचीहरु सिलसिलेवार रुपमा नदेखाउने लगायतका स्थिति देखिएको छ ।

लेखापरीक्षकले प्रमाणित गरेका वित्तीय विवरणको कर परीक्षण गर्दा विल भरपाई नभएको भनी खर्चअमान्य गर्ने गरिएको छ तर लेखापरीक्षकले सो सम्बन्धमा कुनै व्यहोरा प्रतिवेदनमा उल्लेख नगर्ने गरेको अवस्था छ। लेखापरीक्षकलाई समेत जिम्मेवार वनाई लेखापरीक्षकले पालना नगरेका व्यहोराका सम्बन्धमा लेखापरीक्षकको नियमन गर्नें निकायमा जानकारी दिइ अनुगमन र्गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ।

८.१. कम्पनी रजिष्टारको कार्यालयले मिति २०५८।२।१ मा नेपाल राजपत्रमा प्रकाशन गरेको ढांचामा कम्पनीको वार्षिक आर्थिक विवरण तयार गर्नु पर्ने व्यवस्था भएकोमा यस वर्ष कर परीक्षण भएका कुनै पनि कम्पनीको वित्तीय विवरण सो ढांचा अनुरुप तयार गरी पेश गर्ने गरेको देखिएन र लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा ढांचा पालना नभएको सम्बन्धमा उल्लेख गर्ने गरेको देखिएन ।

८.२. सहकारी संघ संस्था दर्ता, संचालन, लेखापरीक्षण, अनुगमन तथा नियमन सम्बन्धि मापदण्ड, २०६८ बमोजिम रु.एक करोडभन्दा बढी बचत परिचालन गर्ने संस्था वा संघ वा बैंकको लेखापरीक्षण गर्दा अनिवार्य रुपमा मापदण्डमा तोकिएको ढांचामा लगफर्म लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था भएकोमा सहकारी संस्थाको प्रतिवेदन साथ उक्त प्रतिवेदन समावेश गरेको पाइएन ।

८.३. करदाताहरुले वित्तीय विवरणमा वासलात, आय विवरण,नाफा नोक्सान हिसाब नगद प्रवाह १०.५ विवरण, इक्वीटीमा भएको परिवर्तन, लेखा सम्बन्धि टिप्पणी गरी ५ वटा विवरण अनिवार्य गरिएको छ भने अन्य अनुसूचिहरु प्रस्तुत गर्नु पर्ने व्यवस्था रहेको छ। कर परीक्षण गरेका फाइलसाथ इक्वीटीमा भएको परिवर्तन सबै जसो करदाताले तयार गरी पेश गरेको पाइएन ।

८.४. कम्पनीहरुले कम्पनी रजिष्टारको कार्यालयले मिति २०५८।२।१ मा नेपाल राजपत्रमा प्रकाशन गरेको ढांचामा वार्षिक आर्थिक विवरण तयार गर्नु पर्नेमा यस वर्ष कर परीक्षण भएका कुनै पनि कम्पनीको वित्तीय विवरण सो ढांचा अनुरुप तयार गरी पेश गर्ने गरेको देखिएन र कर परीक्षण प्रतिवेदनमा ढांचा पालना नभएको सम्बन्धमा उल्लेख गर्ने गरेको देखिएन ।

८.५. कार्यालयमा दर्ता रहेका कुल करदाता ७९१३६ मध्ये ४७३० (५.९८ प्रतिशत) करदाता प्राइभेट फर्म र साझेदारी फर्म रहेका छन् । यस्ता करदाताले राख्नु पर्ने लेखाको ढांचा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन तथा साझेदारी फर्म ऐन र ती ऐन अन्तरगतको नियमावलीमा तोकिएको छैन। जस्ले गर्दा यस्ता करदाताहरुले पेश गर्ने बित्तीय विवरणहरु फरक फरक ढांचामा पेशहुने गरेको देखियो ।

८.६. आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम करदाताले पेश गर्नुपर्ने आय विवरणका साथ संलग्न गर्नुपर्ने अनुसूचीहरुको ढांचा समेत विभागले तोकेको छ तर त्यस्ता अनुसूचीहरु आर्थिक विवरणको अनुसूचीको रुपमा तोकिएका छैनन् । अनुसूचीहरुमा उल्लेख भएका विवरणहरु आर्थिक विवरणमा समावेश भएका कारोबारमा फरक परेमा गल्ती भएको भनी प्रतिकृया दिने गरेका छन भने कर परीक्षण गदां गल्ती अनुसूचि पेश गरेको सम्बन्धमा जरिवाना नगरी करदातासंग अभिलेख माग गरी करदाताले गल्ती नगरेको भनी कर परीक्षण प्रतिवेदनमा उल्लेख गर्ने गरेको पाईयो । जसले गर्दा कार्यालयमा करदाताबाट पेश गरेका विवरण सहि एवं यथार्थ नभएमा पनि कुनै कारवाही भएको देखिएन ।

८.७. करदाताको आय विवरण पूणं वा अन्य कर परीक्षण गर्न छनौट भएपछि कायांलयले आयकर ऐन २०५८ को दफा ८३(१) बमोजिम कागजात तथा फांटवारी पेश गर्न आदेश दिने गरेको छ । करदाताले पेश गरेका आय विवरण तथा वित्तीय विवरण एवं कर निर्धारण आदेश बाहेक यसरी माग भएका कागजात बैंक विवरण, अन्य सरकारी निकायले उपलव्ध गराएका जानकारी आदि, कर परीक्षकको कार्यपत्रको अभिलेख कर परीक्षण फाइलमा राख्ने गरेको छैन । आर्थिक कारोबारलाई पुष्टि गर्ने गरी माग भएका कागजातको व्यवस्थित अभिलेख नहुने र करदाताका लेखा सम्बन्धि कागजातहरु जस्तै खाता वही एवं विल भरपाई सम्म लेखापरीक्षणमा पहुच नभएको कारणले यस्ता विवरणको मूल्याकंनबाट कर दायित्वमा पर्ने असर न्यून गराउन सकिएको छैन ।

८.८. आयकर निर्देशिका, २०६६ को परिच्छेद २५ को दफा २५.२.३ मा बीस लाख रुपैयाभन्दा बढी आय भएका पेशाकर्मी तथा पचास लाख रुपैंयाभन्दा बढी कारोबार भएको पेशाकर्मी बाहेकको अन्य सबै व्यक्ति, पांच करोड रुपैयाभन्दा बढी बार्षिक कारोबार हुने सबै व्यक्ति, उत्पादन मूलक उद्योग सञ्चालन गर्ने व्यक्ति, ठेक्का व्यवसाय गर्ने व्यक्ति, कमिशनको आधारमा कारोबार गर्ने व्यक्ति, होटल व्यवसाय गर्ने रिक्त, ट्राभल, ट्रेकिङ्ग तथा -याफ्टीङ्ग व्यवसाय गर्ने व्यक्ति, बैंक तथा वित्तीय संस्था, सामान्य बीमा व्यवसायीले आय विवरण साथ पेश गर्नुपर्ने कागजातको विवरण उल्लेख गरेको छ । तर आन्तरिक राजश्व विभागले ती कागजात पेश गनें अलग अनुसूचिको व्यवस्था गरेको छैन भने अनलाइन सूचना प्रविधि को माध्यमबाट आय विवरण पेश गर्दा यस्ता कागजात पेश गर्नु पर्ने फाराम पनि तोकिएको छैन । कार्यालयबाट कर परीक्षणका गर्दा पनि यस्ता कागजात माग गरेको पाइएन । यस्ता कागजातहरुको अभावमा लेखापरीक्षणको कममा परीक्षण र विश्लेषण गर्न सकिएन ।

९. **करपरीक्षण :** आयकर ऐन, २०५८ को दफा ९५(७), ९६(५), १००(२), १०१ एवं मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २३ तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ बमोजिम संशोधित कर निधांरण गनं सक्ने व्यवस्था रहेकोछ । यसरी गरिएको संशोधित कर निर्धारणमा पुनः संशोधन गर्न आन्तरिक राजश्व विभागले उपयुक्त ठानेमा जतिपटक पनि संशोधन गर्न सक्ने र यस्तो निर्धारण आय विवरण पेश गरेको मितिले चार वर्षभित्र गरिसक्नु पर्ने व्यवस्था रहेको छ । कर परीक्षणका लागि करदाताको छनौट गर्दा आयकर तर्फ लगातार रुपमा पर्याप्त पुष्ट्याई वेगर घाटामा आय विवरण पेश भएको, विकी कारोबारको तुलनामा कुल मुनाफा र खुद मुनाफा अस्वभाविक रुपमा कम भएको, समान प्रकृतिको करदाताको मुनाफा अनुपात फरक फरक भएको, ठुलो कारोबार भएको, नयां व्यवसायिक क्षेत्रको करदाता, वासलातमा भएको परिवर्तन स्वामित्वमा भएको परिवर्तन, ईस्यु वेस पार्टीकुलर केस, रिफण्ड र क्रेडिट वेस, कर छुटका व्यवसायहरु तथा क्षेत्रगत आधार आदि आधारमा करदाता छनौट गर्ने व्यवस्था रहेको छ । मूल्य अभिबृद्धि कर तर्फ वढ्दो केडिट रहेको व्यवसाय, घटिरहेको मु.अ.कर डेविट रहेको व्यवसाय, मू.अ.करमा आएको नयां व्यवसाय, मिश्रित कारोबार गर्ने व्यवसाय, नियमित कर फिर्ता लैजाने करदाता, कर सहभागिताको स्तरमा सुधार नभएको करदाता, लगानी प्रोत्सहान गर्न दिइएको मू.अ.कर केडिट

गर्न पाउने व्यवसाय, कानूनद्धारा मू.अ.कर फिर्ता पाउने व्यवसाय आदिका आधारमा तथा अन्तःशुल्क तर्फ प्रतिलव्धि, स्टोरेज लस, प्रोसेस लस, व्रेकेज लस, व्राण्डवाईज, स्प्रीट उत्पादन तथा खरिद, उत्पादन विविधता आदि आधार अवलम्बन गरी करदाताको छनौट गनें प्रचलन रहेको छ । आन्तरिक राजश्व विभाग एवं कार्यालयले उपरोक्त आधारलाइं उपयुक्त भार दिई उच्च अंक आउने करदाताहरुमध्येबाट कर परीक्षणकालागि करदाता छनौट गरेको अभिलेख रहेको देखिएन ।

९.१. आयकर ऐन, २०५८ अनुरुप पेश भएका आय विवरणमध्ये पूर्ण कर परीक्षणका लागि गत वर्षहरुमा छनौट भएकामध्ये परीक्षण हुन बांकी रहि जिम्मेवारी सरेका १०१ र यो वर्ष आय विवरण पेश गरेका करदाताहरुमध्ये ९० समेत १९१ करदाताको यो वर्ष पूर्ण करपरीक्षण गर्नुपर्नेमा १०४ करदाताको मात्र कर परीक्षण भएको देखियो । तोकिए वमोजिम कर परीक्षण हुनु पर्दछ ।

आयकर ऐन, २०५८ को दफा २२ (३) मा कम्पनीले कर प्रयोजनका लागि एक्रुयल आधारमा लेखांकन गर्नु पर्ने व्यवस्था गरिएको छ । त्यस्तै सोही ऐनको २४(३) मा बैंकिङ्ग व्यवसायका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंकिङ्ग सम्बन्धि प्रचलित कानूनको अधिनमा रही नेपाल राष्ट्र बैंकले तोकेको लेखांकनलाई विभागले मान्यता दिन सक्ने व्यवस्था रहेको छ भने दफा ५९ मा बैंकिङ्ग व्यवसायका सम्बन्धमा नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधिनमा रही बैंकिङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकम तथा गैर बैकिङ्ग सम्पत्ति वापत व्यवस्था गरिएको रकम समेतको पांच प्रतिशतसम्मको रकमलाई खर्चको रुपमा कट्टि गरिने व्यवस्था रहेको छ । सहकारी संघ/संस्था दर्ता संचालन, लेखापरीक्षण, अनुगमन तथा नियमन सम्बन्धि मापदण्ड, २०६८ मा संस्थाका सदस्यहरु विच लाभांश वितरण प्रयोजनको लागि नगद आधारमा व्याज आय लेखा राखी अन्य प्रयोजनका लागि प्रोदभावी आधारमा कारोबारको लेखा राख्नु पर्दछ ।

९.२. नेपाल राष्ट्र बैंकबाट इजाजत लिएका बाहेकले राखेको ऋण नोक्सानी कोष आयकर प्रयोजनका लागि खर्च कट्टि गर्न नपाइने तथा आयकर प्रयोजनका लागि प्रोदभावी आधारमा आय लेखांकन गनुं पनेंमा नगद आधारमा लेखांकन गर्नाले सहकारी संस्थाहरुबाट आयकर स्वरुप आउने ठूलो रकम करको दायरामा आउन सकेको छैन । कार्यालय अन्तरगत १३०७ सहकारीले स्थायी लेखा नम्बर लिएकोमा ती सबै सहकारीले ऋण नोक्सानी कोष र नगद आधारमा व्याज आय देखाई कर दायित्व न्युन भएको हुन सक्ने देखिएकाले द्रुत कर परीक्षण एवं अन्य कर परीक्षणमा सबै सहकारीलाई समावेश गरेमा नेपाल सरकारलाई आउने राजश्व बढ्ने देखिन्छ ।

९.३. दर्ता भएका व्यक्तिको अभिलेख कार्यालयमा रहेको कम्प्युटर प्रणालीमा राखिएको भए तापनि स्थायी लेखा नम्बर लिएकामध्ये आयकर ऐन, २०५८ को दफा २(ध) अनुसार कर छुटमा दर्ता भएका संस्थाको छुटै अभिलेख राखेको देखिएन । यसबाट स्थायी लेखा नम्बर लिएका करदातामध्ये कति कर छुट्मा छन् सो स्पष्ट नहुने भएको छ । यस्ता संस्थाहरुलाई प्रदान गरिने स्थायी लेखा नम्बरको वर्गीकरण प्रकृयामा सुधार हुनु पर्दछ । अतः आयकर छुटको प्रमाणपत्र जारी गर्दा यस्ता करदातालाई अलग स्थायी लेखा नम्बर दिई यस्को अनुगमन हुनु पर्दछ ।

९.४. कार्यालयले यस्ता करदाताहरुबाट आय विवरण लिने गरेको पाइएन । आयकर छुटको प्रमाणपत्र लिएका करदाताहरुले पेश गरेको आय विवरणबाट आयकर लाग्ने आय र आयकर छुट हुने आय रकम एकिन गरी आय कर लाग्ने आयमा कानून अनुसार आयकर भुक्तानी भए भएको एकिन हुनु पर्दछ । यस्ता करदाताहरुबाट आय विवरण दाखिला गर्न लगाई कर लाग्ने कारोबार गरे नगरेको अनुगमन गरी कर लाग्ने कारोबार गरेको देखिएमा कानून अनुसार कर असुल हुनु पर्दछ ।

१०. **ऋण पूंजीको अनुपात** : ऋण र शेयर पूंजीको अनुपात परीक्षण गर्दा अधिकृत पूंजीको तुलनामा न्यून मात्रामा चुक्ता पूंजी जुटाई व्यवसायमा स्रोतको अभाव देखाई बैंकवाट ऋण लिएर व्याज

खर्च कट्टी गर्ने गरेको देखियो । कर दायित्वमा प्रत्यक्ष असर गर्ने ऋण पूंजी र शेयर पूंजीको अनुपात अर्न्तराष्ट्रिय अभ्यास हेर्दा ३:१ सम्म रहेको देखिए तापनि यस कार्यालयका क्षेत्राधिकारका करदाताको ५३ गुणासम्म देखिएको छ । अर्न्तराष्ट्रिय मान्यता अनुरुप ऋण पूंजी अनुपात तोक्ने सम्वन्धमा कानूनी व्यवस्था गर्नु पर्दछ ।

११. **सफ्टवेयरबाट विजक जारी :** विभागले क्याश मेशिन प्रयोग र कम्प्युटर बिलिङ्ग सम्बन्धी निर्देशिका, २०६३ समेत कार्यान्वयनमा ल्याएको छ भने इलेक्ट्रोनिक क्यास रजिष्टर मेशिन जारी गर्ने सम्बन्धमा सार्वजनिक परिपत्र गरेको छ । करदाताले क्याश मेशिन प्रयोग गर्दा आन्तरिक राजश्व कार्यालयले क्याश मेशिन जांच गर्ने, विजक जारीको अनुगमन एवं निरीक्षण नियमित रुपमा गर्ने, यस्तो व्यवस्थाको उल्लंघन गर्नेलाई कारवाही गर्ने, खरिद खाता र विकी खातामा कारोवार भएको दिनको एकमुष्ट प्रविष्ट गरे नगरेको नियमित अनुगमन गर्नु पर्ने जिम्मेवारी तोकिएको छ । त्यस्तै कम्प्युटर विलिङ्ग गर्न निवेदन दिएमा कार्यालयले स्वीकृति दिनु पनें एवं विभागबाट स्वीकृती प्राप्त सपटवेयरको प्रयोग गर्नु पर्ने व्यवस्था रहेको छ । यस्तो मेशिनबाट विजक जारी गनुं पनें कारोबार गनें करदाताहरु एव) एकै कम्प्लेक्स वा भवन अन्तरगत रही जुनसुकै कारोबार गनें करदाताहरुले यस्तो विजक जारी गनं स्वीकृति लिएका सफ्टवेयरहरुको अभिलेख राखी नियमित रुपमा अनुगमन गनुंपनेंमा अनुगमन कायं प्रभावकारी रुपमा गनं सकेको देखिएन ।

१२. **व्याज कर असुली :** यस वर्ष कार्यालयले व्याज कर वापत रु ४ करोड ७४ लाख २३ हजार असुल गर्ने लक्ष्य राखेकोमा रु ३ करोड ८९ लाख ८५ हजार असुल भएको देखाएको छ । कार्यालयको कार्य क्षेत्रभित्र रहेको व्याज भुक्तानी गर्ने निकायहरुको अभिलेख राखी त्यस्ता सबै निकायहरुले यस वर्ष भुक्तान गरेको व्याज रकममा कर कटाए नकटाएको अनुगमन गर्नु पर्नेमा सम्बन्धित निकायहरुबाट दाखिला भएको आधारमा व्याज कर असुली देखाउने गरेको पाइयो ।

१३. **शिक्षा सेवा शुल्क :** यस वर्ष शिक्षा सेवा शुल्क वापत रु.७७ लाख २१ हजार असुल गर्ने लक्ष्य भएकोमा रु ९२ लाख ६० हजार असूल भएको देखाएको छ । शिक्षा विभागबाट प्रकाशित बिवरण अनुसार यस कार्यालयको कार्यक्षेत्र संस्थागत विद्यालय तर्फ के कति प्रा.वि. नि.मा.वि., मा.वि. र उच्च मा.वि.दर्ता भएका छन् र कति बिद्यालयले यस कार्यालयबाट स्थायी लेखा नम्बर लिएका छन् र कतिले स्थायी लेखा नम्बर लिन बांकी छ सोको अध्याबधिक विवरण राखेको पाइएन । स्थायी लेखानम्बर लिन बांकी विद्यालयहरु खोजी गरी आय विवरण तथा शुल्क दाखिला गरे नगरेको अनुगमन गर्न सकिने अवस्था छैन । शिक्षा सेवा शुल्क नवुझाएको वा कम वुझाएको सम्बन्धमा कार्यालयवाट नियमित रुपमा अनुगमन भएको देखिएन ।

शिक्षा नियमावली नियम १४७(३) मा लिइने शुल्कको विवरण जिल्ला शिक्षा कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ । शिक्षा विभागले तयार गर्ने फफ्ल्यास रिपोर्ट का लागि विद्यालयले विद्यार्थी एवं शिक्षकहरुको संख्या पठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयबाट कर परीक्षण गर्दा जिल्ला शिक्षा कार्यालयमा पेश गरेको विवरण आयकर ऐन, २०५८ को दफा ८३(१) अनुसार मागगरी सो अनुसार आम्दानी भए नभएको भिडान गरी शिक्षा सेवा शुल्क असूल गर्नु पर्नेमा बिवरण माग गर्ने र सोही आधारमा शिक्षा सेवा शुल्क असूल गरेको देखिएन ।

१४. **मिसम्याच :** करदाताहरुले आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय विवरण पेश गर्दा अनुसूचि १३ का साथ रु. ५ लाख भन्दा बढिको खरिद/विकी/आसामी/साहुको विवरण अनिवार्य रुपमा पेश गर्नु पर्दछ । कार्यालय अन्तरगतका अधिकांश करदाताले अनुसूची १३ मा साहु, आसमी, खरिद, बिकी नदेखाई आंशिक रुपमा खरिद र बिकी मात्र देखाउने गरेको पाईयो । बिवरण नदिनाले कारोवारकै यथार्थता समेत एकीन गर्न नसकिने अबस्था देखियो ।

यस कार्यालय अन्तरगतका करदाताले अन्य कार्यालय अन्तरगतका करदाताको तथा अन्य कार्यालय अन्तरगतका करदाताले यस कार्यालय अन्तरगतका करदातासंग देखाएको बिक्री, खरिद, आसामी तथा साहु नदेखाएको सम्बन्धमा छानवीन गर्न अन्य कार्यालयहरुलाई जानकारी दिएको तथा अन्यले यस कार्यालयमा पठाएको पत्र उपर भएको कारवाहीको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । अन्य कार्यालयलाई जानकारी दिएपछि सो पत्रको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने पद्दति नभएका कारण जानकारी गराएको कारोवार सम्बन्धि करदाताको कारोवारमा समावेश भई कानुन बमोजिम कर निर्धारण भएको छ छैन आश्वस्त हुन सक्ने अबस्था देखिएन ।

१५. **मौज्दात मूल्यांकन** : आयकर ऐन, २०५८ को दफा १५ (४) अनुसार करदाताले पेश गरेको वित्तीय विवरणमा अन्तिम मौज्दातको रकम उल्लेख गर्दा मौज्दातको लागत मूल्य वा बजार मूल्य मध्ये जुन कम छ सो उल्लेख गर्नु पर्नेमा वित्तीय विवरणको लेखा टिप्पणीमा र लेखापरीक्षकले पनि उल्लेख गरेको पाइएन । यसबाट अन्तिम मौन्दातको मूल्यले कर दायित्वमा परेको असर मूल्यांकन गर्ने आधार भएन ।

१६. **बढी खर्च दाबी** : पेट्रोलियम पदार्थको कारोबार गर्ने एक आयल एण्ड ट्रेड सेन्टरको आयबर्ष २०७१।७२ को अन्तिम कर निर्धारण गर्दा करदाताले एक ल्यूब आयलबाट सो आय बर्षमा रु.५३,४२,८३१।- मूल्यको ल्यूब आयल खरिद गरेको देखाएको छ । तर सो ल्यूब आयलले रु.४२,५८,३०४।- मूल्य बराबरको मात्र ल्यूब आयल बिक्री देखाएको हुँदा करदाताले खरिद खर्च बापत बास्तविक लागत भन्दा रु.१०,८४,५२७- बढी खर्च दाबी गरी छुट लिई कर दायित्व कम गरेको देखियो । बढी खर्च दाबी गरी छुट लिएको सम्बन्धमा छानबिन गरी खुद आयमा समावेश गरी करको दर ३५ प्रतिशतले हुने कर रु.३,७९,५८४।४५ तथा आयकर ऐनको दफा १२०(क) बमोजिम ५० प्रतिशत शुल्क रु.१,८९,७९२।२२ समेत रु.५,६९,३७६।६७ मा ब्याज समेत रु ५६९३७६।० असुल हुनुपर्दछ ।

१७. **खरिद खर्च दाबी** : एक ल्यूब आयलले अर्को एक आयल एण्ड ट्रेड सेन्टर संग रु.३,७२,३९७४९ ऋण लिनुपर्ने देखाएकोमा सो आयल एण्ड ट्रेड सेन्टरले रु.९,५८,९६१।- तिर्नुपर्ने देखाई बढी खरिद खर्च दाबी गर्दा बिक्री आयमा संकुचन आई रु.५,८६,५६४।- करयोग्य आय घटन गएको देखिएकोले छानबिन गरी उक्त रकम खुद आयमा समावेश गरी करको दर ३५ प्रतिशतले हुने रु.२०५२९७४० तथा आयकर ऐन,२०५८ को दफा १२०(क) बमोजिम ५० प्रतिशत शुल्क रु.१०२६४८।७० समेत रु.३०७९४६।१० मा ब्याज समेत गणना गरी असूल हुनुपर्ने देखिन्छ ।

१८. **अग्रिम कर** : एक ल्यूब आयल लिमिटेडबाट पाएको भुक्तानीमा कट्टी गरिएको अग्रिम आयकर रु.२०७७५२।१५ कर निर्धारण हुँदा कायम भएको करमा घटाई क्रेडिट लिएको छ । अर्कोतर्फ सो ल्यूब आयल लिमिटेडबाट प्राप्त बोनस रकम रु.११,३५,७२६।२९ आम्दानीमा समावेश गरेको पाइयो । बोनस रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरेको पाइयो । अग्रिम कर कट्टी क्रेडिट लिएका आधारमा रु.१३८४८७६।- आयमा देखाउनु पर्नेमा रु.२,४९,१४९।७१ घटी आय देखाएको पाइएकोले यस सम्बन्धमा छानबिन गरी छुट आयमा ३५ प्रतिशतले हुने आयकर रु.८७२०२।४० तथा आयकर ऐन,२०५८ को दफा १२०(ख) बमोजिम शुल्क रु.८७२०२।४२ समेत असूल हुनुपर्ने देखिन्छ ।

१९. **ब्याज खर्च छुट** : पेट्रोलियम पदार्थको कारोबार गर्ने करदाता एक अटोमोवाइल्स को आय बर्ष २०७१।७२ को वित्तीय विवरणमा ऋण रु.५,८०,२१,३१५।९२ र सोमा ब्याजखर्च रु.७२,२६,१४०।९६ देखाएकोमा स्वयंकर निर्धारण गर्दा करदाता स्वयंले रु.१९,३५,०००।- ब्याज खर्च एडव्याक गरी कर निर्धारण गरेको पाइयो । यसैगरी कर परीक्षण हुँदा रु.५०,०१,७७२।९६ ब्याज खर्च छुट दिएको पाइयो । करदाताले वासलातमा स्थिर सम्पत्ति रु.३३,४३,१६६।-मात्र रहेको , निर्माणाधिन परियोजना पनि नभएको र विगत बर्ष देखिनै बैंक ऋण देखाई ब्याज खर्च दाबी गर्दै आएको देखियो । बैङ्कबाट

लिएकोऋण अधिकांश प्रोपाइटरले सापटी लिई चलाएको र बर्षान्तमा पनि निजसँग रु.१,९८,५८,७१९।९६ एडभान्स एण्ड डिपोजिट तर्फ देखाई निजले नै उपयोग गरेको पाइएकोले करदाताको यो व्यवसायमा ऋणको उपयोग भएको मान्न मिल्ने विश्वसनीय आधार देखिएन । यो फर्मको अधिकृत पूँजीको अनुपातमा ऋण रकम ५३ गुणा देखिएको छ । अतः ऋण लिई गरेको लगानीका सम्बन्धमा छानबिन हुनुपर्ने र ब्याज खर्च बापत छुट लिएको रकम रु.५००१७७२।९६ का सम्बन्धमा समेत छानविन गरी कर, शुल्क तथा ब्याज समेत गणना गरी असूल हुनुपर्ने देखिन्छ ।

२०. **एक ट्रेड सेन्टर** : पेट्रोलियम पदार्थ तथा टायर टयूब समेतको कारोबार गर्ने एक ट्रेड सेन्टरको आयबर्ष २०७१।७२ को अन्तिम कर परीक्षण भएको फाइलको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :

२०.१. करदाताले आयविवरणसाथ अनुसूची १३ मा खरिद, बिक्री, साहु, आसामीको विस्तृत विवरण उल्लेख गरी पेश गर्नुपर्नेमा अनुसूची १३ मा बिक्री नदेखाएको तर बिक्री खातामा बिक्री देखाएको कारोबार बिक्री आयमा समावेश भएको प्रमाणित हुने आधार बेगर कर कर निर्धारण भएको पाइयो । करदाताले अनुसूची १३ मा बिक्री नदेखाउनु र करपरीक्षणको क्रममा माग गरिएका कागजातमा बिक्री देखाईनु विश्वसनीय देखिएन । अतः अनुसूचीमा बिक्री नदेखाएको छानबिन गरी रु.२,४७,५५,६४१।५५ को कारोबारमा कर दायित्व एकिन गर्नुपर्ने देखिन्छ ।

२०.२. करदाताले आयबर्ष २०७१।७२ मा रु.२५,२९,९१,७५३।- को सामान खरिद गरेकोमा गत बर्षको मौज्दात जोड्दा र यो बर्षको मौज्दात घटाउँदा हुने रु.२५,२५,६१,९७६।- खरिद लागत रकम नै अन्य खर्च छुट्टै दाबी गरेकोले बिक्री लागत कायम हुनेमा रु.२७,१७,२७,२६७।- समावेश गरेको पाइएकोले वास्तविक बिक्री लागत एकिन गर्ने प्रमाणित आधार भएन । अतः बिक्री लागत फरक परेको रु.१,९१,६५,२९१।- का सम्बन्धमा छानबिन गरी कर दायित्व एकीन गर्नुपर्ने देखिन्छ ।

२१. **एक खाद्य ट्रेडस** : खाद्य पदार्थ उत्पादन गरी बिक्री गर्ने करदाताको आय बर्ष २०७१।०७२ को पूर्ण करपरीक्षण भएको फाईल परीक्षण गर्दा निम्न व्यहोराहरु देखिएका छनः :-

२१.१. करदाताले पेश गरेको वासलात वित्तीय विवरणमा ऋण गत बर्षसम्मको रु.१०,५७,५१,६३२।६६ यो बर्ष ऋण लिएको रु.८८,८७,१८,२३४।५६ समेत जम्मा रु.९९,४४,६९,८६७।२२ आर्थिक बर्ष २०७१।७२ मा उपयोग गरेको देखिन्छ। यो बर्ष लिएको ऋणमध्ये सोही बर्ष रु.८८,६९,८७,७७९।३४ ऋण भुक्तानी गरी गरेको ऋण तथा ब्याज विवरणमा देखाएको छ। उद्योगले २०७१।७२ मा प्रत्यक्ष खर्चमा कच्चा पदार्थ, उत्पादन ज्याला, तलब, इन्धन लगायतमा रु.२५,६७,१८,७०३।- लागत लागेको देखिएको छ । पूँजी निर्माणतर्फ भवन र मेशिनरी तर्फ रु.५,२२,७४,९०४।- मात्र लगानी भएको देखिन्छ । अर्कोतर्फ करदातासँग जगेडा बचत रु.८,७४,०४,४६६।८८ रहेको देखिएकोले निजले बर्षभर उपयोग गरेको देखाएको ऋण रकम यही व्यवयाय सञ्चालन गर्न आवश्यक नदेखिएको र वर्षभरमा ऋण लिएको रकम अधिकृत पुँजी २,७५,००,०००।- को तुलनामा ३६ गुणाभन्दा बढी देखिएकोले शङ्कास्पद कारोबार देखिएको छ । अतः आवश्यकताभन्दा बढी ऋण उपयोग देखाई ब्याज खर्च दाबी गरी खर्च छुट लिएको रु.९४,१६,१०६।- को सम्बन्धमा र करदाताको अन्य कारोबार समेतमा विस्तृत छानबिन गरी कर दायित्व एकीन गर्नुपर्ने देखिन्छ ।

२१.२. वासलात सँग सम्बन्धित अनुसूची ४-१ अचल सम्पत्तिको विवरणमा रु.२०,८५,७१९।९७ को प्लान्ट एण्ड मेशिनरी बिक्री गरी सो बापत रु.४०८०।०३ पूँजीगत लाभ आय देखाएको पाइयो । बिक्री भएको प्लान्ट एण्ड मेशिनरीको मूल्य कति थियो र कतिमा बिक्री भई उक्त नाफा देखाइएको हो प्रमाणित हुने आधार प्रमाण संलग्न गरेको पाइएन ।

२१.३. करदाताले पेश गरेको स्वयंकर निर्धारण विवरणमा घरबहाल बापत रु.१५,२४,०००।- र सवारी साधन बिक्रीबाट रु.२०,९०,०००।- आयमा समावेश भएको जनाई करयोग्य आयबाट घटाएको पाइयो । नाफा नोक्सान हिसाबमा घर बहाल आय बापत रु.३,००,०००।- मात्र समावेश गरेको र अचल सम्पत्ति तथा ह्रासकट्टी विवरणमा सवारी साधन बिक्री गरेको देखाएको छैन भने सो बापत प्राप्त भएको आय समेत नाफानोक्सान हिसाबमा देखाएको नपाईएकोले करयोग्य आयबाट घटाउन मिल्ने देखिएन । अतः घरबहाल बापत आम्दानी देखाएको रु.३,००,०००।- मात्र घटाई बाँकी रु.३३,१४,०००।- खुद आयमा समावेश गरी आयकरको दर २० प्रतिशतले हुने रु.६,६२,८००।- तथा आयकर ऐन, २०५८ को दफा १२०(क) अनुसार लाग्ने शुल्क रु.३,३१,४००।- समेत मा रु ९९४२००।० ब्याज समेत गणना गरी असूल हुनुपर्ने देखिन्छ ।

२३.४ करदाताले ह्रासकट्टी आधार नै नभएका अदृश्य सामानमा ह्रासकट्टी दाबी गरी रु.३९३६०६।- खर्च छुट लिएको पाइयो । ह्रासयोग्य सम्पत्तिको परिभाषा भित्र नपर्ने सम्पत्तिमा दिइएको खर्च छुट ऐनको प्रावधानसँग मेल खाने देखिएन । अतः नपाउने ह्रासकट्टी रकम खुद आयमा समावेश गरी करको दर २० प्रतिशतले हुने रु.७८७२१।२० तथा आयकर ऐन,२०५८ को दफा १२०(क) अनुसार शुल्क रु.३९,३६७।६० मा व्याज समेत गणना गरी असूल हुनुपर्ने देखिन्छ ।

२३.५ करदाताले एक इन्टरनेशनल अस्पतालमा रु.२ करोड तथा एक सहकारी संस्थामा रु.३ लाख गत विगत देखिनै शेयर लगानी देखाएकोमा यो लगानी बाट प्राप्त प्रतिफल (लाभांश) आम्दानी देखाएको नपाइएकोले यो कारोबारका सम्बन्धमा छानबिन गरी कर दायित्व एकीन गर्नुपर्ने देखियो ।

२३.६ करदाताले गत बिगतको प्राप्त हुन बाँकी दोहोरो अन्तशुल्क भनी यो बर्ष खर्च दाबी गरी रु.१०,९०,०२५।११ खर्च कट्टी समेत लिएको पाइयो । अन्तशुल्क दोहोरो परेको प्रमाण आधार संलग्न नभएको र अन्तशुल्क लाग्ने कारोबार समेत भएको नदेखिँदा खर्च दाबी गरी आय घटाएको रकमलाई कानुन सम्मत मान्ने आधार नभएकोले खुद आयमा समावेश गरी करको दर २० प्रतिशतले हुने कर रु.२,१८,००५।- तथा आयकर ऐन,२०५८ को दफा १२०(क) अनुसार लाग्ने शुल्क रु.१,०९,००२।५० समेत रु.३,२७,००७।५० मा ब्याज समेत गणना गरी असूल हुनुपर्ने देखियो ।

२३.७ करदाताले पेश गरेको अनुसूची १३ मा पान नम्बर ६००४१५५१६ का करदाता एबिसी सप्लायर्सलाई रु.२३,५४,०६,७५७- बिक्री देखाएको छ । अर्कोतर्फ सोही पार्टीलाई अनुसूची १३ मै साहु देखाई रु.३,०३,१०,४२६।- तिर्नुपर्ने देखाएको पाइयो । करदाताले वासलातसाथ पेश गरेको डेबटर्स र क्रेडिटर्स विवरणमा सो पार्टीलाई क्रेडिटर्सतर्फ नदेखाई डेबटर्सतर्फ देखाएको छ । अनुसूची १३ मा क्रेडिटर्सतर्फ देखाइनु र अन्य विवरणमा डेबटर्स देखाउनु मिल्दो देखिएन । अतः सण्ड्री डेबटर्समा देखाए अनुसार यो कारोबारलाई बिक्री बापत प्राप्त हुन बाँकी रकम मान्नुपर्ने देखिएकोले यस सम्बन्धमा छानबिन गरी कर दायित्व एकिन हुनुपर्ने देखिन्छ ।

२३.८ करदाताले एक कन्स्ट्रक्सन कम्पनीसँग खरिद भनी रु.१,१९,२७,३४८।- खर्च दाबी गरी करयोग्य आयबाट खर्चसमेत छुट लिएको छ । करदाताले यो बर्ष पूँजिगत सम्पत्ति भवन र मेशिनरीमा रु.५,२२,७४,९०४।- पूँजीकरण समेत गरेको छ । निर्माण कम्पनीबाट खरिद खर्च देखाएको रु.१,१९,२७,३४८।- भवन निर्माणसँग सम्बन्धित पुजीगत खर्च भएकोले अचल सम्पत्तिको मूल्यमा समावेश गरी पूँजिकृत गर्नुपर्नेमा खर्च दाबी गरी छुट लिएको पाइएकोले आयकर ऐनको प्रावधान अनुसार पुजिगत खर्च छुट दिन मिल्ने नदेखिएकोले खुद आयमा समावेश गरी करको दर २० प्रतिशतले हुने रु.२३,८५,४६९।६० तथा आयकर ऐनको दफा १२०(क) अनुसार लाग्ने शुल्क रु.११,९२,७३४।८० समेतमा ब्याज समेत गणना गरी असूल हुनुपर्ने देखियो ।

२३.९ करदाताले कच्चापदार्थको अघिल्लो मौज्दात रु.६४,७०,१७९।- अनुसूची १३ मा उल्लेख भए बमोजिम आन्तरिक खरिद रु.२१,६०,१५,२८२।- र रु.२,३१,७५,०८९।- को आयात गरी जम्मा कच्चापदार्थको मूल्य रु.२४,४६,६०,५५०।- रहेकोमा करदाताले देखाएकै विवरण अनुसार उत्पादनमा खपत रु.१८,७५,२८,६१३।-र कच्चापदार्थ बिक्री रु.२१,३०,०००।-समेत रु.१८,९६,५८,६१३।- खपत तथा बिक्री भई बाँकी रु.५,५०,०१,९३७।- बराबरको कच्चा पदार्थ मौज्दात रहनुपर्नेमा रु.६३,०५,६६६।९० को मात्र अन्तिम मौज्दात देखाएको देखियो । यसबाट रु.४,८६,९६,२७०।१० मूल्य बराबरको कच्चापदार्थको हिसाब एकीन हुन सकेन । अतः यस सम्बन्धमा बिस्तृत छानबिन गरी कर दायित्व एकीन गर्नुपर्ने देखिन्छ ।

२२. **बिकी आय** : बियर खरिद बिकीको कारोवार गर्ने एक करदाताले २०७१।७२ मा एक ब्रुअरीबाट ४ प्रकारका १,७३,५०९ केश बियर खरिद गरी १,६८,४६१ केश बिक्री देखाएकोमा उत्पादकले तोकेको डिलर मूल्य अनुसार रु.२७,००,३५,४०९।- बिक्री आय हुनजाने देखिन्छ। तर करदाताले रु.२४,२५,००,३८०।- मात्र  बिकी आय देखाएको सम्बन्धमा छानबिन गरेको पाइएन। अतः यस सम्बन्धमा छानबिन गरी बिकी आय कम देखाएको  रु.२,७५,३५,०२९।- का सम्बन्धमा बिस्तृत छानबिन गरी सो कारोवारमा ३५ प्रतिशतले लाग्ने आयकर रु.९६,३७,२६०।- तथा आयकर ऐनको दफा १२०(क) अनुसार लाग्ने शुल्क तथा व्याज समेत गणना गरी कर दायित्व एकीन गर्नुपर्ने देखियो ।

सोही करदाताले बियर उत्पादक ब्रुअरीबाट २०७१।७२ मा रु.७,२१,६५७।- टार्जेट बोनस प्राप्त गरेको भन्ने व्यहोरा जुलाई १७,२०१५ को पत्रबाट देखिन्छ । उक्त बोनस आय रकमलाई आयमा नदेखाई करयोग्य आयमा गणना भएको पाइएन । अतः उक्त रकमलाई खुद आय कायम गरी करको दर ३५ प्रतिशतले हुने रु.२,५२,५७९।९५ तथा आयकर ऐन,२०५८ को दफा १२०(क) बमोजिमको शुल्क रु.१,२६,२८९।९७ समेत छानबिन गरी असूल गर्नुपर्ने देखिएकोछ ।

२३. **सापटी तथा व्याज खर्च छुट** : एक लघु उद्योग र एक सप्लायर्स एउटै सञ्चालक तथा पान नम्बर अन्तरगत सञ्चालित दुई सहायक कम्पनीको रुपमा रहेको पाइयो । लघु उद्योगले धान खरिद गरी चामल उत्पादन गर्ने र सप्लायर्सले राशन सप्लाई कार्य गर्ने देखिएकोमा यो बर्ष लघुउद्योगले रु.२,५८,१७,७३५।- र सप्लायर्सले रु.१७,८५,४२,३१८।- समेत जम्मा रु.२०,४३,६०,०५३।- को बिक्री कारोबार गरेको देखिन्छ । यो बर्षसप्लायर्सले लघु उद्योगलाई रु.२,७५,००,०००।- सापटी दिएको देखाएको छ । लघु उद्योगको बार्षिक कारोबार नै रु.२,५८,१७,७३५।- मात्र रहेकोमा सो भन्दा बढी सापटी देखाइनु उपयुक्त देखिएन । साथै सप्लायर्सले बैंक कमिशन तथा ब्याजखर्च रु.३०,८२,४३५।६४ देखाई खर्च छुट समेत लिएको छ तर वासलातमा बैंक ऋण लिएको देखिएको छैन । यो कारोबार सामान्य बजार व्ययभार विपरित हुनाको साथै दुई सहायक कम्पनी बीचको आपसी प्रबन्ध र व्यवस्थाद्धारा करभार घटाउने उदेश्य राखेको देखियो । अतः यस सम्बन्धमा छानबिनगरी कर दायित्व एकीन एकीन गर्नुपर्ने देखिन्छ ।

करदाताले सप्लायर्सतर्फ बैंक कमिशन तथा ब्याज खर्च बापत रु.३०८२४३५।६४ खर्च दाबी गरी लिएको पाइयो । करदाताले पेश गरेको वासलात लगायत वित्तीय विवरणमा ऋण लिएको समेत नदेखिएको अवस्थामा दावी गरेको ब्याज खर्च वास्तविक खर्च मान्न मिल्ने आधार नभएकोले खुद आय कायम गरी करको दर ३५ प्रतिशतले हुने रु.१०,७८,८५२।४७ तथा आयकर ऐनको दफा १२०(क) बमोजिमको शुल्क रु.५,३९,४२६।२३ समेत छानबिन गरी असूल हुनुपर्ने देखिन्छ ।

२४. **एक उद्योग प्रा.ली.** : खाद्यान्न (चामल) उत्पादन र बिक्री वितरण गर्ने एक उद्योग प्रा.ली.को आय बर्ष २०७१।७२ को पूर्ण कर परीक्षण भएको फाइल परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय अनुसार छन :

२४.१ आय बर्ष २०७१।७२ मा करदाताले स्वदेश तथा भारत समेतबाट धान खरिद गरी ११६७००९३ के.जी.धान कच्चापदार्थको रुपमा प्रयोग गरी ६६८४०४४ के.जी.चामल उत्पादन गरेको देखाएको छ । चामलको उत्पादन कच्चापदार्थको तुलनामा न्यूनतम पनि ६२.५० प्रतिशत हुने र (यसै कार्यालय अन्तरगतका एक लघु उद्योग मनकामना सप्लायर्सले आय बर्ष २०७१।७२ मै कच्चापदार्थ धान खपतको तुलनामा चामल उत्पादन ६२.५० प्रतिशत नै देखाई आय विवरण समेत पेश गरेको छ ।) सो अनुसार उत्पादन देखाउनुपर्नेमा ५७.३० प्रतिशत मात्र उत्पादन देखाएको छ । कच्चा पदार्थ खपतको तुलनामा ६,०९,७६४ के.जी.चामल कम उत्पादन भएको पाइयो भने सो को सट्टा कनिका ७,७६,२९६ के.जी.उत्पादन देखाएको छ। चामलको उत्पादकत्व दर कम देखाएको ५.२० प्रतिशतले चामलको सरदर बिक्री मूल्य ४५।०४ र टुक्रा चामल बिक्री मूल्य रु.२७।१९ ले ६०९७६४ के.जी.को प्रति के.जी.मूल्य फरक रु.१७।८१ ले हुने रु.१,०८,५९,८९६।८४ आय कायम गरी सो को २५ प्रतिशतले हुने आयकर रु.२७,१४,९७४।- तथा आयकर ऐन, २०५८ को दफा १२०(क) अनुसार शुल्क रु.१३५७४८७।- समेत असुल गर्नुपर्ने देखियो ।

२४.२ कम्पनीले अधिकृत पूँजी रु.२,७५,००,०००।-भएको.एक करदाताले यो बर्ष बैंक ऋण रु.२९,८९,००,०००।- देखाएको पाइयो । मात्र रहेकोमा पूंजी ऋण अनुपात १:१०.८७ रहेको पाइयो । अन्तराष्ट्रिय स्तरमा व्यवसायिक कम्पनीहरुको पूजी र ऋणको अनुपात अधिकतम १:३ हुनेमा यो अनुपात अत्याधिक देखिनुका साथै बार्षिक कारोबार रु.२५ करोड भन्दा पनि ऋण बढी भएको पाइयो । यसै गरी गत बर्ष समेत रु.२६,६०,००,०००।- ऋण देखिएकोमा ब्याज खर्च गत बर्ष रु.२,५८,७८,५९९।- र यो बर्ष रु.२,३९,३७,९५६।४८ दाबी गरी खर्च समेत छुट लिएको छ । आवश्यकता भन्दा बढी ऋण देखाएको , ठूलो मात्रामा ब्याज खर्च दाबी गरी छुट लिएको र ऋण लगानीको क्षेत्र समेत स्पष्ट नभएकोले यो कारोबारमा छानबिन गरी कर दायित्व एकिन गर्नुपर्ने देखियो ।

२५. **घटी उत्पादन :** उद्योग विभागद्धारा २०६३ मा प्रकाशित मेटेरियल कन्जमसन नर्म्स भोलुम १ मा उल्लिखित चाउचाउ उत्पादनको नर्म्समा ७४५.४५ ग्राम मैदाको खपतबाट एक के.जी.चाउचाउ उत्पादन हुने उल्लेख छ । चाउचाउ, भुजिया, चिजबल र चटरपटर उत्पादन गरी बिक्री बितरण गर्ने एक करदाताको अन्तशुल्क तर्फको आय बर्ष २०७२।७३ को फाइल परीक्षण गर्दा २,०९,८६,५५०।७५ के.जी.कच्चा पदार्थ खपत गरी २३५९०५१८.२५ के.जी.तयारी बस्तु उत्पादन गरेको पाइयो । नर्म्स अनुसार २८१५२८६१ के.जी.उत्पादन हुनुपर्ने देखिएकोमा घटी उत्पादन देखिएको ४५६२३४३ के.जी.को अन्तशुल्क दरबन्दी प्रति के.जी.रु.७।५० ले हुने रु.३,४२,१७,५७२।- अन्तशुल्क छुट भएको देखिएकोले यस सम्बन्धमा छानविन गरी असूल हुनुपर्ने देखियो ।

अन्तःशुल्क ऐन, २०५८ को दफा ३क (३) बमोजिम अन्तःशुल्क लाग्ने वस्तु उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको खरिदमा तिरेको अन्तःशुल्क मात्र कट्टा गर्न पाइने हुंदा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल) खरिदमा तिरेको अन्तःशुल्क कट्टा गर्न नपाइने वा क्रेडिट नपाउने मा सोही करदाताले प्याकिङ्ग मेटेरियलमा तिरेको अन्तःशुल्क रु १८६९६०।० समेत केडिट दावी गरेकोले सो रकममा व्याज, जरिवाना तथा शुल्क सहित असुल गर्नु पर्ने देखियो ।

२६. **फलामे छड :** एक आइरन एण्ड स्टिल प्रा.ली.ले कच्चा पदार्थ खपतको तुलनामा ०७२ श्रावणदेखि फाल्गुन सम्म ९१.३४ प्रतिशत र ०७२ चैत्रदेखी ०७३ आषाढ सम्मकोसम्म ९३.६७७ प्रतिशत प्रतिलव्धी देखाएकोले २०७२ श्रावणदेखी फाल्गुणसम्म घटी उत्पादन देखाएको ५९८५८० के.जी.को हुने अन्तशुल्क रु.५,९८,५८०।- असूल हुनुपर्ने देखियो ।

२७. **अन्तशुल्क** : अन्तशुल्क नियमावली २०५९ को नियम २३(१) मा मदिरा उत्पादन गर्ने ईजाजत पत्रवालाले आफुसंग रहेको मदिराको मौज्दातमा १ प्रतिशत भन्दा वढी कमी आएमा मासिक विवरणमा उल्लेख गरी मिन्हाका लागि अन्तशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेमा निम्नानुसार

वर्षको एकै पटक ऐनको व्यवस्था अनुरुप मनासिव माफिक कारण नखुलाई अधिकतम दरमा मिन्हा दिएको नियमसम्मत देखिएन ।

- एक डिष्टीलरी प्रा.लि ले मदिरा उत्पादनमा मौज्दात कमी भएकोमा सो को प्रतिवेदनको आधारमा मात्र रु ३२५७८९२।० वरावरको मिन्हा दिएको पाईयो ।
- एक डिष्टीलरी प्रा.लि ले मदिरा उत्पादनमा मौज्दात कमी भएकोमा रु ८६२७४१.० वरावरको मौज्दात घटाएको रकम असूल गरी राजश्व दाखिला गर्नु पर्ने देखियो ।
- अन्तशुल्क निर्देशिका २०६८ को प्रकरण ६१ वमोजिम विभिन्न कारणले हानी नोक्सानी भएकोमा सो निर्देशिकाको ६.४ वमोजिमको समितिको सिफारसिमा कार्यालयले नोक्सानी स्वीकृत गर्न सक्ने तथा सोही निर्देशिकाको ६.६ वमोजिम नष्ट गर्नु पर्ने व्यवस्था रहेको छ । एक वाईन प्रा.लि.ले २०७२।४।६ मा ८००० लिटर वास विग्रेको भनी समितिको सिफारसिमा मौज्दात घटाएको भए पनि कार्यालयवाट सोको स्वीकृति नभएको तथा निर्देशिकाको ६.६ वमोजिम नष्ट समेतभएको देखिदैन अतः प्रकृया नपुऱ्याएकोले ८००० लिटर वासको अन्तशुल्क रु ६६।० ले हुन आउने रु.५२८०००।० तथा मूल्य अभिवृद्धि कर समेत असुल गरी दाखिला गर्नु पर्ने देखिन्छ ।

२८. **रिचार्ज कार्ड विक्री** : एक दूरसञ्चार सेवा प्रदायक कम्पनीको जोनल डिलरको रुपमा कार्य गर्ने करदाता एक प्राईजेजले आय वर्ष २०७१।७२ को आय विवरणमा सरसर्ती परीक्षण गर्दा नाफा नोक्सान हिसावमा विक्री आय रु १५४४१९४५३।०० र विक्रीको लागत खर्च रु १५३३५३९८२।०० उल्लेखगरी रु १०६५४७०।० नाफा देखाई सोमा प्रशासकीय खर्च कटाई रु ७०१९००।० खुद आय देखाएको पाईयो । अधिकृत बिकेताको २१ सेक्टेम्वर २०१५ को पत्रानुसार उक्त. ईन्टरप्राईजेजले २०७१ श्रावण देखी २०७२ आषढ सम्म रु ६६६६०५८।० विक्री कमिसन प्राप्तगरेको उल्लेख छ। करदाताले यो कमिसन रकमलाई आयमा देखाई व्यवसाय संग सम्वन्धित खर्चदावी गरी कर वुझाउनु पर्नेमा विक्रीको लागत खर्च रु १५३३५३९८२।० देखाएको र सो खर्चलाई पुष्टि गर्ने खरीद विवरण र विक्री लागत सम्वन्धी प्रत्यक्ष खर्च प्रमाणित हुने आधार वेगर कर दायित्व कम पर्ने गरी आय विवरण पेश गरेको पाईएकोले यो करदाताको विस्तृत कर परीक्षण गरी करदायित्व निश्चित गर्नुपर्ने देखिन्छ ।

२९. **सामाजिक सुरक्षा कर**: एक डिपार्टमेन्टल स्टोरको आय बर्ष २०७१।७२को वासलातको अनुसुची ३ मा तिनुपर्ने दायित्वमा स्रोतमा कर कट्टटा गरेको रु ६१८२४।० र सामाजिक सुरक्षा कर रु ५२९०५।० कर दाखिला वांकी देखिएकाले उक्त रकम राजश्व दाखिला भए नभए सम्वन्धमा भेरिफिकेशन हुनु पर्ने देखिन्छ । सोही करदाताले विभिन्न व्याक्तिलाई रु २७५४००००।० तिर्नु पर्ने देखाएको तर ती व्याक्तिसंग खरीदसंग सम्वन्धीत कारोवार भएको नदेखिएको र सो आय वर्षको कारोवारको खुलासा भएको नपाईएकोले यस सम्बन्धमा बिस्तृत छानबिन गरी कर दायित्व किटान हुनुपर्ने देखियो ।

३०. **भवन निर्माण** : करदाता सेवा कार्यालय ईटहरीको भवन निर्माण कार्यको लागि एक कन्ट्रक्सन प्रा.लि.संग १८ महिना भित्र सम्पन्न गर्नेगरी २०७१।३।३० मा सम्झौता भएको थियो ।समयमा कार्य सम्पन्न नभएकाले २०७२।६।३० सम्म प्रथमपटक तथा २०७३।५।३० सम्म दोस्रोपटक म्याद थप भएको देखिन्छ । आर्थिक वर्षको अन्तसम्म कार्य सम्पन्न गर्ने अवधि २ महिना मात्र बाकी हुंदा ६५.७० प्रतिशत काम गरी रु १८१३६४९३।० भुक्तानी भएको छ । समयमानै कार्य गर्न नसके सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२१ तथा सम्झौताको सर्त ४७.१ वमोजिम प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्व निधारित क्षतिपूर्ति असूल गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षणको अवधि २०७३।११।५सम्म पनि कार्य सम्पन्न भएको नदेखिएकाले सम्झौता रकम

रु २४४२९१९१।० को प्रतिदिन ०.०५ प्रतिशतका दरले म्याद समाप्त भएको मितिदेखि कार्य सम्पन्न हुने अवधि सम्मको पुर्व निर्धारित क्षतिपूर्ति लिई कार्य सम्पन्न गराउनुपर्ने देखिन्छ ।

३१. **गुणस्तर परीक्षण**: निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्रीहरुको तोकिए वमोजिमको फ्रिक्विन्सी पूरा हुनेगरी गुणस्तर परीक्षण गर्नु पर्नेमा तोकिएको नमुना परिमाण पुग्ने गरी मोर्टार तथा अन्य सामाग्रीहरुको परीक्षण प्रतिवेदन विना यस वर्ष चौथो देखि छैटौ विल सम्म रु ७०११२१८।० भुक्तानी भएको देखियो । यसले गर्दा तोके वमोजिमको गुणस्तर पुगेको सम्वन्धमा एकिन गर्न सक्ने अवस्था रहेन । तोके वमोजिमको फ्रिक्विन्सी पुग्ने गरी नमुना लिई गुणस्तर परीक्षण गरेको प्रमाण लिई अन्तिम भुक्तानी हुनु पर्ने देखिन्छ ।

## कारागार कार्यालय

१ **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नु पर्ने व्यवस्था भएकोमा कार्यालयमा वार्षिक खरिद योजना तयार नभएको, खरिद इकाई गठन नभएको, जिन्सी मालसमानको लिलाम नभएको, प्रत्येक पदको कार्य विवरण बनाई लागु नगरेको, जिन्सी प्रतिवेदन उपर कारवाही नभएको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, पुराना मालसामानको मूल्य नखुलेको, घरजग्गाको लगत नभएको र जग्गा धनी प्रमाणपूर्जा समेत सिचाई विकास डिभिजन सुनसरीको नाममा रहेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सदृढ बनाउनु पर्दछ ।

२. **अनुगमन तथा निरीक्षण** : कारागार ऐन २०१९ को दफा १८(क) र १९.१ वमोजिम प्रमुख जिल्ला अधिकारीले वर्षमा २ पटक र क्षेत्रिय प्रशासक र महानिर्देशकबाट वर्षमा एक पटक निरीक्षण गर्नु पर्ने व्यवस्था भएकोमा कार्यान्वयन भएको छैन । नियमको व्यवस्था बमोजिम नियमित अनुगमन र निरीक्षण गर्नुपर्ने देखिन्छ ।

३. **आवश्यक सुविधा** : यस कारागारमा १५५० कैदी एवं वन्दी रहेको सन्दर्भमा कारागार नियमावली २०२० को नियम ३१ वमोजिम कारागार भित्र विधालय,स्वास्थ्य चौकी, पुस्कालय आदी न्यूनतम पूर्वाधार तयार गर्न उपयुक्त हुनेमा सोको व्यवस्था हुन सकेको देखिदैन तसर्थ पूर्वाधार र सुविधा व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

४. **शीर्षक फरक पारी खर्च** : आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ३५ को २ क वमोजिम खर्च गर्दा रकम स्वीकृत वजेट भित्र एवं सम्वन्धित शिर्षकमा परेको हुनुपर्ने र नियम ३६(१) वमोजिम वजेटको सिमा रहेर खर्च गर्नुपर्नेमा कार्यालयले सुरक्षा खर्चबाट इन्धन, मर्मत, गाडी भाडा, कार्यालय सामान लगायत कार्यमा रु.४ लाख ४० हजार खर्च लेखेको पाइयो । वजेट वर्गिकरण वमोजिम रकम व्यवस्थापन एवं खर्च लेख्नु पर्ने देखिन्छ ।

५. **प्रतिस्पर्धा बेगर खरिद** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ उपनियम १) वमोजिम दश लाख रुपैया भन्दा बढी लागत अनुमान भएको मालसामान वा अन्य सेवा बोलपत्र आह्वान गरि खरिद गर्नु पर्नेमा कार्यालयको सिरक, डस्ना, ढुवानी लगायत सामान सूचिकृत सप्लार्यसहरुबाट रु.१ करोड २ लाख ४६ हजार र सार्वजनिक निर्माणतर्फ रु. ३० लाख २१ हजार समेत रु. १ करोड ३२ लाख ६७ हजारको सोझै खरिद गरेको पाइयो प्रचलित ऐन नियम वमोजिम खरिद गर्नुपर्दछ ।

६. **विल भरपाई वेगर खर्च** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ उपनियम ३ वमोजिम खर्चको विल भरपाई सहित लेखा राख्नु पर्नेमा कार्यालयले टेलिफोन, धारा, बिजुलीबापत ३ कार्यालयलाई खर्च जनाएर अग्रिम रु.२१ लाख ३१ हजार भुक्तानी दिएको छ । पछिल्लो आर्थिक

वर्षको खर्च भुक्तानी हुने कानुनी व्यवस्था नभएकोले खर्चको आधारमा विल प्राप्त गर्नुपर्ने र वढि रकम फिर्ता गरी राजस्व दाखिला हुनुपर्दछ ।

७. **धरौटी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) को उपनियम (१) वमोजिम भुक्तानी गर्दा धरौटी वापत ५ प्रतिशत रकम कट्टा राख्नु पर्ने उल्लेख छ । कार्यालयले ४ संस्थाहरुलाई रु.२९ लाख ९७ हजार भूक्तानी गर्दा रु. १ लाख ५० हजार कट्टी भएको पाइएन । तसर्थ धरौटी कट्टा हुनु पर्दछ ।

८. **पेश्की जमानत** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३.२ मा खरिद सम्झौताको २० प्रतिशत भन्दा बढी नहुने गरि बैंक जमानत लिइ पेश्की दिनु पर्ने उल्लेख छ । कार्यालयले विभिन्न निर्माण व्यवसायिलाई रु. २० लाख ५६ हजार पेश्की उपलब्ध गराएकोमा बैंक जमानत लिएको पाइएन । कार्यालयको यस कार्यले वित्तिय जोखिम बढाएकोले ऐन नियमको प्रवधान बमोजिम पेश्कीको बैंक जमानत लिनु पर्ने देखिन्छ ।

९. **अमानत कार्य** : सार्वजनिक खरिद नियमावलीको नियम ९८ बमोजिम अमानतको कार्य गराउँदा एक तह माथिको स्विकृती लिनु पर्नेमा सो वेगर रु.८ लाख ८० हजारको निर्माण कार्य अमानतमा गराएको पाइयो । साथै थप कार्यादेशबाट कार्य गराउनुका साथै नापी समेत तयार भएको पाइएन । अमानत कार्यको सोझै कार्य गराएको ठेकेदारलाई थप कार्यादेशबाट काम गराएको छ कानूनी प्रकृया पुर्याइ भेरिएसन वा स्विकृती लिएर मात्र अमानतबाट कार्य गराउनु पर्ने देखिन्छ ।

## जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट आआफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा जिन्सी मालसमानको मर्मत नभएको र लिलाम नभएको, जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वयन नगरेको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको समयमा पेश्की फछ्र्यौट नगरेको कार्यालयको निरीक्षण पुस्तिकामा उल्लेखित व्यहोराको कारवाही आंशिक रुपमा गरेको, उद्देश्य प्राप्तीमा आईपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सोको निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, पुराना मालसमानको मूल्य नखुलेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

२. **अभिलेख :** सालवसाली रुपमा संचालन हुने आय आर्जन कार्यक्रम अन्तर्गत वितरण गरिएका सामाग्री, युवा लक्षित कार्यक्रम लगायत अनुदानमा संचालित कार्यक्रमको वार्षिक अभिलेख तयार नगरेकोले अनुगमन तथा मुल्यांकन गर्न सकेको देखिदैन । जिल्लागत अनुदानको अभिलेख तयार गर्नु पर्ने देखिन्छ ।

३. **विउ, विरुवा वितरण :** कार्यालयले १३ (तेह्र) थरीका वीउ तथा विरुवा रु. ४८ लाख ४४ हजार मा खरिद तथा वितरण गरेको छ । किसानमा वितरण भएका वीउ र उत्पादन वीच विष्लेषण एवं रोपणको अनुगमन गरी प्रतिवेदन तयार गर्ने नगरेको, वीउ वितरणको प्रभावकारीता र उत्पादकत्व वृद्धि ,भविष्यमा गर्नुपर्ने सुधारको समेत आँकलन गर्न कठिनाइ परेको छ । अतः वितरित वीउ विजन, रोपण, उत्पादन आदिको नियमित अनुगमन गर्नुपर्दछ ।

४. **लक्ष्य तथा प्रगति** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० (१) र (२५) बमोजिम बजेट खर्च समेत देखिने गरी प्रगति प्रतिवेदन तयार प्रगति नबनाएको हुँदा कार्यक्रमगत रुपमा तोकिएको बजेट अनुरुप खर्च भिडाई हेर्ने आधार भएन कार्यकमगत खर्च देखिने गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्नु पर्दछ ।

५. **चौमासिक र असार महिनाको खर्च :** चौमासिक रुपमा कार्य संचालन गर्नेगरी कार्यकम स्विकृत भएकोमा सो अनुसार कार्य नगरी तेश्रो चौमासिकमा ८६.६९ र असार महिनामा मात्र ४५.७०

प्रतिशत खर्च भएको छ। यस्तो खर्च प्रक्रियाले कार्यक्रम संचालन प्रभावकारी हुन नसक्ने भएकोले सुधार हुनुपर्दछ।

६. **श्रमदान** : सार्वजनिक खरिद नियावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माणको काम गराउँदा उपभोक्ता समितिले व्यहोर्ने श्रमको रकम समेत उल्लेख गरी सम्झौता गर्नुपर्ने उल्लेख छ। वक्लौरी सिंचाई कुलो निर्माणको कूल लागत अनुमान ३ लाख ८४ हजारमा लागत अनुमानकै रकम भुक्तानि भएको अवस्थामा उक्त श्रमदान सम्वन्धित सिंचाइ कूलो उपभोक्ता समुहले व्यहोर्नु पर्नेमा व्यहोरेको पाइएन। अतः नियमावलीमा भएको व्यवस्था अनुशार उपभोक्ता समितिसँग श्रमको लागत व्यहोर्ने उल्लेख गरी सम्झौता गर्नुपर्दछ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **अन्तिम चौमासिक तथा असार महिनाको खर्च** : कार्यालयले तेस्रो चौमासिकमा विभिन्न कार्यक्रममा ६१.०३ प्रतिशत देखि शतप्रतिशतसम्म तथा असार महिनामा मात्र ४२.५६ देखि शतप्रतिशत सम्म खर्च गरेको पाइयो । समानुपातिक किसिमले कार्यक्रम बमोजिम नै खर्च गर्नुपर्दछ।

२. **लक्ष्य, प्रगति** : स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको लक्ष्य अनुसार प्रगति हासिल गरेको हुनु पर्दछ। कार्यालयले पेश गरेको प्रगति विवरण अनुसार ५ वटाको ७५ प्रतिशत भन्दा घटी प्रगति भएको देखिन्छ। घटि प्रगति को पुष्टयाइ पेश भएको छैन।

३. **आन्तरिक नियन्त्रण व्यवस्था** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट आ– आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। कार्यालयमा जिन्सी मालसमानको लिलाम/मर्मत नभएको, मूल्य नखुलाएको र निरीक्षण प्रतिवेदनको कार्यान्वयन नगरेको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, समयमा पेश्की फछ्र्यौट नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, पुराना मालसमानको मूल्य नखुलेको, तालुक कार्यालयले मातहतका कार्यालयहरुको अनुगमन गर्नुपर्ने व्यवस्था भएको अनुगमन गरेको पाइएन, आयोजनागत, र कार्यक्रमगत खाता नभएको, कन्टिन्जेन्सी खाता नभएको, रसिद नियन्त्रण खाता नभएको, पेश्की खाता नभएको, संक्षिप्त वार्षिक प्रतिवेदन तयार गरेको छैन, खरिद इकाई गठन नभएको र खरिद योजना तयार नभएको, पेश्कि जमानत र कार्यसम्पादन जमानतको खाता राख्ने नगरेको जस्ता व्यहोरा देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ।

४. **पाईप जडान** : नेपाल सरकार (सचिव स्तर) को मिति २०६२।११।८ को निर्णय अनुसार पाइप तथा फिटिङ्स/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्ने व्यहोरा उल्लेख छ। विभिन्न आयोजनामा पाइप रु.१ करोड ६९ लाख ५६ हजार र फिटिंग रु.१ करोड २६ लाख ७२ हजार वांकी रहेको पाइयो। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार आयोजनामा गएको तर नापी किताबमा जडान भएको नदेखिएकोले जडान भएको प्रमाण पेश हुनु पर्ने देखिन्छ।

५. **सोझै खरिद** : सार्वजनिक खरिद ऐन २०६३ को ८ (२) बमोजिम प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने व्यवस्था छ। डिभिजनले पाईप खरिद रु.१८ लाख ९३ हजारका फिटिङ खरिद रु.५० लाख ५९ हजार अन्य सामाग्री खरिद रु.९ लाख ७८ हजार र मर्मत कार्य ३३ लाख ९४ हजार समेत रु.१ करोड १३ लाख २३ हजार सामाग्री र निर्माण खर्च सोझै गराएको छ। विभिन्न स्थान विभिन्न उपभोक्ता समिति र विभिन्न समयमा खरिद गरेकोमा प्रतिस्पर्धात्मक माध्यमबाट खरिद गर्नुपर्ने देखिन्छ

६. **म्याद थप** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम म्याद थप हुनु पर्ने देखिन्छ । चार उपभोक्ता समितिको म्याद समाप्त भएकोमा म्याद थप भएको छैन । तसर्थ क्षतिपूर्ति सहित म्याद थप हुनु पर्ने देखिन्छ ।

७. **ल्याप्स** : लागत तयार गर्दा डण्ढीको परिमाण गणना गर्दा १.०५ दर तयार भएको विलमा पूनःल्याप्स दिन मिल्ने देखिदैन । मध्यहर्साही क्वाटर निर्माणमा ७१.८ के.जी. डण्डीको भुक्तानी वाहेक ल्याप्स वापत ११४.९६ ले रु.८ हजार भूक्तानी गरेको छ। मु.अ. कर सहित ल्याप्स वापत रु.९ हजार भूक्तानी अनियमित देखिन्छ

८. **विल वेगर खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(२) बमोजिम विल भरपाई सहित स्रेस्ता राख्नु पर्नेमा कार्यालयले विल भरपाई वेगर रु. १ लाख १२ हजार खर्च लेखेकोले विल भरपाई पेश गर्ने अन्यथा असुल हुनुपर्दछ ।

९. **मुल्य अभिवृद्धि रकम** : दुहवी सुनसरी खानेपानी आयोजना ठेक्का सम्झौताको प्रावधान ४४.१ बमोजिम मुल्य अभिवृद्धि रकम दिने व्यवस्था छ । ठेक्का पट्टाको म्याद थप गर्न थप व्ययभार नपर्ने गरि म्याद थप गर्ने कानूनि व्यवस्था खरिद ऐनको दफा ५५ (२) ले गरेको छ। सम्झौताको म्याद समाप्त भएको अवधिको मूल्य समायोजन फ्याक्टर ०.०८२२ प्रयोग गरि रु.३० लाख १६ हजार मुल्यवृद्धि भूक्तानी गर्नु पर्नेमा साविक सूचक प्रयोग गरी आन्तरिम भुक्तानी सर्टिफिकेट ५ देखि ९ सम्म रु.३९ लाख १७ हजार भूक्तानी गरेकोले बढी भूक्तानी गरेको रु.९ लाख १० हजार समायोजन गर्नुपर्ने देखिन्छ ।

१०. **बढि भुक्तानी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(१) बमोजिम विल भरपाई संलग्न राखी भुक्तानी दिनु पर्नेमा कार्यालयले २ निर्माण व्यवसायीलाई विल भन्दा बढी रु.१३ हजार भुक्तानी गरेको छ ।

११. दुहवी खानेपानी तथा सरसफाईको लागि एक उपभोक्ता समिति छनौट भई गरिबिको रेखामूनि रहेका चर्पि नभएका ३१३ घर धुरी लाई प्रति धुरी १० हजारका दरले रु.३१ लाख ३० हजारमा ६ महिना भित्र (२०७२/१०/१ देखि २०७३/३/३१) निर्माण कार्य सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म १७१ वटा मात्र निर्माण गरी रु.१३ लाख ६८ हजार भूक्तानी भएको छ । तसर्थ सवै निर्माण कार्य समयमै सम्पन्न गर्नु पर्ने देखिन्छ ।

१२. **कन्टिन्जेन्सी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० को अनुसुचि (१) बमोजिम २.५ प्रतिशत वर्क एण्ड स्टाफ चार्ज र २.५ प्रतिशत सानातिना खर्च लेख्न सक्ने व्यवस्था छ । डिभिजनले  कन्टिन्जेन्सी खाता राखेको छैन । इन्धन, मर्मत, दै.भ्र. भत्ता, कार्यालय सामाग्री, कर्मचारी १६,७४,४७४।  र खानेपानी विभागमा कन्टिन्जेन्सी वापत रु.१०,६४,०००। पठाएको समेत रु.२७,३०,४७४। कन्टिन्जेन्सी खर्च लेखेको छ । क्रमागत आयोजनागत खर्च गर्न पाउने कन्टिन्जेन्सी रकम खुल्ने गरी कन्टिन्जेन्सी खाता राखी अभिलेख समेत राखेको छैन । वार्षिक खर्च तुलनामा ५ प्रतिशतले रु.२४,९३,१८१ खर्च गर्न पाउने भन्दा रु.२,३७,२९२/७० बढी खर्च लेखेको छ । अतः कन्टिन्जेन्सी खाता राख्नु पर्ने देखिन्छ ।

१३. **पेश्की फछ्र्यौट** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६ बमोजिम पेस्की फछ्र्यौट हुनु पर्ने व्यवस्था छ । कार्यालयले ४ निर्माण व्यवसायिको रु.८२ लाख ११ हजार पेस्की फछ्र्यौट भएको छैन । तसर्थ समयमै पेस्की फछ्र्यौट गरिनु पर्दछ ।

## जिल्ला अदालत सुनसरी

१. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली २०६४बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाईएन । जोखिम क्षेत्रको पहिचान, तालुक कार्यालयबाट  सुपरिवेक्षण ,अनुगमन तथा मुल्याङ्कनको भरपर्दो व्यवस्था गरी नियन्त्रण पक्षको प्रभावकारी कार्यान्वयन गर्न कार्यालयको

कामको प्रकृति अनुसारको जोखिम पहिचान गरी स्वीकृत आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने देखिन्छ ।

२. **भ्रमण अभिलेख** : भ्रमण खर्च नियमावली २०६४ को नियम २१ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्नेमा कार्यालयले भ्रमणमा खटिने कर्मचारीको तोकिए वमोजिमको भ्रमण अभिलेख राखेको पाईएन । नियमले तोके वमोजिमको भ्रमण अभिलेख राख्नु पर्दछ ।

३. **लिलाम/मर्मत** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५७ (२) वमोजिम जिन्सी निरिक्षण प्रतिवेदन अनुसार मर्मत नहुने लिलाम विक्री गर्नु पर्ने उल्लेख गरेका बिभिन्न १२ सामानहरु नियमले तोके बमोजिम लिलाम बिक्रि र बिधिन्न ६ थान सामानको मर्मत सम्वन्धि कार्यवाही भएको छैन । तसर्थ, कार्यालयले नियमले तोके बमोजिम लिलाम बिक्रि तथा मर्मत संभार गरि जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

४. **मुल्य नखुलेका मालसामान** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ (४) वमोजिम कार्यालयमा हस्तान्तरण भै आएका र मूल्य नखुलेका पुराना मालसामानहरुको मूल्य खुलाई जिन्सी खाता अध्यावद्यिक गरेको देखिएन । कार्यालयले मुल्य नखुलेको सामानहरुको मुल्य खुलाई राख्नु पर्ने व्यवस्था मिलाउनु पर्दछ ।

५. **धरौटी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६८ वमोजिम प्रयेक कार्यालयले धरौटी खातमा जम्मा भएको धरौटी रकमको गोश्वरा धरौटी खाता व्याक्तिगत धरौटी खाता अधावधिक गरी राख्ने व्यवस्था भए पनि कार्यालयमा रु ४३ लाख ८२ धरौटी वांकी रहेकोमा अनुसुची ११ वमोजिम नाम नामेसी खुलाई खाता रााखेको पाईएन । नियमको व्यवस्था वमोजिम नाम नामेसि सहितको व्याक्तिगत धरौटी खता राख्नु पर्दछ ।

## सरकारी वकिलको कार्यालय

१. **खरिद योजना** : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ७ (३) मा सार्वजनिक निकायले खरिद एकाइको गठन गर्नुपर्ने, नियमावली, २०६४ को नियम ८ अनुसार रु १० लाख भन्दा वढी रकमको खरिद गर्नुपर्ने निकायले वार्षिक खरीद योजना तयार गर्नु पर्ने व्यवस्था छ । निर्माण, फर्निचर फिक्चर्स तथा मेशिनरी औजारमा ९५ लाख ७० हजार को वार्षिक वजेट व्यवस्था भएको कार्यालयले खरिद ईकाईको गठन गरेको तथा बार्षिक खरीद योजना तयार गरेको पाईएन । साथै ऐन नियमको अनुसार खरिद ईकाईको गठन गरी बार्षिक खरीद योजना तयार गर्नुपर्दछ ।

२. **प्रोत्साहन भत्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) मा कार्यालय प्रमुखले बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने तथा नेपाल सरकारको खर्च शीर्षकको वर्गीकरण र व्याख्या अनुसार स्वीकृत खर्च शिर्षकबाट तोकिएको कार्यमा मात्र खर्च गर्नुपर्नेमा कार्यालयले कर्मचारीहरुलाई प्रोत्साहन भत्ता बापतको रकम २९ हजार अन्य भता शिर्षकबाट खर्च लेख्नुपर्नेमा तलब शिर्षकबाट खर्च लेखेकोले अनियमित देखिएको छ ।

१. **काज** : निजामती सेवा नियमावलीको नियम १८(१) मा निजामती कर्मचारीलाई एक बर्षमा तिन महिना भन्दा बढी अवधि काज खटाउन नसकिने व्यवस्था छ । एक कम्प्युटर अपरेटरलाई महान्यायधिवक्ताको कार्यालयको मिति ०७२/८/२१ को पत्रानुसार जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा काज सरुवा भएकोमा लेखापरीक्षणको अवधिसम्म अर्थात १४ महिनासम्म पनि पदाधिकार रहेको कार्यालयमा हाजिर भई कामकाज गरेको पाईएन । नियममा उल्लेख भएको भन्दा बढी अवधिसम्मको तलब भत्ता पदाधिकार रहेको कार्यालयबाटै लिई सम्बन्धित कार्यालयमा कार्यसम्पादन नगरी तलब भत्ता दिईएको कार्य नियमसंगत देखिएन ।

२. **मूल्य नखुलेको** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (४) मा कार्यालयमा मौज्दात रहेको पुराना मालसामानको मूल्य कारणवस खुल्न नसकेको अवस्थामा प्रचलित वजार मूल्य समेत विचार गरी मूल्य कायम गरी राख्नु पर्नेमा मोटर साईकल, कार, दराज लगाएतका मालसामानहरुको मूल्य खुलेको पाईएन । यसप्रकार मूल्य नखुलेका जिन्सी मालसामानहरुको नियमानुसार मूल्य कायम गरी जिन्सी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

३. **भवन निर्माण** : कार्यालय भवन निर्माण गर्न बोलपत्रको माध्यमबाट निर्माण कार्य गराउन एक निर्माण सेवा प्रा.लि.सँग १८ महिनाभित्र निर्माण कार्यसम्पन्न गर्ने गरी रु २ करोड ८२ लाख ८१ हजारमा ठेक्का सम्झौता गरी छैठौं रनिङ्ग बिलसम्म रु १ करोड ८५ लाख १९ हजार भुक्तानी गरेको छ। ठेक्काको म्याद दुई पटक गरी २०७३।७२२ सम्म थप भएता पनि लेखापरीक्षण अवधि २०७३ माघ ३/१०/४ सम्म पनि सम्पन्न भएको पाईएन। साथै पुनः म्याद थप माग भएको समेत देखिएन । ठेक्का सम्झौताका शर्त बमोजिम आवश्यक कारवाही गरी सम्पन्न गराउन प्रयास गर्नुपर्ने देखिन्छ ।

४. **जमानत** : ठेक्का सम्झौताको सामान्य शर्तहरुको दफा .३४१ मा त्रुटी सच्याउने दायित्वको अवधि निर्माण सम्पन्न भएको मितिले ३६५ दिन सम्म हुने प्रावधान भए पनि सम्झौता गर्दा पेश गरेको रु.१२ लाख ५४ हजार कार्यसम्पादन जमानी को म्याद ०७३/११/७ मा समाप्त हुने देखिन्छ । म्याद थप गर्दा कार्यसम्पादन जमानतको समेत मान्य अवधि थप भएको जमानत लिएर मात्र गर्नुपर्नेमा लिएको नपाइएकोले कार्यसम्पादन जमानतको म्याद थप गर्नु पर्ने देखियो ।

## जिल्ला प्रशासन कार्यालय

१. **नर्म्स भन्दा बढी खर्च** : कार्यक्रम संचालन गर्दा खर्च गर्ने निर्देशका २०७० को ७.१.१५ उल्लेखित नर्म्स बमोजिम खर्च लेख्नु पर्दछ । तर कार्यालयले शान्ति प्रवर्द्धन तथा द्वन्द न्यूनिकरणमा टेवा पुग्ने गरी जिल्लाका सबै सरोकारवालासँग अन्तरक्रिया र समितिको पदाधिकारीको लागि संक्रमणकालिन न्याय तथा द्वन्द व्यवस्थापन ३ दिने तालिममा नर्म्स भन्दा बढी रु.५८ हजार खर्च लेखेको छ। बढी खर्च असुल हुनुपर्दछ ।

२. **भरपाई पेश हुनुपर्ने** : मुद्दाको किनारा भई फिर्ता गर्नु पर्ने रकम ५ जनालाई रु.१३ हजार धरौटी फिर्ता देखाएकोमा धरौटी फिर्ता रकम सम्बन्धितले बुझेको देखिएन । तसर्थ भरपाई पेश गर्नुपर्ने देखिन्छ ।

३. **धरौटी कारोवारको लेखा** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६८ (१) बमोजिम धरौटी खातामा जम्मा भएको धरौटीको लेखा अनुसूचि (१०) बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरि राख्नु पर्दछ भन्ने व्यवस्था छ। कार्यालयले यस बर्ष बाँकी देखाएको रु २ करोड ५० लाख १० हजार धरौटीको व्यक्तिगत धरौटीको कच्चावारी राखेको पाइएन । धरौटी कारोवारको व्यक्तिगत खाता राख्नु पर्दछ ।

४. **हिसाब फरक** : धरौटीको आर्थिक विवरण अनुसार श्रेस्ताअनुसार रु २ करोड ५० लाख १० हजार र बैंक अनुसार रु २ करोड २९ लाख ९६ हजार बाँकी देखिन्छ। स्रेस्ता अनुसार फरक रु २० लाख १३ हजार छानविन गरी हिसाव मिलान हुनुपर्ने देखिन्छ ।

५. **सापटीको सोधभर्नाः** : विगत बर्षहरु देखि सर्दै आएको नामनामेसी समेत नखुलेको रु २,७१,७५५।९१ सापटी हालसम्म पनि कारवाही गरी सोधभर्ना लिएको पाइएन । कारवाही टुङ्गो लगाई आम्दानी बाध्नु पर्ने वा राजश्व दाखिला हुनुपर्ने देखिन्छ ।

६. **जिन्सी निरीक्षण प्रतिवेदनः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० (३) अनुसार जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले लिलाम विक्री र मर्मत सम्भार गर्नुपर्ने व्यवस्था छ । जिन्सी निरीक्षण प्रतिवेदन अनुसार २०० आइटम सामान मध्ये ५६ आइटम काम नलाग्ने मर्मत सम्भार वा लिलाम भएको छैन । तसर्थ प्रतिवेदनको कारवाही गरिनु पर्दछ ।

## जिल्ला प्रहरी कार्यालय

१. **वार्षिक लक्ष्य प्रगती** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम (१) मा वार्षिक कार्यक्रम वनाउनु पर्ने र सोही नियमावलीको नियम २५ (१) मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची–२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गर्नु पर्ने व्यवस्था छ। यो वर्ष जिल्ला प्रहरी कार्यालयले पूँजिगत र कार्यालय सन्चालन कोष तर्फवाट भवन निर्माण समेतको कार्यमा खर्च गरकोमा वार्षिक कार्यक्रम एवं प्रगती विवरण तयार गरेको पाइएन ।

## जिल्ला वन कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु आ– आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। कार्यालयमा खरिद इकाइ गठन र खरिद योजना तयार नभएको, जिन्सी मालसमानको लिलाम/मर्मत नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, समयमा पेश्की फछ्र्यौट नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, पुराना मालसमानको मूल्य नखुलेको, तालुक कार्यालयले मातहतका कार्यालयहरुको अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा अनुगमन नगरेको जस्ता व्यहोरा देखिएका छन। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **वार्षिक तथा लेखापरीक्षण प्रतिवेदन** : वन ऐन, २०४९ को दफा ३०, आयकर ऐन, २०५८ को दफा ७८ तथा वन नियमावली २०५१ को नियम ४४ बमोजिम सामुदायिक वनले आफ्नो कारोबारको वार्षिक कार्यसम्पन्न र वार्षिक आर्थिक कारोबार प्रतिवेदन लेखा परीक्षण गराई आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र वन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। हस्तान्तरित ५८ गोटा सामुदायिक वनले यो वर्ष यस्तो प्रतिवेदन पेश गरेको अभिलेख कार्यालयले राखेको छैन । साथै सामुदायिक वनले स्थायी लेखा नम्बर लिएको छैन। सम्बन्धित निकायलाई तुरुन्त पत्र लेखि लेखा परीक्षण प्रतिवेदन उपलब्ध गराईने कार्यालयको भनाई रहेकोछ ।

३. **वन अतिक्रमण** : वन ऐन र नियमावली, २०५१ बमोजिम वन क्षेत्रबाट अतिक्रमण हटाउने प्रयास गरिनुपर्दछ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार धरान उ.प.न.पा.मा १७४.१४ हे., इटहरी न.पा.मा १९.९२ हे., भोक्राहा गा.वि.स. १४.५९६ हे., डुम्राहा गा.वि.स. ७.०० हे., महेन्द्रनगर गा.वि.स. ४५१.७८ हे., बराहक्षेत्र गा.वि.स. ३५१.८५ हे., भरौल गा.वि.स. १८९.७५ हे. समेत १३०९.०३ हेक्टर अतिक्रमण हटाउन बाँकी देखियो। वन ऐन, २०४९ को दफा १७ मा नेपाल सरकारको अधिकार प्राप्त अधिकारीबाट पट्टा पुर्जी तथा सहुलियत पाएको बाहेक कुनै पनि व्यक्तिलाई कुनै किसिमको हक नहुने व्यवस्था छ। सो व्यवस्था अनुसार तत्काल कारबाही गरी अतिक्रमित वन क्षेत्रमा कार्यालयको स्वामित्व कायम हुनुपर्दछ। सुझावको कार्यान्वयन गरिने कार्यालयको भनाई रहेछ।

६. **जाँचबुझ र निरीक्षण** : वन पैदावार काठ/दाउरा संकलन बिक्री वितरण निर्देशिका, २०५७ को दफा ४(३) र सोही निर्देशिकाको अनुसूची अनुसार छपान गरिएका रुखहरु मध्ये कम्तिमा वन अधिकृतले १०. र क्षेत्रीय वन निर्देशकले ५. रुखहरु जाँचबुझ र निरीक्षण गर्नुपर्ने व्यवस्था छ। तर सो अनुसार जाँचबुझ र निरीक्षण गरेको प्रतिवेदन पेश गरेको छैन। तसर्थ ऐनको प्राावधान बमोजिम प्रतिवेदन पेश हुनुपर्दछ।

७. **काठ/दाउराको मौज्दात** : प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७२।७३ सम्म जिल्ला वन पैदावार आपूर्ति समिति तर्फ ५२७७.६४ क्यू. फिट र जिल्ला वन कार्यालयतर्फ १५०८५.०७ घ.फि. काठ मौज्दात देखाएको छ। मौज्दातमध्ये कम हैसियतको २३१५.२९ क्यू.फि.रहेको छ।

मौज्दात काठ नियमानुसार लिलाम बिक्री गर्नुपर्ने देखिन्छ । कायालयले सोको ग्रेडिङ्ग गरि मुल्य खुलाएको देखिएन । उक्त काठहरुको ग्रेडिगं गरी मूर्ल्याकन गरी लगत राखिने कार्यालयको भनाइ छ ।

९. **बिरुवा उत्पादन तथा वितरण** : आर्थिक वर्ष २०७२।७३ मा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम (सर्दु सेउती र सुनसरी नदी प्रणाली संरक्षण कार्यक्रम), वृक्ष सुधार, वृक्षारोपण तथा निजी वन कार्यक्रमको स्वीकृत कार्यक्रम अनुसार ८ लाख २५ हजार लक्ष्य बिरुवा उत्पादन गरी ६७ लाख खर्च गरेको छ । तारबार सहितको वृक्षारोपण नभएको विवरण पेश भएको छ । साथै वितरीत विरुवाको स्थिती सम्बन्धमा अनुगमन हुनु पर्नेमा अनुगमन प्रतिवेदन पेश भएन । विरुवा उत्पादन वितरण र रोपणको अनुगमन गरिनु पर्दछ । अनुगमन गरी प्रतिवेदन संलग्न राखिने कार्यालयको भनाई रहेको छ ।

१०. **कर विजक** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ मा निर्माण व्यवसायी आपुर्तिकर्ता वा सेवा प्रदायकले यस नियम वमोजिम भुक्तानीको लागी बिल वा बिजक पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले ३ राशन ठेकेदारलाई मु.अ.कर रु.१५ लाख ६० हजार भुक्तानी गरेकोमा कर विजक पेश गरेको पाईएन । अत ऐन नियममा भएको व्यवस्था अनुसार भुक्तानी रकमको कर समायोजन पत्र पेश गर्नुपर्दछ ।

११. **वन क्षेत्रको जग्गा** : वन नियमावली २०५१ का अनुसुची २० र लिजिङ्ग सम्बन्धी निर्देशिका बमोजिम नेपाल सरकारको स्वीकृतिमा वन क्षेत्रको जग्गा लिजिङ्ग उपलव्ध गराउने व्यवस्था छ । यसरी उपलव्ध गराईएको जग्गाबाट निश्चित दस्तुर लिने र भौतिक संरचना निर्माण क्षेत्र बराबरको जग्गामा वृक्षारोपण गरी ५ वर्ष हुर्काई वन उपलव्ध गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयले संस्थालाई उपलव्ध गराएको जग्गा वृक्षारोपण गरी जग्गा र दस्तुर रु.१२ लाख ९१ हजार प्राप्ति भएको पाईएन । गत विगत देखिको असुल गर्न बाँकी राजश्व असुली र लिजमा लिएको वन क्षेत्र बराबर विरुवा हुर्काई प्राप्ति गर्नुपर्ने देखिन्छ । छानविन गरी श्रेस्ता चुस्त दुरुस्त राख्न कारबाही अघि बढाईने कार्यालयको भनाई छ ।

१२. **नगर उद्यान** : नेपाल सरकारको निर्णय र कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम नगर क्षेत्र भित्र नगर उद्यान निर्माणको कार्य सन्चालन गर्ने व्यवस्था बमोजिम जिल्ला वन कार्यालयले रु ६ लाख खर्च लेखेकोमा कार्यालयले कुल लागत अनुमान तयार नगरेको, उद्यान निर्माण कार्यको कुल लागतमा नगर, जि.वि.स., वन र अन्य सरोकारवालाको योगदान नखुलाई खर्च लेखेको , तारबार र घेराबार तर्फ एकाई गत लागत नखुलाई एक मुष्ठ रु.२००००० खर्च लेखेको पाईयो । साथै नगर उद्यान निर्माण पश्चातको व्यवस्थापन नगरपालीकाले गर्नुपर्नेमा निर्माण खर्चबाट हेरालुको लागी आगामी २४ महिनाको खर्च व्यवस्थापन भनि रु.१ लाख ९२ हजार खर्च भएको छ । नगरपालिकाले गर्ने काम (निर्माण) कार्यमा हेरालुको पछि हुने खर्च भूक्तनी गर्न नमिल्ने हुदा असुल गर्नुपर्दछ । ७६५ बिरुवा रोपण वापत रु.१ लाख ७ हजार र फलफुल बिरुवा ११ हजार खर्च लेखेकोमा त्यसको विस्तृत कार्ययोजना समेत समावेश भएको देखिदैन । उक्त कार्यक्रमको लागत ईष्टिमेट, एकिकृत विवरण, कार्यसम्पन्न प्रतिवेदन र जाँचपाँस प्रतिवेदन पेश गरिने कार्यालयको भनाइ छ ।

१३. **अनुदान** : स्वीकृति वार्षिक कार्यक्रम र वन सम्बन्धी विभिन्न निर्देशिका बमोजिम नीजि तथा सामुदायिक संस्थाहरु र व्यक्तिलाई अनुदान दिने व्यवस्था छ । वन कार्यालयमा अनुदान उपलव्ध गराउँदा छनौट आधार एवम् मापदण्ड तयार गरी प्रस्ताव आव्हान गरी छनौट नगरेको, स्थानीय जनताले पाउने फाइदाको उपलव्धिको विश्लेषण नगरेको, हेरालु खर्च समेत व्यवस्थापन उपभोक्ता समितिबाट नगराएको, निजी उत्पादन एवम् ती बिरुवा रोपण नियमित अनुगमन र निरीक्षण गरी

प्रतिवेदन लिने गरेको पाईएन । अनुदान कार्यक्रमको समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गरिने कार्यालयको भनाई रहेको छ ।

१४. **बिरुवा खरिद** : सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद भएका सामाग्री गुणस्तर एवम् विश्वासनीयता कायम गर्नुपर्ने र आर्थिक कार्यविधी नियमावली २०६४ बमोजिम ५ हजार भन्दा बढीको खरिदमा कर बिजक दिनुपर्ने व्यवस्था छ । एक सहायक वनअधिकृतले कृषकसँग ३० हजार वटा बिरुवा खरिद गरेको भनि रु.२७००००। बुझेको भपाईको आधारमा कार्यालय प्रमुखको तोकआदेश बमोजिम रु १ लाख ८० हजार खर्च लेखेको छ । उत्पादन गुणस्तर सुनिश्चितता,दाखिला प्रमाण,खरिद आदेश,वितरणको प्रमाण र बिल बेगर खरिद गरेको देखिन्छ । तसर्थ ऐन बमोजिम कारवाही हुनुपर्दछ । नियमित गराउने तर्फ कारबाही अघि बढाईने जवाफ प्राप्त भएको छ ।

१५. **निर्माण पेश्की** : सम्झौताको प्रावधान ८ वमोजिम तोकिएको समय २०७३ आषाढ १५ मा कार्य सम्पन्न नगरेमा रकम असुल गर्ने व्यवस्था भएको छ । कार्यालयले रामधुनी भा.सि. नगरपालिकासँग नगर उद्यान निर्माण सम्झौता गरी रु. ५ लाख पेश्की दिएकोमा लेखापरीक्षण अवधि २०७३।१०।१० सम्म पनि फच्छ्यौंट गरेको छैन । तसर्थ उक्त पेश्िकी रकम असुल गर्नुपर्ने देखिन्छ । फछ्र्यौटकोलागि सम्बन्धीत निकायमा पत्राचार गरिने जवाफ प्राप्त भएको छ ।

१६. **बढी भूक्तानी** : आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(३) मा बिल भपाई सहित खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले निजी वन सञ्जाल लाई रु. ५० हजार भुक्तानी गरेकोमा रु.३६ हजार मात्र बिल भर्पाई संलग्न भएकोले बिल भरपाई भन्दा बढी खर्च लेखेको रु.१५ हजार असुल गर्नुपर्दछ । रकम असुलको लागि निजी बन सन्जाललाई पत्राचार गरिने जवाफ प्राप्त भएको छ ।

१७. **जाँच पास** : कार्यक्रम कार्ययोजना निर्देशिका बमोजिम सम्पन्न कार्यहरुको नापजाँच र कार्य सम्पन्न तयार गर्ने व्यवस्था छ । कुमरखत सामुदायिक वन उपभोक्ता समिति लाई रु.४ लाख खर्च लेखेकोमा जाँचपास र कार्य सम्पनन संलग्न छैन तसर्थ जाँच पास कार्य सम्पन्न पेश हुनुपर्दछ । जाँच पास प्रतिवेदन पेश गरिने जवाफ प्राप्त भएको छ ।

१८. **झाडी सफाई** : सामुदायिक वन उपभोक्ता समितिलाई वन विकासका लागि विउ विरुवा प्रविधि अन्य भौतिक उपलव्ध गराउनु पर्नेमा अम्रिसो खेतीका लागि झाडी सफाई को रु २५ हजार समेत प्रति समुह रु ७५ हजार उपलव्ध गराएको छ । उपभोक्ता सहभागितामा हुने कार्यमा झाडी सफाई समेतको रकम भुक्तानी दिएकोले उपभोक्ताको योगदान नहुने कार्यकालागि समितिलाई भूक्तानी दिनु उचित देखिएन । आईन्दा यस्ता कार्यमा सुझाव अनुसार कार्यन्वयन गरिने जवाफ दिएको छ ।

१९. **वन मुद्धा फछ्र्यौट र बरामदी मालबस्तु** : कार्यालयले वन सम्वन्धी मुद्दाहरु यथाशिघ्र कारबाही गरी फछ्र्यौट गर्नु पर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार वन सम्बन्धी मुद्धा संख्या ३९ रहेकोमा १५ फछ्र्यौट गरी २४ बाँकी रहेको छ ।

वन ऐन, २०४९ को दफा ६६ तथा आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ४७ (१) र ५९ बमोजिम सजाय हुने कसुरमा बरामद भएको सबै चौपाया र अन्य साधन जफत हुने र यस प्रकार प्राप्त हुन आएको मालसामानको मूल्य समेत खुलाई ७ दिन भित्र आम्दानी बाध्नुपर्ने र जुनसुकै कारणबाट जफत भएका मेसिन, उपकरण, मालसामान लिलाम बिक्री गर्दा मन्त्रालयबाट मूल्यांकन समिति गठन गरी लिलाम बिक्री गर्नुपर्ने व्यवस्था छ । कार्यालय, सेक्टर, इलाका परिषदमा बेवारिसे काठ ४५५.९१ क्यू फिट र बालुवा २३ टेक्टर एवं सवारी साधन आदि रहेको देखिन्छ । त्यसै गरी जिल्ला वन कार्यालय, सुनसरी परिसर भित्र बेबारिसे बरामद काठ, गोलिया काठ २७ थानको २७५.६३ क्यु.फि. चिरान काठ २१६ थानको १४६।०४ क्यु.फि मुद्दामा बरामद

बोझ बाहक ट्र्याक्टर ४, पावर ट्रेलर २, ट्रक ३ र मोटरसाईकल ३ जीर्ण अवस्थामा छ । उक्त सामानहरु मुद्दामा रहेको छ । उक्त माल समान जिन्सी आम्दानी गरी नियम अनुसार कारबाही गर्नुको साथै नासवान हुने र खेर जाने प्रकृतिको साधनहरुमा सम्मानित अदालतको स्वीकृतिमा लिलाम बिक्री गरी धरौटी राख्नुपर्ने तर्फ पहल गर्नुपर्ने देखिन्छ । सुझावलाई कार्यन्वयन गरिने कार्यालयको भनाई छ ।

२०. **स्थलगत निरीक्षण** : जिल्ला वन कार्यालय सनुसरीको लेखा परिक्षणको सिलसिलामा जिल्ला वन अधिकृत, सहायक वन अधिकृत सहित केही स्थान स्थल गत निरीक्षण गर्दा निम्न अनुसार देखियो ।

- वन ऐन २०४९ र नियमावली २०५० वन क्षेत्र उपयोग नेपाल सरकारको स्वीकृति बेगर गर्न नपाईने व्यवस्था छ । नेपाल सरकारको स्वीकृति बेगर बाँझघारा सा.व. सेउती खोला किनारमा धरान तथा इटहरी न.पा. ले फोहर संकलन गरी त्यस क्षेत्रमा डम्पिङ्ग गर्नुका साथै आगो लगाउने गरेको पाईयो । टोली निरीक्षण पुग्दा समेत आगो लगाई रहेको देखियो । वन प्रविधिकले चैत्र वैशाख आगलागी गर्दा वन क्षेत्रमा प्रमाणित भएको जानकारी दियो । पर्यावरणीय तथा वन एवम् वन्यजन्तु सुरक्षा सम्वन्धि प्रावधान र प्रचलित ऐन नियम विपरित डम्पीङ्ग साईट वनाउनु उचित नदेखिएकोले तत्काल कारवाही एवम् सुधार हुनुपर्ने देखिन्छ ।
- वन ऐन २०४९ र नियमावली २०५० वमोजिम राष्ट्रिय वन क्षेत्र उपयोग नेपाल सरकार मन्त्री परिषदको स्वीकृतिमा मात्र गर्न सकिने व्यवस्था छ । धरान नगरपालिका साविक पाँचकन्या, नामेटार राष्ट्रिय वन क्षेत्रमा सुर्योदय विहारमा करिव ६०० सय मिटर मोटर वाटो पहूच मार्ग र करिव ३०० वर्ग मिटर वन क्षेत्र कटान गरी प्लट तयार गरेको पाईयो । नगर परिषदको निर्णय भनी धरान नगरपालिकाले जग्गा उपलब्ध गराउन ०७३।१।१२ र ०७३।७।१० पत्र चार भएकोमा जिल्ला वन कार्यालयले ०७३।७।२२ मा वन ऐन २०४९ र नियमावली २०५१ विपरित हुने हुदा गर्न नमिल्ने उल्लेख गरी पत्रचार एवम् सार्वजनिक सुचना टाँस गरेको छ । यसरी राष्ट्रिय वन क्षेत्रमा नेपाल सरकारको स्वीकृत बिना गरिने निर्माण कार्य वन सुरक्षा चुनौति पुर्ण देखिएकोले वन क्षेत्र सुरक्षा र पर्यावरण अवस्थामा ध्यान जानु पर्ने देखिन्छ ।
- जिल्ला वन कार्यालय अन्तर्गत से.व.का. धरानमा ३१ हजार क्यू.फि. गोलिया काठ मुद्दामा रहेको उल्लेख छ । नासवान हुने खेर जाने प्रकृतिको साधनमा सम्मानित अदालतको स्वीकृतिमा लिलाम गरी धरौटीहरु राख्नु पर्ने तर्फ पहल गर्नुपर्ने देखिन्छ ।

२१. **पेश्की फछ्र्यौट** : आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ७६ बमोजिम पेश्की फर्छ्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७२।०७३ को फछ्र्यौट नभई बाँकी रहेको पेश्की रु.५ लाख ४० हजार आर्थिक वर्षको अन्तसम्म पनि फछ्र्यौट भएको छैन । नियमानुसार समयमानै पेस्की फछ्र्यौट गर्नु पर्दछ । सम्बन्धित निकायलाई पेश्की फछ्र्यौट गर्न आवश्यक कारबाही गरिने कार्यालयको भनाई छ ।

२२. **धरौटी सदरस्याहा** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६४ बमोजिम धरौटी सदरस्याहा गर्ने व्यवस्था छ । कार्यालयले मुद्दा फैसला भै सदरस्याहा गर्नुपर्ने धरौटी रु.१ लाख ४२ हजार सदरस्याहा गरेको छैन । नियमानुसार सदरस्याहा गरी राजस्व दाखिला गर्नुपर्दछ । सदरस्याहा गरी राजश्व खातामा दाखिला गरिन कार्यालयको भनाई छ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले नियममा भएको व्यवस्था वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्नेमा तद्अनुरुप कार्यालयले जोखिम क्षेत्रको पहिचान, खरीद ईकाईको गठन नभएको , खरीद योजना तयार नगरेको , विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत ल्यापटप थान ३ वटा रु ३ लाख ७५ हजारमा खरीद गरेकोमास्पेसिफिकेसन खुलाई जिन्सी आम्दानी नवांधेको

तथा अनुगमन तथा मुल्याङ्कनको भरपर्दो व्यवस्था गरी नियन्त्रण पक्षको प्रभावकारी कार्यान्वयन र परिपालना नहुँदा नियन्त्रण पक्षमा जोखिम उच्च रहेको देखियो । साथै तालुक कार्यालयबाट समेत कार्यालयको सुपरिवेक्षण तथा अनुगमन गरी निर्देशन गरेको पाइएन । कार्यालयको कामको प्रकृति अनुसारको जोखिम पहिचान गरी स्वीकृत आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्न तथा सोको सुपरिबेक्षण तथा अनुगमन गर्न तालुक कार्यालयले पहल गर्नु पर्दछ ।

२. **मौजुदा सूची सम्बन्धमा** : सार्वजनिक खरिद नियमावली, ०६४ को नियम १८(२) मा सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन,२०६३ को दफा १०(२) बमोजिम मौजुदा सुचीमा समावेश हुनको लागि आवश्यक पर्ने योग्यता निर्धारण गर्नुपर्ने र नियम १८(५) मा सार्वजनिक निकायले पाप्त निवेदन उपर जाँचबुझ गर्दा निवेदकले नियम १८(२) बमोजिमको योग्यता पुरा गरेको देखिएमा त्यस्तो निवेदकलाई मौजुदा सुचीमा समावेश गनुपर्ने व्यवस्था छ। कार्यालयले मौजुदा सुची तयार गर्नको लागि सूचना प्रकाशित गरी निवेदन माग गरेकोमा पाप्त निवेदकहरुको निवेदन उपर जाँचबुझ गरी योग्यता पुरा गरे नगरेको सम्बन्धमा निर्क्यौल नगरी सम्पूर्ण निवेदकहरुलाई मौजुदा सुचीमा समावेश गरेको पाईयो । नियममा भएको व्यवस्था बमोजिम योग्यता पुगेको निवेदकलाई मात्र मौजुदा सुचीमा समावेश गरी खरिद प्रक्रियालाई नियमसंगत बनाउनुपर्दछ ।

३. **शिक्षक विद्यार्थी अनुपात** : सुनसरी जिल्ला स्थित सम्पूर्ण सामूदायिक विद्यालयहरुमा कूल १९१० स्थायी शिक्षक दरबन्दी रहेकोमा ०७२।०७३ मा १४५२ जना स्थायी शिक्षक कार्यरत रहेको स्थायी दरबन्दीको रिक्त ४२८ दरबन्दी मध्ये ३९२ जना अस्थायी नियक्तिगरी काम गर्न लगाएको जनाई तलबभत्ता भुक्तानी गरेको छ । यसैगरी विद्यार्थी संख्याका आधारमा विद्यार्थी शिक्षक अनुपात भन्दा बढि विद्यार्थी भएको जनाई विभिन्न विद्यालयलाई अस्थायी राहत कोटा वितरण गरी ७४१ जना राहत शिक्षक समेत नियुक्ति गरी उनीहरुको तलब भत्ता समेत विद्यालयलाइ निकासा दिएको पाइयो । शिक्षक विद्यार्थी अनुपात नमिलेको र विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी र पदपूर्ति समेत बढि भएको अवस्थामा दरबन्दी मिलान गरेको पाईएन । अतः कार्यालयबाट राहत शिक्षक ७४१ का लागि विभिन्न विद्यालयलाई दिइएको निकासा रु १९ करोड ३ लाख ३० हजार तथा रिक्त स्थायी दरबन्दीमा अस्थायी नियुक्त गरी ३९२ जनाको तलब बापत निकासा रु ७ करोड ४१ लाख ४८ हजार समेत रु २६ करोड ४४ लाख ७९ हजार को यथार्थता एकीन गर्न सकिने अवस्था देखिएन ।

४. **वढी निकासा** : विद्यालयहरुका लागि तोकिएको दरवन्दि अनुसार कार्यरतहरुको तोकिएको अवधिको मात्र तलव भत्ता निकासा गर्नु पर्नेमा विभिन्न ४ विद्यालयहरुलाई १० शिक्षकको रु १३ लाख ९४ हजार स्वीकृत दरवन्दि भन्दा वढी तलव भत्ता निकासा भएको देखियो । स्वीकृत दरवन्दि भन्दा वढी तलव भत्ता निकासा भएको रकम असुल गरी सञ्चितकोष दाखिला गर्नु पर्दछ ।

५. **वढी भुक्तानी** : गत आर्थिक वर्ष २०७१।७२ मा अवकाश पछि पनि शिक्षकहरुको तलव तेस्रो चौमासिकमा विद्यालयहरुका लागि निकासा भएकोमा यस आर्थिक वर्षको पहिलो चौंमासिक निकासावाट कटी गरी २०७३।६।९ मा १७ लाख १२ हजार वेरुजू दाखिला भएको छ । तर १ प्राथमिक शिक्षकको तलव भत्ता रु. ४५ हजार निकासा भएकोमा फिर्ता दाखिला भएको पाईएन । अवकास पश्चात निकासा भएको उक्त रकम व्याज सहित असुल उपर गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

६. **छात्रवृत्ति** : आर्थिक वर्ष २०७२।०७३ मा सुनसरी जिल्ला स्थित विभिन्न विद्यालयमा अध्ययनरत कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुलाइ छात्रवृति रकम उपलव्ध गराउन जिल्लाभरका सामूदायिक विद्यालयहरुलाई रु ३ करोड ७ लाख ९ हजार निकासा भएको छ । छात्रवृत्ति पाउने विद्यार्थी माग बमोजिमको संख्यामा अध्ययनरत छन् छैनन् । निकासा भएको छात्रवृत्ति रकम

सम्बन्धित विद्यार्थीले प्राप्त गरे गरेनन् सो सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश नभएको, विद्यार्थीले बुझेको भरपाई आदि समेत संलग्न नरहेको अवस्थामा सम्बन्धित विद्यार्थीले प्राप्त गरे गरेनन् एकिन गर्ने आधार भएन । साथै लक्षित वर्गलाइ उत्थान गर्ने उद्देश्यबाट लागु गरिएको यो कार्यक्रमबाट अक्षेपित उपलब्धी प्राप्त भयो भएन एकिन गर्ने आधार समेत नभएकोले अनुगमन गर्ने सोको प्रतिवेदन लिने र मूल्याङ्कन समेत गर्नु पर्दछ ।

७. **गत वर्षको भुक्तानी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४०(७) वमोजिम चालू वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व श्रृजना गर्न हुँदैन । तर चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनु पर्ने कारण खोली भुक्तानी दिन बाँकीको कच्चावारीमा प्रमाणित गराई राख्नुपर्नेमा सो भुक्तानी दिन बाँकीको कच्चावारी वेगर शिक्षा निकेतन उच्च मा.वि. धरान लाई आर्थिक वर्ष २०७१।७२ को छुट तलव भनी रु ३२ हजार थप निकासा दिएको नियमित देखिएन ।

८. **बांडफांडको आधार** : स्वीकृत वार्षिक कार्यक्रम अनुसार सञ्चालन गर्नु पर्दछ । वार्षिक स्वीकृत कार्यक्रममा प्राविधिक धार तर्फका विद्यालयहरुलाई सामाग्री खरीदका लागि एकमुष्ठ रु ७४ लाख ८० हजार तथा १ पूरानो विद्यालयलाई १८ लाख, ओ.जे.टी.को व्यवस्थापन खर्च रु. २ लाख ४० हजार र ल्याव सामान खरीदका लागि १ लाख विनियोजन भएकोमा विभिन्न ५ विधालयहरुलाई रु ९६ लाख २० हजार रकम उपलब्ध गराएको पाईयो । रकम निकासा भएकोमा वांडफांड गरेको आधार नखुलाएको तथा कार्यक्रममा तोकिए वमोजिमको कार्य सम्पन्न भएको प्रमाण पेश भएको देखिएन ।

९. **कार्य सम्पन्न प्रतिवेदन** : वहुवर्षिय विद्यालय निर्माणका लागि वहिरा विधालय धरानलाई रु ३० लाख सम्झौता गरी रकम निकासा गरेको पाईयो । रकम निकासा पेश्की नजनाई खर्च जनाएको तथा पुँजिगत निकासा सम्झौताको शर्त वमोजिम निर्माण कार्य सम्पन्न भएको प्रतिवेदन पेश नभएकाले नियम वमोजिमको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ ।

१०. **विद्यालय क्षेत्र सुधार कार्यक्रम** : विद्यालय क्षेत्र सुधार कार्यक्रम अर्न्तगत सामुदायिक तथा धार्मिक विद्यालयका ८,६,४,३, र २ कक्षा कोठा निर्माण, भूकम्पवाट अति क्षति पुगेका भवन मर्मत, भूकम्पवाट सामान्य क्षति पुगेका विद्यालय भवन मर्मत , कक्षा कोठा पुनस्थापना, वास सुविधा सहितको शौचालय, निर्माण, छात्रा शौचालय निर्माण विद्यालय भवन रेक्टोफिट खानेपानी व्यवस्थापन, लगायत शौचालय मर्मत र खानेपानी व्यवस्थापन गर्न २४८ विद्यालयहरुसंग सम्झौता गरी रु १९ करोड १२ लाख ५५ हजार निकासा गरेकोमा निकासा रकम पेश्की नजनाई खर्च जनाएको तथा पुँजिगत निकासा सम्झौताको शर्त वमोजिम निर्माण कार्य सम्पन्न भएको प्रतिवेदन पेश नभएकाले नियम वमोजिमको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

११. **अनुगमन प्रतिवेदन** : शिक्षा मन्त्रालयको २०७३।३।२१ को अख्तियारी अनुसार वजेट उपशिर्षक नंम्वर ३५००११३ मा विभिन्न ८ विद्यालयहरुलाई विद्यालयको भौतिक सुधार कार्यक्रम सञ्चालन गर्न २०७३।३।२४ मा रु ३२ लाख निकासा दिएको पाईयो । प्राप्त अख्तियारी तोकिएको कार्यक्रममा मात्र खर्च गर्न मिल्ने, यस्को अनुगमन जिल्ला शिक्षा कार्यालयवाट हुने प्रावधान रहेको छ । विद्यालयलाई निकासा दिँदा पेश्की नजनाई खर्च जनाएकोले तोकिएको कार्यक्रममानै खर्च भए नभएको सम्वन्धमा अनुगमन प्रतिवेदन प्राप्त भएको नदेखिएकोले तोकिएको कार्यक्रममा उपयोग भएको सुनिश्चित हुने प्रमाण पेश गर्नु पर्दछ ।

१२. **राजश्व दाखिला** : फ्ल्यास डाटा इन्ट्री डाटावेश, स्रोत केन्द्र अभिमूखिकरण तथा शैक्षिक व्यवस्थापपन सुचना अर्न्तगत पेश्की फर्छ्यौट गर्दा कटा गरीएको विभिन्न ११ व्यक्तिको रु ८ हजार राजश्व दाखिला गरेको नदेखिएकोले उक्त रकम असुल उपर गरी सञ्चितकोष दालिा गर्नु पर्दछ ।

**१३. पाठ्य पुस्तकको रकम** : वार्षिक स्वीकृत कार्यक्रम अनुसार विद्यार्थीहरुका लागि पाठ्युस्तकका लागि ४६८ विद्यालयहरुलाई २०७२।११।८ मा रु ५ करोड २७ लाख १७ हजार निकासा गरेकोमा विद्यालयहरुले पाठ्यपुस्तक वितरण गरेको सम्वन्धमा कार्यालयले अनुगमन गरी वितरण सहितको प्रतिवेदन पेश भएको पाइएन ।

**१४. पि.सि.एफ.सम्वन्धमा** : प्राप्त विवरण अनुसार जिल्लाको कुल विधार्थी संख्या र शिक्षक अनुपात प्राथमिक विद्यालय तर्फ प्रति शिक्षक २६ निम्न माध्यामिकमा ४४, माध्यामिकमा ४० रहेको छ । विद्यालयगत रुपमा हरि नगरा प्रा.वि.मा २८ विद्यार्थीका लागि ३ जना, सिहदेवी प्रा.वि. ईटहरि ५६ जना विद्यार्थीमा ७ जना, वुढा सुव्वा प्रा.वि. ईनरुवामा २७ जना विद्यार्थीका लागि ६ जना शिक्षक कार्यरत रहेको पाईयो । जिल्लाको कुल विद्यार्थी शिक्षक अनुपात २६ देखि ४४ सम्म तथा विद्यालयगत रुपमा हेर्दा न्युनतम ४ विधार्थी १ शिक्षक अनुपात रहेको देखियो । विधालयहरुमा विधार्थीको चाप अनुसार दरवन्दि मिलान नगर्दा पि.सि.एफ सेलरीमा यस वर्ष १ करोड ७५ लाख ५३ हजार निकासा तथा खर्च गरेको देखिन्छ । विद्यार्थी शिक्षक अनुपात कम भएकावाट वढी भएका तर्फ व्यवस्थापन गरी तलव भत्ताको खर्चको अधिकतम उपयोग तथा पि.सि.एफ सेलरी खर्च तर्फ नियन्त्रण गर्नु पर्ने देखिन्छ ।

**१५. फरक शीर्षक** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा बजेट सीमा भित्र रहि प्राप्त निकासा खर्च गर्नुपर्ने र नियम ३५ मा मा खर्चको आदेश दिदा रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न वाँकि छ भने मात्र दिनु पर्दछ भन्ने उल्लेख छ । चालु तर्फ खर्च संकेत नंम्वर २२२१२ वाट खर्च लेख्नु पर्नेमा २२३२१ वाट रु ८९ हजार शीर्षक फरक पारी खर्च गरेको रकम अनियमित देखिन्छ ।

**१६. कर** : चालु शिर्षक तर्फ विभिन्न ६ कर्मचारीको पारिश्रमिक आयकर रु ९ हजार गणना गरी कट्टा तथा राजश्व दाखिला भएको नदेखिएकोले लाग्ने कर रकम असुल गरी संञ्चितकोष दाखिला गर्नु पर्दछ ।

१७. **सोझै खरिद** : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८५ मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी रु.३ लाख भन्दा बढी रकमको मालसामान एउटै आपूर्तिकर्ताबाट खरीद गर्न नसकिने व्यवस्था छ । कार्यालयले रु ८ लाख ४५ हजारको खरीद कार्य एउटै फर्मसंग सीमा नाघी खरीद गरिएको पाईयो । खरीद प्रक्रियालाई बिधि सम्मत ढंगमा व्यबस्थापन गर्नु पर्दछ ।

## जिल्ला विकास समिति

**१. बैक मौज्दात** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको कार्यालयले आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले आर्थिक वर्षको अन्त्यमा स्रेस्ता अनुसार रु ३ करोड १९ लाख ३६ हजार बैंक मौज्दात रहेकोमा बैंक विवरण अनुसार रु १० करोड ७९लाख ६१ हजार देखिएकोले रु ७ करोड ६०लाख २५ हजार बढी देखाएको छ । बैंक हिसाव विवरण तयार गरी हिसाव मिलान गर्नु पर्दछ ।

२. **खाता वन्द** : आर्थिक कार्यविधि नियमावी २०६४ को नियम ३३ वमोजिम आर्थिक वर्ष भित्र खर्च नभई वांकी रहेको रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा ७ दिन अगावै फिर्ता गर्नु पर्दछ । नियमको प्रावधान विपरित निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा अन्य कार्यक्रममा समेत विभिन्न २२ चेकहरु श्रावण महिनामा काटी दलित कार्यक्रमको ९६ हजार ,स्थानीय यातायात पूर्वाधारको ८ लाख ७३ हजार तथा निर्वाचन क्षेत्र विकास कार्यक्रमको रु२५ लाख ८३ हजार गरी जम्मा रु ३५ लाख ५२ हजार आर्थिक वर्ष समाप्त भए पछि चेक काटेको देखिएकाले नियम विपरित

देखिन्छ । रकम फ्रिज हुने खाता वन्द गर्नु पर्नेमा नगरी श्रावण सम्म चेक काटी खर्च लेखेको नियम सम्मत देखिएन ।

३. **कार्यक्रम विपरित खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४५ मा एक बजेट शीर्षकमा स्वीकृत भएको रकम अर्को बजेट शीर्षकमा खर्च गर्न वा एक कार्यक्रमबाट अर्को कार्यक्रममा सापटी लिई खर्च गर्न वा गराउन नपाइने व्यवस्था छ । स्थानीय स्तरका सडक तथा पूल सामुदायिक पहुंच कार्यक्रमको वजेटवाट अन्य ३ उपशिर्षकहरुका योजनाका लागि रु २७ लाख १४ हजार खर्च गरेको देखियो । यसरी स्वीकृत वजेट कार्यक्रम विपरित गरेको खर्च नियमित देखिएन ।

४. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । यस कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा नापी किताव नियन्त्रण खाता नराखेको, भ्रमण अभिलेख नराखेको, जिन्सी सामानको मूल्य खुलाई नराखेको, जिन्सी निरीक्षण प्रतिवेदन माथि कारबाही नगरेको, कन्टिन्जेन्सी खर्च नापी कितावमा नचढाएको, मर्मत अभिलेख नराखेको, समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको, आन्तरिक लेखापरीक्षण मासिक रुपमा नगरी वार्षिक रुपमा गरेको, उपभोक्ता समितिको श्रेस्ता अनुगमन नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गराउने तर्फ कार्यालय समयमा नै सचेत भई उचित व्यवस्थापन गर्नु पर्दछ ।

५. **बेरुजू लगत र सम्परीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(ज) मा गाउं विकास समितिको बेरुजू लगत समय समयमा निरीक्षण गरी नियमावली अनुसार फछ्र्यौट भएको बेरुजूको सम्परीक्षण गरी दिने र असुलउपर गर्न बांकी बेरुजू सम्बन्धमा असुल उपर गर्न लगाउने उल्लेख छ । कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाले गाउं विकास समितिहरुको २०७१।७२ सम्मको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुगमन गरी सम्परीक्षण गरेको छैन ।

६. **जटिल कार्य** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५(झ) मा बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने बाहेकको काममा सामान्यतः उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन सकिने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, सडक कालोपत्रे तथा आर.सी.सी.ढलान जस्ता जटिल प्राविधिक पक्ष समावेश भएका काम उपभोक्ता समिति मार्फत गराई रु ९१४८७९०।० भुक्तानी गरेको पाइयो । उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा कार्यको गुणस्तर, स्पेसिफिकेशन, त्रुटी सच्याउने तथा अन्य दायित्वहरु सम्झौतामा उल्लेख गर्ने गरेको छैन । यसबाट निर्माण कार्य र निर्माण सामग्रीको गुणस्तर परीक्षण नहुने तथा निर्माण सम्पन्न पश्चात् त्रुटी सच्याउने अवधि नतोकिने भई निर्मित संरचनाको दिगोपनामा प्रभाव पर्न जाने देखिन्छ । श्रमप्रधान प्रविधिको प्रयोग हुने योजनाहरुमात्र उपभोक्ता समिति मार्फत निर्माण गर्नुपर्दछ ।

७. **बजेट बांडफांड** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३(ज)मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बांडफांड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । कार्यालयले परिषद्बाट २०७२।७३ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बांडफांड नगरी विभिन्न ९ कार्यक्रममा एकमुष्ठ रुपमा रु ३७ लाख ७८ हजार बजेट व्यवस्था गरेको छ । परिषद्बाट योजनागत बजेट तयार नगरी पछि बजेट बांडफांड गर्दा मागमा आधारित योजनामा खर्च नभई स्वविवेकीय आधारमा योजना छनौट हुने हुँदा परिषद्बाट नियममा तोकिए वमोजिम आयोजनागत बजेट बांडफांड गर्नुपर्दछ ।

८. **कम लागतका आयोजना** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ११(२) मा जिल्ला विकास समितिको कार्यालयले आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकास अर्न्तत विनियोजन भएको पूंजीगत अनुदानबाट रु ५ लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था छ । कार्यालयले यो वर्ष पूँजीगत शीर्षकबाट रु ५ लाखभन्दा कम लागतका विभिन्न ९ आयोजना छनौट तथा सञ्चालन गराई २१ लाख ८६ हजार खर्च गरेको पाइयो । कार्यविधि अनुसार योजना छनौट तथा कार्यान्वयन गर्नुको साथै कार्यविधिको पालना नगर्नेलाई जिम्मेवार बनाइनुपर्दछ ।

९. **खानी उत्खनन्** : ढुङ्गा, गिट्टी, बालुवा, भरौटे उत्खनन् र विक्री गर्ने प्रयोजनका लागि सुनसरी जिल्ला सर्दु खोलावाट २३३०० घन मिटर,सेउति खोलावाट ५०५१२घन मिटर बुढी खोलावाट६७३२०घन मिटर र पटनाली खोलावाट २४०२९घन मिटर प्रारम्भिक वातावरणीय परीक्षणबाट उत्खनन गर्न मिल्ने परिमाण उत्खनन् र विक्री गर्न पाउने गरी ०७२/०७३ मा रु १ करोड ७१ लाख ७८ हजार ठेक रकम बुझाउने गरी एक सप्लायर्ससँग ठेक्का सम्झौता भएकोमा निजबाट रु १ करोड ५४ लाख ६० हजार ठेक रकम दाखिला भएको छ। यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

९.१ उपर्युक्तानुसार प्रारम्भिक वातावरणीय परीक्षण आधारमा उत्खनन् गर्ने परिमाण निकालिएता पनि ती नदिहरुको दायां वांयां किनारामा कुन कुन स्थानवाट के कति परिमाणमा ढुङ्गा गिटी , वालुवा निकाल्न मिल्ने हो सो को क्वेरी साईट सहितको नक्सा तयार नगरेको र उत्खनन् भएको वास्तविक परिमाण एकिन हुन सक्ने गरी नाप जांच गर्ने र अनियन्त्रित उत्खनन् हुन नसक्ने गरी नियन्त्रणको प्रवन्ध समेत गरेको पाईएन । ठेक्का लगाईएका नदि नालावाट अनियन्त्रित रुपमा प्राकृतिक स्रोत साधन माथि दोहन हुन सक्ने र जिल्ला विकास समिति लाई प्राप्त हुनु पर्ने आन्तरीक आम्दानी नोक्सानी हुन सक्ने देखिएको छ । अतः यसमा सजग रहि निश्चित क्षेत्र तोकी नक्साङ्कन गर्ने र प्राकृतिक स्रोतको अनियन्त्रित दोहन हुन नसक्ने गरी नियन्त्रणात्मक प्रवन्ध गरेर मात्र ठेक्का लगाउनु पर्ने देखिन्छ ।

९.२ ठेकेदारसँग २०७२।९।१६ मा सम्झौता भएकोमा निजले २०७२।६।१ देखिनै संकलन कार्य गरेको देखिन्छ। ठेकेदारले सम्झौता बमोजिम अग्रिम रुपमा किस्ता बुझाएमा छुट पाउनेमा २०७२।१२।१२ सम्म ६ किस्तामा बुझाएको देखियो । संकलन कार्य गर्न ०७२।०६।०१बाट कार्यादेश दिने तर सम्भौता ७६ दिन पछि गर्ने गराउने कार्यले जिल्ला विकास समितिलाइ प्रत्यक्ष नोक्सान परेको र ठेकेदारलाइ प्रत्यक्ष लाभ पुग्ने कार्य गरेको देखियो । अत : ठेकेदारलाइ दिएको १० प्रतिशत छुट वापत हुने रु १७ लाख १८ हजार र सो को १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु २ लाख २३ हजार समेत रु १९ लाख ४१ हजार असुल हुनुपर्दछ ।

१०. **आय ठेक्का** : आर्थिक वर्ष २०७२।७३ मा पशु चौपाया र पशुजन्य हाड, सिङ्ग, छाला, प्वाख आदि सङ्कलनका निमित्त न्यूनतम बोल अङ्क रु २४ लाख कायम गरी बोलपत्र आव्हान गरेको ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

१०.१ बोलपत्र आव्हान गर्दा पर्न आएका ४ बोलपत्र मध्ये बढी कबुल रु ३६ लाख ६७ हजार गर्ने निहा इन्टर प्राइजेजले ठेक्का सम्झौता गर्न नआउने लिखित जानकारी दिएकोले निजको जमानत रु २ लाख जफत गर्ने निर्णय मिति०७२।०४।११ मा भएतापनि जफत भएको पाइएन । अतः उक्त रकम जफत गरी आम्दानी बाध्नु पर्ने देखिन्छ ।

१०.२ दोस्रो बढि कबुल रु ३१ लाख गर्ने निसान्त ट्रेडर्सको बोलपत्र जमानत अर्के फर्म जयश्री पाथिभराको नामको बैक भौचर राखि पेश गरेको कारण तेस्रो बढी कबुल गर्ने इशा निर्माण सेवाको रु २७ लाख ६६ हजारमा ठेका स्वीकृत भएको पाइयो । आर्थिक बर्ष ०७२।०।७३ मा ईशा निर्माण सेवाले

रु ७ लाख ५० हजारमात्र बुझाएको पाइएकोले बाकी रु २० लाख १६ हजार असुल हुनुपर्ने देखिन्छ ।

११. **मूल्य अभिवृद्धिकर** : मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा ५,८(१) र दफा १५ अनुसार आय ठेक्कामा ठेक रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धिकर असूल गरी राजस्व दाखिला गर्नुपर्नेमा असूल गरेको नपाइएकोले विभिन्न ५ फर्मको ३९ लाख ८४ हजार मूल्य अभिवृद्धि कर असूल गरी नेपाल सरकारको सम्बन्धित राजस्व शीर्षकमा दाखिला हुनपर्ने देखिन्छ ।

१२. **मालपोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५ (ग) वमोजिम गा.वि.स. र न.पा.ले आम्दानी गरेको मालपोत रकमको २५ प्रतिशत रकम जि.वि.स.मा पठाउने व्यवस्था रहेको छ । २०७२।७३ गाविसले मालपोत बापत उठाएको रकमबाट जिल्ला विकास समितिले रु १६ लाख ५६ हजार आम्दानी गरेको छ । कार्यालयले गाउँ विकास समितिहरुले पठाएको रकमलाई नै आधिकारीक मान्ने अवस्था रहेकोले आन्तरीक लेखापरीक्षण हुँदा नै गा.वि.स.को आम्दानी यकिन गर्ने र यथार्थ राजस्व रकम असुल गर्नेतर्फ क्रियाशिल हुनुपर्ने देखिन्छ ।

१३. **सिमा नघाई खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत बजेटको परिधिभित्र रही ऐन वमोजिम कर,शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको पच्चीस लाख रुपैया सम्म आम्दानी हुने जिल्ला विकास समितिले अधिक्तम साठी प्रतिशत, पच्चीस लाख देखि पचास लाख रुपैया सम्म आम्दानी हुनेले अधिक्तम चालीस प्रतिशत, पचास लाखदेखि एक करोड रुपैयासम्म आम्दानी हुनेले तीस प्रतिशत र एक करोड रुपैया भन्दा वढी आम्दानी हुने जिल्ला विकास समितिले पच्चीस प्रतिशत भन्दा बढि रकम प्रशासनिक कामको लागि खर्च गर्न नपाइने व्यवस्था छ । कार्यालयले यो वर्ष आन्तरिक आयबाट तोकिएको सीमाभन्दा रु१करोड ३५ लाख ७३ हजार बढी खर्च गरेकोले नियमको पालना गरेको देखिएन । यस सम्वन्धमा सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाइनु पर्दछ ।

१४. **कर्मचारी कल्याण कोष-** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ५४ मा जिल्ला विकास समितिले आफ्नो आन्तरिक आयबाट कर्मचारी कल्याण कोष लगायतका विभिन्न कोषमा रकम जम्मा गर्न सक्ने व्यवस्था छ । यो वर्ष जि.वि.स. अनुदानबाट रु.१० लाख कर्मचारी कल्याण कोषमा जम्मा गरेको नियम सम्मत देखिएन ।

१५. **योजना हस्तान्तरण** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २९ (२) मा आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामुदायिक संस्था वा गैर सरकारी संस्थालाई अनुसूची १६ बमोजिम हस्तान्तरण गरी दीगो संचालन हुने व्यबस्था मिलाउनु पर्ने प्रावधान रहेको छ । कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष संचालित ३५२ योजनामध्ये ३३३. योजनाको कार्यसम्पन्न प्रतिवेदन प्राप्त भई सम्पन्न भएतापनि ३३० आयोजना हस्तान्तरण गरी वाँकी ३ योजनाहरु हस्तान्तरण गरेको देखिएन ।

१६. **वितरणमुखी कार्यक्रम** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १०(७) मा लक्षित कार्यक्रम र १२(२) मा प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत लाभग्राही समूहको मागको आधारमा पुँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनामा मात्र रकम विनियोजन एवं खर्च गर्न सकिने र कुनै पनि प्रकारका वितरणमुखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीजस्ता कार्यक्रममा खर्च गर्न नपाइने प्रावधान छ । कार्यालयले जिविस अनुदान तथा जिविस कोषअन्तर्गत वाख्रा वितरण, वंगुर वितरण, हेण्ड पम्प वितरण, खेलकुद सामाग्री वितरण, शैक्षिक सामाग्री वितरण, कर्कट पाता वितरण जस्ता विभिन्न

कार्यक्रममा समेत खर्च गरेको छ । कर्मचारीले पेश्की लिई कार्यक्रम सञ्चालन गर्ने, कार्यालयले सोझै खरीद गरी वितरण गर्ने तथा कार्यविधिले निर्दिष्ट गरेभन्दा बाहिर गई कार्यक्रम सञ्चालन गरेको देखियो । कार्यविधिको अनुशरण गरी तद्अनुरुप कार्यक्रम संञ्चालन हुनुपर्दछ ।

१७. **अनुगमन** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१० (१) जिल्ला विकास समितिले योजना वा कार्यक्रम तर्जूमा गर्दा अनुमान गरिएका श्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको यकिन गर्न तथा आयोजनाको कार्यान्वयनमा देखिने समस्या समाधानको लागि आवश्यक निर्देशन दिन सांसदको अध्यक्षतामा एक सुपरिवेक्षण तथा अनुगमन समितिको गठन हुने तथा सो समितिले कार्य तालिका र लक्ष्य अनुसार कार्य नभएकोमा सम्बन्धित पक्षलाई सचेत गराउन सक्ने व्यवस्था छ । साथै स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुँदा नं. ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षण सम्बन्धीत थप व्यवस्था समेत गरेको छ । यस वर्ष सञ्चालिन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरेको र सो को प्रतिवेदन पेश गरेको पाईएन ।

१८. **बढी खर्च**: स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९को न. १४ मा जिल्ला विकास समितिले आफनो स्रोतबाट सञ्चालित वा अन्य निकायको कार्यक्रमलाई पूंजीगत लगानीको रकमबाट क., ख, र ग वर्गका जिल्लामा क्रमश ५, ४ र ३ प्रतिशत रकम छुट्याई पूँजीगत खर्चको अनुपातमा खर्च नसकिने व्यवस्था छ । ग वर्गमा रहेको यस कार्यालयले विभिन्न ४ बजेट शीर्षकहरुमा नियमले तोकेभन्दा रु ८३ हजार बढी खर्च लेखेकोले नियमसंगत देखिएन ।

१९. **अधुरा योजना** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा जिल्ला विकास समितिको कार्यालयले योजना छनौट गर्दा लागत, समय, स्रोत र त्यसबाट प्राप्त हुने प्रतिफल समेतको पूर्व अनुमान गरेर योजना छनौट गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न लागत अनुमान रु ७ करोड ५४ लाख ९५ हजार भएको गत विगत वर्ष देखि सञ्चालित ३ वटा योजनामा यो वर्ष समेत रु २ करोड २७ लाख ५४ हजार खर्च गरेकोमा ती योजनाहरु सम्पन्न भएका छैनन् ।

२०. **एकिकृत कूल पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) मा विभिन्न कामको लागि लिएको पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौंट गर्नु गराउनु पर्ने व्यवस्था छ । जिल्ला विकास समिति अन्तर्गत केन्द्र तथा कोषतर्फको गत वर्षको जिम्मेवारी रु १ करोड २९ लाख ८३ हजार, यस वर्ष थप रु ५० लाख ५३ हजार समेत जम्मा रु १ करोड ९१ लाख १३ हजार पेश्कीको नियमानुसार असुल फर्छ्यौट हुनु पर्दछ ।

२१. **चौमासिक खर्च** : बार्षिक खर्च रु ५१ करोड ५५ लाख ४६ हजार मध्ये तेस्रो चौमासिकमा रु ४० करोड ९५ लाख ५१ हजार खर्च भएको छ भने आषाढ महिनामा मात्र रु १८ करोड ३६ लाख २० हजार खर्च भएको देखियो । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमश: ७९.४४ र ३५.६१ प्रतिशत रहेको छ । ढिलो खर्च गर्न अख्तियारी प्राप्त भएको,अधिकांश योजनाहरुको योजना फरफारक आषाढ महिनामा हुने भएकोले तेस्रो चौमासिक मा बढी खर्च भएको कार्यालयले जनाएको छ ।

२२. **सामाजिक सुरक्षा पेश्की** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ अनुसार प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भर्पाई भुक्तानी गरेको ७ दिनभित्र पेश्की फछ्र्यौटको लागि जिल्ला विकास समितिको कार्यालयमा पठाउनुपर्ने र कार्यालयले दोस्रो र तेस्रो किस्ता रकम निकासा दिदा अघिल्लो किस्तामा निकासा भई भुक्तानी गर्न बाकी रहेको रकम कटाएर निकासा दिनुपर्ने तेस्रो किस्ता पेश्की लिएको रकम आषाढ २१ भित्र फछ्र्यौटको लागि पठाउनु पर्ने र आषाढको २६ भित्र पेश्की फछ्र्यौट गर्नुपर्न व्यवस्था छ । यो वर्ष कार्यालयले सामाजिक सुरक्षा कार्यक्रममा गरेको खर्चमध्ये ४२ गाउँ विकास समिति तथा नगरपालिका को रु.२३ करोड ८२

लाख ७७ हजार पेश्की फछ्र्यौट गरेका छैन । तोकिएको समयमा फाँटवारी पेश गरी पेश्की फछ्र्यौट फछ्र्यौट गर्नुपर्दछ ।

२३. **गाउं विकास समिति अनुदान** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७ मा गाउँ विकास समितिमा अनुदान गएको रकममध्ये भुक्तानी गर्नुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्ने र बचत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष २०७१।७२ को अन्तिम लेखापरीक्षण भएका गाउँ विकास समितिहरु मध्ये १० वटा गाउँ विकास समितिको वित्तीय विवरण छनौटको आधारमा परीक्षण गर्दा ती गाउं विकास समितिहरुले अनुदान प्राप्त गरेको निकासा मध्ये पुँजीगत तथा चालु अनुदान रु ९ लाख ४७ हजार मौज्दात राखेको देखिएको छ । अतः अन्य गाउं विकास समितिमा गएको अनुदानबाट खर्च भई बांकी रकम यकिन गरी सञ्चित कोष दाखिला गर्नुपर्ने देखिन्छ ।

२४. **बिल भर्पाई बेगर खर्च** : कार्यरत स्थानिय विकास अधिकारी जि.वि.स सुनसरीबाट सरुवा भई भौतिक पुर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय सिहंदरवार बहाल हुदा दै.भ्र.भ बापत बुझ्केको रकम रु २९ हजार मध्ये रु ६ हजार को विल भरपाई पेश नभएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

२५. **मर्मत** : गाडी मर्मत गरी एक अटो रिपेरिङ सेन्टरलाई मर्मत वापत रु ३ लाख ५० हजार भुक्तानी भएको छ । सो गाडी मर्मतको आदेश स्वीकृत नभएको र म.ले.प.फा. नं. २ समेत तयार नगरेको खर्च रकम सम्वन्धमा आश्वस्त हुने आधार नभएकोले अनियमित देखिन्छ ।

२६. **रकम फिर्ता** : यु.एन.एफ.पि.ए.कार्यक्रम तर्फको रकम नेपाल स्थित यू.एन्.डि.पि प्रतिनिधीलाई फिर्ता नभएकोमा रकम फिर्ताको बैङक डाफ्ट्र पेस नभएकोले सो पेश गरी नियमित गराउनु पर्दछ ।

२७. **बढी खर्च** : संकल्प सि.पि आर नेपालले अपाङ्ता समन्वय समितिका पदाधिकारीहरुको नेतृत्व विकास तालिम सञ्चालन गर्न दिएको रकममा विल भरपाई भन्दा रु ३४६० बढि खर्च लेखिएको रकम असुल उपर गर्नु पर्दछ ।

२८. **अनियमित खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ वमोजिम स्वीकृत कार्यक्रम वमोजिम रकम खर्च गर्नु पर्ने व्यवस्था भए पनि विधुतिकरण तथा मर्मत सम्भारमा विद्युत रोयल्टी वापतको रकम रु. ७ लाख खर्च लेख्नुपर्नेमा जिविसको कार्यलय मर्मत गरेको नियम सम्मत देखिएन ।

२९. **कन्टीन्जेन्सी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ वमोजिम विल भरपाई वमोजिममा रकम खर्च गर्नु पर्दछ । कन्टेन्जेन्सी बापत रु १८ हजार खर्च लेखेकोमा सोलाई पुष्टाइ गर्ने विल भरपाई नभएकोले खर्च गर्न मिल्ने आधार देखिएन ।

३०. **पूल निर्माण** : सेउतिखोलामा आर.सि.सि. मोटरेवल पुल निर्माण कार्यको लागत अनुमान रु ६ करोड ७७ लाख ५ हजार रहेकोमा बोलपत्रको माध्यमबाट रु ४करोड २१ लाख ६४ हजारको लागतमा २८ फेब्रुअरी २०१८ मा निर्माण सम्पन्न गर्ने गरी २८ फेब्रुअरी २०१६ मा एक निर्माण व्यवसायीसंग पुल निर्माण ठेक्का सम्भौता भएकोमा ०७२।०७३ मा प्रथम र दोस्रो रनिङ्ग विलको रु १ करोड ५९ लाख ४५हजार भुक्तानी भएको छ ।यस सम्बन्धमा निम्नानुसार देखिएकोछ :

३०.१ ठेक्का सम्भौताको विल अफ क्वान्टिटीमा वीमा बापत लमसम रुपमा रु ६ लाख भुत्तानी दिनेगरी सम्भौता भए बमोजिम पुरै रकम भुक्तानी भएको पाइयो । ठेक्का सम्भौताको शर्त बमोजिमका जोखिम व्यहोर्ने गरी वीमा गरेको वीमा पोलिसी र प्रिमियम बुझाएको रसिद समेत पेश भएको नपाइएकोले जोखिम बहन गर्नेगरी वीमा गरेको आधार प्रमाण वेगर भुक्तानी भएको देखिएकोले नियम सम्मत देखिएन ।

३०.२ ठेक्का सम्झौताको विल अफ क्वान्टिटी आइटम नम्बर वि.५ मा एवुटमेन्ट दायाँ वाया प्याड र स्टिम तथा बाया दायाँ पियर प्याड स्टिम र सेन्टर पियर प्याड स्टिममा समेत रिफोर्समेन्टको कार्य ४६.३० मेट्रिक टन हुनेगरी ठेक्का सम्झौता भए बमोजिम दोस्रो रनिङ्ग विल सम्म ४५.३० मेट्रिक टनको ठेक रकम प्रति मेट्रिक टन रु ९० हजारका दरले हुने रु ४१लाख ८हजारमा मू.अ.कर समेत थप गरी रु ४६ लाख ४२ हजार निर्माण व्यवसायीलाइ भुक्तानी भएको पाइयो। ठेक्का सम्झैता अनुसार निर्माण सामाग्रीको गुणस्तर परिक्षण गर्नुपर्नेमा सडक डिभिजन विराटनगरको इटहरी स्थित ल्यावरेटरीमा २०७२/१२/२७ मा २०,१६,१२ र १० मि.मि व्यासका छडको मात्र ल्याव परिक्षण गरेको पाइयो । निर्माण कार्यमा प्रयोग भएको छड मध्ये १८.१६९ मेट्रिक टन २५ मि.मि डायमिटर(व्यासको) प्रयोग भएको देखाई सो को भुक्तानी समेत भएकोमा उक्त डायमिटरको छडको नमुना पनि नलिएको र परीक्षण समेत भए गरेको पाइएन । यसैगरी परीक्षण भएका छडको पनि टेन्साइल स्ट्रेन्थ परीक्षण भएको नपाइएकोले निर्माण कार्यमा प्रयोग भएको रिइन्फार्समेन्ट तोकिएको गुणस्तर अनुरुप भए नभएको एकिन गर्ने आधार भएन ।

३१. **पूर्व निर्धारित क्षतिपुर्ति** : सेरा खोला पुल निर्माण कार्य २०७२ भाद्र २१ भित्र सम्पन्न गर्नुपर्नेमा मिति २०७३ आषाढ २४ गते मात्र सम्पन्न गरेको पाइयो। निर्माण व्यवसायीले मिति २०७२।०६।१७ मा म्याद समाप्त भएको २७ दिन पछि छ महिना म्यादथप माग गरेकोमा सो निवेदनउपर कारवाही गरि म्याद थप भएको पाइएन । ठेक्काको म्याद थप नभएको अवस्थामा ठेक्का सम्झौताको दफा ४७.१ मा व्यवस्था भए बमोजिम प्रतिदिन ०.०५ प्रतिशतले हुने ढिला समयावधिको पूर्व निर्धारित क्षतिपुर्ति असूल गरेर मात्र ठेक्का फरफराक गर्नुपर्नेमा ३०५ दिन ढिला गरी निर्माण कार्य सम्पन्न गरेको अवस्थामा ठेक्का सम्झौताको शर्त अनुसार बढिमा १० प्रतिशत सम्म क्षतिपूर्ति लिन सकिने प्रावधान वमोजिम कुल ठेक्का रकम रु. ८० लाख १२ हजारको अधिकतम १० प्रतिशतले हुने रु ८ लाख १ हजार असुल हनुपर्दछ ।

३२. **जमानत म्याद** : ठेक्का सम्झौताको जनरल कन्डिसन अफ कन्ट्रयाक्ट को दफा ३४.१ मा निर्माण सम्पन्न भएको ३६५ दिन सम्म त्रुटि सच्याउनुपर्ने अवधि रहने उल्लेख छ । निर्माण व्यवसायीले ठेक्का सम्झौता गर्दा राखेको सानिमा बैङ्कको रु ४ लाख ८१ हजारको परफरमेन्स बन्डको म्याद सेप्टेम्बर २१, २०१६ मा समाप्त भएको पाइयो । निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता अनुसार त्रुटी सच्याउने अवधि अझै बाँकी रहेको पाइयो । ठेक्का फरफारक गर्दा परफरमेन्स वण्डको समय अवधि सम्झौताको शर्त अनुसार हुनेगरी संसोधन गराएर वा वण्ड बराबरको रकम बैङ्कबाट प्राप्त गरेर मात्र फरफारक गर्नुपर्नेमा नगरी त्रुटि सच्याउनु पर्दाको अवस्थामा निर्माण व्यवसायी बाट त्रुटि सच्याउने प्रत्याभुति नहुने अवस्था देखियो ।

३३. **एजविल्ट ड्रइङ्ग** : ठेक्का सम्झौताको विशेष शर्तको दफा ५६.१ मा निर्माण सम्पन्न भएको अवस्थामा निर्माण सम्पन्न भएको मितिले ३० दिन भित्र एजविल्ट ड्रइङ्ग निर्माण व्यवसायीले पेश गर्नुपर्नेमा निर्माण सम्पन्न भएको ७ महिना व्यथित हुदाँ सम्म पनि पेश गरेको पाइएन । अतः ठेक्का सम्झौताको विशेष शर्त ५६.२ अनुसार ड्रइङ पेश नगरेको आस्थामा रु २ लाख भुक्तानी रोक्का राख्नुपर्नेमा रोक्का राखेको नपाइएको र निर्माण व्यवसायीबाट एज विल्ट ड्रइङ्ग समेत पेश भएको नपाइएकोले रु २ लाख असुल गरी एजविल्ट नक्सा समेत तयार गर्नुपर्दछ ।

३४. **बीमा** : तालतलैया इटहरी मार्गमा आर.सि.सि मोटरेवल पुल निर्माण कार्यको एक निर्माण व्यवसायी संग सम्झौता भएकोमा प्रथम रनिङ्ग विलबाट वीमा बापत रु १ लाख ३७ हजार भुक्तानी भएको पाइयो । ठेक्का सम्झौताको शर्त बमोजिम वीमा गरेको वीमा पोलिसी र वीमा प्रिमियमा बुझाएको रसिदको अभावमा ठेक्काका शर्त अनुसार वीमा गरेको र सो अनुसार क्षतिपुर्ति प्राप्त हुन सक्ने अवस्थाको प्रत्याभुति समेत हुने आधार नभएकोले नियमित देखिएन ।

३५. **अग्रिम पेश्की** : निर्माण व्यवसायीलाई कृषि विकास बैङ्क इनरुवा शाखाको एपिएस ००२३/०५३३/३८ नम्बरको रु ३२ लाखको अग्रिम पेश्की जमानी लिई रु ३१लाख मिति २०७३।३।९मा पेश्की दिएको पाइयो । उक्त अग्रिम जमानीको मान्य अवधि २०७३।६।२८ सम्म मात्र रहेकोमा मान्य अवधि थप भएको समेत पाइएन । लेखापरीक्षण अवधि सम्म पनि ठेकेदारबाट रु २ लाख ७६हजार मात्र मोविलाइजेशन पेश्की कट्टा भएको र अझै रु २८ लाख २४ हजारपेश्की बाकी नै रहेको पाइयो । पेश्की बांकीका सम्बन्धमा आन्तरिक लेखापरीक्षणबाट कुनै व्यहोरा उल्लेख नभएको, पेश्की लिदा राखेको बैङ्क जमानीपत्रको म्याद समाप्त भएको अवस्थामा पेश्की रकम जोखिममा पर्ने अवस्था देखिएकोले पेश्की रकम खाम्नेगरी बैङ्क जमानी पत्र लिई नियमानुसार पेश्की रकम असूल फछ्यौट हुनुपर्दछ ।

३६. **टुक्रे लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले दशलाख रुपैया भन्दा बढी लागत अनुमान भएको माल सामान वा विस लाख रुपैया भन्दा बढि लागत अनुमान भएको निार्माण कार्य गराउँदा वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था भएकोमा तीन पुलका लागि आवश्यक फेव्रिकेटेड स्टिल पार्टसहरुको छुट्टाछुट्टै लागत अनुमान तयार गरी शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद  गरेको पाइयो । लागत अनुमान तीनवटा टुक्रा गरिएतापनि रु १० लाखको सिमा भित्र समेत खरिद कार्य सिमित नरहनुका साथै एउटै फर्मसंग सम्झौता गरी खरिद कार्य गरेको पाइयो । नियमले गरेको व्यवस्था बमोजिम एउटै प्याकेज बनाइ बोलपत्रको माध्यमबाट खरिद गर्न सकिने अवस्था रहेकोले नियमको पुर्ण रुपमा पालना गरी खरिद कार्य गर्नु गराउनु पर्दछ ।

३७. **उपभोक्ता समितिको कार्य** : सुनसरी जिल्लाको वर्छुवा स्टिल व्रिज जनता स्टिल ट्रस व्रिज र हिरोघाट स्टिलट्रस व्रिज निर्माणका लागि फेव्रिकेटेड स्टिल पार्टस आपूर्ति गर्न छुट्टाछुट्टै सिलबन्दी दरभाउपत्र आव्हान गरेकोमा तीनवटैको दरभाउपत्र एकै प्रा.लिको स्वीकृत भई खरिद गरी भुक्तानी समेत गरेको र पुल निर्माण सम्बन्धी अन्य कार्य स्थानिय उपभोक्ता समितिबाट गराउने गरी उपभोक्ता समितिसंग समेत सम्झौता भएकोमा उपभोक्ता समतिबाट लेखापरीक्षण अवधि सम्मपनि निर्माण कार्य सम्पन्न भएको पाइएन । उपभोक्ता समतिबाट निर्माण कार्य सम्पन्न नभई फेव्रिकेटेड स्टिलपार्टस प्रयोग/उपयोग हुन सक्ने अवस्था नभएको र ती फेव्रिकेर्टड सामानहरु जतन तथा उपयोग गर्ने कार्य नहुदा लक्षित उद्देश्यमा प्रयोग नहुने, आपुर्तिकर्तालाइ जडानगर्ने कार्यबाट उन्मुक्ति हुने र आपूर्ति गर्न गरिएको ठेक्का सम्झौताको शर्त अनुसार वारेन्टी अवधि पनि सप्लाइ भएको सामान उपयोग नहुदै समाप्त हुने अवस्था देखिएकोले यथासिघ्र उपभोक्ताको जिम्माको काम सम्पन्न गराई फेव्रिकेटेड सामान जडान गरी पुल निर्माण सम्पन्न गर्नुपर्ने र निर्माण सम्पन्न पश्चात ठेक्का सम्भौताको शर्त बमोजिम वारेन्टी पिरियड एक बर्ष कायमा रहने गरी बढाउनु पर्ने देखियो ।

३८. **कार्य सम्पादन जमानत** : फेव्रिकेटेड स्टिल पार्टसको आपुर्तिकर्ता मैनावति स्टिल प्रा.ली ले राखेको (तीनवटाको) कार्य सम्पादन जनमानीको म्याद वारेन्टी पिरियड खाम्नेगरी नहुनाको साथै निमार्ण सम्पन्न नहुँदा वारेन्टी पिरियडनै शुरु नभएकोले सो अवधि खाम्ने गरी कार्य सम्पादन जमानत लिइनुपर्ने देखिन्छ ।

३९. **स्टिल पार्टस् खरिद** : ठुलोमोहर झोलुङगेपुल निर्माण कार्यका लागि  फेव्रिकेटेड स्टिल पार्टस खरिद कार्य शिलवन्दी दरभाउपत्रको माध्यमबाट रु १९ लाख ५४हजारमा आपूर्तिकर्ता कृष्ण ग्रिल उद्योगबाट खरिद गरी भुक्तानी गरेको पाइयो । झोलुङ्गेपुल निर्माणमा प्रयोग हुने फेव्रिकेटेड सामन खरिदको लागत अनुमान रु १९ लाख ३० हजार भएकोमा सार्वजनिक खरिद नियमावली ०६४ को नियम ३१ बमोजिम बोलपत्रको माध्यमबाट गरिनु पर्नेमा शिलबन्दी दरभाउपत्रबाट गरेको पाइयो । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन :

३९.१ फेब्रिकेटेड सामान सप्लाई लिई आपुर्तिकतालाई पूरै रकम भुक्तानी भएको छ । खरिद भएका सामानहरु उपभोक्ता समिति मार्फत सम्पन्न हुनुपर्ने कार्य हाल सम्म सम्पन्न नभई बाँकी नै रहेको अवस्थामा फेब्रिकेटेड सामानहरु उपभोक्तालाई बुझाएको भनी भुक्तानी गरेको देखियो । आपूर्तकसँग भएको सम्झौतामा वारेन्टी अवधि एक बर्ष हुने प्रावधान रहेको तर समान पुल निर्माणमा प्रयोग नहुदै वारेन्टी अवधि समाप्त हुने अवस्था देखिएको छ । अतः उपभोक्ता बाट गर्नुपर्ने कार्य सम्पन्न गरी फेब्रिकेटेड सामानहरु आपुर्तकबाटै जडान गर्न लगाइ बारेन्टी अवधि समेत थप गर्नुपर्ने देखिएकोछ ।

३९.२ फेब्रिकेटेड सामान आपूर्तक कृष्ण ग्रिल उद्योगले ठेक्का सम्झौता अनुसार रु ३ लाख ७९ हजार पेश्की लगेकोमा सो रकम विलबाट कट्टागर्नु पर्नेमा रु ३ लाख ४५हजार मात्र कट्टा गरेको पाइएकोले छुट रु ३४ हजार असुल हुनुपर्दछ ।

३९.३ पुल निर्माण कार्यक्रमबाट ०७२।०७३ मा दिएको पेश्की मध्ये निम्नानुसार पेश्की सोहि बर्ष फछ्यौट नभई बाकी देखिएको २ योजनाको रु ६ लाख ८४ हजार आन्तरिक लेखापरीक्षणबाट समेत पेश्की बांकी औल्याएको नपाइएकोले नियमानुसार असूल फछ्यौट हुनुपर्दछ ।

४०. **बढी भुक्तानी** : पकली चतरा बाटो मर्मत उपभोक्ता समितिलाई दोस्रो रनिङ्ग विल सम्म रु १८ लाख ५५ हजार २९८ को कार्य भएकोमा पहिलो रनिङ्ग विलको भुक्तानी रु ३ लाख ७५हजार तथा उपभोक्ताबाट व्यहोर्नुपर्ने रु ३ लाख ७१ हजार २९८ समेत जम्मा रु ७ लाख ४६ हजार २९८ कट्टागरी रु ११ लाख ९ हजार मात्र भुक्तानी गर्नुपर्नेमा रु. ११ लाख ८४ हजार भुक्तानी भई बढी भुक्तानी गरेको रु. ७५ हजार, यसै गरी रामधुनी भासी सडक उपभोक्ता समितिलाई सडक मर्मत बापतको अन्तिम विलको रकम भुक्तानी गर्दा रु १५ हजार बढी भुक्तानी भएको रकम समेत असुल हुनु पर्दछ ।

४१. **बढी भुक्तानी** : रासि साहेवगञ्ज सडक ग्रावेल कार्य गर्न चेनेज नम्बर ७+६९० देखि ८+६०५ सम्म ९१५ मिटर ३.७५ मिटर चौडा सरकमा १५ सेन्टीमिटर मोटाइको ग्राभेल कार्य गर्न ०७२।०७२२ मा गरेको लागत अनुमान अनुसार ५१४.६९ घनमिटर ग्राभेलको कार्य गर्नुपर्नेगरी लागत अनुमान रु ९ लाख ६१हजार कायमगरी सोही अनुरुप कार्यक्रम समेत स्वीकृत भएको थियो । मिति २०७२।१२।२९मा उपभोक्ता समितिसँग सम्झौता गर्दा सडकबोर्ड तर्फबाट रु १० लाख र उपभोक्ता समितिबाट रु २ लाख ४७ हजार व्यहोर्नेगरी अर्को लागत अनुमान तयार गरी सम्झौता समेत गरी दोस्रो रनिङ्ग विल सम्म सडक बोर्डबाट व्यहोर्ने मध्ये रु ८ लाख ७३ हजार उपभोक्ता समितिलाइ भुक्तानी गरिएको छ । शुरु लागत अनुमानमा चेनेज नम्बर ७+६९० देखि ८+६०५ सम्म उल्लेख गर्दा ३.७५ मिटर चौडा सडकमा १५ सेन्टिमिटर बाक्लो ग्राभेलिङ्ग गर्न ५१४.६९ घनमिटर कार्य परिमाण आएकोमा पछिल्लो पटक गरेको लागत अनुमानमा चेनेज नम्बर ७+६९० देखि ८+५८५ सम्म मर्मत गर्नुपर्ने देखाई ३.७५ मिटर चौडा सडकमा १५ से.मि ग्राभेल गर्न ६५२.५० घनमिटर देखाई सोहि अनुसार सम्पन्न भएको देखाई दोस्रो विल सम्म ६५२.५० मिटर नै कार्य सम्पन्न भएको देखाई रु २ लाख ३५हजार उपभोक्ता समितिबाट व्यहोरेको रु ९ लाख २४ हजार उपभोक्ता समितिलाई भुक्तानी भएको छ। चेनेज नम्बर ७+६९० देखि ८+६०५ को सट्टा चेनेज नम्बर ७+६९० देखि ८+५८५ सम्म ग्राभेलिङ गर्ने गरी लागत अनुमान तयार गरेकोमा सो चेनेजमा ८९५ मिटर सडक लम्बाइ ३.७५ मिटर चौडाईमा १५ से.मि बाक्लो ग्राभेल गर्न ५०३.४४ घनमिटर ग्राभेलको कार्य गर्नुपर्ने देखिन्छ । तर उपभोक्ता समितिलाइ ६५२.५० घनमिटर ग्राभेलिङ्ग गरेको देखाई बास्तविक कार्य परिमाण भन्दा १४९.०६ घनमिटर बढीको प्रति घनमिटर ग्राभेल लेयिङ्ग र रोलिङ्ग समेतको रु २ लाख ७२ हजार बढी भुक्तानी भएको देखिएकोले असूल हुनुपर्दछ ।

४२. **प्रोभिजनल सम** : ठेक्का सम्भौता गर्दा विल अफ क्वान्टिटीमा प्रोभिजनल सम आइटममा राखेको रकम कार्यालयको निर्देशन अनुसार खर्च गरी सोको विल भरपाई बमोजिम मात्र भुक्तानी गर्नुपर्नेमा विष्णु पादुका आहाले महाभारत सडक निर्माणको लागि एक निर्माण सेवासँग रु ९ लाख ४४हजारमा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०७३/०३/१५ मा कार्य सम्पन्न गरी ९ लाख ६५हजार भुक्तानी गर्दा प्रोभिजनल सम आइटमको विल भरपाई पेश नगरी रु २८ हजार भुक्तानी भएको देखिन्छ । यसरी सम्झौता विपरित विल भरपाई विना भुक्तानी भएको रकम असुल उपर गर्नुपर्ने देखिन्छ ।

४३. **छुट केरमेट** : ठेक्का नं १९-०७२/०७३ विष्णुपादुका आहाले महाभारत सडक निर्माणका लागि रु ९ लाख ६५ हजार लागत अनुपात स्वीकृत गरी २०७३/०२/१४ मा सम्भौता भएको देखिन्छ । न्यून कबोलकर्ता एक निर्माण सेवाले पेश गरेको दरभाउपत्रमा छुट प्रतिशत केरमट भएको तथा सोको मुचुल्कामा समेत उक्त कुरा उल्लेख भएको देखिदैन । उक्त सम्झौता भई मिति २०७३/०३/१६मा कार्य सम्पन्न गरी रु ९ लाख ६५हजार भुक्तानी भएको छ । उक्त निर्माण कार्यको दरभाउपत्रको विलअफ क्वान्टिटीमा २ प्रतिशत मात्र छुट उल्लेख भएकोमा सो व्यहोरा केरमेट भएकोले खर्च रकम एकिन गर्न सकिएन ।

४४. **विडवण्ड** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम खरिद कार्यका लागि बोलपत्र वा दरभाउपत्रद्धारा न्यून मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही दरभाउपत्र पेशगर्ने निर्माण व्यवसायी खरीद सम्झौत ागर्न नआएमा निजको बोलपत्र/दरभाउपत्र जमानत जफत गरी त्सपछिको न्यून मूल्याङ्कित बोलपत्र/दरभाउपत्र पेशगर्ने सँग खरिद सम्झौता गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट २०७३/०१/१४मा सुचना प्रकासित भएका विभिन्न ६ निर्माण व्यवसायी संग १ लाख ४८ हजार ठेक्काहरुमा न्यूनमूल्याङ्कित निर्माण व्यवसायीसँग सम्झौता गर्न नआएकोमा विड वण्ड जफत गरेको पाइएन ।

४५. **भेरियसन:** ठेक्का नं. २३/०७२/७३ स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५० बमोजिम १५ प्रतिशत सम्मको भेरियसन आदेश जिल्ला विकास समितिले गर्नुपर्ने तथा सो भन्दा बढि भएमा नयाँ लागत अनुमान तयार गरी छुट्टै खरिद प्रक्रियाद्धारा गर्नुपर्ने व्यवस्था छ। तर नियमको प्रावधान विपरित मिलापपुर बसन्तटार धरान सडक निर्माण कार्यमा ३५.०९ प्रतिशत बढी रु १ लाख २६ हजारको कार्य भएको देखाई मिति २०७३।२।१ मा कार्य सम्पन्न गरी भेरियसन नगरी रु ४ लाख ८५ हजार भुक्तानी भएको छ । यस्तै देवगञ्ज वराहडाछि लेघुवा खोला सडकको ९.९३ प्रतिशत बढी कार्य भएको देखाई भेरिएसन स्वीकृत बेगर रु ४ लाख ८८हजार भुक्तानी भएको छ । बढि कार्य गरेको सम्बन्धमा भेरियसन आदेश स्वीकृत नभएको अवस्थामा सम्झौता भन्दा बढी काम भएको सम्बन्धमा आस्वस्त हुन सकिएन ।

४६. **वढी लागत** : सार्वजनिक खरिद ऐन, २०६३ को नियम ४०(५) बमोजिम लागत अनुमान भित्र परेको न्यून मूल्याङ्कित दरभाउपत्र स्वीकृत गर्नुपर्ने व्यवस्था छ । न्युन मूल्याङ्कित दरभाउ पत्र छनौट नगरी ऐनको प्रावधान विपति तरहरा सडक कालोपत्र गर्ने कार्यका लागि बोलपत्र आव्हान हुदा २७.०२ प्रतिशत घटी कबोल्ने के. एन निर्माण सेवासँग सम्झौता नगरी कुनै कारण नखुलाई दोस्रो न्यून रु १ लाख ३१ हजार बढि कबुलगर्ने सदिक्षा निर्माण सेवासँग रु ३ लाख ८५ हजारमा सम्झौता गरी कार्य भएको छ । त्यस्तै खनारचोक-जमुना चोक कालोपत्रे गर्ने कार्यका लागि २२.७९ प्रतिशत न्यून अर्थात रु ७ लाख४७ हजार कबोल्ने एकनिर्माण सेवा संग सम्झौता नगरी रु ९ लाख ४६ हजार कवोल्ने एक निर्माण सेवा संग सम्भौता गरी कार्य भएको छ।त्यस्तै मधेसा जादवेला मधेली सडक निर्माण कार्यको तेस्रो कम कबोल्ने एक निर्माण सेवासँग रु ५ लाख २६ हजारमा सम्झौता गरी कार्य भएको छ । पहिलो रु ३ लाख ७२ हजार कबोल्ने निर्माण सेवा तथा दोस्रो कम रु ४ लाख ९७ हजार कबोल्ने एक निर्माण सेवासंग सम्झौता नगरेको र कम

कबोल्नेलाई सम्झौता गर्न नबोलाएको तथा कम कबोलकर्ताको बिडवण्ड समेत जफत नगरी खरिद ऐनको प्रावधान विपरित सम्झौता गर्दा बढी लागत पर्न गएको देखिन्छ ।

४७. **पेश्की फछ्र्यौट** : कार्यक्रम संचालनका लागि गाउँ बिकास समितिको कार्यालयमार्फत प्रदान गरिएको पेश्की रकम फछ्र्यौट गर्दा पेश्की फछ्र्यौट गरेको मितिभन्दा पछाडिका बिल भरपाई समेत संलग्न रहेको पाईयो । विभिन्न गा.बि.स.को मिति २०७३।३।२४ मा पेश्की फछ्र्यौट गरिएकोमा उक्त मिति भन्दा पछाडिका विभिन्न ६ टोली ले रु २ लाख ३१ हजार बिल भरपाई समेत संलग्न रहेको पाईएकाले खर्चको बिल, भरपाई तथा खर्च प्रमाणित गर्ने कागजातहरु समेत प्राप्त नभएको अवस्थामा पेश्की फछ्र्योट गरेको देखियो ।

४८. **खर्च नभै बाँकी रकम** : कार्यविधिको दफा १७.५ (ण) मा कार्यसम्पन्न भएको सात दिनभित्र समापन कार्यक्रम र सार्वजनिक परीक्षण गरेको प्रतिलिपि संलग्न गरी अन्तिम भुक्तानी (२० प्रतिशत ) रकम दिनुपर्ने व्यवस्था छ। लेखापरीक्षण योजना बमोजिम छनौट गरि परीक्षण गरिएका ३ गा.बि.स.का विभिन्न टोलीहरुको पेश्की फछ्र्योटसाथ संलग्न खर्च भएका बिल भरपाइ परीक्षण गर्दा निकासा रकम खर्च नभई बाँकी रकम गा.वि.स.को खातामा बाँकी रहेको पाईयो । जिल्ला बिकास समितिले यस कार्यक्रममा खर्च नभै बाँकी रहेको विभिन्न २४ टोलीको ९ लाख ३ हजार रकम सम्बन्धमा यथार्थ छानबिन गरी बाँकी रहेको रकम संचित कोष दाखिला गर्नु पर्ने देखिन्छ ।

४८ **सोझै खरिद :** कार्यविधिको दफा ३६(५) मा लक्ष्य टोलीले बस्तु तथा सेवा खरिद गर्दा खरिद गरिने बस्तु तथा सेवाहरुको गुणस्तर प्रचलित मापदण्ड अनुसार हुनुपर्ने, कुनै पनि खरिद गर्नुपूर्व बजार भाउ सर्वेक्षण गर्नुपर्ने, सोझै खरिद वा मौजुदा सुचीबाट खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ बमोजिमको प्रक्रिया तथा खरिद विधि अपनाइने उल्लेख छ। परीक्षण गरिएका मध्ये कुनै पनि टोलीले खरिद गर्नु पूर्व प्रतिष्पर्धा गराएका छैनन् । यसरी मितव्ययिता नहुने गरी विभिन्न १३ टोलीले रु १५ लाख ४९ हजार को खरीद कार्य सोझै खरिद गराएको नियम सम्मत देखिएन ।

४८.१ परीक्षण गरिएका कतिपय लक्ष्य टोलीहरुको फाईल परीक्षण गर्दा कार्यक्रम संचालनार्थ खरिद गरिएको सामानहरुको बिल संलग्न गरिएको भएता पनि ति सामानहरु सम्बन्धित लाभग्राहीलाई बितरण गरिएको छैन । रामनगर भुटाहा १(ख) लक्ष्य टोलीले एक सप्लायर्सबाट स्कुल ब्याग ६० थान, ड्रेस सेट ६० थान, कापी कलम ६० थान खरिद बापत १ लाख ३१ हजार को बिल संलग्न गरेता पनि खरिद गरिएका सामान सम्बन्धित लाभग्राहीलाई बितरण गरेको भरपाई संलग्न गरेको छैन । त्यस्तै भोक्राहा ६(ख) ले सोही सप्लायर्सबाट हरलिक्स ६० थान, लिटो ६० थान खरिद बापत रु ६६हजार र अवही तरकारी तथा फलफुल उत्पादक सहकारी संस्था लि.बाट काक्रो,मूला,बोडी,करेला, भिन्डी विक, मिटर बोडी,सेग्रो खरिद बापत ६१ हजार र एक फुट सेन्टरबाट अनार ६० किलो, स्याउ ६० किलो, आँप १२० किलोको ३० हजार गरी १लाख ५७ हजारको बिल संलग्न गरेकोमा उक्त सामानहरु कुन कुन लाभग्राहीलाई कति परिमाणमा बितरण गरियो भन्ने भरपाई संलग्न नगरेकाले खरिद गरेका सामाग्रीहरु सम्बन्धित लाभग्राहीले पाए नपाएको सम्बन्धमा आश्वस्त हुन सकिएन ।

कार्यविधिको दफा २५ मा सेवाग्राहीहरु सहित स्थानीय तहका साझेदारहरु बीच १०० दिने कार्यक्रमको समाप्ति पश्तात सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो बमोजिम सार्वजनिक परीक्षण कार्यक्रम संचालन गरेको पाईएन ।

४८.२ सार्वजनिक खरीद नियमावली, २०६४ को नियम नियम ८४ मा ३ लाख देखि १० लाखसम्मको खरीद गर्दा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरीद गर्नुपर्ने र नियम ३१ मा १० लाख भन्दा माथिको खरीद गर्दा बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले नियमको प्रावधान विपरित

२ आपुर्तकवाट १४ पटक सामान खरिद गरेको देखियो। कार्यालयले नियममा व्यवस्था भए अनुसार प्रतिस्पर्धात्मक तरीकाबाट सामान खरीद गर्नुपर्दछ।

४९. **जिन्सी व्यवस्थापन** : कार्यालयका लागि आवश्यक एक बर्ष भन्दा बढि खप्ने जिन्सी मालसामान खरिद पश्चात कार्यालयमा दाखिला गरि स्वीकृत म.ले.प.फा.नं. ४७ मा अभिलेख व्यवश्थित गर्नु पर्नेमा विभिन्नरु. ५ लाख ४३ हजारको ७ प्रकारका खप्ने सामानको जिन्सी खाता दाखिला गरी सोको अभिलेख राखेको छैन।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली:** कार्यालयको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरिएको भएपनि आन्तरीक नियन्त्रण प्रणालीमा जोखिम क्षेत्रको पहिचान तथा अनुगमन तथा मुल्याङ्कनको भरपर्दो व्यवस्था नहुँदा नियन्त्रण जोखिम उच्च रहन सक्दछ। साथै तालुक कार्यालयबाट समेत कार्यालयको सुपरिवेक्षण तथा अनुगमन गरी निर्देशन गरेको पाइएन। कार्यालयको कामको प्रकृति अनुसारको जोखिम पहिचान गरी आन्तरीक नियन्त्रण प्रणाली तयार गरी लागु गर्न तथा सोको सुपरिबेक्षण तथा अनुगमन गर्न सम्बन्धित निकाय तथा तालुक कार्यालयले पहल गर्नु पर्ने देखिन्छ ।

२. **न्युन प्रगति** : पेश भएको प्रगति विवरण अनुसार संञ्चालन हुनुपर्ने कार्यक्रम मध्ये विभिन्न ७ क्रियाकलापमा रु ८१ लाख ४६ हजार वजेटको कामै हुन सकेको देखिएन। लक्ष्य अनुसार कायंक्रम सन्चालन गर्न सजग हुनुपर्ने देखियो।

३. **औषधिको म्याद** : औषधी खरिद गर्दा अधिक मौज्दात नरहने गरी तथा म्याद समाप्त भई खेर नजाने गरी गर्नु पर्नेमा कार्यालयवाट औषधी खरिदमा ध्यान नपुऱ्याउदा औषधीहरु म्याद समाप्त भई खेर गएको देखियो। परीक्षण गरिएका १९ प्रकारका ४१ हजार ५५० ट्यावलेट्स म्याद गुज्रेको देखियो। कार्यालयले औषधी वितरण व्यवस्थापनमा यथोचित ध्यान नपु:याएको कारणले औषधीको आयु एवं म्याद सकिई नोक्सानी भएको छ। औषधिको आवश्यकता पहिचान गरी सोवमोजिम खरीदकार्य गर्नु पर्दछ।

४. **वर्षको अन्तमा पेश्की** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७७(३) वमोजिम विशेष परिस्थिति परि नदिइ नहुने भएमा एक तह माथीको पदाधिकारीवाट निर्णय गराई पेश्की दिनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष नियम विपरित वजेट फ्रिज हुन नदिने उद्देश्यले विभिन्न ९ व्याक्ति तथा फर्मलाई रु ४२ लाख १ हजार पेश्की दिएको देखियो।सोही वर्ष सम्पन्न गरी सक्नु पर्ने कार्यक्रमका लागि विनियोजित वजेट सोही वर्ष खर्च तथा फछ्र्यौट हुन नसक्ने अवस्थामा नियम विपरित खर्च हुंदा आर्थिक अनुसासनको पक्ष कमजोर देखिएको छ। तसर्थ नियम विपरित दिएको पेश्की रकम नियमानुसार असुल फर्छ्यौट गर्नु पर्दछ।

५. **लागत अनुमान** : माल सामानको लागत अनुमान तयार गर्दा सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११ वमोजिम मालसामानको स्पेसिफिकेसनको अधिनमा रहि लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था रहेको छ। स्वास्थ्य सम्वन्धि औजार उपकरण तथा औषधिको लागत अनुमान तयार गर्दा केहि व्यवसायी वाट मात्र चालु वर्षको दर लिई लागत अनुमान तयार गरेका पाईयो। लागत अनुमान भरपर्दो स्रोतमा आधारित भई नगर्नाले खरीद कार्य प्रतिस्पर्धी हुन नसक्ने अवस्था रहन्छ। यसको उदाहरणमा औषधि खरीदको लागत अनुमान ४१ लाख २३ हजार स्वीकृत भएकोमा वोलपत्र गर्दा रु २३ लाख ७४ हजारमा न्युनतम वोलपत्र परि स्वीकृत समेत भएको छ। अतः लागत अनुमान तयार गर्दा नियमले तोकेको प्रकृया पुरा गरी तयार गर्नु पर्दछ।

६. **भेरिएसन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) (ग) वमोजिम मालसामान खरिद तथा अन्य सेवा खरीदको हकमा सम्झौता मूल्यको १५ प्रतिशत सम्म मात्र प्राविधिक पुस्ट्याई सहित कार्यालय प्रमुखले भेरियसन जारी गरी खरीद गर्न सक्ने व्यवस्था रहेको छ। तर

विभिन्न २ खरीद कार्यमा १७९.९३ प्रतिशत सम्म भेरियसन नगरी रु २१ लाख ९७ हजारको खरीद कार्य गरेको देखिएका र नियमावलीको नियम ११८(२) वमोजिम स्वीकृत लिएको नपाईएकाले अनियमित देखिएको छ ।

७. **संचालन अनुदान** : कार्यक्रम संचालन निर्देशिका २०७२ (पुर्नजागरण) अनुसार नगर स्वास्थ्य केन्द्र संचालनका लागि सरकारवाट ४० प्रतिशत तथा उपमहानगरपालिकावाट ६० प्रतिशत खर्च गर्नु पर्ने तथा उक्त खर्च स्वास्थ्यकर्मीको परामर्श सेवा, औषधी तथा उपकरणमा खर्च गर्न सकिने व्यवस्था छ । यस वर्ष नगर स्वास्थ्य अनुदान अर्न्तगत विभिन्न ८ संस्थाका लागि २६ लाख ६० हजार निकासा भएको देखिन्छ । उक्त रकम निर्देशिका वमोजिम सम्बन्धित प्रयोजनमा खर्च भए नभएको सम्बन्धमा अनुगमन तथा प्रतिवेदन भएको देखिएन ।

८. **भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) वमोजिम रकम खर्च गर्दा फांटवारी सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । विभिन्न १५ स्वास्थ्य सस्थाका ३१४ महिला स्वास्थ्य स्यंसेविकाहरुलाई पोषाक खर्चका लागि सम्वन्धित स्वास्थ्य संथालाई रु १८ लाख ८४ हजार उपलब्ध गराएकोमा वितरण गरेको भरपाई पेश भएको देखिएन । त्यस्तै भिटामिन ए कार्यक्रम का लागि कार्यक्रम संञ्चालन निर्देशिका वमोजिम महिला स्वास्थ्य स्यंसेविकाहरुका लागि भत्ता वितरण गर्न रु ८ लाख १५ हजार विभिन्न स्वास्थ्य संस्थाहरुाई उपलब्ध गराएकोमा महिला स्वास्थ्य स्यंसेविकाहरुकाहरुलाई वितरण गरेको भरपाई संलग्न गरेको पाईएन । रकम खर्च गर्दा फांटवारी सहितको लेखा राख्नु पर्दछ ।

९. **दर्ता शुल्क** : पुर्वजागरण कार्यक्रम संञ्चालन निर्देशिका वमोजिम दर्ता शुल्क अनुदान दिदा गत वर्षको विरामी संख्या लगायतका विभिन्न अधारमा वांडफांड गरी अनुदान दिनु पर्ने तथा तोकिएको विभिन्न प्रयोजनमा खर्च गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले स्वास्थ्य संस्थाहरुलाई रु १० हजार देखि ६५ हजार सम्म गरी २ पटकमा २३ लाख ३१ हजार अनुदान दिएकोमा वाडफांडको आधार पेश भएन साथै अनुदान रकमको उपयोग सम्वन्धमा अनुगमन प्रतिवेदन समेत पेश नभएकोले खर्च रकम एकिन गर्न सकिएन ।

१०. **फरक खर्च** : रकम खर्च गर्दा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(१) वमोजिम स्वीकृत कार्यक्रम तथा सोको सञ्चालन निर्देशिका वमोजिम गनुपर्दछ । परिवार स्वास्थ्य कार्यक्रम अर्न्तगत सुरक्षित मातृत्वका लागि प्रसुति सेवा प्रदान गर्न करारका सेवामा १६ अ.न.मि. नियुक्तिका लागि रु.३० लाख ७२ हजार विनियोजन गरेकोमा सो वजेटवाट अ.न.मी. छनौटका लागि लागेको खर्च भनी चिया खाजा तथा भत्ता लगायतमा रु २ लाख २ हजार खर्च लेखेको पाईयो । यसरी सुरक्षित मातृत्व अर्न्तगत विनियोजित रकम कार्यक्रम विपरित खर्च गरेको अनियमित देखिएको छ ।

११. **नर्म्स** : हात्तिपाईले रोग निवारण कार्यक्रम सञ्चालन निर्देशिका, २०७३ वमोजिम कार्यक्रम वमोजिम कम्प्यूनिटी माईकिङ्गका लागि वजेट व्यवस्था भएकोमा ४९ सस्था तथा ३ नगरपालिकामा रु १ लाख ५८ हजार खर्च गरेको छ । प्रचार प्रसार गरेको बिस्तृत विवरण नराखि विल मात्रको,आधारमा रकम खर्च गरेको पाईयो । यसरी खर्च गरेको रकम निर्देशिकाले तोकेको कार्यमा उपयोग भएको सम्वन्धमा एकिन हुंने प्रमाण गर्नु पर्दछ । त्यस्तै वाल स्वास्थ्य महाशाखाको स्वीकृत जे.ई क्याम्पेनिग २०१६ को कार्यक्रममा जिल्लाको स्वीकृत नर्म्स भन्दा ११५ कार्य दिनको यातायात खर्च रु ६९हजार वढी खर्च लेखेको देखिन्छ । स्वास्थ्य स्यंसेविका अभिमुखिकरण गोष्ठीमा ४४ हजार नर्म्स भन्दा वढी खर्च लेखेको देखिन्छ । यसरी नर्म्स भन्दा वढी खर्च लेखेको अनियमित देखिन्छ ।

१२. **शीर्षक फरक** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५ वमोजिम स्वीकृत वजेट वाट मात्र खर्च गर्न सकिने व्यवस्था भए पनि चालु शीर्षकवाट रु २३ लाख ६६ हजार रकम शीर्षक फरक पारि खर्च गरेको देखियो । यस्तो खर्च गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

१३. **वढी भुक्तानी** : पोषण कोअर्डिनेटरले सुनसरी जिल्लाका स्वास्थ्य चौकीहरुमा वालभिटाको सुपरभिजन गर्ने कार्यका लागि मोटर साईकल मासिक भाडामा लिई वर्ष भरको भाडा तथा ईन्धन वापत रु १०४९००।० भुक्तानी गरेकोमा पुन जिल्ला भित्र ट्याक्सी खर्च वापत रु ५३४००।० समेत दावी गरी वुझेकोले दोहोरो यातायात भाडा लिएको रकम असुल गर्नु पर्दछ ।

१४. **कर** : आय कर ऐन, २०५८ वमोजिम पारिश्रमिक कर गणना गरी लाग्ने कर रकम मासिकरुपमा रु ८८ हजार कट्टा गरी राजश्व दाखिला गर्नु पर्नेमा विभिन्न व्याक्तिहरुको लाग्ने कर कट्टा गरी दाखिला गरेको नदेखिएकाले असुल गरी सञ्चितकोष दाखिला गर्नु पर्दछ ।

## तेश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना

१. **आन्तरिक नियन्त्रण :** आयोजना क्षेत्रभित्र कार्यक्रमको विस्तृत सर्भेक्षण र डिजाइन नभएको, पदको कार्य विवरण बनाई लागु नगरेको, अनुगमन सयन्त्र तयार गरी अनुगमन नगरेको, तालुक कार्यालयले मातहत कार्यालयको अनुगमन गर्नु पर्नेमा नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

२. **बर्षान्तको खर्च** : कार्यालयले तेस्रो चौमासिकमा ७५ प्रतिशत तथा असार महिनामा मात्र ३४प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा कामको अनुगमन कार्यमा कठिनाई भई सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर पर्ने स्थिति रहन्छ । तसर्थ समानुपातिक किसिमले कार्यक्रम बमोजिम खर्च गरिनु पर्दछ ।

३. **लक्ष्य/प्रगति** : कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्नु पर्दछ । कार्यालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन अनुसार ५ ठेक्का मध्ये २ ठेक्काको २५ प्रतिशत मात्र कार्य भएको, ३ ठेक्काको ५० प्रतिशतसम्म प्रगति भई समग्रमा ६८ प्रतिशत प्रगति भए वाट ठेक्काको काममा न्यून प्रगति भएको देखियो ।

४. **म्याद थप** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२० (१) र (२) मा ठेक्काको म्याद थपको व्यवस्था छ । सार्वजनिक निर्माणतर्फ ५ ठेक्काको काम सञ्चालन सम्पन्न हुन नसकेको पाइयो । गत विगत आर्थिक वर्षमा ठेक्का सम्झौता भई काम सम्पन्न हुन नसकेका ३ वटा ठेक्काको म्याद थप भएको पाइएन । तसर्थ म्याद थप हुन वांकी ठेक्काको नियम १२०(२) वमोजिम म्याद थप वा नियम १२८(२)(घ) वमोजिम गरी कार्यसम्पन्न गराउनु पर्ने देखिन्छ ।

५. **मुल्य अभिवृद्धि रकम** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ र खरिद सम्झौताको प्रावधानले सार्वजनिक निकायले मूल्य समायोजन गर्न सक्ने व्यवस्था गरेको छ। मूल्य समायोजन गर्दा अघिल्लो महिना औषत मूल्य र राख्नु पर्ने प्रावधान भएपनि प्रगति आधार गणना गर्दा रु.१७ लाख १० हजार बढी मूल्य अभिवृद्धि रकम भुक्तानी भएको छ। बढी भुक्तानी रकम समायोजन हुनुपर्दछ ।

६. **ल्याप्स भुक्तानी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम १० को अनुसुची १ बमोजिम लागत अनुमान तयार गर्ने व्यवस्था छ। आयोजनाले ल्याप्स वापत रु ५ लाख ४७ हजार भुक्तानी गरेको छ। तसर्थ उक्त ल्याप्स भुक्तानी नियमीत नदेखीएकोले यकिन गरी समायोजन हुनु पर्दछ ।

७. **सवारी साधन** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ बमोजिम जिन्सी समाग्री प्राप्त भएको ७ दिन भित्र जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २ ठेक्काबाट प्राप्त

भएको सवारी साधन वापत रु.२० लाख ७३ हजार भुक्तानी दिएकोमा उक्त सवारी साधन आम्दानी वाधेको र सरकारी नाममा नामसारी भएको छैन ।

८. **वोलपत्र स्वीकृती** : सार्वजनिक खरीद ऐन २०६३ को दफा (१) ख बमोजिम वोलपत्रको वोल अङ्क लागत अनुमान भन्दा सारभुत रुपमा बढी भएमा वोलपत्र खरीद गर्ने नसक्ने व्यवस्था छ । तर कार्यालयले ठेक्का नं. १ चारआली झापाको लागत अनुमान रु १९करोड ७४ लाख ९५ हजार भएकोमा वोल अङ्क २० करोड २१ लाख भएको एक निर्माण व्यवसायीको वोलपत्र स्विकृती गरेको छ । ऐन विपरित रु ४६ लाख ५ हजार वढी रकमको वोलपत्र स्विकृती भएको अनियमित देखीएको छ ।

९. **प्रमाण बेगर खर्च** : सम्झौता प्रावधान बमोजिम एक परामर्शदातालाई लमसम रकको १०% रकम पूर्वान्चल क्षेत्रको खानेपानी डिजाइन, सुपरीभिजन र व्यवस्थापनका लागि तालिम सन्चालन, गुणस्तर पद्धती निर्धारण, उपभोक्ता समितिको वित्तीय व्यवस्थापन प्रणाली स्थापना आदि सम्पन्न गरे पछी भुक्तानी हुनुपर्नेमा सो प्रमाण वेगर इन्सपेक्सन प्रतिवदेन संलग्न गरी रु ४१ लाख ५८ हजार भुक्तानी भएको नियमित देखिएन ।

१०. **पेश्की** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७६ वमोजिम पेश्की फछ्यौंट गर्ने व्यवस्था छ । आयोजनाले ४ निर्माण व्यवसायीलाई रु.९ करोड ८३ लाख ७६ हजार पेस्की दिएकोमा फछ्र्यौट गरेको छैन । नियमानुसार पेस्की फछ्र्यौट गर्नुपर्दछ ।

११. **बीमा** : सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा व्यबस्था भएकोमा बाहेक दशलाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यबसायीले त्रुटी सच्याउने अबधि भन्दा एक महिनापछि सम्मको अवधिको वीमाको म्याद थप गरेको हुनुपर्दछ । तीन निर्माण व्यवसायीले निर्माण कार्यको वीमा गर्दा वीमा म्याद थप गरेको छैन । तसर्थ विमाको म्याद थप हुनुपर्दछ ।

१२. **पेश्कीको जमानत** : मोविलाइजशन पेश्कीको वैंक जमानतको म्याद पेश्की फछ्यौंट हुने अवधि भरी हुनु पर्ने व्यवस्था छ । रामनगर मिर्चैया सिरहाको खानेपानी योजनाको एक निर्माण व्यवसायीको मोविलाइजेसन पेश्की रु ३ करोड ७९ लाख ६८ हजारको म्याद ११ डिशेम्वर २०१६ सम्म रहेको मा हाल सम्म म्याद थप भएको छैन । पेश्की जमानतको म्याद थप हुनु पर्ने देखिन्छ ।

## पूर्व क्षेत्रीय दंगा नियन्त्रण प्रहरी गण

१. **वार्षिक लक्ष्य प्रगती** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम (१) मा वार्षिक कार्यक्रम वनाउनु पर्ने र सोही नियमावलीको नियम २५ (१) मा प्रगती विवरण तयार गर्नु पर्ने व्यवस्था छ । यस वर्ष जिल्ला प्रहरी कार्यालयले पूँजिगत र कार्यालय सन्चालन कोष तर्फवाट भवन निर्माण समेतको कार्यमा खर्च गरकोमा वार्षिक कार्यक्रम एवं प्रगती विवरण तयार गरेको पाइएन । प्रगति प्रतिवेदन तयार गरिनु पर्दछ ।

२. **बोलपत्र मुल्यांकन** : सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा २ बमोजिम वोलपत्र परीक्षण गर्ने प्रावधानहरुको व्यवस्था छ । प्रहरी व्यारेक निर्माणका लागि एक निर्माण व्यवसायीले रु ३ करोढ ६१ लाख ३० हजार कबोल गरेकोमा निजको इबिडिङमा बोलपत्र दस्तुर नभएको उल्लेख गरी २०७२/०८/१५ मा मुल्याङ्कनबाट हटाएको छ । निज निर्माण व्यबशायीलाई बोलपत्र दस्तुर नबुझाएको सम्बन्धमा पत्राचार हुदा बोलपत्र दस्तुर बाणिज्य बैंकमा दाखीला भैसकेको को बैंक स्टेटमेन्टबाट देखिएकोले निजले बोलपत्र दस्तुर नबुझाएको भन्न मिल्दैन । यो अबस्थामा निजको बोलपत्र स्वीकृत नगरी रु.४ करोड ९ लाख ३ हजारको बोलपत्र स्वीकृत गरेकोले रु.५३ लाख ९३ हजार बढि व्ययभार परेकोले बढी व्ययभार पारी बोलपत्र स्वीकृत गर्नेलाई जिम्मेबार बनाउनु पर्दछ ।

३. **कर विजक** : मूल्य अभिबृद्धि कर नियमावली २०५९ को नियम बमोजिम प्रिन्टेड कर विजक नम्वर भएको मूल्य अभिबृद्धि कर विजक जारी गर्नु पर्ने व्यवस्था छ। तीन निर्माण व्यवसायीलाई २ ठेक्कामा कर विजक नं. हातले लेखेको विल पेश गरी रु. २ लाख ५७ हजार मू.अ.कर भुक्तानी भएको छ। अभिबृद्धि कर समायोजनको प्रमाण पेश हुनुपर्दछ।

४. **पेश्की** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ बमोजिम पेश्की दिने र नियम ७६ बमोजिम फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। एक निर्माण व्यवसायीलाई रु.५५ लाख ४२ हजार पेश्की दिएकोमा फछ्र्यौट भएको छैन । तसर्थ समयमानै पेश्की फछ्र्यौट हुनुपर्दछ । आगमी वीलबाट कट्टा गरिने कार्यालयको भनाई छ।

५. **बढी भुक्तानी** : एक निर्माण व्यवसायीको भुक्तानी गर्दा आइटम नं १ मा ३७०।४३ घ.मि. माटो निस्काशन भएको देखिन्छ। अर्को आइटममा माटो फिलिङ ५८९.७९ घ.मि. देखिन्छ। निस्काशन भएको माटो प्रयोग नखुलाई माटो फिलिड. भुक्तानी भएको छ । उत्पादन भएको माटो भन्दा बढि रु २१९.३५ घ.मि. मात्र भुन्तानी गर्नुपर्नेमा ५८९.७९ घ.मि. भुक्तानी गर्दा ३७०.४३ घ.मि. माटोको रु ५००।०० ले १ लाख ८५ हजार बढि भुक्तानी भएको देखिन्छ। तसर्थ बढि भुन्तानी भएको सम्बन्धमा छानविन हुनुपर्दछ।

## पुल योजना पूर्वी क्षेत्र सेक्टर नं. १

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । वार्षिक खरिद योजना तयार नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, डोर हाजिर नियन्त्रण खाता राख्ने नगरेको, वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार नगरेको जस्ता कमी कमजोरी देखिएका छन्। प्रचलित ऐन नियमको पलाना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ।

२. **बर्षान्तको खर्च** : स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार निर्धारित चौमासिकमा कार्यक्रम सञ्चालन गरिनु पर्दछ । कार्यालयले तेस्रो चौमासिकमा मात्र ९१.२४ प्रतिशत तथा असार महिनामा मात्र ७४.७६ प्रतिशत खर्च गरेको पाइयो। यसरी आर्थिक वर्षको अन्तितिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा कामको अनुगमन कार्यमा कठिनाई भई सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर पर्ने स्थिति रहन्छ। तसर्थ समानुमातिक किसिमले कार्यक्रम बमोजिम खर्च गर्नुपर्दछ।

३. **अधुरा ठेक्काहरु** : ठेक्का सम्झौतामा तोकिए बमोजिम समयमा काम सम्पन्न गरी सक्नुपर्नेमा गत विगत आर्थिक वर्षमा ठेक्का सम्झौता भएका ११ वटा ठेक्का मध्ये ३ वटा ठेक्का सम्पन्न भई ८ वटा ठेक्का अझै चालु अवस्थामा छन्। उक्त ८ पुल मध्ये २ वटा पलुको म्याद समाप्त भै सकेकोमा म्याद थप भएको पाइएन। तसर्थ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) वमोजिम म्याद थप गरी कार्यसम्पन्न गराउने तथा नियम १२८ को उपनियम २ को खण्ड (घ) बमोजिम सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउनेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

४. **म्याद थप** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२०(१) र (२) मा यो वर्ष पुल मर्मततर्फ ३ वटा ठेक्काको काम सञ्चालन भएकोमा ३ वटा ठेक्काको शत प्रतिशतभन्दा वढी अवधि म्याद थप भएको देखिन्छ। म्याद थप सम्बन्धी उक्त सबै निर्णय गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (२) बमोजिम जाँचबुझ गरेको देखिदैन। निर्माणधिन दुई पुलका ठेक्काको म्याद थप भएको पाइएन। तसर्थ म्याद थप हुन वाँकी ठेक्काको नियम १२०(२) वमोजिम म्याद थप गरी कार्य गराउनु पर्ने देखिन्छ।

५. **कण्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची १ को व्यवस्था रहेको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशतसम्म कण्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ। यो वर्ष आयोजना कार्यालयले रु. ७० लाख ३३ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो। जुन यस वर्षको कूल सार्वजनिक निर्माण खर्चको १.५६ प्रतिशत हुन आउँछ। कण्टिन्जेन्सी खर्च सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएको छ :

५.१ वर्क चार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन। कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था हुनुपर्ने देखिएको छ।

५.२ कन्टिन्जेन्सीबाट मष्टरोल मार्फत रु. ९ लाख ५० हजार ज्याला खर्च लेखेको छ। सुपरभाइजरहरु नियुक्त गरी निजहरुलाई पारिश्रमिक वापत उक्त रकम खर्च लेखेको देखिन्छ। पुलहरुमा सुपरभाइजरहरु नियुक्त गर्ने सम्बन्धमा आवश्यक मापदण्ड एवं नर्म्स तय गरेको पाइएन। के, कति लम्बाईको कुन कुन पुलको लागि कति जना सुपरभाइजर खटाउन सकिने हो, निजहरुको छनौट प्रक्रिया, योग्यता, निजहरुले सम्पादन गर्नुपर्ने कामको विवरण आदि स्पष्ट मापदण्ड तथा आधार बेगर नै काममा लगाउने गरेको र निजहरुले सम्पादन गरेको कामको सम्बन्धमा कुनै प्रतिवेदन वा कामको परिमाण देखिने अभिलेख राख्ने गरेको पाइएन।

कन्टिन्जेन्सी रकमबाट कार्यालय सामान लगायतको खर्च गर्दा सार्वजनिक खरिद ऐन, नियम बमोजिम प्रक्रिया नपुऱ्याई सोझै खरिद विधि अन्तर्गत बजारबाट खर्च लेखेको देखिएको छ। उक्त खर्चलाई समेत वार्षिक खरिद योजनामा समावेश गरी नियमको व्यवस्था अनुसार खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

६. **नापी किताब :** निर्माण कार्यको बिस्तृत र स्थायी अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब राख्नु पर्ने व्यवस्था छ। नापी किताबमा खुलाउनुपर्ने सबै व्यहोरा खुलाई कार्यालय प्रमुखबाट प्रमाणित गरी नापी नियन्त्रण खातामा अभिलेख चढाई नापी किताव प्रयोगमा ल्याएको पाइएन।

७. **मूल्य अभिवृद्धि** : सार्वजनिक खरिद नियमावलीको नियम ११९ मा मूल्य समायोजन दिने व्यवस्था छ। कार्यालय र निर्माण व्यवसायी विच भएको सम्झौतामा मूल्य समायोजन गर्दा पेश्की कट्टा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले दुई निर्माण सेवालाई मुल्य बृद्धि बापत रु.३०,७१,४१०। भुक्तानी गरेकोमा पेश्की कट्टा नगरी मूल्य समायोजन भुक्तानी गरेको छ। पेस्की कट्टी नगरी भुक्तानी गर्दा मूल्य अभिवृद्धि रकम रु.२१ लाख २२ हजार बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम समायोजन हुनु पर्दछ।

८. **कार्य सम्पन्न प्रतिवेदन :** एक निर्माण व्यवसायीलाई गंगाजली पुल निर्माणको अन्तिम बिल बापत रु.५६ लाख ४८ हजार भुक्तानी भएकोमा कार्य सम्पन्न प्रतिवेदन तयार भएको छैन। कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ।

९. **आंशिक भुक्तानी** : डिजाइन एण्ड व्यूल्ड मोडालिटी भएको निर्माण कार्यमा आशिंक भुक्तानी गर्न मिल्ने देखिदैन। सम्झौताको प्रावधानको Payment section ले समेत उक्त कुरा खुलाएको छ। आयोजनाले २ ठेक्कामा आंशिक कार्य समेत अग्रिम रकम रु.१ करोड ७६ लाख ५० हजार भुक्तानी गरेको छ। आयोजनाले काम पुरा भएको तर भुक्तानी मात्र आंशिक गरेको उल्लेख छ। तर तोकिएको प्रणाली एवं सम्झौता प्रावधान कार्यान्वयन हुनु पर्नेमा भएको नदेखिएकोले सुधार हुनुपर्दछ।

१०. **सवारी साधन** : ठेक्काको लागत अनुमान तयार गर्दा बास्तविक निर्माण कार्य लागतमा समावेश हुने र प्रशासनीक एवं अन्य सुपरभिजन कार्यकोलागि कन्टीजेन्सी रकम व्यवस्था हुने प्रावधान सार्वजनिक खरिद नियमावलीको नियम १० एवं अनुसूचि ७ ले गरेको छ । कार्यालयले सवारी साधनका लागि विभागमा २ प्रतिशत रकम पठाउने गरेको छ । आयोजनाले १ ठेक्कामा १ मोटरसाइकल रु.१ लाख ८५ हजार र इन्धन रु. १९२०००। साथै अर्को ठेक्कामा चार पाग्रे सवारी साधन ४८ महिनाका लागि रु.५० लाख ५२ हजार व्यवस्था गरी खर्च लेख्ने गरेको छ। कन्टिन्जेन्सी प्रकृतिका खर्च वोलपत्रमा समावेश गर्न उचित देखिएन ।

११. **पेश्की :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७६ मा पेश्की फछ्र्यौटको व्यवस्था छ । कार्यालयले ५ निर्माण व्यवसायीको रु.२६ करोड ३९ लाख १ हजार मोविलाइजेशन पेश्की दिएको छ। सम्झौताको प्रावधान र नियमावली बमोजिम फछ्र्यौट हुनुपर्ने देखिन्छ ।

## पूर्वाञ्चल क्याम्पस धरान

१. **सुचिकृत** : त्रिभूवन विश्वविद्यालय आर्थिक व्यवस्थापन नियमावली २०५० को परिच्छेद १२ दफा ५० अनुसार आन्तरकि राजश्व कार्यालयमा दर्ता भएका विक्रेता वा आपुर्ति कर्तावाट कम्तीमा ७ वटा सूचि लिई खरीद कार्य गर्नुपर्नेमा सुचिकृत नगरी खरीद कार्य गरेको पाईयो। नियममा भएको व्यवस्था वमोजिम खरीद कार्य गर्नु पर्दछ ।

२. **पेश्की** : त्रिभूवन विश्वविद्यालय कार्यकारी समितिको निर्णय नं. २३३ मिति २०६८।१२।९ को वैठक वाट पारित भए अनुसार १२ प्रतिशत व्याज समेत असुल गरी पेश्की फर्छ्यौट गर्नु पर्ने व्यवस्था रहेको छ। क्याम्पसको विभिन्न शीर्षकमा रु ११७०३१७।७० पेश्की वांकी देखिन्छ। उक्त पेश्की रकम नियमानुसार असूल फछ्यौंट हुनुपर्दछ।

३. **धरौटी** : धरौटी दायित्वको रकम क्रमसः कम गर्दै लैजानु पर्दछ । कार्यालयको बित्तीय विवरण अनुसार रु ४९११९६८६।० पुरानो धरौटी रहेको देखिन्छ। धरौटी समयमानै फरफारक गर्नु पर्दछ ।

४. **स्वीकृत** : तलव तथा पारिश्रमिक भुक्तानी गर्दा केन्द्रिय कार्यलयको अनुमति लिनुपर्नेमा स्वीकृत नलिई एक सहायक प्रशिक्षक लाई २०७० मार्ग, पौष,माघ, फाल्गुन, र चैत्रको पारिश्रमिक रु ४७१२४।० भुक्तानी भएको देखिन्छ। उक्त खर्च स्वीकृत गर्नुपर्ने देखिन्छ। त्यस्तै क्याम्पसका एक स्टोर किपरलाई विगत आर्थिक वर्ष देखि तलव भत्ता खर्च लेखेकामा केन्द्र वाट स्वीकृत लिएको नदेखिएकाले नियमानुसार अनुमति लिनु पर्ने देखिन्छ।

५. **दाखिला** : विभिन्न प्रयोजनमा कट्टा भएको विभिन्न रकम सम्वन्धित खातामा दाखिला हुनुपर्दछ। क्याम्पसले कट्टी गरेको संञ्चयकोष रु १६७२३०७।०, आय कर रु १९५८५९।० र अग्रिम आय कर रु १०६७।० दाखिला नभई वांकी देखिएकाले उक्त रकम अविलम्व सम्वन्धित खाता तथा राजश्व खातामा समेत दाखिला गर्नु पर्ने देखिन्छ।

६. **भौतिक परीक्षण** : त्रिभूवन विश्वविद्यालय आर्थिक व्यवस्थापन नियमावली २०५० वमोजिम निकाय प्रमुखवाट प्रत्येक आर्थिक बर्षमा सम्पतिको भौतिक परीक्षण गरी अद्यावधिक गर्नु पर्ने व्यवस्था छ। अनुसुची १ अनुसार रु १८६११६४३३।९८ को सम्पत्ति भए पनि नियम वमोजिम भौतिक परीक्षण गरी अद्यावधिक भएको पाईएन नियम वमोजिम भौतिक परक्षिण हुनुपर्दछ।

७. **खरीद** : सार्वजनिक खरीद नियमावली २०६४ को नियम ५ मा खरीद कार्यवाही गर्नु अघि खरीद गर्नु पर्ने मालसामानको माग प्राप्त गरी स्वीकृत गनु पर्ने व्यवस्था छ। क्याम्पसले माल सामान खरीद कार्य गर्दा नियममा भएको व्यवस्था वमोजिम माग प्राप्ति तथा स्वीकृत गरेको पाईएन । नियममा भएको व्यवस्था वमोजिम खरीद कार्यवाही गर्नुपर्ने देखिन्छ ।

८. **भरपाई** : त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन नियमावली २०५० वमोजिम रकम खर्च गर्दा सोलाई पुष्टि गर्ने विल तथा भरपाई संलग्न गर्नु पर्नेमा विल भरपाई विना रु २७३६०।० खर्च गरेको देखियो । बिल भरपाई बेगरको खर्च अनियमित देखिन्छ ।

**दोस्रो उच्च शिक्षा परियोजना**

९. **धरौटी** : धरौटी दायित्वको रकम क्रमसः कम गर्दै लैजानु पर्दछ ।प्राप्त विवरण अनुसार रु ७१६६५।० पुरानो धरौटी रहेको देखिन्छ । धरौटी समयमानै फरफारक गरी दायित्व घटाउनु पर्दछ ।

१०. **भौतिक परीक्षण** : त्रिभूवन विश्वविद्यालय आर्थिक व्यवस्थापन नियमावली २०५० वमोजिम निकाय प्रमुख वाट भौतिक परीक्षण गरी अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । अनुसुची १ अनुसार रु ४१३७६८५।० को सम्पत्ति भए पनि नियम वमोजिम भौतिक परीक्षण गरी अद्यावधिक भएको पाईएन । नियम वमोजिम भौतिक परक्षिण हुनु पर्दछ ।

११. **कर** : विभिन्न प्रयोजनमा कट्टा भएको विभिन्न रकम सम्वन्धित खातामा दाखिला हुनुपर्दछ । क्याम्पसले विभिन्न भुक्तानीमा कट्टा गरेको रु. ४६८४५।९१ कर दाखिला नभई वांकी देखिएकाले उक्त रकम अविलम्व सम्वन्धित राजश्व खातामा दाखिला गर्नु पर्ने देखिन्छ ।

१२. **विवरण** : त्रिभूवन विश्वविद्यालय आर्थिक व्यवस्थापन नियमावली २०५० वमोजिम रकम खर्च गर्दा सोलाई पुष्टि गर्ने विल तथा भरपाई संलग्न गर्नु पर्नेमा तालिम खर्च लेख्दा सहभागिको विवरण नराखि रु १८६७०।० खर्च गरेको देखियो तसर्थ तालिम सम्वन्धि खर्च गर्दा सो को विवरण राखि खर्च गर्नु पर्दछ ।

**पूर्ण शुल्कीय कार्यक्रम**

१३. **पेश्की** : त्रिभूवन विश्वविद्यालय कार्यकारी समितिको निर्णय नं. २३३ मिति २०६८।१२।९ को वैठक वाट पारित भए अनुसार १२ प्रतिशत व्याज समेत असुल गरी पेश्की फर्छ्यौट गर्नु पर्ने व्यवस्था रहेको छ । प्राप्त बित्तीय विवरण अनुसार विभिन्न शिर्षकमा रु ३४४१०४४८।० पेश्की वांकी देखिन्छ उक्त पेश्की नियमानुसार असूल फछ्र्योट हुनुपर्दछ ।

१४. **भौतिक परक्षिण** : त्रिभूवन विश्वविद्यालय आर्थिक व्यवस्थापन नियमावली २०५० वमोजिम निकाय प्रमुख वाट भौतिक परीक्षण गरी अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । अनुसुची १ अनुसार यो कार्यक्रममा रु २५१२७४८७।३७ को सम्पत्ति भए पनि नियम वमोजिम भौतिक परीक्षण भएको पाईएन नियम वमोजिम भौतिक परक्षिण तथा अद्यावधिक हुनु पर्दछ ।

१५. **आर्थिक सहायता** : त्रिभूवन विश्वविद्यालय केन्द्रिय कार्यालयवाट अर्थिक सहायतामा रोक लगाएकोमा सो विपरित आर्थिक सहायतामा रकम रु २५०००।० खर्च गरेको देखियो । निर्देशन विपरित आर्थिक सहायता दिने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

१६. **दाखिला** : त्रिभूवन विश्वविद्यालय आर्थिक व्यवस्थापन नियमावली २०५० वमोजिम आम्दानी रकमको तोकिएको प्रतिशत विश्व विद्यालयको खातामा पठाउनु पर्नेमा रकम रु १०४०३०९९।० पठाएको देखिएन । तोके वमोजिम हुने रकम विश्व विद्यालयको खातामा पठाउनु पर्दछ ।

१७. **वढी भुक्तानी** : भ्रमण खर्च वापतको रकम भुक्तानी दिदा सोको स्वीकृत विल वमोजिमको रकममात्र दिनु पर्दछ । एक कर्मचारीको भ्रमण भत्ता भुक्तानी दिदा पाउने भन्दा रु १९००।० वढी भुक्तानी भएकाले उक्त रकम असुल गर्नु पर्ने देखिन्छ ।

**विकास कार्यक्रम तर्फ**

१८. **पेश्की** : प्राप्त बित्तिय विवरण अनुसार विभिन्न शिर्षकमा रु ३००००।० पेश्की वांकी देखिएको रकम नियमानुसार असूल फछ्र्योट हुनुपर्दछ ।

१९. **धरौटी** : धरौटी दायित्वको रकम क्रमसः कम गर्दै लैजानु पर्दछ । प्राप्त बित्तिय विवरण अनुसार रु २५५९८८६।० पुरानो धरौटी बांकी रहेको देखिन्छ । उक्त धरौटी समयमानै फरफारक गरी दायित्व घटाउनु पर्ने देखिन्छ ।

२०. **कोष** : आर्थिक वर्ष २०७१।०७२ अन्यश्रोत वाट आम्दानी रु ३४१४४९।८१ को १० प्रतिशत रकम रु ३४१४५।० त्रि.वि. निवृतिभरण तथा उपदान कोषमा पठाउनु पर्ने देखिन्छ ।

**कन्सल्टेन्सीतर्फ**

२१. **पेश्की** बित्तिय विवरण अनुसार विभिन्न शिर्षकमा हालसम्म रु.१,८८,०३१।९४ पेश्की बाँकी रहेको पाईएकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने देखिन्छ ।

२२. **धरौटी** : आर्थिक विवरण अनुसार बाँकी देखिएको धरौटी रु ११,५९,९३३।८० को फरफारक तथा सदरस्याहा गरी धरौटी हिसाब मिलान गर्नृपर्ने देखिन्छ ।

२३. **कोष** : आ.व.०७१।०७२ त्रि.बि.निवृत्तिभरण तथा उपदान कोषमा पठाउनुपर्ने रु.१,६५,१९९।८० अबिलम्ब सो कोषमा पठाउनु पर्ने देखिन्छ ।

२४. **सम्पत्ति** : बित्तिय बिबरण अनुसार रु.८,१७,५८२।३२ को सम्पति के कस्तो अवस्थामा छ निकाय प्रमुखबाट समिति गठन गरी प्रत्येक बर्ष भौतिक परीक्षण गरी सो को अद्यावधिक लगत राख्नुपर्नेमा सो बमोजिम भए गरेको पाईएन ।

**२५.** **भौतिक परीक्षण** : त्रि.बि.आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धी नियम,२०५० को परिच्छेद १० को दफा ८२ मा लगत खडा गरी राखिएका जिन्सी सामानहरु के कस्तो अवस्थामा छन्, सम्बन्धित संगठन वा निकाय प्रमुखले बर्षमा कम्तिमा एक पटक स्वयं वा अन्य कर्मचारी वा प्रतिनिधिद्धारा निरीक्षण गर्नु पर्नेमा सो अनुरुप जिन्सी निरीक्षण गरेको पाइएन ।

## रानी विराटनगर इटहरी धरान सडक योजना

१. **आयोजना स्वीकृति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार विकास आयोजनाको तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक, वातावरणीय तथा प्रशासकिय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी आयोजना स्वीकृत भएको हुनुपर्ने उल्लेख छ। आयोजनाबाट प्राप्त हुने प्रतिफल, आयोजनाको आर्थिक विश्लेषण एवं आयोजना संचालन योजना प्रस्ताव लगायतका विवरण आयोजनाबाट प्राप्त हुन नसकेकोले सो सम्वन्धमा विष्लेषण गर्न सकिएन ।

२. **प्रगति स्थति** : आयोजनाको प्रगति विवरण बमोजिम यस वर्षको प्रगति ९९ प्रतिशत देखिएको छ ।सम्झौता अनुरुप रु. २ अर्ब ५३ करोड भित्रको कार्यको आधारमा आयोजनाको वित्तीय प्रगति २० प्रतिशत र भौतिक प्रगति २२ प्रतिशत भएको देखिन्छ । आयोजनाको हालसम्मको कुल यथार्थ खर्च रु.९६ करोड २५ लाख रहेकोमा लागत अनुमानसंग तुलना गर्दा प्रगति ९ प्रतिशत मात्र रहेको छ ।

३. **बर्षान्तको खर्च** : कार्यालयले कुल पुजिगत खर्च मध्ये तेस्रो चौमासिकमा मात्र ७५ प्रतिशत तथा असार महिनामा ३७ प्रतिशत खर्च गरेको पाइयो ।

४. **आन्तरिक नियन्त्रण** : निजामती सेवा ऐन, २०४९ को दफा ५क को व्यवस्था अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन, साथै सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा व्यवस्था भए बमोजिम अनुगमन संयन्त्र तर्जुमा गरेको पाइएन ।

५. **जिन्सी निरिक्षण** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५०(३) अनुसार जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदनको एकप्रति तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयमा पेश गरेको जिन्सी निरिक्षण प्रतिवेदनमा डिस्कभर बा.६२प

८७९६ नम्वरको रु.१ लाख ८० हजार मुल्यको मोटरसाइकल मिति २०७२/०९/३० बाट हराएको विवरण पेश गरेको छ। उक्त मोटरसाइकल खोजतलास गर्नुपर्दछ।

६. **कण्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची १ को व्यवस्था रहेको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत खर्च गर्ने व्यवस्था रहेको छ। सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कण्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ । यो वर्ष योजना कार्यालयले बिबरण अनुसार रु ९३ लाख ४५ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो। जुन सम्बन्धित योजनाहरुको यस वर्षको खुद सार्वजनिक निर्माण खर्च रु. ४४ करोड ८० लाख ७२ हजारको २.१० प्रतिशतले हुन आउछ। कण्टिन्जेन्सी खर्च सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

६.१ वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन। कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था हुनुपर्ने देखिएको छ।

६.२ महालेखा नियन्त्रक कार्यालयले २०७१ मा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाअनुसार विभिन्न खर्च संकेत नं बाट खर्च लेखाकन गर्नुपर्ने रकमहरु जस्तै दैनिक भ्रमण भत्ता, इन्धन खर्च,गाडी मोटरसाइकल मर्मत, स्टेशनरी , छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यमा खर्च गरेको रु ७२ लाख २५ हजार समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिदैन । कार्यालय सञ्चालनसंग सम्बन्धित खर्चहरुको लागि चालु खर्च मा बजेट व्यवस्था भएको देखिन्छ । त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट उपशीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन। निर्माण कार्यसंग प्रत्यक्ष सम्बन्धित नरहेको कार्यमा खर्च लेखेको नियम सम्मत देखिएन।

६.३ कन्टिन्जेन्सीबाट मष्टरोल मार्फत् रु.२१ लाख २० हजार ज्याला खर्च लेखेको छ। सुपरभाइजरहरु नियुक्त गर्ने सम्बन्धमा आवश्यक मापदण्ड एवं नर्म्स तय गरेको पाइएन । के, कति लम्बाईको कुन कुन सडकमा के कति जना सुपरभाइजर खटाउन सकिने हो, निजहरुको छनौट प्रक्रिया, योग्यता, निजहरुले सम्पादन गर्नु पर्ने कामको विवरण आदि स्पष्ट मापदण्ड तथा आधार बेगर नै काममा लगाउने गरेको र निजहरुले सम्पादन गरेको कामको सम्बन्धमा कुनै प्रतिवेदन वा कामको परिमाण देखिने अभिलेख राख्ने गरेको पाइएन। यसबाट उक्त खर्चको उपादेयतामा विश्वस्त हुने आधार रहेन।

७. **प्रोभिजनल सम् :** सार्वजनिक खरिद नियमालवी २०६४ को नियम १०(७) को अनुसूची १ बमोजिम लागत अनुमान तयार गर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था बाहेक लागत अनुमानमा प्रोभिजन सम समेत लागत अनुमान थप गरेको छ। ३ ठेक्कामा रु.१९ करोड ८१ हजार र प्रति ठेक्का ६.९४ देखि १०.५३ प्रतिशत सम्म लागत अनुमानमा प्रोभिजनलसम थप गरेको छ। प्रोभिजनल सम बाट युटिलिटि लगायत खर्च गरिने उल्लेख छ। ठूलो परिमाणमा अप्रतिस्पर्धी र अनियमित खर्च रकम सहित लागत अनुमान तयार हुने भएकोले सक्दो अनुमानित खर्च एकिन गरी प्रोभिजनल समको न्यूनिकरण गरिनुपर्ने देखिन्छ।

८. **माटो कटिङ र फिलिङ्ग** : चेनेज नं ( 0+000 to 3+000) Earth excavation for all type of soil. 4656.74 घ.मि.को कार्य भएको देखिन्छ । सोही ठाउँमा Embackment को Formation मा ७०३६.८३८ घ.मी.को रु. ३८ लाख ७० हजार खर्च भएको देखिन्छ। उपरोक्त बमोजिम excavation को माटो प्रयोग गर्ने हो भने रु.२५ लाख

६१ हजारमात्र कट्टा गरी वाकी रु.१३ लाख ९ हजार भुक्तानी गर्नु पर्ने देखिन्छ। कार्यालयको कुनै पनि परीक्षण प्रतिवेदन, प्रमाणित दस्तावेजबाट उपरोक्त माटो प्रयोग गर्न नमिल्ने खुलाई प्रमाणित गरेको देखिन्न। तसर्थ उपरोक्त माटो परीक्षण गरी आधिकारीक रुपमा प्रमाणित गरी प्रयोग गर्न मिल्ने र नमिल्ने खुलाई राख्नु पर्ने र प्रयोग हुने माटो बराबरको रकम असूल गर्नु पर्ने देखिन्छ।

९. **सवारी साधन :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) को अनुसूचि १मा वर्क चार्ज एण्ड स्टाफ खर्च २.५ प्रतिशत र सानातिना खर्च वापत २.५ प्रतिशत कन्टिनजेन्सी वापत खर्च गर्न सकिने व्यवस्था छ। कन्टिन्जेन्सी रकम २.५ प्रतिशत पूजीगत खर्च माथिल्लो निकाय स्वीकृतिमा खर्च गर्ने थप व्यवस्था रहेको छ। सोही अनुरुप सडक विभागमा पूजीगत खर्च व्यवस्थापनको लागी रु.७५ लाख कन्टिन्जेन्सी सडक विभाग पठाएको छ। तर पनि आयोजनाले पूजीगत प्रकृतिको खर्च मोटरसाइकल खरिदको लागि निर्माण ठेक्काको वि.ओ.क्यू.मा समावेस गरी २ थान मोटरसाइकल सम्वन्धित निर्माण व्यवसायीबाट लिई सम्वन्धित निर्माण व्यवसायीलाई रु.४५ लाख २५ हजार भुक्तानी गरेको छ। साथै उक्त सवारी साधन कार्यालयको नाम दर्ता समेत भएको देखिएन।

१०. **मूल्य अभिवृद्धि रकम :** आयोजनाले मूल्य समायोजन रकम भुक्तानी गरी सम्झौताको प्रावधानमा उल्लेखित फर्मुला प्रयोग गर्नुपर्दछ। तर आयोजनाले तोकेको फर्मुला प्रयोग नगरी जनरल इन्डेक्स प्रयोग हुने फर्मूला प्रयोग गरी रु. १९ लाख ८६ हजार मूल्य समायोजन रकम २ निर्माण व्यवसायीलाई भुक्तानी भएको छ। तसर्थ सम्झौता बमोजिमको फर्मुला प्रयोग गरी मुल्य समायोजन गणना गर्नुपर्ने देखिन्छ।

**११. हस्तान्तरण क्षेत्रमा कार्य** : रानी इटहरी सडक क्षेत्रमा ७ वटा ठेक्का व्यवस्थापन भई निर्माण कार्य भैरहेको देखिन्छ। आयोजनाले ७ निर्माण व्यवसायीलाई निर्माण कार्यको लागि हस्तान्तरित क्षेत्र चालु आर्थिक वर्षमा रोड मार्किग, सव वेस मेटेरीयल र लेएईग एण्ड रिकरेन्ट मर्मत भनी ठेक्का र सोझै वार्ताबाट रु.१९ लाख ३० हजार खर्च लेखेको पाइयो। कार्यालयले हस्तान्तरण भएका क्षेत्रमा सवारी आवागमन सूचारु राख्न ठेक्का प्रदायक संस्थाले ठेक्कापट्टा गर्दा व्यवस्थापन गर्नु परेको उल्लेख गरेको छ। जसवाट एकै क्षेत्रमा दोहोरो ठेक्का परिचालनले कममा हुन सक्ने दोहोरोपन नियन्त्रण उपाय अपनाउनु पर्ने देखिन्छ।

**१२. म्याद थप नभएको :** सार्वजनिक खरिद नियमावलीको नियम १२० बमोजिम म्याद समाप्त हुनु सात दिन अगावै निवेदन प्राप्त गरी तोकिएका पदाधिकारीबाट क्षतीपूर्ति सहित वा रहित म्याद थप गर्ने व्यवस्था छ। तीन ठेक्काहरुको सम्वन्धमा त्यस्तो कुनै कार्यवाही गरिएको पाइएन।

**१३. बढी भुक्तानी :** कार्यालयले एक निर्माण व्यवसायीलाई मूल्याकित विलमा अघिल्लो विलमा चढेको रकम भन्दा घटी परिमाण विलमा घटाइ परिमाण रु.७७ हजार बढी भुक्तानी भएको छ। बढी भुक्तानी रकम असुल गर्नुपर्दछ।

**१४. पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार पेश्की असुल फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। दुई निर्माण व्यवसायीको रु.५ करोड ४३ लाख पेस्की फछ्र्यौट गर्न वाकी रहेकोले समयमानै फछ्र्यौट गर्नुपर्दछ।

## व्यवसायिक तथा सिप विकास तालिम केन्द्र

१. **खरिद योजना :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ अनुसार रु १० लाख भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आ.व.को अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरीद योजना तयार गर्नु पर्ने व्यवस्था छ। कार्यालयवाट पेश भएको आर्थिक विवरण अनुसार पूँजिगत सुधार खर्च(भवन), फर्निचर तथा फिक्स्चर, मेशिनरी औजारतर्फ २९लाख ४० हजार र सीप बिकास तथा जनचेतना तालीममा

८१ लाख ८८ हजार को वार्षिक वजेट व्यवस्था भएको छ। तर कार्यालयले नियमानुसार बार्षिक खरिद योजना तयार गरेको छैन ।

२. **तालिमको अनुगमन** : केन्द्रबाट हरेक बर्ष विभिन्न बिषयमा तालिम प्राप्त प्रशिक्षार्थीहरुले तालिम लिए पश्चात सोको उपयोग गरे नगरेको सम्बन्धमा स्थलगत रुपमा अनुगमन मूल्यांकन गर्नुपर्दछ । तर कार्यालयले तालिमको उपयोगका सम्बन्धमा अनुगमन मूल्यांकन गर्ने गरेको पाईएन ।

३. **नर्म्स** : कार्यालयलाई प्राप्त अख्तियारी पत्रमा आधारभुत तालीमको प्रशिक्षार्थीहरुको लागि हाजिरी भएको दिनको प्रति दिन रु.२०।- का दरले खाजा खर्च रकम वितरण गर्नुपर्ने व्यवस्था गरिएको छ। तर यस केन्द्रले संचालन गरेका आधारभूत तालीमहरुमा प्रशिक्षार्थीहरुलाई खाजा खर्च प्रति दिन १५।- का दरले बितरण गरेको पाईयो । अख्तियारी पत्रमा उल्लेखित नर्मस बिपरित घटी दरमा खाजा खर्च प्रदान गरिएको कार्य नियमसंगत मान्न सकिएन ।

४. **जिन्सी**: आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तिमा एक पटक जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार हुनुपर्ने व्यवस्था छ । तर यस केन्द्रले आर्थिक कार्यविधी नियमावली , २०६४ को नियम ५० मा उल्लेख गरिए अनुसार जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छैन । यसबाट जिन्सी मालसामानको उचित व्यवस्थापन भएको छ भन्न सक्ने अवस्था रहेन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नु पर्दछ ।

५. **मूल्य नखुलेको** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (४) मा कार्यालयमा मौज्दात रहेको मालसामान मध्ये पुराना मालसामानको मूल्य कारणवस खुल्न नसकेको अवस्थामा त्यस्तो मालसामानको अवस्था र प्रचलित वजार मूल्य समेत विचार गरी मूल्य कायम गरी राख्नु पर्ने उल्लेख छ। मोटर साईकल तथा मोटर कारको मूल्य खुलाएको छैन। यसप्रकार मूल्य नखुलेको सामानहरु नियमानुसार मूल्य खुलाई जिन्सी मालसामानको लगत अद्यावधिक गर्नुपर्दछ।

## व्यवसायिक तालिम तथा प्राविधिक शिक्षा परिषद् २०७१।७२

१. **वार्षिक खरिद योजना** : सार्वजनिक खरीद ऐन, २०६३ को दफा ७(३) बमोजिम कार्यालयले खरीद कार्य व्यवस्थापनका लागि खरीद एकाई गठन गर्नुपर्ने व्यवस्था रहेको छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ अनुसार रु १० लाख भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको लागि तोकिए बमोजिम वार्षिक खरीद योजना तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद इकाइ गठन गरी खरिद योजना तयार गरेको छैन ।

२. **आर्जन रकमकोष** : प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदको आर्थिक प्रशासन सम्बन्धी विनियमावली,२०६२ को विनियम ३ मा आर्जन कोषको व्यवस्था गरिएको छ । उक्त कोषमा प्रत्येक आर्थिक बर्षको अन्तमा सो बर्षमा आर्जित रकमको ७५ प्रतिशत रकम केन्द्रीय कोषमा जम्मा गरि बाँकी रहन गएको रकम स्वीकृत बार्षिक कार्यक्रममा विनियोजन गरी खर्च गरिसकेपछि बाँकी रहने रकम रहने उल्लेख छ । परिषदले यस आर्थिक बर्षमा आर्जित रकम रु.५२ लाख ८९हजारको ७५ प्रतिशतले हुने रकम रु.३९ लाख ६७ हजार केन्द्रीय कोषमा पठाएको छैन । विनियममा भएको व्यवस्था बमोजिम केन्द्रीय कोषमा रकम पठाउनु पर्दछ ।

३. **पेश्की सम्बन्धमा** : प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदको आर्थिक प्रशासन सम्बन्धी विनियमावली,२०६२ को नियम ११४ वमोजिम कामकाजको निमित्त पेश्की लिने र फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । कार्यालयले कार्यक्रमको लागि पेश्की दिदा कार्यक्रम संचालनको नर्मस अनुसार आवश्यक पर्ने लागत अनुमान तयार नगरी पेश्की दिने गरेको र पहिले लिएको पेश्की फछ्र्यौट नहुँदै पुनः पेश्की दिने गरेको देखियो। पेश्की दिदा नर्म्स बमोजिम लागत अनुमान तयार गरी कार्यालय

प्रमुखबाट स्वीकृत गरी आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्कीबाट भएको खर्चको विल भरपाई समयमै फछ्र्यौट गरे पछि मात्र पुनः पेश्की दिने गरी पेश्की व्यवस्थापनमा सुधार गर्नु पर्दछ ।

४. **पेश्की** : प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदको आर्थिक प्रशासन सम्बन्धी विनियमावली,२०६२ को नियम ११४ वमोजिम लिएको पेश्की कार्यक्रम वमोजिमको विल भरपाई पेश गरी तोकिएको म्याद भित्र फर्छ्यौट गर्नु पर्ने व्यवस्था रहेको छ । एक कर्मचारीको रु ८३ हजार तथा एक निर्माण व्यवसायीको रु १२ लाख ४५ हजार समेत रु १३ लाख २८ हजार पेश्की आर्थिक वर्ष भित्र फर्छ्यौट नभई बांकी देखिएकाले नियमानुसार असुल फर्छ्यौट गनु पर्दछ ।

५. **हिसाव मिलान** : परिषदको आर्थिक प्रशासन सम्बन्धी विनियमावली,२०६२ को विनियम ११२ मा बैंकबाट धरौटी खाताको बैंक स्टेटमेन्ट प्राप्त गरी स्रेष्ता बाँकी रकम मासिक रुपमा भिडाई हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ । आ.ब.०७१/०७२ को बैंक नगदी किताब अनुसार धरौटी खाताको आम्दानी रु.१८ लाख २९ हजार देखाएकोमा कार्यालयबाट तयार भएको एकीकृत आर्थिक विवरण अनुसार रु.१५ लाख २९ हजार देखाएकोले फरक परेको रकम रु.३ लाखको हिसाब मिलान गर्नुपर्दछ।

६. **बिमा** : परिषद्को गाडीले एक पैदलयात्रीलाई ठक्कर दिई घाईते भएकोमा उपचार गर्दा लागेको खर्च रु. ५ लाख २८ हजार कोषबाट भुक्तानी दिईएको छ । सवारी साधनको तेश्रो पक्ष जोखिम बीमा नगरेको कारण सवारी साधन दुर्घटनाबाट भएको क्षतिको कोषबाट भुक्तानी दिएको कार्य अनियमित देखिन्छ ।

७. **धरौटी** : परिषद्को आर्थिक प्रशासन सम्बन्धि विनियमावली,२०६२ को विनियम १०७ वमोजिम प्रयोजन सकिएको धरौटी रकम फिर्ता दिदा कर चुक्ता प्रमाणको आधारमा फिर्ता गर्नु पर्नेमा एक निर्माण सेवालाई रु ४ लाख ८ हजार करचुक्ता प्रमाण पत्र नलिई धरौटी फिर्ता गरेको पाईयो । धरौटी फिर्ता दिदा कारोवार रकमको कर तिरेको प्रमाण लिएरमात्र फिर्ता गर्नु पर्दछ

८. **कोष दाखिला**: कट्टा भएको रकम जुन प्रयोनका लागि कट्टा भएको हो सोही प्रयोजनमा उपयोग गर्ने गरी सम्वन्धित खातामा जम्मा हुनु पर्नेमा भुकम्पपिडित सहयोगका लागि कट्टी रकम रु ५१ हजार सम्वन्धित राहत कोषमा जम्मा नभएकोले सोको प्रमाण पेश गर्नु पर्दछ ।

९. **लेखापरीक्षण व्यहोरा फछ्र्यौट** : परिषदको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६२ को विनियम १९ मा आन्तरिक लेखापरीक्षणमा औंल्याईएका बेरुजूहरु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गर्नुपर्नेमा नियमित गरी, प्रमाण कागजात पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी गराई फछ्र्यौट गर्नुपर्नेमा आन्तरिक लेखापरीक्षणबाट औंल्याईएका निम्न बमोजिम बेरुजुहरु अन्तिम लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट गरेको पाईएन ।

१०. **बढी भत्ता** : एक प्रा.अ. परीक्षामा खटिँदा स्टेशनरी खर्च बापत भुक्तानी लिए पनि हाजिर फारम छपाई गरेको भनी रु ४हजार थप लिएको देखिन्छ । त्यस्तै का.मु.क्षेत्रिय निर्देशक काठमाडौं भ्रमण गर्दा सन २०१४ डिसेम्बर ८ मा सौर्य एअरबाट काठमाडौं बिराटनगर यात्रा गरि भुक्तानी लिएकोमा टिकट संलग्न नगरी ४ हजार ६ सय भुक्तानी लिएको देखियो । एक कर्मचारीले मिति २०७१।५।१७ ,१८ र १९ गतेको प्रयोगात्मक परीक्षामा एक दिनमा एक भन्दा बढी सिफटको भत्ता लिएको रु २ हजार असुल गर्नुपर्ने देखिन्छ । साथै अर्का एक कर्मचारीलाई २०७१ पौषको तलबभत्ता रु १५ हजार ६सय भुक्तानी गरेकोमा भरपाई संलग्न देखिदैन । लहान प्रा.शि.मा परीक्षामा खटिँदा सहायक केन्द्राध्यक्षलाई स्थलगत परिक्षा समितिको बैठक भत्ता भुक्तानी गरेको समेत असुल गर्नुपर्दछ ।

११. **बढी भुक्तानी**: एक कर्मचारी ओखलढुंगामा परीक्षा संचालन गर्न काज खटिएकोले रु.५० हजारको बैंक भौचर रु.९३०२।- सहित कागजात पेश भए अनुसार पेश्की फछ्र्योट गरेकोमा परीक्षा संचालन भएको दिनमा समेत परीक्षा भत्ता, दैनिक भत्ता र होटल बास खर्च लिएकाले बढी रकम असुल

गर्नु पर्ने देखिन्छ । यसै गरी ज्योति मा.बि.इटहरी केन्द्रमा कर्मचारी मिति २०७१ चैत्र २७ देखि २०७२ असार ५ गतेसम्म परीक्षा संचालन गर्न खटिँदा प्रश्नपत्र तथा उत्तरपुस्तिका सुरक्षाबापत रु.१ हजार ५सय भुक्तानी दिनुपर्नेमा रु.३ हजार ५सय को बिल भरपाई पेश गरी शोधभर्ना लिएको हुँदा यातायात खर्च बापत बढी भुक्तानी दिएको समेत असुल गर्नुपर्ने देखिएकोछ । अर्का एक कर्मचारीलाई २०७२।२।२२ देखि २०७२।३।५ सम्म दैनिक भत्ता, परीक्षा भत्ता तथा होटल बास खर्च समेत भुक्तानी दिएका मा बढी भुक्तानी भएको रु ३ हजार १५०, एक प्र.अ. २०७२।१२।२७ देखि २०७२।३।५ को अवधिसम्म २ पटक परीक्षा संचालन गर्न खटिएकोमा दैनिक भत्ता, परीक्षा भत्ता र होटल बास खर्च पुरै लिएकोले १६ दिनको होटल बास खर्च रु ८ हजार र एक  पोलिटेक्निक इन्स्टिच्युटका प्रमुख २०७२।२।२५ देखि २०७२।३।६ सम्म बिराटनगरमा परीक्षा अनुगमन र मनमोहन पोलिटेक्निकलमा प्रयोगात्मक परीक्षाका लागि खटिएकोमा दैनिक भत्ता, सुपरिवेक्षक एवं अनुगमन भत्ता र १३ दिनको होटल बास खर्च समेत लिएकोले होटल बास खर्च ७ दिनको मात्र पाउने भएकाले बढी भुक्तानी लिएको रकम रु ३ हजार असूल गर्नुपर्ने देखिन्छ ।

**आर्थिक वर्ष २०७२।७३**

१२. **खरिद योजना** : सार्वजनिक खरीद ऐन, २०६३ को दफा ७(३) बमोजिम कार्यालयले खरीद कार्य व्यवस्थापनका लागि खरीद एकाई गठन गर्नुपर्ने व्यवस्था रहेको छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ अनुसार रु १० लाख भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको लागि तोकिए बमोजिम वार्षिक खरीद योजना तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद इकाइ गठन गरी खरिद योजना तयार गरेको छैन

१३. **आर्जन रकमको बाँडफाँड सम्बन्धमा** : प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदको आर्थिक प्रशासन सम्बन्धी विनियमावली,२०६२ को विनियम ३ मा आर्जन कोषको व्यवस्था गरिएको छ। उक्त कोषमा प्रत्येक आर्थिक बर्षको अन्तमा सो बर्षमा आर्जित रकमको ७५ प्रतिशत रकम केन्द्रिय कोषमा जम्मा गरि बाँकी रहन गएको रकम स्वीकृत बार्षिक कार्यक्रममा विनियोजन गरी खर्च गरिसकेपछि बाँकी रहने रकम रहने उल्लेख छ। तर यस परिषदले यस आर्थिक बर्षमा आर्जित रकम रु.४ करोड ३६ लाख ४३ हजारको ७५ प्रतिशतले हुने रकम रु.३ करोड २७ लाख ३२ हजार केन्द्रीय कोषमा पठाएको छैन । त्यसैले विनियममा भएका व्यवस्था बमोजिम केन्द्रीय कोषमा पठाउनुपर्ने देखिन्छ ।

१४. **नर्म्स** : प्रविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद आर्थिक प्रशासन नियमावली २०६२ तथा कार्यक्रम सञ्चालनका लागि स्वीकृत नर्म्स वमोजिम कार्यक्रम सञ्चालन गरी रकम खर्च गर्नु पर्नेमा २०७३।४।१६ मा संञ्चालित परीक्षा कार्यक्रममा अधिकतम २५ जना निरीक्षक राखिखर्च लेख्न सक्नेमा ३८ जनाको खर्च लेखेको पाईएकाले रु ५२००।० वढी खर्च लेखेको पाईयो ।

१५. **भरपाई नभएको** : प्रविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद आर्थिक प्रशासन नियमावली २०६२ को नियम १२ वमोजिम विल भरपाई र आवश्यक कागजात वमोजिम मात्र रकम खर्च लेख्न पाउनेमा रकम उत्तर पुस्तिका परीक्षण गरे वापत विभिन्न व्याक्तिका नाममा खर्च लेखे मध्ये १३ जनाको रु ४७ हजार ९८० वुझेको भरपाई संलग्न नभएकाले सोको भरपाई पेश गर्ने अन्यथा असुल गरी कोष दाखिला गनु पर्ने देखिन्छ ।

१६. **स्वीकृति नभएको** : प्राविधिक शिक्षा तथा व्यवसयीक तालिम परिषद आर्थिक प्रशासन नियमावली २०६२ को नियम  ८ वमोजिम खर्च शिर्षकमा विनियोजित वजेटको अधिनमा रहि खर्च गर्नु पर्ने व्यवस्था रहेको छ ।सीप विकास तालिममा ३० लाख ३४ हजार वार्षिक स्वीकृत कार्यक्रम र विनियोजन भन्दा वढी खर्च भएको पाईयो । विनियोजन भन्दा वढी खर्च भएको अनियमित देखिन्छ ।

**१७. सुविधा** : वजेट खर्च गर्दा स्वीकृत वजेटको अधिनमा रहि खर्च गर्नु पर्दछ । कार्यालयमा कार्यरत ५ कर्मचारीहरुलाई रु २ लाख ४१ हजार ९९० सुविधा भुक्तानी लिएकोमा सो पाउने आधार परिषदको निर्णय तथा थप सुविधा खर्च लेख्न पाउने सुचकहरु पेश नभएकाले खर्च रकम सम्वन्धमा एकिन हुन सकेन ।

**१८. भरपाई** : परिषदको आर्थिक प्रशासन सम्बन्धी विनियमावली,२०६२ को विनियम १२ मा कार्यालयको आर्थिक कारोबार स्पष्ट देखिने गरी बिलभरपाई एवं आवश्यक कागजातसहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले विभिन्न १६ फर्मलाई रु ३ लाख ८१ हजार ९९१ खर्च लेख्दा बिलभरपाई तथा आवश्यक कागजात संलग्न गरेको देखिएन । का.मु.क्षेत्रिय प्रमुखलाई परिवार ल्याएको दै.भ्र.भ.रु १७ हजार भुक्तानी गर्दा सरुवा वा रमानापत्र नराखी भुक्तानी गरिएको देखिन्छ । उत्तर पुस्तिका परिक्षण बापतको पारिश्रमिक भुक्तानी दिँदा भत्ता बुझाएको भरपाई संलग्न नगरी रु २६ हजार ४७२ खर्च लेखेकोले खर्च रकमलाई पुष्टि हुने गरी विलभरपाई पेश गर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएकोछ ।

**१९. वढी भुक्तानी** : एक लेखा अधिकृतलाई सरुवा बढुवा भै आउँदा परिवार समेतको दै.भ्र.भ.बिल १३ हजार पेश भएकोमा रु.१४ हजार ३ सय भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम निजबाट असूल गर्नुपर्ने देखिन्छ । त्यस्तै अर्का एक कर्मचारीलाई प्रयोगात्मक परीक्षा भत्ता भुक्तानी गर्दा बढी रु ७९३ भुक्तानी गरिएको देखिन्छ । एक पोलिटेक्निकका प्रमुखलाई मिति २०७२।११।२ देखि ०७२।११।२६ सम्म सोही पोलिटेक्निक परीक्षा केन्द्रमा खटाईएकोमा निजले इटहरीसम्मको भत्ता दाबी गरी रु.५ हजार २ सय वढी भुक्तानी लिएको देखिन्छ । एक लेखापालले बाहय सुपरिवेक्षकको रुपमा परीक्षा भत्ता लिएको तर निज सहायक स्तरको कर्मचारी भएको हुँदा परीक्षा अवधिभर (१६ दिन) को बढि भुक्तानी भएको परीक्षा भत्ता रकम २ हजा ७२० वढी भुक्तनी भएको देखिन्छ । वढी भुक्तानी रकम सम्वन्धितवाट असुल गर्नुपर्दछ ।

**२०. अनुमोदन नभएको** : कार्यालयले रु.१० लाख ३४ हजार आन्तरिक खाताबाट बिनियोजन खातामा रकम स्थानान्तरण गरि खर्च गरेको हुँदा परिषद् कार्यालयबाट खर्च अनुमोदन गराई नियमित गर्नुपर्ने देखिन्छ ।

**२१. आर्जन कोष** : आयखाता वाट नियमानुसार बिनियोजन गरी खर्च खाता वाट रकम खर्च गर्नु पर्नेमा सिधै विनियोजन खातामा लगि ४० हजार खर्च लेखेको देखिन्छ । उक्त रकम फिर्ता दाखिला गर्नुपर्ने देखिन्छ ।

## वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

१. **आय-व्यय बिबरण** : प्रस्तुत भएको आय-व्यय बिबरणले प्रतिष्ठानको कुल आय-व्यय, सञ्चालन बचत, दयित्व र सम्पत्तिको बिबरण प्रस्तुत गरेको छ । प्रस्तुत विवरणमा प्रत्येक विभाग, हस्पिटल, डेण्टल, ल्याबरोटरी, एकेडेमिक (कलेज तर्फ), मेडिकल उपकरण विभाग आदिको आम्दानी-खर्च र त्यसबाट हुने सञ्चालन बचत तथा नोक्सानको अवस्था देखिने गरी विवरण तयार गरेको छैन । तसर्थ प्रत्येक विभागको समष्टिगत आर्थिक अबस्थाको चित्रण हुने गरी बिभागगत अभिलेख तयार गर्नु पर्ने देखिन्छ ।

२. **कोष** : वी.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐनको दफा १४ वमोजिम प्रतिष्ठानलाई प्राप्त सवै प्रकारको रकम मूल कोषमा जम्मा गर्नु पर्ने व्यवस्था गरेको छ । प्रतिष्ठानमा निम्न वमोजिमका विभिन्न आर्थिक कारोवारहरु भए पनि मूल कोषमा जम्मा गरी ती कोषवाट खर्च गर्दा प्रचलित कानुनको अनुशरण गरी सञ्चालन गरेको पाईएन । प्रतिष्ठानलाई प्राप्त सवै प्रकारका रकम मूल कोषमा आम्दानी गरी सोको आर्थिक कारोवार आर्थिक विवरणमा समावेस गर्नु पर्दछ । विभिन्न ८ प्रकारको कारोवारमा रु ७५०१२४०।० आम्दानी तथा खर्च भएकोमा प्रतिष्ठानको वित्तीय

विवरणमा समावेश गरेको नपाइएकोले प्रतिष्ठानबाट पेश भएको आर्थिक बर्ष २०७२।७३ को बित्तीय बिवरणले सो आर्थिक बर्षको समग्र बित्तीय कारोवारको यथार्थ स्थितिको चित्रण गर्दैन ।

३. **सञ्चालन नतिजा** : प्रतिष्ठानले यो वर्ष नेपाल सरकारको अनुदान रु. ६९ करोड, भारत सरकारको अनुदान रु.३ करोड २० लाख ८ हजार आफ्नो आन्तरिक श्रोतबाट रु.१ अर्ब ८२ करोड ४५ लाख ८३ हजार समेत कुल रु.२ अर्ब ५४ करोड ६५ लाख ९१ हजार आय प्राप्त गरेकोमा शैक्षिक कार्यक्रम, अस्पताल सेवा सञ्चालन तथा प्रशासनिक खर्च वापत रु.१ अर्ब ९२ करोड ७ लाख १७ हजार खर्चगरी समायोजन गर्दा बचत रहेको रु.६२ करोड ५८ लाख ७२ हजार आय व्ययमा देखाएको छ । उल्लेखित कारोबारमा नेपाल सरकार र भारत सरकारको अनुदानलाई समावेस नगर्ने हो भने प्रतिष्ठानलाई रु.९ करोड ६१ लाख ३४ हजार नोक्सान हुने देखिन्छ । प्रतिष्ठानले आम्दानीका थप स्रोत पहिचान गरी आय आर्जनमा बृध्दि गर्ने र आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा र कार्यान्वयन गरी खरिद व्यबस्थापनलाई नियमित प्रणालीबध्द पारदर्शी र मितव्ययी गराई खर्च घटाउन सकिने प्रयाप्त आधार देखिएकोले यस तर्फ प्रतिष्ठानको ध्यान जानु पर्ने देखिएको छ । प्रतिष्ठानले आफनै आयले धान्न सक्नेगरी प्रतिष्ठानलाई दीर्घकालसम्म अनवरत रुपमा सञ्चालन हुनसक्नेगरी योजनाबध्द तवरमा तत्कालिन,मध्यकालिन र दीर्घकालिन योजना तय गरी तदनुरुप कार्यान्वयनमा लगी आत्मनिर्भर बनाउन थप प्रयास आबश्यक देखियो ।

४. **नगद प्रवाह बिवरण:** वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ बमोजिम प्रतिष्ठानको लेखाप्रणाली सरकारी लेखामान अनुसार हुने व्यवस्था छ। तर प्रतिष्ठानले व्यवसायिक लेखाप्रणाली अपनाएको पाइएको छ । व्यवसायिक लेखाप्रणालीमा लेखापरीक्षण मानदण्ड बमोजिमको प्रक्रिया अबलम्बनगरी लेखा राख्नु पर्ने हुन्छ। प्रतिष्ठानले Ratio Analysis गरी वित्तिय अवस्थाको विश्लेषण गरी प्रतिवेदन समेत तयार गरेको छैन । मानदण्ड अनुरुप लेखा राख्ने र तदनुरुप बित्तीय प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

५. **आय-व्यय बिबरण र वासलात** : वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को दफा १८ तथा वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को नियम १४.७(६) बमोजिम प्रतिष्ठानले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वार्षिक आय-व्यय विवरण र वासलात तयार गरी समितिमा पेश गर्नुपर्ने र समितिले पनि छलफल गरी परिषदमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा लेखापरीक्षण अवधि मिति २०७३/११/६ सम्म पनि समितिमा पेश भएको पाइएन ।

६. **तिर्नुपर्ने दायित्व** : प्रतिष्ठानले अन्यलाई तिर्नुपर्ने दायित्व विवरण बमोजिम यो गत वर्ष रु.१४ करोड ६१ हजार रहेकोमा यस वर्ष रु १० करोड २५ लाख ३६ हजार रहेको छ । तिर्नु पर्ने दायित्वमा गत वर्षको तुलनामा सुधार देखिएतापनि खर्चमा मितव्ययिता ल्याई तिर्नु पर्ने दायित्वमा न्यूनिकरण गर्दै जानुपर्दछ ।

७. **लिनु पर्ने रकम** : प्रतिष्ठानले लिनुपर्ने अन्य रकम रु.३६ लाख ७५ हजार देखाएको छ । त्यस्तै बिद्यार्थी शैक्षिक ऋण रु.३६ लाख ६४ हजार देखाएको छ। यस्ता लिनुपर्ने रकम समयमा नै असुल उपर गर्नुपर्ने देखिन्छ ।

८. **बार्षिक लक्ष्य प्रगति** : वार्षिक लक्ष्य तथा प्रगति तोकिएको ढांचामा तयार हुनु पर्दछ। प्रतिष्ठानले वित्तीय प्रगति विवरण मात्र तयार गरी सोही बिबरणलाई नै भौतिक प्रगति मानी खर्चको आधारमा शत प्रतिशत प्रगति देखाएको छ । तोकिएको ढांचामा प्रगति विवरण प्राप्त नहुंदा प्रतिष्ठानको वार्षिक कार्य प्रगति एकिन गर्न सकिएन । प्रतिष्ठानले तोकिएको ढांचामा वित्तीय एवं भौतिक प्रगति देखिने गरी लक्ष्य प्रगति बिबरण तयार गर्नु पर्दछ ।

९. **सरकारी अनुदान** : नेपाल सरकार स्वास्थ्य मन्त्रालयवाट बजेट बांडफांड स्वीकृती पत्रानुसार निःसर्त र ससर्त अनुदान वापत रु.६९ करोड बजेट निकासा भएको छ । उपरोक्त निकासा बमोजिम सम्पूर्ण रकम खर्च भएको उल्लेख छ। नेपाल सरकारबाट ससर्त अनुदानको रुपमा प्राप्त रकम तोकिएको सर्त बमोजिमको क्षेत्रमा खर्च भए नभएको, त्यसमा प्रतिष्ठान र सरकारको खर्च प्रतिशत खुल्ने बिबरण तयार गरेको पाईएन। पूंजीगत अनुदान अन्तर्गत शसर्त अनुदानमा नेपाल सरकारले रु ५७ करोड बजेट निकासा गरेकोमा प्रतिष्ठानले सरकारी सशर्त अनुदानको तोकिएको क्षेत्रमा खर्च खुल्ने बिबरण तयार गर्नु पर्दछ ।

१०. **नगद मौज्दात** : वी.पी. कोइराला स्वास्थ्य प्रतिष्ठान नियमावली, २०५५ को नियम १४.३ बमोजिम प्रतिष्ठानमा प्राप्त नगद तुरुन्तै मुलकोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले पेश गरेको वासलात बिबरण अनुसार रु.३,५५,०००।- नगद मौज्दात रहेको देखिन्छ । नियमावली विपरित नगद मौज्दात राख्दा नगद रकम हिनामिना र दुरुपयोग हुनसक्ने सम्भावना देखिन्छ। अतः नगद मौज्दात रु.३,५५,०००।- प्रतिष्ठानको मुलकोषमा जम्मा गर्नुपर्दछ।

११. **बजेट तर्जुमा तथा खर्च** : वी.पी. कोइराला स्वास्थ्य प्रतिष्ठान नियमावली, २०५५ को नियम १४.५(१) बमोजिम प्रतिष्ठानको काम सुचारु रुपले सञ्चालन गर्न योजना नीति तथा कार्यक्रम सहित प्रतिष्ठानको वार्षिक बजेट (आय-व्यय अनुमान) परिषदमा पेश गरी स्वीकृत नभए सम्म खर्च नगरिने व्यवस्था छ। प्रतिष्ठानको आय-व्यय अनुमान आर्थिक वर्ष सुरु भई सकेपछि २०७२ श्रावण २९ मा गरी रु.१ अरव ९२ करोड ७ लाख १७ हजार खर्च गरेको पाईयो । शिर्षकगत विनिययोजन भन्दा कतिपय शिर्षकमा वढी खर्च भएकोमा उक्त खर्चलाई नियमानुसार समर्थन गरेको पाईएन। विनियोजन भन्दा वढी खर्च समर्थन हुनुपर्दछ।

१२. **वैंक खाता** : वी.पी. कोइराला स्वास्थ्य प्रतिष्ठान नियमावली, २०५५ को नियम १४.१(२) बमोजिमको मूलकोषको रकम समितिले तोकेको बाणिज्य वैकमा जम्मा गरिने र सो खाताको सञ्चालन गरिने व्यवस्था छ । प्रतिष्ठानको विभिन्न १० वटा बैकमा ३५ वटा खाता सञ्चालन भएको देखिन्छ। आवश्यकता भन्दा बढी खाता एवं सञ्चालन खाता खोल्नुको औचित्य देखिएन। प्रतिष्ठानले आवश्यकता बमोजिमका मात्र बैङ्क खाता सञ्चालन गर्नुपर्ने देखिन्छ।

**१३.** **जनशक्ति व्यवस्थापन** : प्रतिष्ठानले दिएको विवरण अनुसार स्थायी तथा करार समेत १६०९ जनशक्ति कार्यरत रहेको देखियो । सो वाहेक सुरक्षा, सरसफाई तथा अन्य यूटिलिटी सेवाका समेतवाट प्रतिष्ठानको कार्य सम्पादन भएको पाइन्छ । प्रतिष्ठानको कार्य प्रकृति प्रकृया तथा कार्यबोझ, कार्य संरचना,सञ्चालन बिधि आदिका आधारमा कार्य बिश्लेषण सहितको संगठन संरचना तयार गरी संगठन तथा व्यबस्थापन सर्वेक्षण गरी दरबन्दी श्रृजना हुन सकेको पाइएन।

१४. **ऋण** : प्रतिष्ठानले नियमित कार्य सञ्चालनका लागि रु.२० लाख २० हजार वैंक तथा फर्महरुबाट ऋण लिएको छ । वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ र वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ मा ऋण प्राप्त गर्दा परिषदको स्वीकृति लिएको पाइएन ।

१५. **सस्थागत योजना** : वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई व्यवस्थित र योजनाबद्धरुपमा लक्षित उदेश्य प्राप्तिमा निरन्तर कियाशील गराउन नीति, रणनीति, गुरुयोजना, र कार्यक्रम तयार गरी तदअनुरुप कार्यान्वयन गरेको पाइएन । बृहद संस्थागत उद्देश्य रहेको यो प्रतिष्ठान दीर्घकालिन योजना तयार गरी सञ्चालनमा रहिरहन नीति, रणनीति, गुरुयोजना र कार्यक्रम तयार गरी योजनाबध्द तवरले सञ्चालन गर्न आबश्यक देखिन्छ ।

१६.	**संस्थागत निरन्तरता** : प्रतिष्ठानलाई अबिच्छिन्न रुपमा प्रभावकारी रुपले निरन्तर संचालनका लागि नेपाल सरकारको अनुदानमा क्रमश न्यूनिकरण गरी आन्तरिक आय आर्जनको क्षेत्र पहिचान समेत गरी आत्मनिर्भरता तर्फ रुपान्तरण हुन प्रतिष्ठानको व्यबस्थापन कियाशील रहनु पर्दछ ।

१६.१.	प्रतिष्ठानले आफ्नो परिसर भित्रको जग्गा जमिन को उपयोग सम्बन्धी योजना तर्जुमा तथा स्वीकृति गरी कार्यान्वयन गरेको छैन । स्वीकृत योजना तथा कार्य योजनाको अभावमा उपयोग सम्बन्धी स्पष्ट नीति तय नहुनाले प्रतिष्ठानले चर्चेको जग्गाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकेको पाइएन ।

१६.२.	प्रतिष्ठानको हाताभित्र रहेको ठूलो क्षेत्रफल, यस्मा भएका रुख विरुवाको कटानी, वृक्षारोपण लगायतका कार्यमा यथोचित ध्यान नपुर्‍याउंदा प्रतिष्ठानको आन्तरिक वातावरणलाई पर्यावरण मैत्री वनाउन सकिएको छैन।

१६.३.	प्रतिष्ठानको हाता भित्र संचालित दिल्ली पव्लिक स्कूलको व्यवस्थापनमा संचालित एक विद्यालयसंग प्रतिष्ठानले भाडा व्यवस्थापन गरेर आय आर्जन गरेको देखिएन । त्यस्तै पार्किङ्ग व्यवस्थाको कार्य आयमूलक वनाउन सकेको छैन ।

१६.४.	खानेपानी आपुर्ती व्यवस्थापनका लागि प्रतिष्ठानले रु १५११८९१९।- खर्च गरेकोमा आवासीय क्षेत्रमा परिचालित पानीको महसुल निर्धारण र असूल गर्ने गरेको देखिएन ।

१६.५.	धनकुटा जिल्लाको अस्पताल विकास समितिलाई डिपार्टमेन्टल स्टोर संचालनको लागि दिएको पेश्की रु.२६,१२,५२६।- वाट कुनै कार्य सम्पादन नभएकोले प्रतिफल प्राप्त भएको छैन । त्यस्तै काठमाडौंको सम्पर्क कार्यालयमा रहेको भवन र जग्गाको र सुनसरीको इनरुवामा रहेको जग्गाको प्रतिफल प्राप्त नभएकोले सोको प्रभावकारी उपयोग गर्नुपर्दछ ।

१७.	**लगानी** : प्रतिष्ठानको आय-व्यय विवरण तथा वासलात बमोजिम रु.४ करोड ४० लाख एक फर्मास्यूटिकल्समा २०५८/०५९मा लगानी भएको देखिन्छ । उक्त लगानीबाट प्रतिष्ठानलाई हालसम्म कुनै प्रतिफल प्राप्त भएको छैन भने सो लगानीको कुनै शेयर प्रमाण पत्र तथा अन्य लगानी प्रमाणित गर्ने कागजात पनि प्रतिष्ठानसंग रहेको देखिएन । कुनै प्रतिफल एवं लगानी कागजात नभएको अवस्थामा समेत थप लगानी स्वरुप रु.९३,३८,८१४/- पेश्की वापत भुक्तानी गरेको छ । प्रतिष्ठानले पेश गरेको वासलात बिबरणमा उक्त रकम लगानी देखाउनु पर्नेमा पेश्कीको रुपमा देखाएको छ।। तसर्थ प्रतिष्ठानले शेयर लगानी रकमको तत्काल प्रमाण कागजात र वित्तीय अवस्थाको जानकारी लिनुपर्दछ ।

१८.	**कोषको परिचालन** : भबिश्यमा आइपर्ने दायित्व वहन गर्नका लागि रु.५८ करोड १९ लाख २६ हजार मौज्दात रहेको देखिन्छ। प्रतिष्ठानले नगद व्यवस्थापन प्रभावकारी र प्रतिफलमूखि तरिकाले गर्नु पर्दछ । यो वर्षको वित्तीय विवरणअनुसार नेपाल एस.वि.आइमा रु.८ करोड र सनराईज वैंकमा मुद्दती निक्षेपको रुपमा रु. १२ करोड राखेको छ । जस्को व्याजदर क्रमशः ४.७५ र ६ प्रतिशत रहेको छ । मुद्दती निक्षेपलाई अझै प्रतिफल मूखि वनाउन खुला प्रस्ताव माग गरी वढी प्रतिफल दिने क वर्गका वैंकहरुमा निक्षेप व्यवस्थापन गर्ने विषयमा प्रतिष्ठान व्यबस्थापनको ध्यान जानु पर्ने देखियो ।

१९.	**ह्रासकट्टी** : आयकर ऐन, २०५८ को दफा १९(१) बमोजिम कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय वा लगानीबाट सो व्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको ह्रास भए वापत ह्रासकट्टीको निर्धारण गरी खर्चकट्टी गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले यो वर्ष कुल ह्रासकट्टी रकम रु.१६ करोड ९ लाख खर्च लेखेको छ । ऐनबमोजिम फर्निचर, फिक्स्चर र कार्यालय उपकरणमा २५ प्रतिशतका दरले ह्रासकट्टी गर्नुपर्नेमा १५ प्रतिशतका

दरले मात्र गरेको छ । प्रतिष्ठानले सबै सम्पत्तिमा ५ र १५ प्रतिशतका दरले मात्र ऱ्हासकट्टी खर्च निर्धारण गरेको छ । कट्टी भएको ह्रास खर्चको प्रतिस्थापित कोष र सोको लागि कोष व्यवस्थापन गरेको देखिएन । जसवाट आधुनिक प्रविधियुक्त उपकरण एवं स्थिर सम्पत्ति खरिदको लागि वैकल्पिक योजना प्रतिष्ठानले तयार गरेको छैन ।

२०. **कानुनको पालना** : प्रतिष्ठानले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नपर्दछ । प्रतिष्ठानले जोखिम नियन्त्रणका उपायहरु सहितको आन्तरिक नियन्त्रणको कायविधि तयार गरेको पाईएन । आन्तरिक नियन्त्रण कार्यविधि नहुंदा प्रभावकारी रुपमा कार्यसंचालन गर्न बाधा पुग्ने, जोखिम न्यूनीकरण हुन नसक्ने, प्रक्रियागत त्रुटी हुने, स्रोत साधनको हिनामिना हुने, लागत बढ्ने जस्ता अवस्था सिर्जना हुने देखिन्छ । प्रतिष्ठानको कार्य प्रकृति र उद्देश्य पुरागर्न आवश्यक पर्ने आन्तरिक नियन्त्रण कार्यतालिका सहितको कार्यविधि तयार हुनुपर्दछ । आन्तरिक नियन्त्रण प्रणलीका कमजोरीहरु देहाय बमोजिम छन् ।

२०.१. प्रतिष्ठानले कतिपय औषधी उपकरण खरिदमा क्वालिटी कमिटीको रिपोर्ट नभएको, सवारीको लगबुक आंशिक मात्र भएको, सवारी ईन्धन खरिद प्रकृयालाई व्यवस्थित बनाउन नसकेको, केही खरिदमा खरिद ईकाईको निर्णय एवं आदेश संलग्न नभएको जस्ता कारणले प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणाली कमजोर देखिन्छ ।

२०.२. प्रतिष्ठानले आवश्यक वस्तु तथा सेवा खरीद गर्न खरीद कार्यवाहीको तयारी स्वरुप खरीद आवश्यकताको पहिचान, खरिद सम्वन्धि प्राविधिक पक्षहरुको निर्धारण, आपुर्तिकर्ता उपलव्धता, अघिल्ला वर्षहरुमा समान प्रकृतिका सामान, उपकरण, सेवा आदि खरीदको स्थिति र खरीद मूल्यको आधारमा चालुवर्षको खरीद कार्यवाही गर्ने, र खरीद गरिने मालसामान, वस्तु तथा सेवाको विवरण तयार गर्ने, त्यसरी तयार भएको विवरण अनुसार लागत अनुमान तयार गर्ने, खरीद विधि छनौट गर्ने, माल सामानको प्रकार, गुणस्तर निर्धारण गर्ने आवश्यक पर्ने परिमाण सम्वन्धी विवरण तयार गरी खरिदकार्य व्यवस्थितरुपमा गर्नु पर्नेमा विभिन्न विभागवाट माग भएका आधारमा केहि खरीद सिधै गर्ने गरेको केहि वोलपत्र तथा केहि सिलवन्दी दरभाउपत्र वाट खरिद गरेको देखियो । यस्ता कमजोरीहरुमा तत्काल सुधारगरी आबश्यकतामा आधारित बस्तु तथा सेवाहरु मितव्यी तवरमा खरिद र उपयोग गर्न आबश्यक देखिन्छ ।

२०.३. प्रतिष्ठान भित्र भाडामा सञ्चालित फार्मेसी संगको घरवहालको सम्झौता म्याद समाप्त भए पछि पनि प्रतिस्पर्धा नगराई पटक पटक न्युनतम रुपमा वहाल लिने गरी अवधि वढाईएको प्रतिष्ठान स्वयंले फार्मेसी सञ्चालन गर्ने वा प्रतिस्पर्धी र पारदर्शी तवरले वोलपत्र आव्हान गरी फार्मेसी सञ्चालन गर्न दिनु पर्ने देखियो ।

२०.४. सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको संसोधन वमोजिम यो प्रतिष्ठानमा खरिद कार्यको समग्र व्यवस्थापन गर्न खरीद महाशाखाको गठन गरी महाशाखाको माध्यमबाट सम्पूर्ण खरिद कार्य व्यबस्थित रुपमा मितव्ययी तवरबाट गर्नु पर्ने देखियो ।

२०.५. प्रतिष्ठान वाट उपकरण, मेसीनरी खरिद तथा अन्य मालसामान खरिद सम्वन्धी कार्य गर्दा स्वीकृत वोलपत्र सम्वन्धी कागजात (वीड डकुमेन्ट ) प्रयोग नभएको, खरिद सम्झौता गर्दा खरिद गरिने यन्त्र उपकरण, मालसामानको विल अफ क्वान्टिटी, स्पेसिफिकेसन र कार्यतालिका संलग्न गरी निर्धारित ढांचामा खरीद सम्झौता भएको पाईएन ।

२०.६. उपकरण खरिद गर्न भएको वोलपत्र प्रकियावाट सारभूत रुपमा ग्राहय फर्मको प्रस्ताव प्राविधिक मूल्याङ्कन समितिको ( वायोमेडिकल ईन्जीनियर सहितको ) सिफारिस वमोजिम उपकुलपति वाट

स्वकिृत भए पछि पुनः विभागीय प्रमुख वाट राय वभ्काई वढी कवुल कर्तासंग खरिद कार्यवाही गरेकोले प्रतिष्ठानलाई वढी व्यभार पारेको जस्ता कमजोरी देखिएको छ ।

२०.७. प्रतिष्ठानको समग्र वित्तीय अवस्था देखिने गरी वासलात आय व्यय विवरण लगायतका वित्तीय विवरण तयार गर्नु पर्नेमा विभिन्न किसिमका अध्ययन अनुसन्धान कार्यक्रम सञ्चान गर्न परिचालन गरिएको वित्तीय कारोवार तथा शान्ति कोष तर्फवाट सञ्चालित कारोवार आय व्यय विवरण र वासलातमा प्रतिविम्वित नभएकाले समग्र वित्तीय कारोवार आय व्यय विवरणमा समाबेस भएको देखिएन । सवै कारोवार समेटी वित्तीय विवरण तयार गर्नु पर्दछ । जिन्सी लेखा सफ्टवेयरमा राखेको पाईयो । वर्षान्तमा जिन्सी सामानको समग्र अवस्था देखिने गरी प्रमाणित प्रति अभिलेखको रुपमा राखेको पाईएन ।

२०.८. प्रतिष्ठानले वोलपत्रको माध्यमबाट खरिद गरेका यन्त्र उपकरणहरुमा उत्पादक कम्पनीबाट दिईएको वारेन्टी अबधि खाम्नेगरी कार्य सम्पादन नलिई आपूर्तकलाई पूरै रकम भुक्तानी दिएको र यस्ता वारेन्टीको अभिलेख समेत नराखी आपूर्तकलाई निजको दायित्वबाट उन्मुक्ति दिएको पाइयो । खरिद संझौताका शर्त अनुसार प्रत्याभूति अबधि खाम्नेगरी कार्य सम्पादन जामनत लिई सार्वजनिक स्रोत साधनको अधिकतम उपयोग संरक्षण र परिचालन गर्न  नितान्त जरुरी देखिन्छ ।

२१. **मर्मत सुधार अभिलेख** : प्रतिष्ठानको वासलात बिबरण अनुसार यो वर्ष मेसिन उपकरण मर्मतमा रु.५ करोड २२ लाख ४ हजार समेत कुल मर्मत खर्च रु. ११ करोड १० लाख ४८ हजार रहेको छ। प्रतिष्ठानमा छुट्टै मर्मत व्यवस्थापन शाखा खडा भै मर्मत सुधारसम्बन्धि कार्यहरु गर्दै आईरहेता पनि कुन उपकरण एवं औजार कहिले कहिले मर्मत गरियो, खरिद मुल्य हालसम्म कति प्रतिशत मर्मत सुधारमा खर्च गरियो भन्ने अभिलेख खडागरी राखेको पाइएन । अभिलेख नराख्दा टिकाउ अवधि एवं प्रभावकारिता भयो भएन भन्ने अवस्थाको यकिन हुन नसकेको स्थिती देखिन्छ। तसर्थ, प्रतिष्ठानले मर्मत सुधार सम्बन्धि खर्चको शुरुमूल्य सहित कुल मर्मत खर्च देखिनेगरी अभिलेख राख्नु पर्दछ ।

२२. **कम्प्यूटर लेखाप्रणाली** : प्रतिष्ठानको नियमावली, २०५५ को नियम १४.७(१) बमोजिम प्रतिष्ठानको लेखा दोहोरो लेखाप्रणाली बमोजिम राखिने व्यवस्था छ। प्रतिष्ठानले आर्थिक कारोबारलाई नियमित र व्यवस्थित गर्न प्रचलनमा रहेका सफ्वेयर त्तज्ञक, क्वबिचथ, भ्त्भलमभच सम्बन्धि सफ्टवेयर प्रयोग गरेको पाईयो । प्रतिष्ठानबाट आर्जन हुने आम्दानीको लागि सफ्वेयर सिस्टमले व्यवस्थित गरी नेपाल सरकार र भारत सरकारले दिएको अनुदान तथा शैक्षिक कार्यक्रम बाहेकको रु.६२ करोड १० लाख ४९ हजार आय देखाएको पाइयो । प्राविधिक ज्ञानको कारण आम्दानीको सफ्टवेयर सिस्टमको लेखापरीक्षण हुन नसकेकोले आम्दानीमा विश्वस्त हुन सकिएन । उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोबारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनीयता र आधिकारिकताका बिषयमा ध्यान दिनु पर्दछ ।

२३. **घर जग्गाको लगत** : वी.पी. कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान नियमावली, २०५५ को परिच्छेद १५ मा जिन्सी सम्पत्तिको लेखा र जिम्मा संरक्षण गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठान र सो अन्तर्गत रहेका घर जग्गाको लगत राखेको छैन। घर जग्गाको लगत राखी जग्गाधनी दर्ता प्रमाणपत्र प्राप्त गर्नुपर्नेमा सो गरेको देखिएन । घर जग्गाको जग्गा धनि दर्ता प्रमाण पत्र प्राप्त गरी मूल्य समेत खुलाई जिन्सी खातामा लगत अद्यावधिक गरि राख्नु पर्ने देखिन्छ।

२४. **सेवा अभिलेख** : वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को नियम १०.२४ बमोजिम रजिष्ट्रारको कार्यालयमा सेवा दर्ता किताब राख्नुपर्ने व्यवस्था छ । सोही किताबको आधारमा वार्षिक बितरण गर्ने तलब एकिनगरी प्रतिवेदन तयार गर्न, कर्मचारीको सञ्चित बिदा, अवकाश भएपछि पाउने उपदान र पेन्सन एकिन गर्न सकिने हुन्छ। तर रजिष्ट्रारको कार्यालयमा

त्यस्तो व्यवस्था पालना गरेको छैन । तसर्थ, शिक्षक तथा कर्मचारीहरुको सेवा दर्ता किताब रजिष्ट्रारको कार्यालयमा व्यवस्थित गर्नु पर्दछ ।

२५. **कबुलियतनामा** : वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली (संशोधन सहित), २०५५ को नियम २५(८) मा प्रतिष्ठानले पदस्थापनाको लागि विद्यार्थीहरुले नियम २५.७ अनुसार गरेको कबुलियतनामा र पदस्थापना गर्नुपर्ने आवश्यक संख्या स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनु पर्नेछ र यथासमयमा उनीहरुलाई उपयुक्त पदमा पदस्थापना गरी सेवामा लगाउनु स्वास्थ्य मन्त्रालयको कर्तव्य हुनेछ भनी उल्लेख गरिएको छ। प्रतिष्ठानको ३८ औं सभामा प्रस्तुत गरिएको नीति तथा कार्यक्रममा प्रतिष्ठानले उपर्युक्त नियमावली बमोजिम कबुलियतनामा गराई सो को जानकारी मन्त्रालयमा पठाउने गरेको र प्रतिष्ठानमा कबुलियतनामा गरी सहुलियत शुल्कमा अध्ययन समाप्त गरेका चिकित्सकहरुलाई स्वास्थ्य मन्त्रालयबाट आवश्यकता अनुसार काममा लगाउन नसकेको व्यहोरा उल्लेख गरिएको पाईयो। यस तर्फ स्वास्थ्य मन्त्रालयको ध्यान जानुपर्ने देखिन्छ ।

२६. **खरीद योजना** : सार्बजनिक खरीद ऐन २०६३ को दफा ६ मा सार्बजनिक निकायले खरीद गुरु योजना तथा बार्षिक खरीद योजना तयार गर्नु पर्ने र दफा ८ मा खरीद इकाइ गठन गर्नु पर्ने र सार्बजनिक खरीद नियमावली २०६४ को नियम ७ मा क्रमागत योजना र १० करोड भन्दा बढीको खरीदमा खरीद गुरुयोजना तयार गर्नु पर्ने उल्लेख छ । कार्यालयले खरिद आवश्यकताको पहिचान गरी खरिदको कूल विवरण, परिमाण र क्षेत्रको यकिन गरी वार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा सो अनुसार प्रतिष्ठानले वार्षिक खरिद योजना तयार गरिएको पाईएन ।

२७. **आर्थिक पक्षको विश्लेषण** : सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६४ मा बोलपत्रको परिक्षण गर्दा आर्थिक पक्षको विश्लेषण गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले यो वर्ष कतिपय ठेक्का व्यवस्थापनमा प्राविधिक पक्षको तथा आर्थिक पक्षको विश्लेषण गरेको पाईएन । प्राविधिक एवं आर्थिक पक्षको विश्लेषण नगर्दा ठेक्का व्यवस्थापन मितव्ययी र प्रतिष्पर्धी नभएको अवस्था देखिन जान्छ । प्रतिष्ठानको खरिदमा प्राविधिक एवं आर्थिक पक्षको विश्लेषण हुनु पर्दछ ।

२८. **लिलाम/मर्मत** : वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली (संशोधन सहित), २०५५ को नियम १५.२ मा जिन्सी सम्पत्तीको निरीक्षण गर्ने गराउने व्यवस्था रहेको छ । जिन्सी मालसामान के कस्तो अवस्थामा छन् भनी प्रत्येक आर्थिक वर्षमा कम्तीमा एक पटक जिन्सी निरीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा प्रतिष्ठानको जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गर्ने गरेको छैन । विभिन्न संस्था/पार्टीबाट निःशुल्क लागतमा तथा खरीद गरी प्राप्त भएका महत्वपूर्ण स्वास्थ्य उपकरण/मेशीनहरु मूल्य खुलाई राखेको र सो मेसिनहरुको ह्रास कट्टी गरी प्रतिष्ठानको वासलातमा देखाउने गरेको छैन । जिन्सी अभिलेखमा शुरु मौज्दात, यो वर्षको खरीद, यो वर्षको खर्च र अन्तिम मौज्दात देखिने गरी पूर्ण रुपमा अभिलेख नराख्दा जिन्सी व्यवस्थापन कमजोर देखिन गएको छ ।

२९. **पेश्की बांकी** : वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को नियम १४.८ (२) बमोजिमे म्याद भित्रै पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । प्रतिष्ठानको आ.व.को अन्त्यमा फछ्र्यौट हुन बांकी पेश्की रु ३७२३६७५२०।६२ देखिन्छ । बांकी पेश्की फछ्र्यौट हुनु पर्दछ ।

३०. **टुक्रे खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक रु.१० लाख भन्दा वढी रकमको खरिद गर्नु पर्ने भएमा वार्षिक खरिद योजना वनाउनुपर्ने र आवश्यकताको पहिचान गरेर खरिद कारवाही अगाडी वढाउनु पर्दछ । लेखापरीक्षणवाट छनौटमा परेका रु.१० हजार भन्दा वढी मूल्यको खरिद कार्य वोलपत्र र सिलवन्दी दरभाउपत्र वाहेकवाट जनरल तर्फको खरिद ३१४ पटक रु १०२८५२३४।०, मेडिसिन तर्फको खरिद १४४ पटक

१३६७४४६०।० तथा डेन्टल तर्फ १४ पटक ८५६२५०।० गरी रु २४८१५९४४।० खरीद गरीएको छ बार्षिक खरिद योजना तथा खरिद गुरुयोजना नवनाई खरिद कार्य भएको पाईएकोले खरिद कार्य नियमित र प्रभावकारी रुपले गर्न सकेको देखिएन। वार्षिक खरिद योजना बनाई बोलपत्रद्धारा खरिद गर्न प्रतिष्ठानले ध्यान दिनु पर्दछ।

३१. **खर्चमा मितव्ययिता** : प्रतिष्ठानको शैक्षिक क्यालेण्डर तथा अस्पतालको सेवा प्रवाहमा प्रभावकारीता ल्याउन खर्चमा मितव्ययिता र आयका श्रोतहरुको यथोचित व्यवस्थापन गरी संस्थालाई आत्मानिर्भरता तर्फ उन्मूख गराउनु पर्दछ । लेखापरीक्षणवाट स्थलगत अध्ययन अवलोकन तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतको अध्ययनवाट खर्चमा मितव्ययिता ल्याउन पर्ने देखिएको छ। यसका लागि निम्न उपाय अबलम्बन गर्न सकिने देखिन्छ।

३१.१. प्रतिष्ठानले नेपाल विद्युत प्राधिकरणसंग महंगो दरको डेडिकेटेड लाईन जडान गरेको र रात्रीको समयमा अस्पताल परिशर वाहेक आवासीय क्षेत्रहरुमा पनि सडक वत्तिमा वढी बिद्युत खपत भएको छ,। यसको सट्टामा सोलार वत्ति व्यवस्थापन गरी व्ययभार कम गर्न सकिन्छ।

३१.२. प्रतिष्ठानले डेडिकेटेड बिद्युत लाईन जडान गरी महङ्गो दरमा बिद्युत खपत गरेको र अर्को तर्फ सार्वजनिक अस्पतालहरु सञ्चालन गर्दा बिद्युत महशुलमा पाउनु पर्ने छुट सुबिधा समेत विगतमा प्राप्त गरिरहेकोमा हालका बर्षहरुमा सो सुबिधा प्राप्त नभई प्रतिष्ठानलाई करौडौ थप व्ययभार परेको पाईयो।अतःअन्य सार्वजनिकरुपमा सञ्चालित अस्पतालहरु सरह छुट सुबिधा लिन प्रयास गर्नु पर्ने देखिन्छ।

३१.३. यूटिलिटी सर्भिस र सुरक्षा सेवाको लागि आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण नभएको, कार्यबोझ र कार्य बिवरण बिपरित युटिलिटिजमा स्रोत परिचालन भएको देखियो।यस सम्बन्धमा कार्यबोझ एकीन गरी जनशक्ति व्यबस्थापन गर्न उपयुक्त हुने देखिन्छ।

३१.४. उपकरणहरुको Close Reagent खरिद गर्नका लागि उत्पादक मूल्य सूची वा आधिकारिक विक्रेताको प्रकाशित मूल्य सूची लिएर सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८५(३) वमोजिम खरिद गर्नु पर्नेमा सो नगरेको कारण खरिद प्रकिया नियमित,व्यबस्थित तथा मितव्ययी हुन सकेको पाईएन।

३१.५. मेडिकल ग्यांस खपतको आधार स्पष्ट हुने अभिलेख व्यबस्थित नभएकोले सोको खपतको अभिलेख व्यवस्थित गरीनु पर्दछ।

३२. **अद्यावधिक अभिलेख** : लिनु पर्ने विद्युत, भाडा तथा टेलिफोनको साविकको बांकी अभिलेख हालको नयां खातामा अद्यावधिक जिम्मेवारी नसारेको, असुल गर्नु पर्ने रकम लामो समय देखि असुल उपर नहुंदा व्यवस्थापनले तर ताकेता र असूली तर्फ ध्यान नपुऱ्याएको हुंदा यस्ता वक्यौता असुली कार्यमा प्रभावकारिता ल्याउन निश्चित जिम्मेवारी को किटान गर्नु पर्दछ।

३३. **कर दाखिला** : आय कर ऐन २०५८ दफा ९० अनुसार कट्टी भएको कर रकम २५ दिन भित्र तोकिएको राजश्व खातामा दाखिला गर्नुपर्नेमा प्रतिष्ठानले गत आर्थिक वर्षमा निम्नानुसार अग्रीम आयकर बापत कट्टा भएको रकम रु ४५२०९६४।० दाखिला नगरी वासलातमा दायित्व देखाएको पाईयो। ऐनको व्यवस्था अनुसार समयमानै कर रकम दाखिला गर्नु पर्दछ।

३४. **आय तर्फ** : प्रतिस्ठानको सम्पत्ति अधिकतम उपयोग र आम्दानी हुने गरी व्यवस्थापन हुनु पर्नेमा विगत वर्षमा भएका सम्झौता लाई नविकरण गरी भाडामा लगाईएको तथा कतिपयको म्याद थप समेत नगरी भाडामा लगाईएको पाईयो। साथै प्रतिष्ठानका कति सम्पत्ती भाडामा लगाउन सकिने अवस्थामा रहेका छन सो को अभिलेख समेत तयार गरेको देखिएन। प्रतिष्ठानको सम्पत्ति प्रतिस्पर्धा बेगर गत विगत वर्ष देखि विभिन्न १० फर्म तथा व्याक्तिलाई नविकरण गदै आएका

तथा म्याद थप समेत नगरी भाडामा लगाएको पाइयो । सम्पत्तिहरु भाडामा लगाउदा अधिकतम आम्दानी हुने गरी तथा प्रतिस्पर्धात्मक रुपमा वहालमा लगाउनुपर्ने देखिन्छ ।

३५. **औषधी बिक्री कक्ष** : प्रतिष्ठानको हाताभित्र औषधि बिक्री कक्ष सञ्चालन गर्न बोलपत्रको माध्यमबाट २०६४।१०।१ देखि लागू हुने गरी तीन बर्षका लागि मासिक भाडा रकम रु.७ लाख ४७ हजार बुझाउने गरी एक मेडिकलसँग सम्झौता भएकोमा सो करारको समयावधि २०६७।९।३० मा समाप्त भई प्रतिष्ठानको २०६७।९।३० को पत्रबाट अर्को व्यवस्था नभएसम्म पसल सञ्चालन गर्न दिइएको पाइयो । प्रतिष्ठानले ७ दिनभित्र पसल खाली गराउन जानकारी दिएता पनि खाली नगरी पुनः सोही पार्टीसँग मासिक १० लाख ६८ हजार भाडा लिने गरी बिना प्रतिस्पर्धा अर्को तीन बर्षका लागि पसल सञ्चालन गर्न सम्झौता गरेको देखियो । दोस्रो पटक सम्झौता गर्दा सम्झौताको शर्त बमोजिम तीन महिनाको भाडा बराबरको बैंक ग्यारेन्टी लिनुपर्नेमा सो समेत लिएको पाइएन । दोस्रो पटकको करार सम्झौताको अवधि पनि २०७१।३।३१ मा समाप्त भएता पनि २०७३।४।३२ सम्म बिना सम्झौता औषधि पसल सञ्चालन गरेको पाइयो । प्रतिष्ठानबाट पसल खाली गर्न २०७३।४।३२ मा जानकारी गराएता पनि पसल खाली नभई पुनः सोही मेडिकललाई कार्यकारिणी समितिको २०७३।७।२८ को निर्णयबाट हाल तिरी आएको रकममा १०-२० प्रतिशत थप गरी भाडा असूल गर्ने निर्णय भएको पाइयो । साथै २०७२।७३ सम्म निजले बुझाउनुपर्ने बहाल रु.२५,१२,१०३।- तथा सम्झौताको शर्त बमोजिम बुझाउनु पर्ने २५ प्रतिशत शुल्क समेतले हुने रु.३१,४०,१२८।७५ समेत असूल गर्न बाँकी रहेकोमा सो रकम लिनुपर्ने रकममा समावेश गरी वासलातमा समेत देखाएको पाइएन । यथाशिघ्र पसल कबल खाली गराई खुल्ला प्रतिष्पर्धा गराई बहालमा दिन र निजसँग असूल गर्न बाँकी रकम असूल गर्नु पर्दछ ।

३६. **वहाल रकम** : वहाल सम्झौता अनुसार सम्झौतामा तोकिएको रकम अर्को महिनाको १५ गते भित्र दाखिला गरी सक्नु पर्ने व्यवस्था रहेको छ । सो अवधिमा दाखिला नभएमा सो महिनाको मसान्त सम्म १५ प्रतिशत का दरले तथा सो पछिको अवधिमा २५ प्रतिशतका दरले जरीवाना तिर्नु पर्ने व्यवस्था रहेको छ । विभिन्न १६ व्याक्ति तथा फर्महरुले वहाल सम्झौता वमोजिम को रकम उल्लेखित अवधिमा दाखिला गरेको पाईएन तसर्थ तोकिएको मासिक भाडा रकम रु २१२९५०६।० तथा सोको जरीवाना समेत असुली गरी कोष दाखिला गर्नु पर्दछ ।

३७. **आम्दानी वाट सोझै खर्च** : प्रतिष्ठानलाई प्राप्त सवै प्रकारको आम्दानी श्रेष्तामा आम्दानी वांधी प्रतिष्ठानले तोके वमोजिमको आधारमा खर्च गर्नु पर्दछ । प्रतिष्ठानलाई प्राप्त रकम निर्णय वमोजिम खर्च गरे पनि आम्दानी वाट सोझै खर्च गरेको देखियो । जसवाट खर्च रकम सवै लेखांकन नभएको र लेखापरीक्षणका लागि समेत आम्दानी रकम मात्रको विवरण तथा श्रेस्ता पेश भएको, खर्च भएको रकमको वित्तीय विवरणमा समेत समावेस नभएकाले सोको लेखापरीक्षण हुन सकेन । आम्दानी शिर्षकवाट सोझै खर्च गर्ने प्रकृया लेखा सिद्धान्त विपरित देखिन्छ । यसरी खर्च गरेको मध्ये सि.टी. स्क्यान मेसिन सञ्चालनका लागि एक ईन्टरप्राईजेज संग भएको सम्झौतामा ६५ प्रतिशत सेवा प्रदायकलाई तथा ३५ प्रतिशत प्रतिष्ठानलाई हुने गरी सम्झौता भएको देखिन्छ । सम्झौता वमोजिम सेवा प्रदायकलाई यस वर्ष रु ३२६१७०० । तथा डाक्टरहरको राउण्ड चार्ज रु.१४६२०९१। समेत रु ४६९७०९२।० सोझै आम्दानी वाट खर्च गरेको पाईयो । सवै प्रकारका रकम नियमानुसार खर्च गर्नु पर्ने देखिन्छ ।

३८. **सि.टी. स्क्यान मेसिन** : सि.टी.स्क्यान मेसिन संञ्चालनका लागि पव्लीक प्राईभेट सहकार्य मोडल अर्न्तगत २०६८।५।११ मा ईमरजेन्सी वार्डमा प्रयोगका लागि एक प्रा.लि. संग अस्पतालको दर अनुसारको शुल्क लिई काम गर्नका लागि सम्झौता भएको देखिन्छ । उक्त मेसिन संञ्चानवाट भएको आम्दानीको ६५ प्रतिशत कम्पनीलाई तथा ३५ प्रतिशत प्रतिष्ठानलाई हुने गरी सम्झौता भएको देखिन्छ । आर्थिक वर्ष २०७२।७३ मा उक्त मेसिन संञ्चालनवाट २९८१०००।० आम्दानी

भएको भनीए पनि सोको पुष्टि हुने विवरण पेश भएन । उक्त कुल आम्दानी भनीएको रकमको ३५ प्रतिशत रकम मात्र आम्दानी जनाएको देखिन्छ । तसर्थ यसतर्फको कुल आम्दानी एकिन गर्न सक्ने श्रेस्ता तथा अभिलेख पेश हुन सकेन । आम्दानी श्रेस्ता व्यवस्थित गरी कुल आम्दानी कोष दाखिला गरी सम्झौता अनुसार बांडफांड गर्नु पर्दछ ।

३९. **कानुनी सल्लाहकार :** करार सम्झौता वमोजिम सेवाको पारिश्रमिक भुक्तानी हुनु पर्दछ । कानुनी सल्लाहका लागि २०६९।१२।७ मा मासिक रु २००००। दिने गरी अवधि नतोकी एक कानून विज्ञसंग कानुनी सेवा लिन सम्झौता भएको थियो । उक्त सम्झौता वमोजिम हाल सम्म नियमित रुपमा पारिश्रमिक भुक्तानी गरीएको देखिन्छ । सम्झौताको नविकरण नगरी यस वर्ष पनि वार्षीक रु २४००००।० भुक्तानी गरेको पाईयो । सम्झौता नविकरण नभएको तथा परामर्सको कार्य प्रकृया नतोकेकोले खर्च रकम नियमित देखिएन ।

४०. **लागत अनुमान** : सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११ वमोजिम मालसामानको लागत अनुमान तयार गर्दा मालसामानको स्पेसिफिकेसनको अधिनमा रहि तयार गर्नु पर्ने तथा सोही प्रकृतिको सामान जिल्लाका अन्य निकायले खरिद गरेको दर, स्थानीय वजार भाउ, उद्योग वाणिज्य संघले तोकेको दर समेतलाई  आधार मानी लागत अनुमान तयार गर्नु पर्दछ भन्ने व्यवस्था रहेकामा ३ वटा फर्म संग लिएको दरमा पनि उच्च मूल्यका आधारमा लागत अनुमान तयार गरी खरीद कार्य गरेको पाईयो। कार्यालय सामानमा ६२० प्रतिशत सम्म वढी लागत अनुमान स्वीकृत भएको छ । कम लागतमा खरीद गर्नका लागि लागत अनुमान तयार गर्दा नियमावलीको प्रावधानको पालना नगरेको साथै आफैले गत वर्ष खरिद गरेको दररेटलाई पनि आधारको रुपमा नलिएको, बजारबाट दरभाउपत्र लिदा पनि बिश्वसनीय र दरभाउ दिएका सामानको खरिद बिक्री गरेका व्यबसायी संग लिएका पाइएन । प्रचलित नियम कानुनको परिपालना नगरी लागत अनुमान तयार गर्दा व्यबसायीलाई अस्वाभाबिक फाईदा हुने र सेवाको लागत बढ्न जाने हुदा यस तर्फ सुधार गर्नु पर्ने देखिन्छ ।

४१. **अस्पताल भवन निर्माण** : प्रतिष्ठानको हाताभित्र ४०० शैयाको प्रशुति तथा शिशु स्याहार उपचार केन्द्र भवन निर्माण र ३८ युनिट पोष्ट ग्राजुएट छात्रावास निर्माण गर्न रु.२,३३,२२,९५,८३९।४३ को लागत अनुमान तयार गरी निर्माण व्यवसायीको पूर्व योग्यता निर्धारण गर्न २०७२।३।१ मा सूचना प्रकाशन गरी खरिद कारवाही प्रारम्भ गरेको पाइयो । प्रकाशित सूचना बमोजिम १२ थान पूर्व योग्यता सम्बन्धी कागजात बिक्री भएकोमा ६ वटाले दर्ता गरी सो को मूल्याङ्कन गर्न डेपुटी रजिष्ट्रारको नेतृत्वमा २०७२।६।६ मा ९ सदस्यीय मूल्याङ्कन समिति गठन भएता पनि सो समिति गठन भएको ९ महिनासम्म पनि मूल्याङ्कन गरी प्रतिवेदन दिन नसकेको र २०७२।१२।२७ मा मूल्याङ्कन गर्न बढी समय लागेका कारण कानुनी सल्लाहकारको राय माग गरेको देखियो । कानुनी सल्लाहकारबाट आयोजना सञ्चालनका लागि परामर्शदाता नियुक्त हुने प्रकृयामा रहेकोले प्राविधिक परामर्शदाताको राय लिई कार्य गराउन उपयुक्त हुने राय पेश भए बमोजिम परामर्शदाताको राय अनुसार कार्यकारिणी समितिको २०७३।२।१ को निर्णयानुसार पूर्वयोग्यता सम्बन्धी कारवाही रद्ध गरी २०७३।२।१४ मा पुनः बोलपत्र आव्हान गरी रु.२,१७,९७,९८,६५५।२८ को लागतमा तीन बर्षभित्र ४०० शैयाको प्रशुति तथा शिशु स्याहार उपचार केन्द्र निर्माण गर्ने गरी  एक निर्माण व्यवसायीसँग २०७३।३।२८ मा ठेक्का सम्झौता भएको छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् :

४१.१. अस्पताल जस्तो ठूलो लागतको संरचना निर्माण गर्दा खरिद गुरुयोजना तर्जुमा गरी सोही योजनाको अनुशरण गर्दै विस्तृत सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ्ग र लागत अनुमान तयार गरी उपयुक्त खरिद प्रक्रिया चयन गरी प्रतिस्पर्धी र पारदर्शी तवरले खरिद सम्झौता गरी कार्य गराउनुपर्नेमा अस्पताल भवनको विस्तृत ड्रइङ्ग, डिजाइन र लागत अनुमाननै तयार नगरी पूर्वयोग्यता सम्बन्धी

सूचना प्रकाशन भएको, पूर्वयोग्यता निर्धारण सम्बन्धी कारबाही अन्तिम चरणमा रद्ध गर्ने निर्णय लिइएको र अस्पताल भवनको डिजाईन, इष्टिमेशन, बोलपत्रसम्बन्धी कागजात तयार गर्न तथा भवन निर्माण कार्यको सुपरिवेक्षण गर्न एक परामर्शदाता को सिफारिसमा पहिलेको निर्माण गरिने कार्यक्षेत्रमा संकुचन समेत ल्याइएको, समय र लागतका दृष्टिकोणबाट र आबश्यकता पहिचानको पक्षबाट समेत तदर्थ रुपमा काम कारबाही भएको तथा व्यबस्थित रुपमा समयमै खरिद कार्य नभएका कारण प्रतिस्पर्धामा समेत सीमितता आई लागत अनुमानकै हाराहारीमा खरिद संझौता भएको स्थितिलाई मितव्ययिताका दृष्टिकोणबाट उपयुक्त देखिएन ।

४१.२. पूर्वयोग्यता सम्बन्धी निर्णय रद्ध भए पश्चात अस्पताल भवनको ड्रइङ्ग डिजाईन स्पेशिफिकेशन तथा लागत अनुमान तयार गर्ने र बोलपत्र सम्बन्धी कागजात तयार गरी निर्माण कार्यको सुपरिवेक्षण समेत गर्ने गरी नियुक्त परामर्शदाताबाट तयार गरिएको बिड डकुमेन्ट ( बोलपत्रसम्बन्धी कागजात ) मा त्रुटी भएको जनाई बोलपत्र सूचना प्रकाशित भए पश्चात निर्माण व्यवसायीबाट प्रि बिड मिटिङ्ग माग गरी त्रुटी सच्याउन अनुरोध गरे बमोजिम बोलपत्र पेश गर्ने अन्तिम दिनको अघिल्लो दिन सम्म (२०७३।३।११ ) पाँच पटक बोलपत्र सम्बन्धी कागजातमा संशोधन भएको छ । दोस्रो पटक आयोजनाको कार्यक्षेत्रमा संकुचन गरी अस्पतालको मात्र लागत अनुमान रु.२,१८,४५,९५,८३९।४३ कायम गरिएकोमा तीन वटा मात्र बोलपत्र परेकोमा दुई वटा बोलपत्र लागत अनुमानभन्दा बढी र एक वटा बोलपत्र रु.२,१७,९७,९८,६५५।२८ लागत अनुमानको ९९.७८ प्रतिशतमा खरिद सम्झौता भएको छ । प्रतिस्पर्धा तथा न्यून लागतका हिसाबले कार्य हुन सकेको पाइएन ।

४१.३. बोलपत्र आव्हान भए पछि बोलपत्र पेश गर्ने मितिसम्म पाँचौ पटक बोलपत्र सम्बन्धी कागजातमा संशोधन भएको ,संशोधन भएका पक्षहरुमा मूल्य समायोजन सम्बन्धी प्रावधान र कोफिसियन्ट पनि रहेको, मूल्य समायोजनका लागि फर्मुला समावेश भएता पनि निर्माणसँग सम्बन्धित मेशिन, निर्माण सामाग्री , ज्याला जस्ता पक्षमा वेटेज विभाजन नगरी नेपाल राष्ट्र बैंकको मूल्य सूचीका आधारमा मूल्य समायोजन गर्ने प्रावधान राखिएको र खरिद सम्झौतामा आधार मूल्य सूची समावेश गरी सम्झौता समेत गरेको पाइएन । यसबाट खरिद व्यवस्थापन व्यवस्थित देखिएन । यसैगरी निर्माण कार्यको लागत अनुमान तयार गर्दा प्रयोग गरिएको नर्म्स र गणनामा समावेश गरिएको निर्माण सामाग्री ज्याला, भाडा जस्ता पक्षहरुको दररेटको स्रोत समेत संलग्न गरी दर बिश्लेषण र लागत अनुमान साथ समावेश नहुँदा लागत अनुमानको आधार स्पष्ट भएन ।

४२. **परामर्श सेवा खरिद** : मेटर्निटी तथा शिशु स्याहार उपचार केन्द्र भवन र ३८ युनिट पोष्ट ग्राजुयट छात्रावास भवन निर्माण कार्यको विस्तृत डिजाइन, ड्रइङ्ग, बोलपत्र तथा ठेक्का सम्झौता सम्बन्धी कागजात तयार गर्ने र भवन निर्माण कार्यको सुपरिवेक्षण समेत गर्ने कार्यका लागि परामर्शदाताको सेवा आवश्यक ठहराई २०७१।११।११ मा आशयपत्र माग गरी सूचना प्रकाशन गरिएकोमा ९ वटा परामर्शदाता फर्मबाट आशयपत्र पेश भएको मध्ये ७ फर्महरु संक्षिप्त सूचीमा सूचिकरण गरी २०७१।१२।२५ मा ती फर्मबाट रिक्वेष्ट फर प्रपोजल माग गरेको पाइयो । सूचिकृत भएका सात फर्मबाटै प्रस्ताव पेश भएकोमा एक परामर्शदाता फर्मबाट परेको उजुरीका आधारमा तत्काल खरिद कारवाही निलम्बन गर्ने निर्णय ०७३।३।२८ मा भएको पाइयो । बिड भ्यालिडिटी पिरियड समाप्त भएको लगायतका कारण जनाई माग भएका आशयपत्र रद्ध गरी पुनः आर्थिक तथा प्राविधिक प्रस्ताव माग गर्ने निर्णय २०७२।१०।५ मा गरी सोही मितिमा पुनः संक्षिप्त सूचीमा रहेकै फर्मबाट आशयपत्र माग गरेकोमा ६ वटा फर्मबाट प्रस्ताव पेश भएको मध्ये एक कन्सल्ट प्रा.लि., काठमाडौं छनौट भई परामर्श सेवा बापत डिजाईन फेजको भवन निर्माण लागतको १ प्रतिशत र सुपरिवेक्षण फेजको ०.४ प्रतिशत परामर्श सेवा शुल्क दिने गरी २०७२।१२।१७ मा सम्झौता

भएको छ । परामर्शदातालाई लेखापरीक्षण अवधिसम्म रु.२,४६,३१,७२४।८० भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसारछन् : -

४२.१. परामर्शदाता फर्महरु (सूचिकृत) बाट पहिलो पटक माग गरिएको प्रस्ताव बिरुद्ध परेको उजुरीमा एउटै बिज्ञको बायोडाटा अलग अलग फर्ममा समावेश गरी बिज्ञको रुपमा प्रस्ताव गरेको, एकभन्दा बढी फर्ममा बायोडाटा पेश गर्ने बिज्ञसँग प्रतिष्ठानको तर्फबाट कुन परामर्शदाता फर्ममा काम गर्ने भनी लिखित रुपमा सोधनी गरिएको र केही बिज्ञबाट लिखित जवाफ सहित आफूले काम गर्न चाहेको फर्मको नाम उल्लेख गरी निवेदन समेत दिएका आधारमा मूल्यांकन भएको समेत पाइयो । विभिन्न परामर्शदाता फर्मले एउटै विज्ञको बायोडाटा राखी प्रस्ताव पेश गर्ने र विज्ञहरुबाट पनि एक भन्दा बढी फर्मलाई एउटै कार्यमा काम गर्ने सहमति साथ आफनो बायोडाटा उपलव्ध गराईनु सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ को उपदफा (२) मा उल्लिखित आचरण पालना गरेको देखिदैन ।

४२.२. परामर्शदाताबाट तयार भएको बोलपत्र सम्बन्धी कागजात (बिड डकुमेन्ट) मा निर्माण कार्यको बोलपत्र आव्हान गरेपछि निर्माण व्यवसायीले माग गरे बमोजिम बोलपत्र पेश गर्ने अन्तिम दिनको अघिल्लो दिन सम्म पाँचौ पटक बोलपत्र सम्बन्धी कागजातका प्रावधानहरुमा संशोधन भएको पाइयो । परामर्शदाताबाट तयार गरिएका कागजातमा भएको त्रुटीका कारण यो अवस्था देखिएको पाइन्छ । साथै परामर्शदाताबाट तयार गरिएको लागत अनुमानमा आधार लिएको नर्म्स र सामाग्री तथा ज्यालाको दररेटको आधार स्पष्ट हुने प्रमाण पनि संलग्न गरेको पाइएन ।

४२.३. परामर्शदातालाई डिजाईन फेजको पुरै रकम भवन निर्माणको ठेक रकम २,१७,९७,९८६,५५।२८ को १ प्रतिशतले हुने रु.२,१७,९७,९८६।५५ मा १३ प्रतिशत मूल्य अभिवृद्धि कर थप गरी रु.२,४६,३१,७२४।८० भुक्तानी भएको पाइयो । परामर्शदाता सँग भएको सम्झौताको दफा १० मा " Cosultant shall be responsible for taking out any appropriate insurance coverage " भनी उल्लेख भएको तर परामर्शदाताका तर्फबाट कुनै प्रकारको बीमा नगरी डिजाइन फेजको पूरै रकम भुक्तानी दिइनु उपयुक्त देखिएन । अतः परामर्शदाता भवनको डिजाईन तथा निर्माण दुवै फेजमा संलग्न भएकोले भवनको डिजाईन, गुणस्तर लगायतका अन्य जोखिम समेत वहन गर्न सक्ने गरी बिमा गराउनु पर्दछ ।

४३. **सडक मर्मत** : प्रतिष्ठान परिसर भित्रको सडक (कालोपत्र ) मर्मत गर्न रु.१,८३,५३,४६९।६० को लागतमा २०७२।४।३० भित्र निर्माण सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७२।२।१ मा सम्झौता भएकोमा २०७२।९।२१ मा सम्पन्न देखाई रु.२०४२५७३१।४९ भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :-

४३.१. सडक मर्मत कार्य २०७२।९।२१ मा सम्पन्न देखाइएता पनि २०७२।९।२० अर्थात १ दिन अगाडि मात्र रु.२५,४३,९०४।६३ को कार्य भेरियशन आदेशद्धारा थप गरिएको पाइयो । अर्कोतर्फ निर्माण व्यवसायीलाई अन्तिम बिल भुक्तानी २०७३।३।८ मा मात्र दिएको पाइएकोले ०७२।९।२१ मा निर्माण सम्पन्न भएको मान्न मिल्ने आधार देखिएन । यसैगरी सडक निर्माणको लागत अनुमान, ठेक्का, नापी किताब कतै पनि (ड्रइङ्ग) च्यानेज नम्बर उल्लेख गरेको छैन भने नापी किताबमा भुक्तानी रकम समेत समावेश गरेको पाइएन ।

४३.२. ठेक्का सम्झौता गर्दा पेश गरेको परफरमेन्स बण्ड रु.१०,३७,०००।- को मान्य अवधि २०७३।१।२६ मा समाप्त भएको पाइयो । निर्माण सम्पन्न भएको र Taking Over Certificate दिएको मितिले ३६५ दिन पछि सम्म मान्य अवधि भएको कार्य सम्पादन जमानी सम्झौताको शर्त अनुसार आवश्यक पर्नेमा त्रुटी सच्याउने अवधि खाम्ने गरी कार्यसम्पादन जमानी लिएर मात्र ठेक्का म्याद

थप गर्नुपर्नेमा सो अनुसार गरेको नपाइएकोले निर्माण व्यवसायी त्रुटी सच्याउने जिम्मेवारीबाट मुक्त हुने र सार्वजनिक निकायले हानी व्यहोर्नु पर्ने स्थिति श्रृजना हुनसक्ने देखिया ।

४४. **वारेन्टी पिरियड** : ई.एन.टि.नेभिगेशन सिस्टम (मेशिन) खरिद गर्न रु.१,४२,७९,०४०।५५ को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट एक आपूर्तकसँग रु.८९,२६,२००।-(अमेरिकी डलर ८७,०००।-) मा खरिद गरेको पाइयो । खरिद गर्न २०७२।३।२४ मा सम्झौता गरी प्रतितपत्र खोलेको १२० दिनभित्र मेशिन आपूर्ति गरिसक्ने गरी सम्झौता भएको र सो प्रयोजनका लागि २०७२।३।३० मा प्रतितपत्र समेत खोली २०७२।७।१० मा मेशिन प्राप्त भएको जनाई ०७२।१०।६ मा जिन्सी दाखिला भएको छ । सो मेशिनको लागत अनुमान तयार गर्ने प्रयोजनका लागि विभिन्न ८ फर्मसँग दररेट माग गरिएकोमा २ फर्मबाट मात्र पेश भएको र सोही दररेटका आधारमा लागत अनुमान तयार भएको पाईयो । यस्तै मेशिन खरिद गर्ने अन्य स्वास्थ्य संस्थाबाट खरिद भएको दररेट लिने प्रयास गरेको पाइएन । साथै खरिद सूचनाको शर्त ६ मा उल्लेख भए बमोजिम आपूर्ति हुने मेशिनको सामान दाखिला मितिले २ बर्ष वारेन्टी पिरियड हुने स्पष्ट उल्लेख भएकोमा आपूर्तकसँग वारेन्टी पिरियड खाम्ने गरी कार्य सम्पादन जमानत लिनुपर्नेमा रु.४,५०,०००।- को जुलाई ७, २०१६ सम्म मात्र मान्य अवधि भएको जमानत पत्र लिएको पाइयो । मेशिन प्राप्त मिति ०७२।१०।६ बाट वारेन्टी अवधि २०७४।१०।५ सम्म खाम्ने गरी कार्य सम्पादन जमानत लिनुपर्ने र लागत अनुमान तयार गर्दा प्रतिस्पर्धी बजार मूल्य को आधारमा तयार गर्नुपर्ने देखियो ।

४५. **बढी दायित्व** : डाइग्नोष्टिक किट रिएजेन्ट खरिद कार्यको लागत अनुमान तयार गर्दा एक ट्रेडिङ्ग कन्सर्नबाट मात्र दररेट लिई रु.१,२६,४२,६५४।- लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरिएकोमा तीन वटा फर्मबाट बोलपत्र पेश भएकोमा एक फर्मले रकम कबुल नगरेका कारण प्रभावग्राही नभएको र अर्को फर्मले ९२,८१,०००।- कबुल गरेकोमा उत्पादक कम्पनीको अधिकृत बिक्रेता भएको प्रमाण संलग्न नगरेको जनाई सोही कन्सर्नकै रु.१,२४,८७,५००।- को बोलपत्र स्वीकृत गरी सोही फर्मबाट किट र रिएजेन्ट खरिद गरी भुक्तानी समेत भएको पाइयो । लागत अनुमान तयार गर्दा गत विगतको वास्तविक लागत ( अन्य निकाय समेतबाट प्राप्त गरी ) वा एक भन्दा बढी श्रोतबाट दररेट प्राप्त गरी खरिद कार्य नहुँदा प्रतिष्ठानलाई रु.३२,०६,५००।- प्रत्यक्ष रुपमा बढी दायित्व पर्न गई सोमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर समेत जोडी भुक्तानी गर्दा रु. ३६,२३,३४५।- थप व्ययभार पर्न गएको देखिएको छ ।

४६. **लागत अनुमान** : वेड साइड मोनिटर ७ थान खरिद गर्ने प्रयोजनमा लागत अनुमान तयार गर्दा तीनवटा फर्मबाट अमेरिकी डलर क्रमशः ५९८५, ९२४० र ३५०० दररेट प्राप्त गरी औषतमा अमेरिकी डलर ६२४१।६७ कायम गरी ७ सेटको रु.४६,७४,१३४।- कायम गरी बोलपत्र समेत आव्हान गरी २५,४८,२९२।- मा ७ थान वेड साइड मनिटर खरिद भएको छ । यसैगरी पुनः वेडसाइड मोनिटर खरिद गर्न अर्को लागत अनुमान तयार गर्न तीनवटा फर्मसँग पुनः दररेट माग गर्दा प्रतिगोटा रु.१०,४३,६२३।४७ सरदर दररेटका आधारमा रु.१०४३६२३४।७० लागत अनुमान तयार गरी बोलपत्र आव्हान गर्दा रु.७०,०३,७००।- मा सोही सप्लायरको बोलपत्र छनौट गरी भुक्तानी भएको छ । एउटै उपकरण एउटै आर्थिक बर्षको अवधिमा फरक फरक लागत अनुमान तयार गर्ने , एउटै प्याकेजमा खरिद गरिएमा मितव्ययी र प्रतिष्पर्धी हुने र समय र लागत समेत कम पर्नेमा त्यसतर्फ विचार नगरी खरिद गर्नाले दोस्रो पटक खरिद गरिएका १० थान खरिदमा रु.३३,६३,२८०।- थप व्ययभार पर्न गएको देखिन्छ ।

४७. **डिफिव्रिलेटर खरिद** : सात थान डिफ्रिविलेटर खरिद गर्न लागत अनुमान तयार गर्न चार वटा फर्मबाट दररेट प्राप्त गरी रु.८४,७९,७८८।५९ लागत अनुमान स्वीकृत गरि सकेपछि गतबर्षको प्रतिष्ठानबाटै भएको लागत अनुमानको दर अनुसार रु.५०,२२,७२१।९२ कायम गरी ०७२।११।२७ मा बोलपत्र आव्हान गरिएकोमा दुई बोलपत्र दर्ता भएको थियो । ती मध्ये एक इन्टरनेशनलको

रु.२९,६६,८८०।- र अर्का एक मेडिकल सप्लायर्सको रु.४६,४१,१९६।- रहेको छ। यस सम्बन्धमा बोलपत्रको प्राविधिक पक्षका बारेमा एनेस्थेसियोलोजी एण्ड क्रिटिकल केयर विभागसँग राय माग भएकोमा दुवै बोलपत्रवालाको एफ.डि.ए.प्रमाणित नभएकोले सिफारिश गर्न नसकिने राय २०७३।२।८ मा प्राप्त भएको। पुनः बायोमेडिकल इन्जिनियरसँग राय माग गरिएकोमा २०७३।३।१३ मा घटी कबुल गर्ने बायोमेडको नै गुणस्तरीय भएको राय पेश भए बमोजिम उपकुलपतिबाट ०७३।३।१४मा बायोमेड इन्टरनेशनलको बोलपत्र स्वीकृत भएको देखिन्छ। बोलपत्र स्वीकृत भएपछि पुनः विभागीय प्रमुखबाट प्रस्ताव अस्वीकार्य भनी उपकुलपतिले गरेको निर्णयमा कैफियत जनाएका आधारमा न्यूनतम कबुल गर्नेको गुणस्तरीय उपकरण हुँदाहुँदै रु.४६,४१,१९६।- कबुल गर्ने मेडिकल सप्लायर्ससँग सम्झौता गरी उपकरण खरिद गर्नाले प्रतिष्ठानलाई अनावश्यक रुपमा रु.१६,७४,३१६।- थप व्ययभार पारेको देखियो।

४७.१. **मोडयुलर अपरेशन थिएटर खरिद** : प्रतिष्ठानले मोड्यूलर अपरेशन थिएटर एक खरिद र इन्स्टलेशन समेतका लागि तीन वटा फर्मबाट दरभाउ लिई रु.१३,६३,३६,८१०।- को लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा तीनवटा फर्मले बोलपत्र पेश गरेकोमा रु.८,९४,२३,७०४।४० कबुल गर्ने एक इन्टरनेशनलसँग खरिद सम्झौता २०७३।३।३० मा भएको पाइयो। अपरेशन थिएटर खरिदका लागि लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ र ११ मा उल्लिखित कुराहरुलाई विचार गरी यस्ता उपकरणको व्यवसायिक कारोबार गरेका फर्म, संस्था, कम्पनी वा उत्पादकबाट दररेट लिने तथा यस्तै मोड्यूलर अपरेशन थिएटर खरिद र स्थापना गरेका अन्य प्रतिष्ठान, निकाय तथा अस्पतालहरुबाट वास्तविक खरिद लागत प्राप्त गरी सोही आधारमा लागत अनुमान तयार गरी प्रतिस्पर्धी तवरले खरिद कार्य गराउनुपर्नेमा तीन वटा फर्महरुबाट दररेट लिई औषतमा निकाली रु.१३,६३,३६,८१०।- लागत अनुमान तयार गरेको छ। तीन वटा दररेट पेश गर्ने मध्ये दुई वटाले यस्तो उपकरणको कारोबार नगर्ने व्यहोरा निजहरुले नै बोलपत्रमा प्रतिष्पर्धा नगरेको कारणबाट प्रष्ट हुन आउँछ। बोलपत्र पेश गर्ने तीन फर्म मध्ये पनि सबैभन्दा घटी कबुल गर्ने एक ट्रेड इन्टरनेशनलको कबुल रकम रु.८,२२,८२,२६०।- को बोलपत्र प्राविधिक मूल्याङ्कनलाई आधार बनाई अस्वीकृत गरी दोस्रो घटी कबुल गर्ने एक इन्टरनेशनलको रु.८,९४,२३,७०४।४० को बोलपत्र स्वीकृत भएको छ। बोलपत्रको प्राविधिक मूल्याङ्कन गर्न गठित समितिले दिएको प्रतिवेदनमा तीनवटै बोलपत्रदाताका त्रुटी औंल्याई ती मध्ये एक इन्टरनेशनलको प्रस्ताव अधिकतम रुपमा स्पेशिफिकेशनसँग मिल्ने व्यहोरा उल्लेख छ। आम नागरिकलाई लाग्ने कडा रोगको निदान र उपचार गर्ने उपकरण र उपचार कक्षको प्राविधिक स्पेशिफिकेशन अधिकतम र न्यूनतम भन्ने हुँदैन। तोकिएका सबै मापदण्ड पुगेको हुनुपर्दछ। यसर्थ प्राविधिक समिति गठन र यसको प्रतिवेदन सामान्य औपचारिकता बाहेक संस्थाको हितमा रहेको पाइएन। अतः न्यूनतम कबुल गर्नेसँग खरिद सम्झौता नगरी बढी कबुल गर्ने (लागत अनुमान तयार गर्न दररेट उपलब्ध गराउने) सँग सम्झौता गरी प्रतिष्ठानलाई अनावश्यक व्ययभार परेको रु.७१,४१,४४४।४० लाई नियमित देखिएन।

४८. **क्याथल्याव मेशिन** : क्याथल्याव मेशिन खरिद गर्ने प्रयोजनका लागि स्वास्थ्य सेवा विभागले तयार गरेको स्पेसिफिकेशनलाई नै आधार मानी स्वास्थ्य सेवा विभागका बायोमेडिकल इन्जिनियरले करिब ८ लाख अमेरिकी डलर मूल्य पर्ने जानकारी दिएका आधारमा अमेरिकी डलर ८ लाख नै लागत अनुमान स्वीकृत गरी बोलपत्र आव्हान गरिएकोमा एक मात्र बोलपत्र दर्ता भई अमेरिकी डलर ७,९३,०००।- मा आपूर्ति गर्ने गरी मिति २०७३।३।२८ मा खरिद सम्झौता भएको छ। क्याथल्याब मेशिनको लागत अनुमान तयार गर्दा सम्बन्धित व्यवसायीबाट तथा यस्तै उपकरण खरिद गर्ने अन्य संस्थाबाट सूचना लिई तयार गरेको पाइएन। स्वास्थ्य सेवा विभागबाट तयार

गरिएको क्याथल्याब मेशिनको स्पेसिफिकेशन अनुरुपकै मेशिनको लागत अनुमान अमेरिकी डलर ७,००,०००।- कायम गरी बोलपत्र आव्हान गर्दा २०७२।७३ मा स्वास्थ्य मन्त्रालय मातहत एक निकायले अमेरिकी डलर ६,४०,०००।- मा खरिद गर्ने गरी २०७३।३।२८ मा सम्झौता भएको छ । एकै दिन एउटै उपकरण खरिद गर्न दुई संस्थाले गरेको खरिद सम्झौतामा २४ प्रतिशतले मूल्यमा फरक परेको देखियो । सार्वजनिक खरिद कार्य मध्ये मालसामान उपकरणको लागत अनुमान जति विश्वसनीय आधारमा तयार गरिन्छ त्यतिनै प्रतिस्पर्धी र मितव्ययी कार्य हुन जान्छ । लागत अनुमान गर्दा विश्वसनीय आधार बेगर गरेका कारण प्रतिष्ठानलाई रु .१,६८,००,०००।- थप दायित्व परेको देखियो । अतः खरीद कार्यवाही गर्दा संस्थाको हितमा हुने गरी गर्नु गराउनु पर्ने देखिन्छ ।

४९. **अक्सिजन जेनरेटर खरिद** : अक्सिजन जेनरेटर सिष्टम खरिद गर्न २०७१।५।२५ मा रु.३,०५,२८,०००।- को लागत अनुमान तयार गरी ०७१।६।२४ मा बोलपत्र समेत आव्हान भई बोलपत्र दर्ता भएका ३ मध्ये प्राविधिक रुपले उपयुक्त रु.२,८५,८३,५५०।- कबुल गर्ने एक आपुर्तकको बोलपत्र स्वीकृत गर्न प्राविधिक समितिबाट २०७१।१०।२८ मा सिफारिश भएकोमा बोलपत्रको घोषणापत्रमा मौलिक दस्तखत नभएको जनाई ०७१।१०।२९ मा बोलपत्र रद्ध गरेको पाइयो । यसै गरी तीन फर्मबाट नयाँ दररेट लिई रु.४,९६,००,०००।- लागत अनुमान स्वीकृत गरी ०७२।१२।५ मा बोलपत्र आव्हान गरिएकोमा चार बोलपत्र दर्ता भई सबैभन्दा घटी कबुल गर्ने एक इन्टरनेशनलसँग रु.३,२४,०६,४००।- मा खरिद गर्ने गरी २०७३।३।२९ मा खरिद सम्झौता भएको छ। बोलपत्रदाताले केशर रोररी स्कृउ कम्प्रेशर मोडल डि.एस.एच.२३८ को सट्टामा हाईयर मोडल डि डि ३०५ उपलव्ध गराउन मन्जूर भएको भनी बोलपत्रमा प्रस्ताव गरेको भन्दा फरक अक्सिजन जेनरेटर लिन मूल्याङ्कन समितिले सिफारिश गरे बमोजिम बोलपत्र स्वीकृत र खरिद सम्झौता गरेको छ। मूल्याङ्कन समितिलाई यस्तो व्यहोरा सूचनाको रुपमा ग्रहण गर्न र सिफारिश गर्न कुनै कानूनले पनि अनुमति नदिने हुँदा कानुन सम्मत देखिएन। साथै अघिल्लो आर्थिक बर्षमै न्यून लागतमा आपूर्ति हुन सक्ने अवस्था हुँदा हुँदै पुनः लागत अनुमान तयार गर्ने र खरिद कार्य गर्नाले लागतमा समेत बृद्धि भएको छ । खरिद कार्य गर्दा नियमित प्रक्रिया अवलम्बन नगरी प्रतिष्ठानलाई रु ३८२२८५०।०० अनाबश्यक थप व्ययभार परेको देखिन्छ ।

५०. **सी.ए.पि.डी फ्ल्युड खरिद** : गत बर्षको दर र ३ सप्लायर्सबाट लिईएको कोटेशनको दरलाई औसत मानी रु.३५,७७,०००।- लागत अनुमान तयार गरी स्वीकृत गरेको पाईयो। एक सप्लायर्सले मिति ०७२।१।६ मा प्रतिष्ठानमा CAPD Fluid प्रति गोटा रु.३६०।- को कोटेशन पेश गरेकोमा लागत अनुमान तयार गर्दा ३७०।- राखी २०७२।१।२० मा ३५,७७,०००।- लागत अनुमान स्वीकृत गरेर मिति ०७२।१।२३ मा बोलपत्र आव्हान गरेको पाईयो । बोलपत्रको सूचना बमोजिम दाखिला भएका २ वटा बोलपत्र मूल्यांकनका लागि गठित समितिले मिति ०७२।३।१० को निर्णयमा दुवै बोलपत्रदातालाई अप्रभावग्राही गठर गरी शुरुकै सप्लायर्सले दिएको कोटेशन दर ३६०।- राखेर हुने रु.३५,५१,५५०।- लागत अनुमान सच्याउन सिफारिश गरे पश्चात पुनः लागत अनुमान समेत सच्याई दोश्रो पटक ०७२।३।१५ मा बोलपत्रको सूचना प्रकाशन गरेको पाईयो । बोलपत्र आव्हान भएर मूल्यांकन समितिले लागत अनुमानमा नै त्रुटी रहेको औँल्याएर पुनः लागत अनुमान नै सच्याउन सिफारिश गर्नुले लागत अनुमान तयार गर्दा गम्भिरताका साथ ध्यान पुरयाएको छैन । यसमा सुधार हुनुपर्दछ ।

५१. **लागत अनुमान** : डायग्नोस्टिक किट्स तथा रिएजेन्ट खरिद गर्नका लागि तयार गरिएको लागत अनुमानमा Anti AB Tulip गत बर्ष रु.१६/९५ (प्रति भायल) मा खरिद गरिएकोमा लागत अनुमान तयार गर्दा लिईएको कोटेशन समेतको औसतबाट रु.५६९।३९ मूल्य कायम गरी लागत

अनुमान तयार गरी स्वीकृत गरेको पाईयो । गत बर्षको खरिद दरभन्दा ३३.५९ गुणा बढी दरले लागत अनुमान तयार गरेको पाईएकाले लागत अनुमान यथार्थपरक देखिएन ।

५१.१. मिति २०७२ जेठ १३ मा प्रकाशित बोलपत्र सूचनामा Anti AB (Tulip) ५० Vial माग गरिएकोमा मिति २०७२।३।९ मा सूचना प्रकाशत गरी Anti AB (Tulip) को बोलपत्रको परिमाण सच्याई १५० भायल कायम गरिएको पाईयो । मिति ०७२।४।१३ मा एक इन्टरनेशनलसँग ठेक्का सम्झौता गरिएको थियो । सम्झौतामा खरिद आदेशमा उल्लेखित समयभित्र सामान आपूर्ति नगरे कारवाही गर्न सकिने व्यवस्था छ । निज इन्टरनेशनललाई खरिद आदेश मार्फत १५० भायल आपूर्ति गर्न अर्डर गरिएकोमा २० भायल मात्र आपूर्ति गरेकोमा सम्झौताको शर्त अनुसार निजबाट पूर्वनिर्धारित क्षतिपूर्ति लिई कारवाही गरेको पाईएन ।

५१.२. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० को उपनियम (४) अनुसार, खरिद सम्झौतामा अन्यथा व्यवस्था बाहेक कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित मालसमान आपुर्ति वा हस्तान्तरण गर्नु पर्ने अवधि वा वारेन्टी को अबधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व को अवधि भन्दा कम्तीमा एक महिना बढि अबधिको हुनु पर्ने व्यवस्था रहेको छ । त्यस्तै सम्झौताको बुँदा नं. १ मा सम्झौताको अबधि १ आर्थिक बर्षसम्म कायम रहन जस अनुसार कार्यसम्पादन जमानतको मान्य अबधि घटी मा पनी साउन मसान्त सम्म हुनु पर्ने तर सो भएको पाइएन ।

५२. **बोलपत्र स्वीकृतिः** सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (१) वमोजिम सार्वजनिक निकायले सोही ऐनको दफा २५ वमोजिमको न्युन मूल्याङ्कीत सारभूतरपमा प्रभावग्राही वोलपत्र स्वीकृत गर्नु पर्ने व्यवस्था गरेको छ । त्यस्तै सोही ऐनको दफा २६(१) वमोजिम वोलपत्र अस्वीकृत गर्ने र रद्द गर्न सक्ने व्यवस्था रहेको छ । सो व्यवस्था अनुसार सारभूत रुपमा प्रभावग्राही नभएको, कवोल अंक लागत अनुमान भन्दा वढी भएमा तथा वोलपत्र गरीएको सामान सार्वजनिक निकायलाई आवश्यक नपरेमा मात्र अस्वीकृत गर्नु पर्ने व्यवस्था रहेको छ । वोलपत्र स्वीकृतका लागि वोलपत्र मूल्याङ्कन समितिको सिफारीसमा सारभूत रुपमा प्रभावग्राही भएकोमा विना आधार कानुनी व्यवस्था विपरित प्रतिष्ठानले निम्नानुसार वोलपत्र अस्वीकृत गरी खरीद कार्य गरेको पाईयो ।

५२.१. प्रतिष्ठानका लागि आवश्यक प्रिन्टीङ कार्यका लागि विभिन्न २२५ आईटमका लागि रु १७१६९१६६।- लागत अनुमान तयार गरी २०७२।१।८ मा वोलपत्र भएको देखिन्छ । उक्त वोलपत्र २०७२।२।६ मा खोलेकोमा विभिन्न ५ फर्मको वोलपत्र दर्ता भएको देखिन्छ । उक्त वोलपत्रहरु मूल्याङ्कन गर्दा न्युन मूल्याङ्कीत लागत अनुमान भन्दा २६.७६ प्रतिशत कम रु ११२७४६०।० कवोल्ने एक ट्रेडिङ हाउसको वोलपत्र स्वीकृत गर्न निर्णय भई सो सिफारीस समेत भएको देखिन्छ । मूल्याङन समितिको सिफारीस भई सकेपछि विभिन्न आधार देखाएर कानुनी सल्लाहाकार समेतको कानुनी आधार विनाको राय वमोजिम वोलपत्र अस्वीकृत गरी पुन ६ महिना पछि २०७२।६।७ मा पुन वोलपत्र भएको देखिन्छ । पुन वोलपत्र हुंदा सुरु वोलपत्रको न्युन कवोल अंक भन्दा रु २०७३८१४। वढी रु १३५१०९२५।० कवोल्ने एक प्रिन्टीङ प्रेसको वोलपत्र स्वीकृत गरी खरदि कार्य भएको छ । प्रथमपटकको वोलपत्रमा खरीद ऐन वमोजिम न्युन मूल्याङ्कीत वोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको अवस्था हुंदा हुदै पुन वोलपत्र गरी खरीद कार्य गर्दा वढी लागत परेको छ । वोलपत्र सारभूत रुपमा प्रभावग्राही छ छैन मूल्याङ्कन समितिले मूल्याङ्कन गरी प्रतिवेदन तथा सिफारीस गर्नु पर्ने तथा सोही आधारमा सम्झौता हुनु पर्नेमा सो विपरित कार्य हुंदा अनावश्यक वढी व्ययभार परेको देखियो ।

५२.२. डेन्टल समान खरीदका लागि लागत अनुमान रु २८८३२०१।० स्वीकृत गरी वोलपत्र भएकोमा दर्ता भएका ४ वोलपत्र मध्ये मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही वोलपत्रहरु मध्ये सवै भन्दा कम रु २४८७७८०।० कवोल्ने एक ईन्टरनेसनलको वोलपत्र स्वीकृतका लागि मूल्याङ्कन समितिको सिफारीस भएकोमा ऐन तथा नियमावली वमोजिम अस्वीकृत गर्न पर्ने कारण नहुंदा नहुँदै मिति २०७२।७।१ मा वोलपत्र अस्वीकृत गरी पुन २०७२।१०।१७ वोलपत्र आव्हान गर्दा एक मात्र परेको वोलपत्र एक डेण्टल प्रा.लि.को रु २७९०५४७।० स्वीकृत गरी खरीद कार्य भएको छ। प्रथमपटकको वोलपत्रमा खरीद ऐन वमोजिम न्युन मूल्याङ्कीत वोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको अवस्था हुंदा हुदै पुन वोलपत्र गरी खरीद कार्य गर्दा प्रथम पटकको वोलपत्र भन्दा रु ३४२१२६।० वढी लागत परेको छ । वोलपत्र सारभूत रुपमा प्रभावग्राही छ छैन मूल्याङ्कन समितिले मूल्याङ्कन गरी प्रतिवेदन तथा सिफारीस गर्नु पर्ने तथा सोही आधारमा खरीद सम्झौता हुनु पर्ने व्यवस्था भएपनि सो विपरित कार्य हुंदा अनावश्यक वढी व्ययभार परेको देखियो ।

५२.३. भ्याकुटेनर खरिदका लागि ७ आईटमको लागत अनुमान रु ७२४४३७९।० स्वीकृत गरी २०७२।२।२९ मा वोलपत्र आव्हान भएकोमा दर्ता भएका ७ वोलपत्र मध्ये सारभुत रुपमा प्रभावग्राही न्युन मूल्याङ्कीत एक ईम्पेक्सको रु ४३७४३५०।० भए पनि BD को Flash back सिरीन्ज तथा अन्य सामान लिने भनी स्पेसिफिकेसन अनुसार नभएको भनी रु ५५१३०५०।० कवोल्ने एक ईन्टरनेसनलको वोलपत्र स्वीकृत गरेकोमा BD को Flash back सिरीन्ज लगायतका सामानको नेपालको एकमात्र आपुर्तिकर्ता भएको प्रमाण सहित उक्त सामान आपुर्ति गर्न नसक्ने भनी अर्का एक ईन्टरप्राईजेजले उजुरी दिएको देखिन्छ । वोलपत्र सम्वन्धी कागजातमा तथा उजुरीमा पेश गरेका प्रमाणहरुका आधारमा उक्त ईन्टरप्राईजेज BD को Flash back सिरीन्ज तथा अन्य सामानको नेपालको आधिकारीक विक्रेता भएको प्रमाण देखिन्छ । गुणस्तरीय हिसावले अस्पताललाई BD को Flash back सिरीन्ज तथा अन्य सामान चाहिएको भए लागत अनुमान भित्रको एक ईन्टरप्राईजेजको रु ६००२३०३।० स्वीकृत गर्न सक्ने तथा सो नभए कम वोलकर्ताको वोलपत्र स्वीकृत गर्नु पर्नेमा स्पेसिफिकेसन तथा न्युन दुवैमा नपर्ने एक ईन्टरनेसनलको वोलपत्र स्वीकृत गरी खरीद कार्य गरेको अनियमित देखिएको छ ।

**५३.** **फरक फरक निर्णय** : हस्पीटल मेटेरियल खरिदको वोलपत्र आव्हान हुँदा एक सप्लायार्सको न्युन कवोल अंक रु १७३४१७०।० भएकोमा व्राण्ड, कम्पनी, मोडल नखुलाएको भनी सो भन्दा वढी कवोलकर्ताको वोलपत्र स्वीकृतका लागि वोलपत्र मूल्याङ्कन समिति वाट २०७२।५।१७ मा सिफारीस भएकोमा व्राण्ड, कम्पनी, मोडलको सक्कल पेस गरेकोले वोलपत्रमा उल्लेखित सर्त पूरा नभए पनि न्युन कवोल कर्ता भएकोले २०७२।७।१ मा वोल पत्र स्वीकृत गरी खरीद कार्य भएको देखिन्छ । यस खरीद कार्यमा न्युन कवोल कर्ताको वोलपत्र जुन सर्त राखि स्वीकृत गरीएको थियो सोही अवस्था निम्नानुसारका वोलपत्रमा समेत भएकोमा सो स्वीकृत नगरी वढी कवोल कर्ताको वोलपत्र स्वीकृत गरी खरीद कार्य भएको छ।

५३.१. एनेस्थेसिया मेडिसिन खरिदका लागि रु.५२६०१७१।० लागत अनुमान स्वीकृत गरी २०७२।३।१५ मा वोलपत्र हुंदा दर्ता भएका ३ वोलपत्र मध्ये न्युन मूल्याङ्कीत एक हाउस को रु ३४७७७४५।० कवोल रकममा वोलपत्र दस्तुर रकमको स्क्यान कपि पेस नगरेको तथा सोको सक्कलै पेस गरेकोमा स्क्यान कपि पेस नगरेको कारण देखाई दोस्रो कम कवोल कर्ताको रु ३७२८६६०।० स्वीकृत गरी खरीद कार्य भएको छ । ठेक्का नंम्वर २०१५००००५७ मा यही अवस्थामा न्युन कवोलकर्ताको वोलपत्र स्वीकृत गरेको तथा यस वोलपत्रमा सोही कारण न्युन कवोलकर्ताको वोलपत्र स्वीकृत नगरी दोस्रोको रु २५०९११।० वढीको वोलपत्र स्वीकृत गरी खरीद कार्य गर्दा वढी लागत परेको देखियो ।

५३.२. ६२ प्रकारका औषधि खरिदका लागि रु २५२८९६६।० लागत अनुमान स्वीकृत गरी २०७२।३।१५ मा वोलपत्र हुंदा दर्ता भएका ३ वोलपत्र मध्ये न्युन मूल्याङ्कीत एक ड्रग हाउस ले रु१६५५७०१।० कवोलेकामा वोलपत्र दस्तुर रकमको स्क्यान कपि पेस नगरेको तथा सोको सक्कलै पेस गरेकोमा स्क्यान कपि पेस नगरेको कारण देखाई दोस्रो कम कवोल कर्ताको रु १७३०३२०।० स्वीकृत गरी खरिद कार्य भएको छ । ठेक्का नंम्वर २०१५००००५७ मा यही अवस्थामा न्युन कवोलकर्ताको वोलपत्र स्वीकृत गरेको तथा यस वोलपत्रमा सोही कारण न्युन कवोलकर्ताको वोलपत्र स्वीकृत नगरी दोस्रोको रु २५०९११।० वढीको वोलपत्र स्वीकृत गरी खरिद कार्य गर्दा वढी लागत परेको देखियो ।

५४. **गुणस्तर परीक्षण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गराउनु पर्ने, व्यवस्था छ। त्यस्तै खरीद सम्झौतामा खरीद गर्ने मालसामानको स्पेसिफिकेसन समावेस गरेकामा सम्झौतामा उल्लेखित स्पेसिफिकेसन वमोजिम नभएकोमा पनि रकम भुक्तानी भएको पाईयो ।

ठेक्का नंम्वर २०१५००००६२ वाईनाकुलर माईक्रोस्कोप खरीदका लागि रु ६३६५०००।० लागत अनुमान स्वीकृत भई वोलपत्र हुंदा रु २९२५०००।० कवोल्ने एक ईन्टरनेसनलको वोलपत्र स्वीकृत गरी उक्त समान आपुर्ति भई सम्झौता वमोजिमको रकम रु ३३०५२२०।० भुक्तानी भएकोमा उक्त सामान तोकिए वमोजिमको स्पेसिफीकेसन वमोजिम भएको परीक्षण प्रतिवेदन विना कार्यसम्पादन प्रतिवेदनका आधारमा रकम भुक्तानी भएको छ । नियमको प्रावधान तथा सम्झौता वमोजिम गुणस्तर परीक्षण प्रतिवेदन नभएकोले तोकिए वमोजिमको समान प्राप्त भएको एकिन गर्न सकिएन ।

लिनेन खरिदको लागत अनुमान रु ७९१७६४७। स्वीकृत गरी २०७२।५।४ मा वोलपत्र हुंदा दर्ता भएका ५ मध्ये सवै भन्दा न्युन एक ईम्पेक्सको कवोल रु ५९९००००।० भएकोमा नमुना पेस नभएको भनी तथा अन्य वोलपत्रको कवोल अंक वढी भएको भनी २०७२।७।१५ मा वोलपत्र रद्द गरी मिति २०७२।८।८ मा पुन वोलपत्र आव्हान गरेको देखिन्छ। पुन वोलपत्र आव्हान भएकोमा सारभूत रुपमा प्रभावग्राही न्युन कवोल कर्ता कै रु ६५३०६००।० स्वीकृत गरी खरीद कार्य भएको छ । दोस्रो पटकको बोलपत्रमा पहिलो वोलपत्रमा जुन कारण देखाई वोलपत्र रद्द गरेको थियो सो नमुना पेस गरेको र गुणस्तरीय भएको प्रतिवेदन विना ठेक्का सम्झौता गरी खरदि कार्य समेत भएकोमा तोकिए वमोमिको गुणस्तर परीक्षण प्रतिवेदन पेश नभएकाले सामान समेत गुणस्तरीय खरीद भएको छ भन्ने सम्वन्धमा एकिन गर्न सकिएन । अतः सुरु वोलपत्रमा नमूना पेस नगर्ने तथा दोस्रो वोलपत्रमा पहिले भन्दा रु ६६०८७८।० वढी कवोलेकामा समेत नमूना पेस गरेको नदेखिएको तथा गुणस्तर परीक्षण प्रतिवेदन समेत पेश नभएको ।

५५. **वढी भुक्तानी** : रकम भुक्तानी गर्दा सम्झौतामा तोकिएको दर वमोजिम हुनु पर्दछ। वाईनाकुलर माईक्रोस्कोप खरीदका वायोमेड ईन्टरनेसनल संग प्रति गोटा मुल्य अभिवृद्धि कर सहित रु ४४३७०।० का दरले सम्झौता भएकामा १० गोटाको रु ५०८५०। का दरले भुक्तानी भएकाले रु ६४८००।० वढी भुक्तानी भएको छ। उक्त वढी भुक्तानी रकम असुल गरी कोष दाखिला गर्नु पर्ने देखिएको छ ।

५६. **भेरियसन आदेश** : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११८ मा खरीद सम्झौता बमोजिम कार्य शुरू भईसकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाणमा थप घट गर्न वा नयां आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा मालसामान खरीद र अन्य सेवा खरीदका हकमा सम्झौता मूल्यको १५ प्रतिशतसम्मको भेरिएसन आदेश प्राविधिक पुष्ट्याई गरी सम्वन्धित सार्वजनिक निकायको प्रमुखले भेरिएसन आदेश जारी गर्नुपर्ने उल्लेख छ। सो विपरित प्रतिष्ठानले

निम्नानुसारको ३५ प्रतिशत सम्म भेरियसन स्वीकृत नगरी १५ आपुर्तकसंग रु ७२ लाख १६ हजारको खरीद कार्य गरेको देखिएकोले अनियमित देखिएको छ ।

५७. **पूर्वनिर्धारित क्षतिपूर्ति** : ठेक्का सम्झौता वमोजिम निर्माण कार्य सम्झौतामा तोकिएको समयमानै सम्पन्न हुनु पर्दछ । सो वमोजिम सम्पन्न नभएमा सम्झौताका सर्त तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ वमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिनु पर्ने व्यवस्था छ । त्यस्तै खरीद सम्झौतामा समेत ढिला अवधिको प्रतिदिन ०.०५ प्रतिशतका दरले असुल गनुपर्ने व्यवस्था गरेकोमा खरीदमा आपुर्ति गरी सक्नुपर्ने अवधिमा सामान आपुर्ति नभएकोमा २ आपुर्तिकर्ता संग रु ४ लाख ५३ हजार पुर्व निर्धारीत क्षतिपुर्ति असुल गरेको पाईएन । यसरी सम्झौता तथा नियममा भएको व्यवस्था वमोजिम उल्लेखित पुर्व निर्धारीत क्षतिपुर्ति असुल गरी कोष दाखिला गर्नु पर्ने देखिन्छ ।

५८. **बोलपत्र उपर कारवाही** : सार्वजनिक खरिद अनुगमन कार्यलयको २०७१।१०।११ को राय अनुसार सार्वजनिक खरिद नियमावली २०६४को नियम ६०(क) बमोजिम बोलपत्रदाता व्यतिगत रुपमा एक भन्दा बढी बोलपत्रमा संलग्न भए वा नभएको सम्बन्धमा पूर्णताको परीक्षण गर्नु पर्ने, सो बमोजिम नभएको बोलपत्र उपर कारवाही नहुने हुदां बोलपत्रदाता फर्मको नाम अलग अलग भएपनि प्रोपाइटर एउटै व्यक्ति रहेको बोलपत्र उपर कारवाही नहुने भएतापनी त्यस्तो बोलपत्र स्वीकृत गरेको पाईयो । नियमको व्यवस्था पालना गरी नियमितरुपमा खरिद कार्य गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

## महिला तथा वालवालिका कार्यालय

१. **विउ पुँजी कोष तर्फ** : यो वर्ष विउ पुंजीकोष तर्फ २२ महिला सहकारी संस्थाहरुलाई चालु कोष विउ पुँजी वापत रु.१४ लाख १० हजार लगानी देखाएकोमा सम्वन्धित संस्थाको कारोवारको लेखापरीक्षण प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश हुन आएन । तसर्थ लेखापरीक्षण प्रतिवेदन लिनु पर्दछ ।

२. **तालिम** : सम्झौताको वुदा नं.१० मा लेखापरीक्षण गराएपछि सो को प्रतिवेदन दोश्रो पक्षले गराउनु पर्ने छ उल्लेख भएकोमा महिला शसक्तिकरण कार्यक्रमको एकल महिला सिलाई वुनाई तालिम संचालन गर्न एक उपभोक्ता समितिसँग सम्झौता भई कार्यसम्पन्न भई रु.२ लाख भुक्तानी समेत लगेकोमा प्रतिवेदन पेश भएन । तसर्थ लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

३. **विल भरपाई वेगर खर्च** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ बमोजिम खर्चको विल भरपाई सहित लेखा राख्नु पर्नेमा कार्यालयले ५ जना कर्मचारीहरुले मानव वेचविखन विरुद्ध चौमासिक गाँउ समिति वैठक सन्चालन गर्नको लागि पेश्की लिई विभिन्न संस्था र गा.वि.स.सचिवलाई बुझाएको भरपाई पेश भएको छ। बैठक सन्चालनको माइन्यूट र सम्बन्धितले वुझेको भरपाई पेश नगरी रु. ९६ हजार खर्च लेखेको छ। तसर्थ खर्च प्रमाण पेश गरिनु पर्दछ।

४. **साझा व्यवसाय अनुदान** : महिला विकास कार्यक्रम संचालन मार्गदर्शन निर्देशिका आ(घ) २३ मा विउ खेती संकलन, उपचार, पोकावन्दी, चिसापानी मेसीन, फ्रिज, भाडाकुडा, रिक्सा आदि प्रयोजनका लागि अनुदान दिने व्यवस्था छ । वेशार व्यापार टहरा, अफिस भण्डार निर्माण गर्न एक वचत तथा ऋृण सहकारी संस्थालाई रु. १ लाख ५० हजार अनुदान दिईएको छ । व्यवसायिकरण र किसान तत्काल उत्थान गर्न उपलव्ध रकम अन्य कार्य सम्झौता भई भुक्तानी भएको पाइयो । तसर्थ अनुगमन एर्व निरीक्षण गरी निर्देशिकाले तोकेको क्षेत्रमा कार्य गर्नु गराउनु पर्ने देखिन्छ ।

५. **सामुदायिक संस्था अनुदान** : म.वि.का.स मार्गदर्शन, अख्तियारी र कार्यक्रम बमोजिम ८ संस्थालाई सामुदायिक सेवा केन्द्र अनुदान (प्रति केन्द्र ६० हजार) वापत रु.४ लाख २० हजार खर्च लेखेको छ । यसरी वितरण गर्दा ती संस्था छनौट आधार खुलाई निर्णय भएको पाइएन । र्संस्था वितरित

अनुदानको लक्ष्य प्रगति, प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, कार्यक्रम क्रियाकलाप गरेको प्रमाण र कार्यालयवाट अनुगमन एवं निरीक्षण गरी अनुदान सदुपयोग भए नभएको निरिक्षण गरेको पाइएन । तसर्थ अनुगमन प्रभावकारी वनाउन पर्ने देखिन्छ ।

६. **भवन निर्माण अनुदान** : महिला विकास कार्यक्रम संचालन मार्गदर्शन र कार्यक्रम वमोजिम २ वटा सहकारी संस्थालाई भवन निर्माण गरी प्रति सहकारी रु.१ लाख ५० हजारका दरले रु.३ लाख खर्च लेखेको पाइयो । त्यो भवन निर्माण भएको कार्य सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन एवं अभिलेख कार्यालयसँग छैन । अनुदान रकम सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गरी कार्य सम्पन्न प्रतिवेदन कार्यालयमा लिई यसमा अनुदानको अभिलेख राख्नु पर्ने देखिन्छ ।

७. **कार्यपत्र भुक्तानी** : महिला विकास कार्यक्रम संचालन मार्गदर्शनको अनुसुचि ३७ खर्च सिमाङ्कन व्यवस्था बमोजिम कार्यपत्र भन्नाले कम्तीमा ७५० शव्दको प्रवन्ध सम्झनुपर्दछ । पारदर्शक पाना, प्रस्तुतिकरण टिपोट वा प्रस्तुतिकरणको प्रयोजनको लागि तयार पारिएको यसै सामाग्रीहरु छायाप्रति कार्यपत्र हुदैन भनि लेखिएको छ । कार्यपत्रहरु समेत ७५० शव्दको निम्वन्धित तयार नगरी रु.२ लाख १० हजार भुक्तानी भएको छ । तसर्थ कार्यपत्र व्यवस्थापन प्रकावकारी नदेखिएकोले छानविन गरी कार्यपत्र सम्वन्धमा कार्वाही एवं असुली गर्नुपर्ने देखिन्छ ।

८. **टेवा रकम भुक्तानी** : महिला विकास कार्यक्रम संचालन मार्गदर्शनको विभिन्न कार्यक्रम व्यवस्था भए वमोजिम कार्यालयले टेवा वापत विभिन्न व्यक्ति र समुहमा रकम उपलव्ध गराउने गरेको छ । कार्यालयबाट यस वर्ष ५ कार्यक्रममा २५० जनालाई रु.८ लाख ७५ हजार उपलव्ध गराएको टेवा रकम संस्थागत अभिलेख राखि नियमित अनुगमन गर्ने गरेको पाइएन । तसर्थ टेवा रकम अनुगमन तथा नयाँ पहिचान एवं रकम वितरण प्रभावकारी हुने गरी संस्थागत अभिलेख र अनुगमन प्रणाली वनाउनु पर्ने देखिन्छ ।

९. **निर्देशिका विपरित नियुक्ति** : महिला विकास कार्यक्रम संचालन मार्गदर्शन सेवा केन्द्र संचालनको कार्यक्षेत्रगत क्षेत्रको वुँदा ७ झ मा केन्द्र प्रमुख एक जना, चौकिदार एक जना र सरसफाईमा आवश्यकताअनुसार कर्मचारी राख्न सकिने उल्लेख छ । सेवा केन्द्रले निर्देशिका विपरित सेवा केन्द्र प्रमुख नियुक्त गरी वार्षिक (चाडपर्व खर्च समेत) रु. १ लाख ६ हजार खर्च लेख्नु निर्देशिका सम्मत देखिएन । निर्देशिका अनुरुप कार्य संचालन हुनुपर्दछ ।

## महेन्द्र वहुमुखि क्याम्पस धरान

### आर्थिक वर्ष २०७२।७३

१. **भौतिक परीक्षण** : पुँजिगत शीर्षक अन्तर्गत उच्च शिक्षाको समेत गरी रु.३,२०,४०,३८६।६६ को सम्पति को भौतिक अवस्थाको एकिन गर्न परीक्षण गरेको पाईएन । प्रत्येक बर्ष भौतिक परीक्षण गरी सो को अद्यावधिक लगत राख्नुपर्ने देखिन्छ ।

२. **कोष** : क्याम्पसले नियमित शुल्क बाहेक गरेको विद्यार्थी आम्दानी तथा अन्य श्रोतबाट आम्दानी र बैंक ब्याज रकम मध्येको १० प्रतिशत त्रि.बि.पेन्शन कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा यस आ.व.मा बि.बि.ए.र क्याम्पस बिकास कोषको जम्मा रु.५२,७६,०४०।- आम्दानी भएकोले सोको १० प्रतिशत रु.५,२७,६००।- सम्वन्धित कोषमा दाखिला गर्नु पर्ने देखिन्छ ।

३. **पेश्की** : पेश्की बिवरण अनुसार हालसम्म रु.७,१८,५८०।- बाँकी रहेको पाईएकोले सो को असुल फर्छ्योटको कारवाही गरी नियमानुसार असुल फर्छ्योट गर्नुपर्ने देखिन्छ ।

४. **प्रमाण संलग्न नभएको** : त्रिभूवन विश्व विद्यालय आर्थिक व्यवस्थापन नियमावली २०५० वमोजिम रकम खर्च गर्दा सोलाई पुष्टि गर्ने प्रमाण कागज राख्नुपर्दछ । यस सम्बन्धमा देहाय बमोजिम देखिएको छ । वि.बि.ए.को २०७३ असारको अतिरीक्त पारिश्रमिक भुक्तानी रु.१,६३,८००।- लेखेकोमा रुटिन संलग्न भएको पाईएन ।

नापी गरी ठेक्का विलको भुक्तानी दिनुपर्नेमा बिजेन निर्माण सेवालाई निर्माण कार्य वापत रु.२३,२९,९०८।०१ भुक्तानी गरेकोमा अन्य सम्बन्धित कागजातहरु संलग्न भएता पनि निजको बोलपत्र तथा नापी किताब पेश हुन नआएकोले दररेट भिडान गर्न सकिएन ।

५. **सोभैm खरीद** : पुस्तक खरीद गर्दा बिकास समिति वा सम्बन्धित बिषयको वा पुस्तकालय समितिको सिफारिश र पुस्तकालय प्रमुखबाट सो किताब पुस्तकालमा नभएको प्रमाणित पत्र र क्याम्पस प्रमुखको स्वीकृत पत्र पछि पुस्तक खरिद गर्नुपर्नेमा सम्बन्धित बिभागिय प्रमुखबाट स्वीकृतिको लागि अनुरोध गरि रु १ लाख ३० हजारको पुस्तक सिधै खरिद गरेकोले सार्वजनिक खरिद ऐन, नियमावली र त्रि.बि.नियम विपरित खर्च भएको देखियो ।

६. **कर** : आयकर ऐन २०५८ वमोजिम भाडा वापतको रकम भुक्तानी गर्दा अग्रिम कर वापत १० प्रतिशत कर कट्टा गनु पर्दछ । बि.बि.ए.को शैक्षिक भ्रमणको लागि बस रिजर्भ गरे बापत रु.१,१२,०००।- भुक्तानी भएकोमा ऐनको व्यवस्थानुसार १० प्रतिशत कर कट्टा नगरेकोले असुल गरी संञ्चितकोष दाखिला गर्नु पर्दछ ।

७. **पेश्की** : त्रिभूवन विश्व विद्यालय अर्थिक व्यवस्थापन नियमावली २०५० वमोजिम पेश्की हिसावको व्यवस्थापन हुनुपर्दछ । पेश्की बिबरण अनुसार हालसम्म रु.७५,०००।- बाँकी रहेको पाईएकोले नियमानुसार असुल फछ्यौट हुनु पर्दछ ।

८. **असम्बन्धीत व्यक्तीलाई भुक्तानी** : त्रिभूवन विश्व विद्यालय अर्थिक व्यवस्थापन नियमावली २०५० वमोजिम रकम भुक्तानी गर्दा सम्वन्धित फर्म तथा व्यक्तीलाई गर्नु पर्दछ । २ आपुर्तकलाई रु ८२ भुक्तानी गर्दा सम्बन्धित फर्म वा संस्थाको नाममा भुक्तानी नभई अन्य व्यक्तिको नाममा भुक्तानी भएकोले अनियमित देखिएको छ ।

९. **लागत अनुमान** : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ मा सार्वजनिक निकायले २५ हजार रुपैयाभन्दा बढीको खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । तर क्याम्पसले लागत अनुमान तयार नगरी रु २ लाख ११ हजारका सामान खरिद गरेकोले अनियमित देखिएकोछ ।

१०. **सुची दर्ता** : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८५ मा रु.२५ हजारभन्दा बढीको सामान सोभैm खरीद गर्न मौजुदा सूचीमा रहेका ३ वटा आपूर्तिकर्ताबाट लिखित दरभाउपत्र प्रस्ताव माग गर्नुपर्ने , यसप्रकार खरीद गर्दा आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी एउटै आपूर्तिकर्ताबाट रु.३०००००।- सम्म मात्र खरीद गर्न सकिने , नियम ८४ मा ३ लाख देखि १० लाखसम्मको खरीद गर्दा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरीद गर्नुपर्ने र नियम ३१ मा १० लाख भन्दा माथिको खरीद गर्दा बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले लिखित रुपमा दरभाउपत्र माग नगरी कार्यसमितिको निर्णय तथा कार्यादेश बेगर एक ट्रेडिङलाई रु.२,५९,९००।- भुक्तानी दिएको कार्य अनियमित देखिएकोछ ।

११. **सोभैm खरीद** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ५ मा मालसामान खरिदसम्बन्धि कारवाही शुरु गर्नु अघि सम्बन्धित सार्वजनिक निकायको खरिद ईकाइले महाशाखा, शाखाबाट खरिद माग प्राप्त गरी सो माग अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। त्रि.बि.नियम अनुसार क्याम्सले पुस्तक खरिद गर्दा बिषय समिति वा सम्बन्धित बिषयको वा पुस्तकालय समितिको सिफारिश र पुस्तकालय प्रमुखबाट सो किताब पुस्तकालयमा नभएको प्रमाणित पत्र र क्याम्पस प्रमुखको स्वीकृत पत्र पछि पुस्तक खरिद गर्नुपर्नेमा सम्बन्धित बिभागिय प्रमुखबाट स्वीकृतिको लागि अनुरोध गरि रु २ लाख ६ हजारको सिधै खरिद गरेको नियमित देखिएन ।

१२. **सुचिकृत नभएको** : त्रि.बि.आ.व्य.तथा संचय कोष सम्बन्धि नियम, २०५० को परिच्छेद १२ दफा ५० अनुसार आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको बिक्रेता वा आपुर्तिकर्ता, मर्मतकर्ता वा

संगठित संस्था, व्यक्तिको कम्तीमा ७ संख्याको सूचिकृत गरि सामान खरिद गर्नुपर्नेमा सो भए गरिएको देखिएन ।

१३. **वेरुजु** : यस क्याम्पसमा हाल सम्म बेरुजु फछयौट समिति गठन भए तापनि सो सम्बन्धी कार्य नियमित रुपमा बैठक बसि कार्य भएको नदेखिएको साथै बेरुजु लगत पुर्ण रुपमा नभएको, खरिद समिति र निर्माण समिति गठन भएको नपाईएकोले सो अबिलम्ब गठन गर्न गराउन तर्फ क्याम्पस प्रशासनले पहल गर्नुपर्ने देखिन्छ ।

**आर्थिक वर्ष २०७१।७२**

१. **भौतिक परीक्षण** : त्रि.बि.आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धि नियम, २०५० को परिच्छेद १० को दफा ८२ मा लगत खडा गरी राखिएका जिन्सी सामानहरु के कस्तो अवस्थामा छन्, सम्बन्धित संगठन वा निकाय प्रमुखले बर्षमा कम्तिमा एक पटक स्वयं वा अन्य कर्मचारी वा प्रतिनिधिद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यस्को प्रतिवेदन लिखित रुपमा तयार गरी राख्नुपर्ने व्यवस्था पालना नभएको व्यहोरा विगत बर्षदेखि औंल्याएको अवस्थामा समेत क्याम्पस प्रशासनले सोको कार्यान्वयन गरेको पाईएन ।

२. **पेश्की** : त्रि.बि.नियमानुसार शिक्षक तथा कर्मचारीहरुलाई सुविधा स्वरुप एक आर्थिक बर्षभित्र कट्टी हुने गरी निर्ब्याजी रुपमा ३ महिना सम्मको तलब पेश्की दिने गरेकोमा यस क्याम्पसमा एकै व्यक्तिलाई पटक पटक पेश्की दिने गरेको पाइएकोले नियमको परिपालनामा ध्यान दिई आर्थिक अनुशासन कायम गर्नुपर्ने देखिन्छ ।

३. **खरीद** : कुनै पनि मालसामान खरिदमा माग फाराम स्वीकृति लिई बजेटको सीमालाई ध्यानमा राखेर मात्र खरिद कारवाही अगाडि बढाउनुपर्नेमा सोको परिपालना भएको पाईएन ।

४. **लागत अनुमान** : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ मा सार्वजनिक निकायले २५ हजार रुपैयाभन्दा बढीको खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएकोमा क्याम्पसले लागत अनुमान तयार नगरी विभिन्न कार्य खरिद गरेकलौं नियमित देखिएन ।

५. **भौतिक परीक्षण** : त्रिभूवन विश्व विद्यालय आर्थिक व्यवस्थापन नियमावली २०५० वमोजिम क्याम्पसको सम्पति के कस्तो अवस्थामा छ , निकाय प्रमुखबाट समिति गठन गरी प्रत्येक बर्ष भौतिक परीक्षण गरी सोको अद्यावधिक लगत राख्नुपर्नेमा पुँजिगत शिर्षक अन्तर्गत आर्थिक विवरण अनुसुची १ अनुसारको रु २४२४८१८७८६ वरावरको सम्पतिको अद्यावधिक लगत राखेको नपाईएकोले सो को लगत तयार गरी राख्नुपर्ने देखन्छ ।.

६. **धरौटी** : पूरानो धरौटी वांकी रकम क्रमस: फिर्ता तथा फरफारक गरी दायित्व कम गदै जानु पर्दछ। आर्थिक विवरण अनुसुची २ धरौटी तथा दायित्व विवरण अनुसार बाँकी देखिएको रु.२१७२७१३८।८५ को फरफारक गरी पुरानो धरौटीहरु सदरस्याहा गरी आम्दानी जनाई धरौटी घटाउँदै जानुपर्ने देखिन्छ ।

७. **जिन्सी अभिलेख : जिन्**सी रेकर्डमा जोड जम्मा गरी मौज्दात निकाली निकाय प्रमुखले आर्थिक बर्षको अन्तमा प्रमाणित गरी व्यवस्थित गर्नुपर्नेमा सो गर्ने नगरेकोले यस तर्फ क्याम्पस प्रशासनको ध्यान जानुपर्ने देखिन्छ ।

८. **कोष** : त्रि.बि.आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धि नियम, २०५० मा क्याम्पसले नियमित शुल्क बाहेक गरेको विद्यार्थी आम्दानी तथा अन्य श्रोतबाट आम्दानी सटर भाडा, बैंक ब्याज, पुस्तकालयको जरीवाना मध्येको १० प्रतिशत त्रि.बि.पेन्शन कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा गत बर्षसम्मको बाँकी रु.४,४१,०६८।- र यस आ.व.मा रु.२,२१,५०६।- समेत गरी जम्मा रु.६,६२,५७४।- त्रि.बि.निवृत्तिभरण तथा उपदान कोषमा पठाउनुपर्ने देखिन्छ ।

१०. **पेश्की** : त्रि.बि.आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धि नियम, २०५० मा पेश्की समयमै फछ्यौंट गर्नुपर्ने उल्लेख भए वमोजिम वांकी पेश्की रु २१५४६३।- समयमानै असुल फर्छ्यौट गर्नु पर्ने देखिन्छ ।.

११. **भुक्तानी** : कुनै पनि खरिदको भुक्तानीमा सम्बन्धित बिक्रेताको नाम वा फर्मको नाममा एकाउन्टपेयी चेकबाट भुक्तानी हुनुपर्नेमा व्यक्तिगत चेक बनाउने गरेको पाईएकोले सो सम्बन्धमा क्याम्पस प्रशासनको ध्यान आकृष्ट हुनुपर्दछ ।

## मालपोत कार्यालय इनरुवा सुनसरी

१. **मौजुदा सुची** : सार्वजनिक खरीद नियमावली,२०६४ को नियम १८ मा सार्वजनिक निकायले विभिन्न खरीद सम्बन्धी सूचनाको अभिलेख राख्ने प्रयोजनको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको छुट्टाछुट्टै मौजुदा सूची तयार गर्नुपर्ने र नियम ८५(४) मा रु.२५ हजार रुपैयाभन्दा बढी रकमको सोझै खरीद गर्दा मौजुदा सूचिमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरीद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले मौजुदा सुची नै तयार गरेको पाईएन । तसर्थ मौजुदा सूचीको अभावमा अनियमित खरीद हुनसक्ने हुँदा कार्यालयले नियमानुसार खरीद गर्ने परिपाटीलाई अवलम्बन गर्नुपर्दछ ।

२. **जिन्सी समानको संरक्षण** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (४) मा कार्यालयमा मौज्दात रहेको मूल्य नखुलेको मालसामानको अवस्था र प्रचलित वजार मूल्य समेत विचार गरी मूल्य कायम गरी राख्नु पर्नेमा कार १, ल्यापटप १ लगाएतका विभिन्न जिन्सी सामानको मूल्य खुलाएको छैन । साथै जिन्सी निरीक्षण प्रतिवेदनमा विभिन्न मालसामान मर्मत गर्नुपर्ने तथा लिलाम गर्नुपर्ने अवस्थामा रहेको उल्लेख भएकोमा कारवाही गरेको छैन। मूल्य नखुलेको सामानहरु नियमानुसार मूल्य खुलाई तथा जिन्सी निरीक्षण प्रतिवेदनको सुझाउ कार्यानवयन गरी जिन्सी सम्पत्तिको संरक्षण व्यबस्थापन गर्नुपर्दछ ।

३. **छुट रजिष्ट्रेशन दस्तुर सम्बन्धमा** : सुनसरी जिल्लाको विभिन्न गा.वि.स.तथा नगरपालिकाहरुको जग्गा रजिष्ट्रेशन पारित गर्ने प्रयोजनका लागि न्यूनतम मूल्यांकन पुस्तिका ०७२/०७३ अनुसार भरौल गा.बि.स.को सि.नं३१(घ) अनुसार हाल बाटो खोलेको जग्गाको न्यूनतम मूल्यांकन प्रति कट्ठा ६लाख ६० हजार निर्धारण गरिएकोमा सो अनुसार रजिष्ट्रेशन पारित गर्दा न्यूनतम थैली कायम गरी पारित गर्नुपर्नेमा सो नगरी भरौल गा.वि.स.को वडा नं.६(क) को साबिक कि.नं.१७५७,१७६९ को जग्गा प्लटिङ गरी ३२ जना व्यक्तिहरुले खरिद गरेकोमा न्यूनतम मूल्यांकन भन्दा घटी थैली अंक कायम गरी रजिष्ट्रेशन पारित गरेको पाईएकोले रजिष्ट्रेशन दस्तुर घटी असुल गरेको पाईयो । अतः न्यूनतम थैली फरक पारी रजिष्ट्रेशन पारित गरेको कारण छुट भएको रु ३ लाख १० हजार रजिष्ट्रेशन शुल्क असुल गरी राजश्व दाखिला गर्नुपर्ने देखिन्छ ।

४. **जग्गाको न्यूनतम मूल्यांकन** : मालपोत नियमावली २०३६ (संसोधन सहित) को नियम ५(ख) र भुमिसुधार तथा व्यवस्थापन विभागले जारी गरेको जग्गाको न्यूनतम मूल्य निर्धारण निर्देशका २०५९ को दफा ३.१ अनुसार प्रत्येक मालपोत कार्यालयले मूल्यांकन प्रयोजनको लागि शहरी र ग्रामिण क्षेत्रको नगरोन्मुख मुख्य बजार विस्तार भएका स्थानहरुमा उपलब्ध सुविधाहरु जस्तै पक्की सडक, सहायक सडक शाखा सडक, गल्ली वाटो विजुली, खानेपानी, ढल, टेलिफोन जस्ता सुविधाहरुको जानकारी लिन मालपोत कार्यालयका कर्मचारी र नापी शाखाका प्राविधिक कर्मचारीहरुको आवश्यकता अनुसारको टोली बनाई प्रत्येक वर्ष तत्सम्बन्धी तथ्याङ्क सूचना संकलन गर्ने तथा कुन कून गा.वि.सको कुन कुन कित्ताहरु राजमार्ग पक्की तथा सहायक सडकमा जोडिएको र कुन कुन वडाहरु शहरी इलाकामा पर्ने हो सो स्पष्ट खुलाई सोही आधारमा न्यूनतम मूल्याङ्कन गरी सो बमोजिम मूल्याकन पुस्तिकामा समाबेश गर्नु पर्नेमा सो बमोजिमको कार्य

नगरेको कारणवाट कतिपय स्थानमा न्यूनतम मूल्यांकन भन्दा धेरै वढीमा कारोवार भएकोले उल्लेखित मूल्याङ्कन भरपर्दो देखिएन । जग्गाको न्यूनतम मूल्याङ्कनका लागि आबश्यक सूचना संकलन गरी कारोवार मूल्यसंग मेल खाने गरी न्यूनतम मूल्याङ्कन तयार गर्नु पर्ने देखिन्छ ।

५. **जोखिम न्यूनिकरण** : कार्यालयले रजिष्ट्रेशन शुल्क असूली गर्दा आउने सम्भावित जोखिम न्यूनिकरण गर्न जोखिम निरोधक उपायहरु समेत आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गरेको छ । जिल्लाको जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण समितिले वर्षेनी मूल्याङ्कन दरमा सामान्य प्रतिशत वृद्धि गरेपनि मूल्याङ्कनको आधारको व्याख्या सहित पुनरावलोकन नगर्नु, जग्गाको अवस्थिति, सडकको पहुँच तथा अन्य कुराहरुको आधारमा जग्गाको वर्गीकरण गर्नुपर्नेमा कतिपय ग्रामीण क्षेत्रका जग्गाको वर्गीकरण नगरी खेतियोग्य जग्गाको श्रेणी कायम गर्नु, जग्गाको न्यूनतम मूल्याङ्कन र खरिद बिक्रीको मूल्यबीच रहेको ठूलोभिन्नतालाई कम गर्नेतर्फ ध्यान नदिइनु, जग्गाको अवस्थिति नखुलाई सो बर्गको न्यूनतम मूल्याङ्नन कायम गरी लिखत पारीत गर्नु आदि समस्या रहेका छन् ।

६. **दर्ता किताब** : भुमि सम्बन्धि ऐन २०२१को दफा ७ मा अंश अपुताली बाहेक पारीत हुने लिखतमा सम्बन्धित व्याक्तिले नेपाल भर रहेको आफनो स्वामीत्वमा रहेको जग्गाको कुल क्षेत्रफल खोली कच्चाबारी पेश गरेपछी मात्र लिखत पारीत गरीदिनु पर्ने ब्यवस्था छ । तर कार्यालयले पारीत गरेका कुनै पनि लिखतमा उक्त जग्गावालाका नाममा रहेको कुल जग्गाको क्षेत्रफल खुल्ने कच्चावारी माग गरेको छैन । ऐनमा रहेको उक्त प्रावधान बिपरीत रजिष्टेशन पारीत गर्दै आएको देखियो। जग्गा प्रशासन कार्यबिधि २०६२ भाग ३ मा तोके बमोजिम लिखतलाई रजिष्टेशन लिखत दर्ता किताबमा तोकिए बमोजिमको ढाचामा जग्गाको बिवरण, लिखतको किसिम, दस्तुर प्रयोजनका लागि शहरी, ग्रामिण, लिने दिनेको तिनपुस्ते सहितको बिबरण राख्नु पर्नेमा सो दर्ता किताब अद्याबधिक गरेको पाईएन । यसले अभिलेखको आधिकारीकता तथा राजश्व असुलीमा समेत थप नोक्सान पार्ने स्थिति रहेको छ ।

७. **घटी असुली** : र.नं.५६०५ बाट एक जग्गाधनीसँग सोनापुर ३ क को जग्गा ०-१-५ ३/४ कि.नं.७३७ र ७४१ को जग्गा खरिद गर्दा न्यूनतम मूल्यांकन दर कच्चीबाटोको ३,००,०००।- ले ३८३२५०।- को ३ प्रतिशतले हुने रु ११५८८।- राजश्व असुल गर्नुपर्नेमा ९६७५।- मात्र असुल गरेकोले घटी असुल गरेको रु.१९१३।- संचित कोष दाखिला गर्नुपर्दछ । यसै गरी र.नं.५९३९ : जग्गा धनीले औराबनी २ ख को कि.नं.३४१ र ३४४ को १-१३-९ १/२ जग्गा बिक्री गर्दा सरकारी तोकिएको मूल्यांकन प्रति कठ्ठा ८५हजारका दरले ११ लाख ५५हजार मात्र हुनेमा रु.१ करोड २०लाख मूल्यांकन गरी पूँजिगत लाभ कर रु.३ लाख तथा रजिष्ट्रेशन शूल्क रु.२ लाख ४०हजार तिरेको देखिन्छ । कार्यालयमा रजिष्ट्रेशनका लागि आउने अधिकांशमा न्यूनतम दर समावेश गरी राजश्व असुली गरेकोमा यस प्रकारको कारोबारबाट जग्गाको वास्तविक मूल्यांकन सम्बन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन ।

८. **घरबाटोको सिफारिश सम्बन्धमा** : न्यूनतम मूल्य निर्धारण समितिको मिति २०७२।०३।२९ को रजिष्टेशन पारित हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनका लागि न्यूनतम मूल्य निर्धारण गरेको र उक्त निर्णयको दफा ८ द्रष्टव्यमा नगरपालिका तथा गा.वि.स.हरुबाट प्राप्त सिफारिशमा बाटो छैन भनि उल्लेख भएता पनि कित्ताकाट हुँदा नापीबाट तयार भएको ट्रेस नक्सामा बाटोको रेखाङकन भएमा लिखतहरु पारित गर्दा लिखतसाथ संलग्न ट्रेसका आधारमा बाटोको मूल्याङकन कायम गरि लिखतहरु पारित गरिनेछ भन्ने उल्लेख छ । नगरपालिकाका अधिकांश क्षेत्रहरुका घडेरी जग्गा ५ धुर देखी १ कठ्ठा सम्मका नगर क्षेत्र र नगरोन्मुख गांउ बिकास समिति भित्रका जग्गाको रजिष्टेशन पारित गर्दा त्यस्ता कित्तामा घर तथा बाटो नभएको सम्बन्धित गांउबिकास

समिति तथा नगरपालिकाबाट बाटो नभएको सिफारिश भएकोआधारमा न्यूनतम मूल्याङ्कनलाई कारोवार अङ्क कायमगरी लिखत पारित गरेको पाईयो ।

नगरपालिका क्षेत्र तथा नगरोन्मुख गांउबिकास समितिमा १ कठ्ठा भन्दा कम क्षेत्रफलका घडेरी जग्गामा बाटो नभएको स्थानमा सामान्यत जग्गा बिकी नहुने तर्फ रजिष्ट्रेशन पारित गर्ने समयमा कार्यालयको ध्यान जानुपर्नेमा ध्यान दिएको पाईन । सम्बन्धित गांउबिकास समिति तथा नग नगरपालिकाबाट सिफारिस भएता पनि हालको अध्याबधिक नक्सा समेतलाई आधार वनाएको समेत पाईएन । यसले गर्दा राजस्व असूलीमा प्रतक्ष प्रभाव परेको तर्फ समेत कार्यालय संबेदनशील रही तदनुरुप काम भए गरेको नपाईएकोले जग्गाको मूल्याङ्कनलाई यथार्थ वनाउनु पर्ने र बाटो भएको स्थानमा नभएको भनी प्रमाणित गर्नेलाई समेत जिम्मेवार वनाइनु पर्दछ ।

९. **फरक शीर्षक** : सम्बन्धीत खर्च शीर्षकबाटमा खर्च लेख्न मिल्नेमा कार्यालयले करारमा नियुक्त गरिएका क.अपरेटर तलब शीर्षकबाट २ लाख २६ हजार खर्च लेखेको छ । अन्य सेवा शुल्क खर्च शिर्षकबाट खर्च लेख्नूपर्नेमा शीर्षक फरक पारी खर्च लेखेको रकम नियमित देखिएन ।

१०. **ख ६ खाता** : स्थानीय निकाय स्वायत्त शासन नियमावली (संशोधन सहित) २०५६ को नियम २११ को अनुसुची २६ मा घर जग्गा रजिष्ट्रेशन दस्तुरवाट उठेको कूल राजस्व मध्ये स्थानीय निकायले पाउने रकमको बांडफांड गर्ने व्यवस्था गरेको छ । यस वर्ष रजिष्ट्रेशन वापत प्राप्त कूल राजस्व रकम रु.३६ करोड २३ लाख ३० हजार असुल भएको छ । वाडफाड अनुसार राजश्व दाखिला गर्नुपर्ने रु.३१ करोड ४९ लाख ६३ हजार र स्थानीय निकायमा पठाउनु पर्ने रु.४ करोड ७३ लाख ६६ हजार देखिन्छ । तर कार्यालयले संचित कोषमा २९ करोड ३१ लाख ८१ हजार र स्थानीय निकायमा ४ करोड ५९ लाख ६७ हजार मात्र पठाएको छ । राजश्व दाखिला गर्नुपर्ने २ करोड १७ लाख ८२ हजार र स्थानीय निकायमा पठाउनुपर्ने देखिएको १३ लाख ९९ हजार समेत जम्मा रु.२ करोड ३१ लाख ८१ हजार कार्यालयको खातामा मौज्दात बाँकी रहेको देखिएकाले उक्त रकम सम्बन्धित खातामा जम्मा गर्नुपर्दछ ।

## सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकाय आ-आफनो कामको प्रकृति अनुसारको आन्तरीक नियन्त्रण व्यबस्था तयार गरी लागू गर्नुपर्ने व्यवथा छ । कार्यालयमा जिन्सी मालसमानको लिलाम /मर्मत नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको,उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागी कार्यक्रम ब्यवस्थित नगरेको, पुराना मालसमानको मुल्य नखुलेको, तालुक कार्यलायले मातहतका कार्यालयहरुको अनुगमन गर्नु पर्ने व्यवस्था भएकोले अनुगमन गरेको पाइएन, जिन्सी निरीक्षण प्रतिवेदनको कारवाही नगरेको , आन्तरीक लेखापरिक्षण नियमित रुपमा नगराई बर्षमा एकपटक मात्र गराएको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालाना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

२. **वार्षिक प्रतिवेदन** : सहकारी ऐन २०४८ को दफा ३४ मा प्रत्येक संस्था वा संघले प्रत्येक वर्ष कारोवारको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ४३ मा विवरण पेश नगर्नेलाई जरिवाना समेतको व्यवस्था छ । यस कार्यालयले आ.व.को अन्त्य सम्ममा ६२८ सहकारी संस्था रहेको विवरण पेश भएको मध्ये लेखारिक्षण नगराउने सहकारी संस्था १०२ तथा वार्षिक विवरण पेश नगर्नेको संख्या १०१ रहेको उल्लेख छ । त्यस्तै निष्कृय सहकारी संस्थाको संख्या १८१ रहेको छ । उक्त निष्कृय रहेका संस्थाहरु विगत २ वर्षदेखि निष्कृय रहेको देखिन्छ । वार्षिक प्रतिवेदन पेश नगर्ने तथा लेखापरिक्षण नगराउने र निश्कृय रहेका संस्था ताकेता, सार्वजनिक सूचना तथा प्रकासन तथा प्रसारण गर्ने कार्य गरेको उल्लेख गरेको भएतापनि

ऐनको परिपालना गर्न लगाउने तर्फ आवश्यक कारवाही भएको देखिएन । अतः ऐनमा व्यवस्था भएअनुसारको व्यवस्थालाई कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

३. **तालीम कार्यक्रम** : राष्ट्रिय सहकारी नीति २०६९ मा शिक्षा, तालीम र सुचनाको माध्यमवाट सहकारीको संस्थागत क्षमता विकास र सहकारी सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने नीति उल्लेख छ । कार्यालयवाट २०७२।०७३ मा संचालीत विभिन्न तालीम कार्यक्रम (आधारभुत सहकारी व्यवस्थापन तालीम, लक्षीत वर्ग र समूहको पहिचान गरि पुर्व सहकारी शिक्षा तालीम संचालन सशक्तिकरण, सहकारी सचेतना तालीम, सहभागीतात्मक लेखापालन तथा व्यवस्थापन तालीम आदि) तथा विषय संग संवन्धित विभिन्न सहकारी व्यवसाय प्रवर्द्धन गोष्ठी संचालन गरेको देखिन्छ । यसको अतिरिक्त सहकारी क्षेत्रको गुणस्तरीय एर्व प्रभावकारी विकास र विस्तारका लागि ३ पी, सहकारीमा जोखीम व्यवस्थापन, सहकारी पुनर्ताजगी लगायत विषयमा तालीमलाई समावेश गरी कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।

४. **लक्ष्य प्रगती** : स्वीकृत वीर्षक कार्यक्रममा तोकिएको लक्ष्य अनुसार प्रगति हासिल गरेको हुनुपर्दछ । कार्यालयले पेश गरेको प्रगति विवरण सहकारी क्षेत्र सृद्दिढिकरण तर्फ सहकारी संघ सस्थाको एकिकरण व्यवस्थापन र सहकारी प्रशिक्षणतर्फ सुन्य प्रगति प्राप्त गरेको देखियो । सुन्य प्रगति हुनाको पुष्ट्याइ पेश भएको छैन । लक्ष्य अनुसार प्रगति प्राप्त गर्न कृयाशिल हुनुपर्ने देखिन्छ ।

६. **नर्म्स भन्दा बढी खर्च** : अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा कार्य संचालन निर्देशिका, २०७० नियम ६ विपरित नर्म्स भन्दा बढी रु.५० हजार मसलन्द खर्च लेखेको छ । बढी खर्च लेखेको रकम असुल हुनुपर्दछ । प्रचलित रु.५०।–मा मसलन्द उपलव्ध हुन नसकेकोले उक्त रकम खर्च भएको कार्यालयको भनाई छ ।

५. **सक्कल भरपाई** : सहभागीतात्मक सहकारी लेखापलन तालिम ६ दिने तालिम ६ वटा सहकारी संस्थालाई दिई रु.४ लाख ५० हजार विनियोजित बजेट खर्च गरी सतप्रतिशत प्रगती हासिल भएको देखिन्छ । यस कार्यक्रमबाट संस्थालाई रकम खर्च लेखेकोमा संस्था छनोटको आधार लेखापरीक्षण समक्ष पेश भएन । सम्झौता अनुसार सम्पूर्ण आर्थिक कारोवारको बील भरपाई यस डिभिजन कार्यालयमा बुझाउनु पर्ने भएता पनि ६ वटै संस्थाहरुले उक्त बील भरपाई सक्कल कागजात पेश भएको पाइएन । तसर्थ विल भरपाई पेश हुनुपर्दछ ।

सघ संस्थाहरुले गर्ने खर्च सोही सघ संस्थाको दायित्य भएकोले सक्कल विल भरपाई सोही सघ संस्थाहरुको आर्थिक कारोवारको लेखापरिक्षण गराउने भएकोले सोको फोटो कपी मात्र पेश भएको कार्यालयको भनाइ छ ।

## सिचाई विकास डिभिजन

१. **चौमासिकको खर्चको स्थिति** : कार्यालयले वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमका आधारमा चौमासिक लक्ष्य अनुसार खर्च गरी कार्यक्रम सञ्चालन गर्नु पर्दछ । यस कार्यालयले तेश्रो चौमासिकमा मात्र विकास निर्माणको बजेट शतप्रतिशत १०० खर्च भएको र आषाढ महिनामा उक्त सबै खर्च गरेको छ । यसरी खर्च हुनाले वर्षको अन्त्यमा कार्यक्रम कार्यान्वयनमा बढी दवाव पर्न जाने र हतारमा काम गर्दा गुणस्तरमा पनि कमि हुनसक्ने हुँदा बर्षान्तमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

२. **लक्ष्य प्रगति** : चालु आर्थिक वर्ष सुन्य प्रगति भएको १ एवं ७५ प्रतिशत भन्दा कम भौतिक प्रगति भएको ३ योजना रहेको छ । तसर्थ लक्षित प्रगति हाशिल गर्नु पर्ने देखिन्छ । कतिपय आइटममा सुन्य प्रगति भएकोले सुधार हुनु पर्ने देखिन्छ ।

३. **जिन्सी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) अनुसार लिलाम बिक्री गर्नुपर्ने, मर्मत गर्नुपर्नेमा यस डिभिजनमा डिजीटल क्यामरा २, मोटरसाईकल ८ थान, पिकअप गाडि १

थान, काठको कुर्सी ४ थान, टेवल २ थान, कम्प्युटर.२ थान, लेवल मेशीन १ थान लगायतका सामानहरु लिलाम तथा मर्मत गर्नु पर्ने भनि प्रतिवेदनमा उल्लेख भएकोमा सो अनुसार गरेको पाईएन । सो उपर आवश्यक कारवाही गरि जिन्सी व्यवस्थित गर्नुपर्दछ ।

४. **अधुरा आयोजना** : आर्थिक कार्यबिधि नियमावली २०६४को नियम १९ बमोजिम बहुवर्षिय आयोजनामा वजेट बिनियोजनको व्यवस्था छ । आ.व.०६७।६८ देखि २०६८।६९ सम्म ४ योजना हालसम्म अधुरो रहेकोमा सम्पन्न गरी गराई फर फारक गर्नु पर्ने देखिन्छ ।

५. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) को अनुसुची १ बमोजिम ५ प्रतिशत खर्च लेख्ने व्यवस्था छ । २.५ प्रतिशत पुँजिगत र २.५प्रतिशत प्रशासनिक खर्च व्यवस्थापन गर्नु पर्ने उल्लेख छ । कार्यालयले कन्टेन्जेन्सी खाता नराखी कुल बिनियोजित रकमको १० प्रतिशत अर्थात रु.१२ लाख ९८ हजार खर्च रहेको छ । अतः निश्चित सिमा भित्र रही कन्टेन्जेन्सी खर्च गर्नुपर्दछ ।

६. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६ बमोजिम पेस्की फछ्र्यौट गर्नुपर्दछ । आर्थिक बर्षको अन्त्यमा रु. ६८ लाख पेश्की बाँकी रहेको छ । तसर्थ समयमा नै पेस्की फछ्र्यौट गर्नुपर्दछ ।

## सुनसरी मोरङ्ग पुल निर्माण आयोजना

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । तर कार्यालयले वार्षिक खरिद योजना तयार नगरेको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको, घर जग्गाको लगत नराखेको, पुराना मालसमानको मूल्य नखुलेको, जिन्सी मालसमानको लिलाम नभएको, डोर हाजिर नियन्त्रण खाता राख्ने नगरेको, चल्ती मेसिन तथा सवारी साधन मर्मतको गर्दा म.ले.प.फा.न.२ मर्मतको अभिलेख नराखेको, वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रक सुदृढ बनाउनु पर्दछ । सुझाव कार्यान्वयन गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

२. **चौमासिक तथा आषाढको खर्च** : स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार निर्धारित चौमासिकमा कार्यक्रम/क्रियाकलाप सञ्चालन गरिनु पर्दछ । कार्यलयले तेस्रो चौमासिकमा मात्र ८८.३१ प्रतिशत तथा असार महिनामा मात्र ६५.८७ प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा कामको अनुगमन कार्यमा कठिनाई भई सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर पर्ने स्थिति रहन्छ । विभागबाट ढिला अख्तियारी प्राप्त भएकोले यस्तो भएको कार्यालयको भनाई छ ।

३. **लक्ष्य/प्रगति स्थिति** : कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्नु पर्दछ । कार्यालयबाट १ वटा ठेक्काको कामनै नभई प्रगति शुन्य रहेको, ५ ठेक्काको ५० प्रतिशत मात्र कार्य भएको, २ वटा ठेक्काको ७५ प्रतिशत र ३ ठेक्काको ७५ प्रतिशत भन्दा वढी प्रतिशत प्रगति भएको देखियो । वार्षिक प्रगति ७५ प्रतिशत भन्दा वढी भएता पनि समग्र पुलको निर्माण स्थिति न्यून रहेको देखिन्छ । जसवाट जनताले प्राप्त गर्नुपर्ने सेवा सुविधा प्राप्त नभई कठिनाई पर्ने हुँदा न्यून प्रगति हुनुका कारण तथा समस्या पहिचान गरी निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान पुर्‍याउनु पर्ने देखिन्छ ।

४. **अधुरा ठेक्काहरु** : ठेक्का सम्झौतामा तोकिए बमोजिम समयमा काम सम्पन्न गरी सक्नुपर्नेमा कार्यालयले उपलब्ध गराएको विवरण अनुसार गत विगत आर्थिक वर्षमा ठेक्का सम्झौता भएका १३ वटा ठेक्का मध्ये ४ वटा ठेक्का सम्पन्न भई ९ वटा ठेक्का अझै चालु अवस्थामा छन् । उक्त

९ पुल मध्ये ९ वटाकै म्याद समाप्त भैसकेकोमा म्याद थप भएको पाइएन । ठेक्का अधुरो रहंदा जनताले पाउनु पर्ने सेवा सुविधा प्राप्त नभई असहज अवस्था हुन जान्छ । तसर्थ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) वमोजिम म्याद थप गरी कार्यसम्पन्न गराउने तथा नियम १२८ को उपनियम (२) को खण्ड (घ) बमोजिम सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउनेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । समयमै काम गराउन कार्यालय प्रतिवद्ध रहेको तर ठेकेदारले समयमै कार्य नगरेको ले समयमै काम हुन नसकेको हो सुझाव अनुसार कार्य गरिने कार्यालयको भनाई छ ।

५. **म्याद थप :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२० (१) र (२) बमोजिम अधिकार प्राप्त अधिकारीले अवधि बढाउन सक्ने व्यवस्था छ । यो वर्ष सार्वजनिक पुल निर्माणतर्फ २० वटा ठेक्काको काम सञ्चालन भएकोमा कार्यालयले उपलब्ध गराएको विवरण अनुसार ३ वटा ठेक्काको शत प्रतिशतभन्दा वढी अवधि म्याद थप भएको देखिन्छ । म्याद थप सम्बन्धी उक्त सबै निर्णय गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(२) बमोजिम जाँचबुझ गरेको देखिदैन । १० वटा ठेक्काको म्याद थप भएको पाइएन । तसर्थ म्याद थप हुन बाँकी ठेक्काको नियम १२०(२) वमोजिम म्याद थप वा नियम १२८(२)घ वमोजिम गरी कार्यसम्पन्न गराउनु पर्ने देखिन्छ । म्याद थपको लागी कार्य भैरहेको कार्यालयको भनाई छ ।

६. **जमानतको म्याद समाप्त** : सार्वजनिक खरि नियामावली २०६४ को नियम ११०(४) बमोजिम कार्य सम्पादन जामानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित माल समान आपुर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अबधि वा प्रत्याभुतिको अवधि वा निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा १ महिनाको बढी अबधिको हुनु पर्ने व्यवस्था छ । समयमा काम सम्पन्न नभएको कारण ३ ठेक्काहरुको कार्यसम्पादन जमानतको म्याद समाप्त भएकोले म्याद थप भएको छैन । तसर्थ कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्दछ ।

७. **कण्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची १ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशतसम्म कण्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ । यो वर्ष आयोजना कार्यालयले रु.३० लाख ३१ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । जुन यस वर्षको कूल सार्वजनिक निर्माण खर्चको ४.६७ प्रतिशत हुन आउछ । यस सम्बन्धमा देहाय बमोजिम देखिएको छ :

७.१ वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था हुनुपर्ने देखिएको छ ।

७.२ सुपरभाइजरहरु नियुक्त गरी निजहरुलाई ज्याला वापत रु ९ लाख ४९ हजार कन्टिन्जेन्सीबाट खर्च लेखेको छ । पुलहरुमा सुपरभाइजरहरु नियुक्त गर्ने सम्बन्धमा आवश्यक मापदण्ड एर्व नर्म्स तय गरेको पाइएन । के, कति लम्बाईको कुन कुन पुलको लागि कति जना सुपरभाइजर खटाउन सकिने हो, निजहरुको छनौट प्रक्रिया, योग्यता, निजहरुले सम्पादन गर्नुपर्ने कामको विवरण आदि स्पष्ट मापदण्ड तथा आधार बेगर नै काममा लगाउने गरेको र निजहरुले सम्पादन गरेको कामको सम्बन्धमा कुनै प्रतिवेदन वा कामको परिमाण देखिने अभिलेख राख्ने गरेको पाइएन । यसबाट उक्त खर्चको उपादेयतामा विश्वस्त हुने आधार रहेन ।

७.३ कन्टिन्जेन्सी रकमबाट कार्यालय सामान लगायतको खर्च गर्दा सार्वजनिक खरिद ऐन, नियम बमोजिम प्रक्रिया नपुयाई सोझै खरिद विधि अन्तर्गत बजारबाट खर्च लेखेको देखिएको छ। उक्त खर्चलाई समेत वार्षिक खरिद योजनामा समावेश गरी नियमको व्यवस्था अनुसार खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ। विगत वर्षका ठेक्काको हालसम्मको कन्टिन्जेन्सी खर्चको विवरण पेश नभएबाट कन्टिन्जेन्सी खर्चको तुलना हुन सकेन। कार्यालयको भनाई :सुझाव अनुसार कार्य गरिने छ।

८. **मुल्य अभिवृद्धि कर :** मुल्य अभिवृद्धि कर नियमावली २०५२ को नियम ७ बमोजिम प्रिन्टेट नम्बर भएको कर विजक जारी गर्नु पर्ने व्यवस्था छ। तर कार्यालयले एक निर्माण व्यवसायीलाई रु.३० लाख ३५ हजार भूक्तानी गर्दा कर विजक नं. केरमेट भएको विलको आधारमा रु.३ लाख ४९ हजार मु.अ. कर भूक्तानी भएको छ। तसर्थ कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ। प्रमाण पेश गरिने कार्यालयको भनाई रहेको छ।

९. **पेस्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६ बमोजिम पेस्की फछ्र्यौट गर्नुपर्दछ। चार निर्माण व्यवसायीको रु.२ करोड ६६ लाख ५० हजार मोविलाइजेशन पेस्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट भएको छैन। तसर्थ पेस्की फछ्र्यौट समयमानै हुनुपर्दछ।

१०. **राजश्व दाखिला :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ बमोजिम न्यूनतम मूल्याकित बोलपत्रदाता सम्झौतागर्न नआएमा जमाना जफत गरी दोश्रो न्यून मूर्ल्याकित बोलपत्रदाता सँग सम्झौता गर्ने व्यवस्था छ। कार्यालयले २ निर्माण व्यवसायी सम्झौता गर्न नआएकोमा रु.१ लाख धरौटी जफत गरी राजस्व दाखिला गरेको छैन। दाखिला गरिने कार्यालयको भनाई छ।

११. **पूर्व निर्धारित क्षतीपूर्ति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निर्माण व्यवसायीबाट सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति लिनु पर्ने व्यवस्था छ। आयोजनाले २ ठेक्कामा ढिला गरी सम्पन्न गरेकोमा रु.१२ हजार क्षतीपूर्ती असुल गरेको छैन। तसर्थ क्षतीपूर्ति असुल हुनु पर्दछ। असुल गरिने कार्यालयको भनाई छ।

१२. **जनशक्ती व्यवस्थापन :** पुल निर्माण आयोजनाको लागि डिभिजन ईन्जिनियर १, ईन्जिनियर २ र सहायक इन्जिनियर २ दरवन्दी व्यवस्था छ। तर आयोजनामा २०७२/०७३ मा १ इन्जिनियर र १ सहायक ईन्जिनियर पूर्ति रहेको छ। २४ वटा पूल निर्माण गर्नुपर्ने आयोजनामा जनशक्तिको अभावमा निर्माण कार्य प्रभावित भएकोले रिक्त पदहरु पूर्ति गर्नु पर्ने देखिन्छ।

१४. **भेरियसन :** वोरिग प्राभाईडिग ईन्सटलिग वोर्ड कस्टमा स्विकृत बोलपत्रको परिमाण ३०० घ.मि. मात्र भएको मूर्ल्याकित विलमा ६४० घ.मि. गरेका आधारमा भुक्तानी गरेको छ। लागत अनुमान तुलनामा १८० प्रशित बढि कार्य भएको छ। तसर्थ आइटम २५ मा बढि कार्य गराउँदा भेरिएसन स्वीकृति र २५ प्रतिशत भएमा मूल्यमा सम्झैता गर्नुपर्नेमा सो नगरि रु. २२ लाख ४० हजार खर्च लेखेको छ। भेरियसन स्वीकृती गराउनु पर्दछ।

१५. **भाडा भुक्तानी :** एक निर्माण व्यवसायीलाई तुर्के खोला पूल निर्माण अन्तर्गत सामान्य कार्यको आइटमहरु १.०७ मा सुपरभिजनको लागि इन्धन, ड्राइभर सहित सवारी साधनको कार्य देखाई रु.१२ लाख २० हजार भुक्तानी भएको पाइयो। यस फर्मको म्याद २०७३/०३/३० मा समाप्त भएको र हालसम्म पनि म्याद थप नभएको र यस वर्ष अन्य कुनै पनि निर्माण कार्य नभएको अवस्थामा भेहीकल र ड्राइभरको रकम वापत रु. १२ लाख २० हजार भुक्तानी भएको छ। काम नभएको अवधिको भुक्तानी असुल हुनुपर्दछ।

१६. **बढी भुक्तानी** : सम्झौताको अधिनमा रही कार्यको मुल्याकित विल र नापी बमोजिम निर्माण व्यवसायीलाई भुक्तानी गर्नुपर्दछ। आयोजनाले एक निर्माण व्यवसायीसंग विल अफ क्वान्टीटीमा दरमा फरक पारी रु.१० हजार र अर्को निर्माण व्यवसायीलाई डण्डीको जोडजम्मा फरक पारी

रु.२ लाख ५६ हजार भुक्तानी गरेको छ। बढी भुक्तानी गरेको रु.२ लाख ६६ हजार असुल गरिनु पर्दछ ।

### शैक्षिक तालिम केन्द्र

१. **फरक शीर्षक :** खर्च शिर्षकहरुको वर्गीकरण र व्याख्या सम्बन्धि निर्देशिकामा तोकिए बमोजिमका खर्चहरु तोकिए बमोजिमका खर्च शिर्षकहरुमा मात्र लेखांकन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले फर्निचहरु पूँजिगत सूधार खर्च शिर्षकबाट खरीद गरी २ लाख ९७ हजार भुक्तानी दिएको छ । यसरी शिर्षक फरक पारी खर्च लेखेको नियमित देखिएन ।

२. **जिन्सी खाता** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ५२ मा जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको निर्देशिका बमोजिम राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खर्च भएर नजाने जिन्सी मालसामानको खाता स्वीकृत ढाँचामा नराखी २०५३।६।१० देखि प्रयोगमा ल्याएको पूरानो खातामा राख्ने गरेको छ । जिन्सी मालसामानको श्रेष्ता परिमार्जित जिन्सी खातामा अद्यावधिक रुपमा राख्नुपर्दछ ।

३. **धरौटी खाता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८(१) अनुसूची १० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची ११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष विभिन्न फर्महरुबाट ४७ हजार धरौटी आम्दानी गरेकोमा गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राखेको पाईएन । धरौटी कारोबारको गोश्वारा तथा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्दछ ।

### क्षेत्रीय हावापानी कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकाय बाट आ-आफनो कामको प्रकृति अनुसारको आन्तरीक नियन्त्र व्यबस्था तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ। कार्यलयले आन्तरीक नियन्त्रण प्रणालीमा जिन्सी मालसमानको लिलाम /मर्मत नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागी कार्यक्रम व्यवस्थित नगरेको, पुराना मालसमानको मुल्य नखुलेको, तालुक कार्यलायले मातहतका कार्यालयहरुको अनुगमन गर्नु पर्ने व्यवस्था भएकोमा अनुगमन नगरेका, आन्तरिक लेखापरीक्षण नियमित रुपमा गर्नु पर्नेमा बर्षमा एकपटक मात्र गरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

### हुलाकी राजमार्ग आयोजना, योजना कार्यालय

१. **योजना तयारी र स्वीकृति** : आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २२(१) बमोजिम वार्षिक कार्यक्रम निश्चित भएको छ तर यस आयोजनाको कार्यक्षेत्रभित्र पर्ने सम्पूर्ण योजनाहरुको विस्तृत सर्वेक्षण ड्रइग, डिजाइन, लागत अनुमान र सो अनुसारको वार्षिक कार्यक्रम स्वीकृत एवं कार्यान्वयन भएको देखिन आएन । साथै मागमा आधारित भई योजना तर्जुमा गर्नुपर्ने डिभिजन सडक कार्यालयले प्रस्ताव गरेको बजेट स्वीकृत बजेट सम्वन्धी अधावधिक अभिलेख समेत राखेको देखिएन ।

२. **चौमासिक तथा आषाढको खर्च :** स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार निर्धारित चौमासिकमा कार्यक्रम/क्रियाकलाप सञ्चालन गरिनु पर्दछ । कार्यालयले तेस्रो चौमासिकमा ९१.३९ प्रतिशत तथा असार महिनामा मात्र ३९.४१ प्रतिशत खर्च गरेको पाइयो । आर्थिक वर्षको अन्तमामात्र अधिक खर्च गर्दा कामको अनुगमन गर्न कठिनाई भई गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर पर्ने हुनाले समानुपातिक किसिमले कार्यक्रम बमोजिम खर्च गरिनु पर्दछ ।

४. **लक्ष्य/प्रगति स्थिति** : कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्नु पर्दछ । कार्यालयबाट वार्षिक प्रगति प्रतिवेदन अनुसार ३० कार्यक्रमहरुमा १५ ठेक्का सम्पन्न

गर्नुपर्नेमा ७ ठेक्काको कामनै नभई प्रगति शुन्य रहेको,१ ठेक्काको २५ प्रतिशत मात्र कार्य भएको, २ ठेक्काको ७५ प्रतिशतमात्र प्रगति भएको र ५वटा ठेक्काको ८७ प्रतिशत सम्म प्रगति भई समग्रमा १० ठेक्काको काममा ७५ प्रतिशत भन्दा कम  प्रगति हुँदा जनताले प्राप्त गर्न ढिलाई हुने हुदा यसको कारण निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

५. **अधुरा ठेक्काहरु :** ठेक्का सम्झौतामा तोकिए बमोजिम समयमा काम सम्पन्न गरी सक्नुपर्नेमा गत विगत आर्थिक वर्षमा ठेक्का सम्झौता भई हस्तान्तरण भएर आएका १६ मध्ये १ ठेक्का सम्पन्न १५ ठेक्का अझै चालु अवस्थामा छन् । ठेक्का अधुरो रहदा जनताले सेवा सुविधा नपाउने हुँदा  सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) वमोजिम म्याद थप गरी कार्यसम्पन्न गराउने तथा नियम १२८ को उपनियम (२) को खण्ड (घ) बमोजिम सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउनेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

६. **म्याद थप :** यो वर्ष सार्वजनिक निर्माणतर्फ ३१ ठेक्काको काम सञ्चालन भएकोमा १ वटा ठेक्का मात्र सम्पन्न भएको र ३० वटा ठेक्का सम्पन्न हुन नसकेको पाइयो । गत विगत आर्थिक वर्षमा ठेक्का सम्झौता भई काम सम्पन्न हुन नसकेका ९ वटा ठेक्काको म्याद थप भएको देखिन्छ । म्याद थप भएका  उक्त ९ वटा ठेक्काको पचास प्रतिशतभन्दा वढी अवधि म्याद थप भएको देखिन्छ । म्याद थप सम्बन्धी उक्त सबै निर्णय गर्दा सार्वजनिक नियमावली, २०६४ को नियम १२० (२) बमोजिम र्जाचबुझ गराएको देर्खिदैन । तसर्थ म्याद थप हुन र्बाकी ठेक्काको नियम १२०(२) वमोजिम म्याद थप वा नियम १२८(२) (घ) वमोजिम गरी कार्यसम्पन्न गराउनु पर्ने देखिन्छ ।

७. **बीमा :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा व्यबस्था भएकोमा बाहेक दशलाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्दा त्रुटी सच्याउने दायित्वभन्दा एक महिनापछि सम्मको अवधिको वीमाको म्याद थप गर्नुपर्ने उल्लेख छ । कार्यालयले वीमा पोलिसी र भुक्तान भएको प्रमाण वेगर विमा वापत रु.१० लाख खर्च लेखेको छ । विमा पोलिसी पेश गर्नुपर्दछ ।

८. **मुल्य अभिवृद्धि भुक्तानी :** खाडो खोलापूल निमार्ण कार्यको संझौताको प्रावधान ४६ को (१) बमोजिम मूल्य अभिबृद्धि भुक्तानी दिने व्यवस्था छ ।आयोजनाले १४औ रनिङ विल सम्म मूल्य अभिवृद्धि वापत रु १ करोड ७५ लाख १३ हजार भुक्तानी भएकोमा १५ औ रनिङ विलमा अघिल्लो विलको रु १ करोड ५० लाख ५९ हजार मात्र कट्टी गरी भुक्तानी भएको छ । तसर्थ मू.अ.कर सहित रु २७ लाख ७३ हजार बढि भुक्तानी मुल्य अभिवृद्धि रकम समायोजन हुनुपर्दछ ।

९. **टेण्डर डकुमेण्ट परिक्षण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) वमोजिम खर्च लेख्दा विल भपाई सहितको स्रेस्ता राख्नु पर्ने र आर्थिक कार्यविधि ऐन २०५५ दफा २ को परिभाषा (७) मा "जिम्मेबार ब्यक्ति" को वारेमा उल्लेख छ । प्रचलित कानूनी व्यवस्था बिपरित हुलाकी राजमार्ग ३ को ठेक्कापट्टा केन्द्रिय कार्यलयबाट जमानत लिई १० प्रतिशत रकम पेश्की दिई केन्द्रीय निकायबाट कार्यान्वयनका लागि पठाएको छ । बजेट सम्बधि सिद्धान्त बिपरित भएका क्रियाकलापका कारण टेण्डर प्रकृयाका कुनै फायल कार्यान्वयन निकायमा नआएकोले परिक्षण गरिएको छैन ।

१०. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची १ को व्यवस्था रहेको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत ५ प्रतिशतसम्म कण्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुदै आएको छ। यो वर्ष

योजना कार्यालयले रु. १ करोड ३९ लाख ९१ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । जुन सम्बन्धित योजनाहरुको यो वर्षको कूल सार्वजनिक निर्माण खर्चको ३.५३ प्रतिशत हुन आउंछ । कण्टिन्जेन्सी खचर्का सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छनः

१०.१ वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था हुनुपर्ने देखिएको छ ।

१०.२ निर्माणाधीन सडक खण्ड र पुलहरुमा सुपरभाइजरहरु नियुक्त गरी कन्टिन्जेन्सीबाट रु.१६ लाख ७१ हजार ज्याला खर्च लेखेको छ । निर्माणाधीन सडक खण्ड र पुलहरुमा सुपरभाइजरहरु नियुक्त गर्ने सम्बन्धमा आवश्यक मापदण्ड एवं नर्म्स तय गरेको पाइएन । निजहरुको छनौट प्रक्रिया, योग्यता, निजहरुले सम्पादन गर्नुपर्ने कामको विवरण आदिको अभिलेख राख्ने गरेको पाइएन । यसबाट उक्त खर्चको उपादेयतामा विश्वस्त हुने आधार रहेन ।

१०.३ कन्टिन्जेन्सी रकमबाट कार्यालय सामान लगायतको खर्च गर्दा सार्वजनिक खरिद ऐन, नियम बमोजिम प्रक्रिया नपुयाई सोझै खरिद विधि अन्तर्गत बजारबाट खर्च लेखेको देखिएको छ । उक्त खर्चलाई समेत वार्षिक खरिद योजनामा समावेश गरी नियमको व्यवस्था अनुसार खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

१०.४ कन्टिन्जेन्सी खर्चको विवरण ठेक्कागत नराखी बजेट उपशीर्षकगत मात्र राखेको पाइयो । यसले गर्दा कुनै खास ठेक्काको लागत अनुमानको तुलनामा के कति कन्टिन्जेन्सी खर्च भयो विश्लेषण गर्न सकिएन । विगत वर्षका ठेक्काको लागत अनुमान र कन्टिन्जेन्सी खर्चको विवरण पेश नभएबाट कन्टिन्जेन्सी खर्चको तुलना हुन सकेन ।

११. **गत विगत वर्षको पेश्की** : निर्माण व्यवसायीहरुको नाममा रहेको विगत वर्षहरुको पेश्की रु ११ करोड ४२ लाख ६ हजार र यस आ.व.को रु. ४ करोड ५७ लाख २९ हजार समेत रु.१५ करोड ९९ लाख ३५ हजार हालसम्म पनि फछ्र्यौट भएको नदेखिएकाले आयोजनाले निर्माण कार्य तोकिएको समयमा सम्पन्न गराउनेतर्फ तदारुकता देखाई प्रयोजनहिन अवस्थामा पेश्की रहन नदिई आर्थिक दायित्व कम गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## क्षेत्रीय कृषि अनुसन्धान केन्द्र

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकाय आ-आफनो कामको प्रकृति अनुसारको आन्तरीक नियन्त्रण व्यबस्था तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ । केन्द्रमा प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागी कार्यक्रम ब्यवस्थित नगरेको, पुराना मालसमानको मुल्य नखुलेको, तालुक कार्यलायले मातहतका कार्यालयहरुको अनुगमन गर्नु पर्ने व्यवस्था भएकोमा अनुगमन नगरेको, समयमा पेश्की फछ्र्यौट नगरेको, जिन्सी प्रतिवेदन बमोजिम जिन्सी सामाग्री मर्मत र लिलाम नगरेको , आन्तरिक लेखापरिक्षण चौमासिक रुपमा गरी प्रतिवेदन तयार गर्नुपर्नेमा वर्षमा एक पटक मात्र प्रतिवेदन पेश गरेको जस्ता कमी कमजोरीहरु देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रक सुदृढ बनाउनु पर्दछ । सुझाव कार्यान्वयन गरिने व्यहोरा कार्यालयले जनाएको छ ।

२. **भवन** : यस अनुसन्धान केन्द्रका ७६ वटा भवन मध्ये ४८ भवन मर्मत गर्नुपर्ने अवस्था रहेको उल्लेख छ । मर्मत गर्नु पर्ने भनिएका भवनहरु मर्मत नगर्दा पानी चुहीने र भवन निर्माणमा प्रयोग भएको सामानहरु नष्ट हुने अवस्था छ । भवन सामान्य मर्मत गर्दा समेत प्रयोगमा आउने उल्लेख छ । अतः ति भवनहरु प्राथमिकता अनुसार बजेट व्यवस्था गरी मर्मत गरी चालु हालतमा राख्नु पर्ने देखिन्छ ।

३. **धानको मुल बीउ विक्री** : १२७१५.५ के.जी. प्रति के.जी. बीउ धान रु ५० का दरले रु ६३५७७५, ललका बासमती धान ३२३ के.जी. प्रति के.जी. रु ८० का दरले रु २५८४०, धान प्रजनन् बीउ १८६१ के.जी. प्रति के.जी. रु ८५ का दरले रु हुने जम्मा रु ८१९८०० बिक्रीको लक्ष रहेकोमा समयमा बीउ धान बिक्री गर्न नसकी खाने धानको रुपमा बिक्री गरेको छ। धानको मुल बीउ भन्दा घटिको दरले बिक्री गर्नुपर्ने विउ१२७१५.५० प्रति के.जी. रु २० का दरले हुने रु २५४३१०, लल्का बासमति ३२३ प्रति के.जी. रु ३० का दरले रु ३७२२० समेत जम्मा रु ३०१२२० मात्र आम्दानी प्राप्त भएकोले रु ५ लाख १९ घटि आम्दानी भएको छ। अत: समयमा नै बीउ धान बिक्री गरी आम्दानी वृद्धि हुनु पर्दछ।

४. **टुक्रा टुक्रा कार्य गराएको :** सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी कार्य गराउन नहुने व्यवस्था छ। कार्यालयले १५ वटा टुक्राबाट रु ७३ लाख ३९ हजार कर विभिन्न निर्माण कार्य गराएको छ। लागत अनुमानको तुलनामा ०.३९ प्रतिशत मात्र घटीमा कार्य भएकोले प्रतिस्पर्धाका आधारमा निर्माण कार्य भएको देखिएन। निर्माण कार्यहरु प्याकेज तयार गरी प्रतिस्पर्धात्मक व्यवस्थाबाट कार्य गराउनु पर्दछ। आगामी दिनहरुमा सुधार गरिने कार्यालयको भनाई छ।

५. **कर्मचारी र दरवन्दी** : यस अनुसन्धान केन्द्रको स्वीकृत दरवन्दी १०९ भएकोमा पदपुर्ति ५४ मात्र भई मुख्य वैज्ञानिक एस ५ संख्या १, वरिष्ठ वैज्ञानीक एस ४ संख्या ६ वरिष्ठ वैज्ञानिक एस ३ संख्या २ वैज्ञानीक संख्या २ लगायत विभिन्न पदका ५५ पद रिक्त रहेको विवरण पेश भएको छ। दरवन्दी मध्ये १ जना काजमा रहेको देखिन्छ भने काजमा आएका कर्मचारीको संख्या २ रहेको छ। स्वीकृत दरवन्दी अनुसार जनशक्ती पदपुर्ति गर्नेतर्फ केन्द्रले ध्यान पुर्‍याउनुपर्ने देखिन्छ। सम्वन्धित निकायमा अनुरोध गरिने कार्यालयको भनाई छ।

६. **ज्यामीज्याला भुक्तानी :** ज्यामी ज्याला वापत वार्षिक रुपमा रु १ करोड ७९ लाख ९८ हजार भुक्तानी दिएको देखियो। ज्यामी ज्याला खर्च लेख्दा कुन कामको लागि कति ज्यामी ज्याला चाहिने हो प्रति व्यक्ति प्रति दिनको लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृति लिई ज्यामी ज्यालामा लगाउनु पर्नेमा वार्षिक रुपमा लाग्ने ज्यामीको एकिन नगरि आवस्यकता अनुसार माग फाराम भरी ज्यामी लगाई ज्याला भुक्तानी गरेको देखियो। यसले गर्दा वर्षभरीमा अनुसन्धान कार्यको लागि कति ज्यामी लाग्ने हो एकिन नहुने र यसवापत वार्षिक कति रकम भुक्तानी हुन्छ सो रकम समेत एकिन नहुने हुदा वार्षिक रुपमा एकिन गरि सोही अनुसार मात्र भुक्तानी दिनुपर्ने देखिन्छ।

७. **विधुत महशुल :** विद्युत महशुल समयमा नै भुक्तानी गरी कार्यालयले छुट लिनु पर्नेमा रु.४२ हजार जरिवना तिरेको छ। कार्यालय परिशर भित्र विभिन्न कर्मचारी आवासहरु समेत रहेकोमा उक्त कर्मचारीहरुको क्वाटरको विद्युत महशुल नलिने गरेको पाइयो। तसर्थ सव मिटर जडान गरी विधुत महशुल उठाउनु पर्ने र समयमा नै महशुल भुक्तानी गर्नु पर्दछ। आगामी महिनाको भुक्तानीमा छुटलिन प्रयास गरिने कार्यालयको भनाइ छ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ४३ कार्यलयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यलयबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार ३४ कार्यलयको बेरुजू नदेखिएको जनाएको छ। यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका ४३ मध्ये निम्न ९ कार्यालयको रु २७२६३९८८।- बेरुजू बाकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

| सि न | कार्यलय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | जिल्ला प्रविधिक कार्यालय | | निर्माण व्यवसायी पेश्की | **१५९१९७४४।०** |
| २ | सुनसरी भन्सार कार्यालय, सेतुवन्ध | पूजिगत | २ निर्माण व्यवसायिको पेश्की | **७७०००००।०** |
| | | ३०५०१९३ | निर्णय विना रकम भुक्तानी गरेको | १७९१३५।० |
| ३ | राजश्व अनुसन्धान पूर्वान्चल क्षेत्रीय कार्यालय | पूजिगत | निर्माण कार्य पेश्की | ४२०००००।० |
| ४ | केन्द्रिय प्रविधि क्याम्पस, धरान २०७१।७२ | बिभिन्न | हवाई भाडाको टिकट पेश नभएको | १२९९०।० |
| ५ | केन्द्रिय प्रविधि क्याम्पस, धरान २०७२।७३ | बिभिन्न | कार्यालयमा नै जगेडा कोषमा रु ९८३६३० राख्नु पर्ने | ९८३६३०।० |
| | | | ५ दिनको दैनिक भत्ता दिनु पर्नेमा ६ दिनको दिएका | १०५०।० |
| | | | खर्चको भरपाई तथा फांटवारी पेश गर्नु पर्ने | १२३९०।० |
| | | | नापि किताबमा भिडेको नदेखिएकाले | ५९१५४१।० |
| | | | तिस्पर्धात्मक रुपमा खरीद कार्य गनु पर्ने देखिएको | १०६२४४०।० |
| | | | ढुवानी भाडा भुक्तानी अनियमित देखिएको | ३२२०००।० |
| | | | ५ दिनको दैनिक भत्ता दिए पुग्नेमा ६ दिन दिएको | २२५०।० |
| | | | विल भरपाई देखिएकोले बढि खच | १००००।० |
| | | | दोहोरो भुक्तानी | ९०००।० |
| | | | वढी भुक्तानी भएको | ३७५०।० |
| | | | बढि भुक्तानी भएको रकम असुल उपर गर्नुपर्ने | १२०००।० |
| | | | कोष दाखिला गर्नु पर्ने | १०८०।० |
| | | | विल विना भुक्तानी भएको विल संलग्न गर्नुपर्ने अन्यथा असुल उपर | ६४०३।० |
| ६ | पिण्डेश्वर विद्यापिठ, धरान | बिभिन्न | अग्रिम कर कटा नगरेको | ११४९०।० |
| | | | भरपाई भन्दा वढी खर्च लेखेको रकम वैक दाखिला गनु पर्ने | ३४२००।० |
| | | | विनियोजित भन्दा वढी खर्च लेखेको पाईएकाले खर्च अनियमित देखिएको | १५१३४५९।० |
| | | | अग्रिम कर कटा नगरेको | ३८२४।० |
| | | | विनियोजित भन्दा वढी खर्च लेखेको पाईएकाले खर्च नियमिति गनु पर्ने | ४७१६२१२।० |
| ७ | क्षेत्रिय कृषि तालिम केन्द्र | ३१२११६४ | ए एण्ड गान्वा कस्ट्रक्सन मोविलाइजेशन पेश्कि सुरक्षित हुने अवस्था नदेखिएको | ९७५००००।० |

| सि न | कार्यलय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| ८ | जुट अनुषन्धान कार्यक्रम | बिभिन्न | आम्दनी तर्फ यस कार्यकमले आ.ब. भित्र बिभिन्न अनुसन्धानात्मक एवं उत्पादन मूलक कार्यकमहरुबाट रु १५२७७२५। आम्दनी प्राप्त गरेको रकम ३ दिनभित्र बैक दाखिला भएको नपाईएको र बिकी गरिएका उत्पादनहरुको बिल अनूसार आम्दनी रजिष्ट्र तयार गरिएका | सैद्धान्तिक |
| | | | गत बर्षको तलवी प्रतिवेदनलाई आधार मानी तलब भत्ता भुक्तानी गरेको | सैद्धान्तिक |
| | | | मुख्य अफिस भवनमा ट्रस्ट निर्माण कामको लगत इस्टिमेटमा वीमाको व्यवस्था गरेको नदेखिएको हुदा जोखिम व्यवस्थापन न्युनिकरण गर्ने कार्यमा ध्यान नपुर्‍याएको | सैद्धान्तिक |
| ९ | राष्ट्रिय भैसी अनुसन्धान कार्यक्रम | | तलवी प्रतिवेदन प्राप्त नभएको नभएको । | सैद्धान्तिक |
| | | | कम्पाउण्डवाल र फेन्सिङ्ग निर्माण कार्यको इष्टिमेटमा बिमाको ब्यवस्था भैं ठेकका बिल अनुसार रकम समेत भुक्तानी भएकोमा बिमा नगरेको | सैद्धान्तिक |
| | | | जम्मा | २७२६३९८८ |

**(सुवर्ण प्रसाद ढकाल )**
**नायब महालेखारीक्षक**

## लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंङ्क

**लेखापरीक्षण विधिः विस्तृत** (रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन /निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | आन्तरिक राजस्व कार्यालय,धरान | २३२ | ९३५३ | ८८ | ४९८ | १०१७१ |
| २. | कारागार कार्यालय | ९२५ | २५ | १ | ५९ | १०१० |
| ३. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ९२७१ | ४२ | १८० | ०० | ९४९३ |
| ४. | जिल्ला शिक्षा कार्यालय ईनरुवा | १३८३० | १८८ | १० | २४ | १४०४२ |
| ५. | शैक्षिक तालिम केन्द्र, ईनरुवा | १३५ | १ | १ | ० | १३७ |
| ६. | जिल्ला सरकारी वकिल कार्यालय | १५४ | ० | ९ | ० | १६३ |
| ७. | जिल्ला अदालत सुनसरी | ५२० | २१० | ७४० | ० | १४७० |
| ८. | मालपोत कार्यालय,ईनरुवा | १६३ | ३४१४ | ५१ | ३६७० | ७२९८ |
| ९. | जिल्ला बिकास समिति | ० | ० | ० | ३११६० | ३११६० |
| १०. | जिल्ला स्वास्थ्य कार्यालय | २०८४ | ९ | ९ | ११६ | २२१८ |
| ११. | भगवतीप्रसाद गुल्म कोशीटप्पु | ७१० | १ | ६ | ० | ११७ |
| १२. | व्यवसायिकसीपबिकास केन्द्र,ईटहरी | १९० | १ | २ | ० | १९३ |
| १३. | प्राबिधिक शिक्षा तथा व्य.ता.परिषद | ० | ० | ० | ३९३ | ३९३ |
| १४. | व्यबसायिक तथा बिप्रेशण कार्यालय | ३२ | ० | ० | ० | ३२ |
| १५. | पूर्वी पृतना हेडक्वार्टर | ९१४ | १२ | १३ | ० | ९३९ |
| १६. | सर्वज्ञदल गण ईटहरी | ११८८ | ० | ८ | ० | ११९६ |
| १७. | बटुकदल गण ईटहरी | २२१२ | ० | १९ | ० | २२३१ |
| १८. | गौरीबक्स गुल्म,ईटहरी | ६२३ | ० | ६ | ० | ६२९ |
| १९. | पूर्वी पृतना कारखाना | २५४ | ० | ० | ० | २५४ |
| २०. | महेन्द्र बहुमुखी क्याम्पस,धरान | ० | ० | ० | २८८३ | २८८३ |
| २१. | पूर्वाञ्चल क्याम्पस धरान | ० | ० | ० | २३९० | २३९० |
| २२. | शैनिक आबाासीय मा बि धरान | ८१ | ० | १ | ११७१ | १२५४ |
| २३. | बिपी कोईराला स्वा बि प्रतिष्ठान | ० | ० | ० | १६८९७ | १६८९७ |
| २४. | राष्ट्रिय अनुसन्धान क्षे. कार्यालय | ९० | ४ | ० | ० | ९४ |
| २५. | कृषि विकास कार्यालय | १०८४ | २ | १० | १५ | ११११ |
| २६. | महिला तथा बालबालिका कार्यालय | २११ | ० | ० | २० | २३१ |
| २७. | सशस्त्र प्रहरी वल रा.चु.गल्म | २४३ | ० | १ | ० | २४४ |
| २८. | जिल्ला प्रशासन कार्यालय | १८५ | ७४८ | २८० | २६४२ | ३८५५ |
| २९. | सुनसरी मोरङ पुल निर्माण आयोजना | ६७३ | ६ | २८२ | ० | ९६१ |
| ३०. | जिल्ला पशु सेवा कार्यालय | ४१६ | २ | ३ | ५ | ४२६ |
| ३१. | क्षेत्रीय कृषि अनुसन्धान | ११०१ | ० | ५८ | ९३ | १२५२ |
| ३२. | सिंचाई विकास डिभिजन | २१५ | १ | २३ | ० | २३९ |
| ३३. | जिल्ला वन कार्यालय | ६६९ | १५९ | ४२९ | ३१ | १२८८ |
| ३४. | हुलाकी राजमार्ग आयोजना | ३२७३ | २८ | ५३५ | ० | ३८३६ |
| ३५. | व्यापारिक मार्ग विस्तार | ४६९२ | १२ | २६६ | ० | ४९७० |

| क्र.स. | कार्यालयको नाम | विनियोजन /निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| ३६. | हावापानी कार्यालय | ९७ | ० | ०.६३ | ० | ९७.६३ |
| ३७. | तेश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | २३५६ | ० | ५५ | ० | २४११ |
| ३८. | खानपानी तथा सरसफाई डिभिजन कार्यालय | १२२७ | ४ | १७० | ०.५ | १४०१.५ |
| ३९. | जिल्ला प्रहरी कार्यालय | १८६९ | ५ | १४ | ८ | १८९६ |
| ४०. | सशस्त्र प्रहरी वल रा.भ. तथा औ. सुरक्षा गल्म | ५९६ | ० | ० | ० | ५९६ |
| ४१. | सशस्त्र प्रहरी बल सिद्धकाली | २२७२ | ० | १३ | ० | २२८५ |
| ४२. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ६३ | ० | ० | ० | ६३ |
| ४३. | पूर्व क्षेत्रिय आवसिय प्रहरी विद्यालय | ९६ | ० | ० | ० | ९६ |
| ४४. | अञ्चल प्रहरी कार्यालय | २७९ | १ | १ | ० | २८१ |
| ४५. | सशस्त्र प्रहरी बल सिमा सुरक्षा कार्यालय | १५६१ | ० | १२ | ० | १५७३ |
| ४६. | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय | १०९ | १ | १० | ० | १२० |
| ४७. | पुल आयोजना पूर्वी क्षेत्र १ धरान सुनसरी | ४५२६ | ० | ३३८ | ० | ४८६४ |
| ४८. | पूर्व क्षेत्रिय दंगा नियन्त्रण कार्यालय दुहवी | १८७५ | ०.४३ | ३१ | ० | १९०६.४ |
| ४९. | सशस्त्र प्रहरी गण सिमा सुरक्षा वाराहा वाहनी | ८९८ | २ | १६१८ | ० | २५१८ |
| | **जम्मा** | **६४१९४** | **१४२३१** | **५२९४** | **६२०७६** | **१४५१८६** |

**लेखापरीक्षण विधिः आन्तरिक लेखापरीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** **(रु लाखमा)**

| | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | सुनसरी भन्सार कार्यालय | ३६० | १५१५ | ३३६ | ० | २२११ |
| २. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ११६ | ० | १ | ० | ११७ |
| ३. | नापी कार्यालय,ईनरुवा | २१४ | ४७ | २ | २ | २६५ |
| ४. | जिल्ला निर्वाचन कार्यालय ईनरुवा | ५३ | ० | ० | ० | ५३ |
| ५. | जिल्ला तथ्याङ्क कार्यालय ईनरुवा | ५५ | १ | ० | ० | ५६ |
| ६. | जिल्ला प्राबिधिक कार्यालय,ईनरुवा | ८०८ | १ | १९ | ० | ८२८ |
| ७. | भूमिसुधार कार्यालय,ईनरुवा | ७६ | ५ | १८६ | ३ | २७० |
| ८. | पुर्वी पृतना हेडक्वार्टर,स्थपति,ईटहरी | २५८ | ० | ० | ० | २५८ |
| ९. | राजस्व अनुसन्धान क्षे का,ईटहरी | २१८ | ७९९ | १६९९ | २ | २७१८ |
| १०. | करदाता सेवा कार्यालय,ईटहरी | ६६ | ११९३८ | १ | ० | १२००५ |
| ११. | श्री १ नं राजदल गण ईटहरी | ११४५ | १ | ६ | १ | ११५३ |
| १२. | अ.दु.अ .आयोग क्षे का ईटहरी | १६३ | ० | ४ | १ | १६७ |
| १३. | धरेलु तथा सानाउद्योग कार्यालय | ८५ | १३३ | १ | ० | २१९ |

| | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १४. | नेपाली सेना फिल्ड अस्पताल ईटहरी | ४८९ | ० | ३ | ० | ४९२ |
| १५. | पिण्डेश्वर बिद्यापिठ धरान | ० | ० | ० | ८६९ | ८६९ |
| १६. | केन्द्रीय खाद्यप्रबिधि क्याम्पस,धरान | ० | ० | ० | ८३६२ | ८३६२ |
| १७. | नापी कार्यालय, धरान | ६२ | ११ | ० | ३ | ७६ |
| १८. | मालपोत कार्यालय, धरान | ८९ | ७२३ | ० | ९६० | १७७२ |
| १९. | इलाका प्रहरी कार्यालय, इटहरी | ४३५ | ० | ० | ० | ४३५ |
| २०. | इलाका प्रहरी कार्यालय, धरान | ३८५ | ० | ० | ० | ३८५ |
| २१. | इलाका प्रहरी कार्यालय, पकली | १३६ | ० | ० | ० | १३६ |
| २२. | इलाका प्रहरी कार्यालय, महेन्द्रनगर | २०७ | ० | ० | ० | २०७ |
| २३. | इलाका प्रहरी कार्यालय, दुहवी | ३३३ | ० | ० | ० | ३३३ |
| २४. | इलाका प्रहरी कार्यालय, हरिनगर | ८४१ | ० | ० | ० | ८४१ |
| २५. | यातायात व्यवस्था कार्यालय लाइसेन्स | १८४ | ५६७२ | ० | ० | ५८५६ |
| २६. | यातायात व्यवस्था कार्यालय कोशी | १२२ | ५०७ | ० | ० | ६२९ |
| २७. | हेभी इक्विपमेन्ट डिभिजन | २८० | १५० | १३४ | ६७ | ६३१ |
| २८. | इलाका प्रशासन कार्यालय धरान | ४८ | २०४ | ० | ० | २५२ |
| २९. | जिल्ला ट्राफिक कार्यालय धरान | ० | ६९ | ० | ० | ६९ |
| ३०. | पूर्व क्षेत्रिय ट्राफिक प्रहरी कार्यालय | २६८ | १०५ | ० | ० | ३७३ |
| ३१. | सशस्त्र प्रहरी बल पूर्व क्षेत्रिय वर्कशप | ९१ | ० | ४ | ० | ९५ |
| ३२. | अञ्चल सशस्त्र प्रहरी गुल्म | ३७५ | ० | ० | ० | ३७६ |
| ३३. | जिल्ला हुलाक कार्यालय धरान | ४१९ | ६९ | ५ | ० | ४९३ |
| ३४. | क्षेत्रिय माटो परीक्षण प्रयोगशाला | ९१ | १ | २ | ० | ९४ |
| ३५. | प्लान्ट क्वारिन्टाइन कार्यक्रम | १७ | ० | ० | ० | १७ |
| ३६. | क्षेत्रिय विउ विजन प्रयोगशाला | १४३ | ५ | ४ | १ | १५३ |
| ३७. | क्षेत्रीय पशु सेवा तालिम केन्द्र, दुहवी | १०२ | १ | ४ | ० | १०७ |
| ३८. | रेशम प्रशोधन केन्द्र | ७४ | ४ | २ | ० | ८० |
| ३९. | जुखाती अनुसन्धान कार्यक्रम | २३४ | १५ | १५ | २ | २६६ |
| ४०. | क्षेत्रिय कृषि तालिम केन्द्र | १६८ | १ | ७ | ० | १७६ |
| ४१. | राष्ट्रिय भैसी अनुसन्धान कार्यक्रम | १९७ | २२ | १९ | ४ | २४२ |
| ४२. | इलाका हुलाक कार्यालय, इनरुवा | ० | १६३८ | ० | ० | १६३८ |
| ४३. | कोशिटप्पु वन्यजन्तु आरक्ष,सुनसरी | ३१३ | २२ | १८ | २७६ | ६२९ |
| | **जम्मा** | **३६०** | **१५१५** | **३३६** | **०** | **२२११** |
| | **कूल जम्मा** | **७३९१४** | **३७८९१** | **७७६६** | **७२६२९** | **१९१५८९** |

अनुसूची २

## बेरुजु स्थिति

(रु. हजारमा)

| क्र.सं. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नु पर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को क्रममा | प्रतिक्रिया बाट | जम्मा |
| १. | आन्तरीक राजश्व कार्यालय, धरान | ११० | ५८००४ | ७७ | ० | ३३ | ४८३६७ | ९६३७ | ० | ५८००४ | ० | ० | ० |
| २. | कारागार कार्यालय | १४ | ० | ५ | ० | ९ | ० | ० | ० | ० | ० | ० | ० |
| ३. | कृषि विकास कार्यालय | ११ | ४ | ५ | ० | ६ | ४ | ० | ० | ४ | ० | ० | ० |
| ४. | खानपानी तथा सरसफाई डिभिजन कार्यालय | २७ | ९२४० | १४ | ० | १३ | ० | ९१७ | ८३२३ | ९२४० | ० | ० | ० |
| ५. | जिल्ला अदालत | ८ | ० | ३ | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० |
| ६. | जिल्ला सरकारी वकिल कार्यालय | ८ | ३० | ४ | ० | ४ | ० | ३० | ० | ३० | ० | ० | ० |
| ७. | जिलला प्रशासन कार्यालय | १२ | ७१ | ६ | ० | ६ | ० | ७१ | | ७१ | ० | ० | ० |
| ८. | जिल्ला प्रहरी कार्यालय | ६ | ० | ५ | ० | १ | ० | ० | ० | ० | १५७ | ० | १५७ |
| ९. | जिल्ला वन कार्यालय | २२ | ५२३४ | ० | ० | २२ | १५ | ४१७९ | १०४० | ५२३४ | ७४२ | ० | ७४२ |
| १०. | जिल्ला शिक्षा कार्यालय | २६ | २०८९४२ | ११ | ० | १५ | १४७० | २०७४७२ | ० | २०८९४२ | ११७ | ० | ११७ |
| ११. | जिल्ला विकास समितिको कार्यलय | ११४ | ३३११६३ | ७० | ७२६२ | ४४ | ११२५१ | ७१६२८ | २४१०२२ | ३२३९०१ | ० | ० | ० |
| १२. | जिल्ला स्वास्थ्य कार्यालय | ३० | १५१०४ | १६ | ० | १४ | १५९ | १०७४४ | ४२०१ | १५१०४ | ० | ० | ० |
| १३. | तेश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | २० | १०२१६० | ८ | ० | १२ | ० | ३७८४ | ९८३७६ | १०२१६० | ० | ० | ० |
| १४. | पूर्व क्षेत्रिय दंगा नियन्त्रण कार्यालय दुहवी | १० | ५८०० | ५ | ० | ५ | ० | २५८ | ५५४२ | ५८०० | ० | ० | ० |
| १५. | पुल आयोजना पूर्वी क्षेत्र १ धरान सुनसरी | १६ | २६६०२३ | ५ | ० | ११ | २१२२ | ० | २६३९०१ | २६६०२३ | ० | ० | ० |
| १६. | पूर्वाञ्चल क्याम्पस,धरान | ४७ | १५४६९ | २२ | ० | २५ | २०६६ | १३४०३ | ० | १५४६९ | ० | ० | ० |
| १७. | पूर्वी पृतना हेडक्वार्टर | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १८. | व्यापारिक मार्ग विस्तार | २३ | ५६६२१ | ९ | ० | १४ | ७७ | २१६६ | ५४३७८ | ५६६२१ | ० | ० | ० |
| १९. | व्यबसायिक सीप बिकास केन्द्र,ईटहरी | ६ | ० | १ | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० |
| २०. | व्यबसायिक तालिम तथा प्राबिधिक शिक्षा परिषद,ईटहरी २०७१।७२ | २० | ५३३४ | ९ | ० | ११ | ५९ | ५२७५ | ० | ५३३४ | ० | ० | ० |
| २१. | व्यबसायिक तालिम तथा प्राबिधिक शिक्षा परिषद,ईटहरी २०७२।७३ | १७ | ३७५९० | ७ | ० | १० | ३४६ | ३७२४४ | ० | ३७५९० | ० | ० | ० |
| २२. | महिला तथा बालबालिका कार्यालय | १३ | ११५ | ४ | ० | ९ | ० | ११५ | ० | ११५ | ० | ० | ० |

| क्र. सं. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नु पर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को क्रममा | प्रतिक्रिया बाट | जम्मा |
| २३. | वी. पि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | १०९ | १२७७९२ | ४९ | ६७४६२ | ६० | ५७८८ | ५४५४२ | ० | ६०३३० | ० | ० | ० |
| २४. | महेन्द्र बहुमुखी क्याम्पस धरान २०७२।७३ | १८ | ३१०२ | ५ | ० | १३ | ११ | ३०९१ | ० | ३१०२ | ० | ० | ० |
| २५. | महेन्द्र बहुमुखी क्याम्पस धरान २०७१।७२ | ११ | ० | ० | ० | ११ | ० | ० | ० | ० | ० | ० | ० |
| २६. | मालपोत कार्यालय,ईनरुवा | १२ | ५३८ | २ | ० | १० | ३१२ | २२६ | ० | ५३८ | ० | ० | ० |
| २७. | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय | ११ | ७९० | ६ | ० | ५ | १४ | ७७६ | ० | ७९० | ० | ० | ० |
| २८. | सैनिक आवसीय विद्यालय, धरान | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २९. | सिंचाई विकास डिभिजन | ७ | ६८०७ | १ | ७ | ६ | ० | ० | ६८०० | ६८०० | ० | ० | ० |
| ३०. | सुनसरी मोरङ पुल निर्माण आयोजना | २८ | ३०८३६ | १२ | ० | १६ | ३६५ | ३८२१ | २६६५० | ३०८३६ | ० | ० | ० |
| ३१. | शैक्षिक तालिम केन्द्र | ८ | ३०८ | ५ | ० | ३ | १० | २९८ | ० | ३०८ | ० | ० | ० |
| ३२. | हावापानी कार्यालय | ५ | ० | ४ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ३३. | हुलाकी राजमार्ग आयोजना | १७ | ४९००२ | ६ | ० | ११ | २७७३ | १००० | ४५२२९ | ४९००२ | ० | ० | ० |
| ३४. | क्षेत्रीय कृषि अनुसन्धान | २२ | ३०६८७ | १५ | ० | ७ | २७७ | ३७६० | २६६५० | ३०६८७ | ५३ | ० | ५३ |
| | | **८१०** | **१३६६७६६** | **३९३** | **७४७३१** | **४१७** | **७५४८६** | **४३४४३७** | **७८२११२** | **१२९२०३५** | **१०६९** | **०** | **१०६९** |

द्रष्टव्य: ** बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*

** प्रारम्भिक प्रतिबेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसुचीमा बांकी दफा कायम गरिएको छ ।*

अनुसूची : ३

## जिल्ला विकास समितिको आय व्यय विवरण

| आयतर्फ | रकम | व्ययतर्फ | रकम |
|---|---|---|---|
| गत वर्षको जिम्मेवारी : | **३२,८७०,०४७.२१** | **वजेट खर्च** | **१७२,८८०,८८२.००** |
| जि.वि.स.कोष चालु ०१ग२।१ | ३१६,२६५.३९ | जि.वि.स. अनुदान (चालु) | ३२,०७३,२६२.०० |
| वैकल्पिक उर्जा प्रवर्धन ०१ग२।१ | ५७,२९३.५० | जि.वि.स. अनुदान (पूँजीगत) | २७,८३८,०००.०० |
| जि.वि.स.कोष पूँजीगत ०१ग२।२ | ८,४३०.४६ | गा.वि.स. अनुदान (चालु) | १६,८५४,०००.०० |
| भारतीय राजदुतावास कार्यक्रम ०१ग२।२ | १३०,७४७.०५ | गा.वि.स. अनुदान (पूँजीगत) | ९६,११५,६२०.०० |
| यूएनएफपिए कार्यक्रम ०१ग२।२ | १२०,०४०.०० | **अन्य कोष खर्च :** | **८४५,९३०,२६२.७४** |
| कुम्भ मेला बराहक्षेत्र ०१ग२।२ | १४,२००.०० | जि.वि.स. कोष चालु | २२,०५६,३४१.२२ |
| घटना दर्ता कार्यक्रम-प्लान नेपाल ०१ग२।२ | ९,३२६.०० | जि.वि.स. कोष पूँजीगत | ४१,६९०,९३३.५० |
| सेहरा खोला पुल साझेदारी मार्फत ०१ग२।२ | १,४५७,०००.०० | वैकल्पिक उर्जा प्रव४न | ४५५,२३०.०० |
| सडक बोर्ड कार्यक्रम ०१ग५।२ | ४६२,१९४.३३ | प्रयोगशाला व्यवस्थापन | १३४,६४०.०० |
| मर्मत सम्भार विशेष कोष ०१ग५।२ | ८६,७१६.८३ | गरिवी निवारण कोष | १७२,५९८.०० |
| वातावरणीय व्यवस्थापन कोष ०१ग५।६ | ४०५,५४८.३४ | यूएनएफपिए कार्यक्रम | १,४८२,९४८.०० |
| लघु उद्यम कार्यक्रम०१ग५।५ | ३,७७०.१५ | विद्युत रोयल्टी व्यवस्थापन गतको | १,५३५,६००.०० |
| गरिवी निवारण तथा सामाजिक परिचालन कोष ०२ग५।३ | १००,०००.०० | सेहरा खोला पुल साझेदारी | १,०३३,९३८.९५ |
| प्रकोप व्यवस्थापन विशेष कोष ०१ग५।४ | २८,५७३.०० | महिला वालवालिका स्याचिङ्ग | ३००,०००.०० |
| कर्मचारी कल्याण कोष ब.हि.नं.८१८७ | ५,१६५,६४४.६९ | सडक बोर्ड | ४,६२९,१४५.०० |
| कर्मचारी कल्याण कोष मुद्दती | २,५००,०००.०० | मर्मत सम्भार कोष | ९८६,७१६.८३ |
| धरौटी ०१ग३ | ८,५७६,०३५.६४ | वातावरणीय व्यवस्थापन कोष | ५००,०००.०० |
| ट्रान्सफर खाता ०२ग४।१ | १०९,००७.३७ | प्रकोप व्यवस्थापन विशेष कोष | १०६,०००.०० |
| ट्रान्सफर खाता ०२ग४।२ | १,७४७,७४०.७८ | कर्मचारी कल्या० कोष | २७६,४७०.४० |
| ट्रान्सफर खाता ०२ग४।३ | ९,२८८,०६४.३७ | ट्रान्सफर खाता ०२ग४।१ | ४३२,४९९,१८०.०० |
| ट्रान्सफर खाता ०२ग४।४ | १,७५८,७३३.९५ | ट्रान्सफर खाता ०२ग४।२ | २३७,८४०,६००.०० |
| ट्रान्सफर खाता ०२ग४।५ | ५२४,७१५.३६ | ट्रान्सफर खाता ०२ग४।३ | ४१,२०६,५८७.०० |
| नेपाल सरकारका अनुदान | **१७२,८८०,८८२.००** | ट्रान्सफर खाता ०२ग४।४ | ५१,९६१,०४४.८४ |
| जि.वि.स. अनुदान (चालु) | ३२,०७३,२६२.०० | ट्रान्सफर खाता ०२ग४।५ | ७,०६२,२८९.०० |
| जि.वि.स. अनुदान (पूँजीगत) | २७,८३८,०००.०० | **केन्द्रीय राजश्व** | **११,७७७,५४६.००** |
| गा.वि.स. अनुदान (चालु) | १६,८५४,०००.०० | **धरौटी खर्च** | **८,९९०,१९३.३८** |
| गा.वि.स. अनुदान (पूँजीगत) | ९६,११५,६२०.०० | **मौज्दात :** | **३१,९३६,३१०.५२** |
| आन्तरिक श्रोत : | **६५,१९२,००१.००** | जि.वि.स.कोष चालु | १,७५९,९२४.१७ |
| कर, दस्तुर, सेवा शुल्क र भाडा | ३३,९३४,६१९.५२ | प्रयोगशाला व्यवस्थापन | २३५,५७०.०० |
| राजश्व वाँडफाँडबाट प्राप्त | ३१,२५७,३८१.४८ | गरिवी निवारण कोष | २७,४०२.०० |
| अन्य श्रोत : | **७७८,६६९,५०३.१४** | जि.वि.स.कोष पूँजीगत | ९,४९७.९६ |
| वैकल्पिक उर्जा प्रवर्धन ०१ग२।१ | ३९७,९३६.५० | भारतीय राजदुतावास कार्यक्रम | १३०,७४७.०५ |
| प्रयोगशाला व्यवस्थापन ०१ग२।१ | ३७०,२१०.०० | कुम्भ मेला बराहक्षेत्र | १४,२००.०० |
| गरिवी निवारण कोष ०१ग२।१ | २००,०००.०० | घटना दर्ता कार्यक्रम-प्लान नेपाल | ९,३२६.०० |
| यूएनएफपिए कार्यक्रम ०१ग२/२ | १,३६२,९०८.०० | सेहरा खोला पुल साझेदारी मार्फत | ४२३,०६१.०५ |
| विद्युत रोयल्टी व्यवस्थापन गतको ०१ग२।२ | १,५३५,६००.०० | सडक बार्ड कार्यक्रम | ६३३,०४९.३३ |
| महिला वालवालिका स्याचिङ्ग ०१ग२।२ | ३००,०००.०० | वातावरणीय व्यवस्थापन कोष | ५५,५४८.३४ |
| सडक बोर्ड कार्यक्रम ०१ग५/२ | ४,८००,०००.०० | लघु उद्यम कार्यक्रम | ३,७७०.१५ |
| मर्मत सम्भार विशेष कोष ०१ग५।२ | ९००,०००.०० | गरिवी निवारण तथा सामाजिक परिचालन कोष | १००,०००.०० |
| वातावरणीय व्यवस्थापन कोष ०१ग५।६ | १५०,०००.०० | प्रकोप व्यवस्थापन विशेष कोष | ७१,५७५.३० |
| प्रकोप व्यवस्थापन विशेष कोष ०१ग५।४ | १४९,००२.३० | कर्मचारी कल्याण कोष ब.हि.नं. | ६,२९०,५८१.२७ |
| कर्मचारी कल्या० कोष ब.हि.नं. ८१८७ | १,४०१,४०६.९८ | कर्मचारी कल्याण कोष मुद्दती | २,५००,०००.०० |
| ट्रान्सफर खाता ०२ग४।१ | ४३२,४९९,१८०.०० | धरौट ०१ग३ | ९,७११,०५७.५५ |
| ट्रान्सफर खाता ०२ग४।२ | २३६,३०५,०००.०० | ट्रान्सफर खाता ०२ग४।१ | १०९,००७.३७ |

| आयतर्फ | रकम | व्ययतर्फ | रकम |
|---|---|---|---|
| ट्रान्सफर खाता ०२ग४।३ | ४०,७९४,८७४.५२ | ट्रान्सफर खाता ०२ग४।२ | २१२,१४०.७८ |
| ट्रान्सफर खाता ०२ग४।४ | ५०,२४४,५६१.८४ | ट्रान्सफर खाता ०२ग४।३ | ८,८७६,३५१.८९ |
| ट्रान्सफर खाता ०२ग४।५ | ७,२५८,८२३.०० | ट्रान्सफर खाता ०२ग४।४ | ४२,२५०.९५ |
| केन्द्रीय राजश्व | **११,७७७,५४६.००** | ट्रान्सफर खाता ०२ग४।५ | ७२१,२४९.३६ |
| धरौट ०१ग३ | **१०,१२५,२१५.२९** | | |
| आन्तरिक तर्फको जम्मा | **१,०७१,५१५,१९४.६४** | **आन्तरिक तर्फको जम्मा** | **१,०७१,५१५,१९४.६४** |
| **केन्द्रीय अनुदान तर्फ** | **५३०,६६९,२९५.४३** | **केन्द्रीय अनुदान तर्फ** | **५३०,६६९,२९५.४३** |
| **कूल जम्मा** (कोष र केन्द्र समेत) | १,६०२,१८४,४९०.०७ | कूल जम्मा (कोष र केन्द्र समेत) | **१,६०२,१८४,४९०.०७** |

## जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | जिल्ला शिक्षा कार्यालय ईनरुवा | श्री खगेन्द्र प्रसाद सुवेदी | श्री राजेन्द्र आचार्य |
| २. | शैक्षिक तालिम केन्द्र, ईनरुवा | श्री हरिहर धिताल | श्री देबेन्द्र राय |
| ३. | जिल्ला सरकारी वकिल कार्यालय | श्री भरतमणि रिजाल | श्री राजन प्रसाद गुरागाइ |
| ४. | जिल्ला अदालत सुनसरी | श्री रमेश कुमार पोखरेल | श्री मदनलहरि आचार्य |
| ५. | मालपोत कार्यालय,ईनरुवा | श्री विनोद कुमार पोखरेल | श्री त्रिलोचन गुरागाइ |
| ६. | जिल्ला बिकास समिति | श्री राम प्रसाद वाग्ले | श्री हिमाल श्रेष्ठ |
| ७. | जिल्ला स्वास्थ्य कार्यालय | श्री दिल्लीरमण अधिकार | श्री अशोक कुमार गिरी |
| ८. | व्यवसायिक सीप बिकास केन्द्र | श्री जेट बहादुर राई | श्री द्धारिका प्रसाद दाहाल |
| ९. | प्राबिधिक शिक्षा तथा व्य.ता.परिषद | श्री दिपक नेपाली क्षेत्री | श्री सरोज कुमार दाहाल |
| १०. | पूर्वी पृतना कारखाना | श्री संञ्जय सिंह खडायत | श्री धर्मराज थापा |
| ११. | महेन्द्र बहुमुखी क्याम्पस,धरान | श्री चन्द्र कुमार राई | श्री शम्भु प्रसाद ढुंगेल |
| १२. | पूर्वाञ्चल क्याम्पस धरान | श्री जितेन्द्र चौधरी | श्री सुरेश सुवेदी |
| १३. | शैनिक आबाासीय मा बि धरान | श्री गजेन्द्र रावल | श्री बालमुकुन्द थापा |
| १४. | आन्तरिक राजस्व कार्यालय,धरान | श्री धर्मेन्द्र कुमार मिश्र | श्री राजेन्द्र आचाय |
| १५. | बिपी कोईराला स्वा बि प्रतिष्ठान | डा. श्री बलभद्र प्रसाद दास | श्री रूपा सिंघान्ची अग्रवाल |
| १६. | कृषि विकास कार्यालय | डा. रविन्द्रनाथ चावे | श्री नविन अधिकारी, तोयानाथ लम्साल |
| १७. | महिला तथा बालबालिका कार्यालय | श्री मेरिना श्रेष्ठ, रश्मि श्रेष्ठ | श्री जीवन बजगाई |
| १८. | जिल्ला प्रशासन कार्यालय | श्री मोहन ब. चापागाँई | श्री भीम ब. खनाल, ज्ञान ब.राई |
| १९. | सुनसरी मोरङ पुल निर्माण आयोजना | श्री कैलाश शाह | श्री सुबोल अधिकारी |
| २०. | क्षेत्रीय कृषि अनुसन्धान | डा. हरिकृष्ण श्रेष्ठ | श्री तिलक प्रसाद राजवंशी |
| २१. | सिंचाई विकास डिभिजन | श्री राजेन्द्र प्रसाद देव | श्री पदम ब. कार्की |
| २२. | जिल्ला वन कार्यालय | श्री राजेन्द्र प्रसाद निरौला | श्री विकास पोखरेल |
| २३. | हुलाकी राजमार्ग आयोजना | श्री नवोना झा, शैलेन्द्रमणि त्रिपाठी | श्री मोहन प्रसाद पाठक |
| २४. | व्यापारिक मार्ग विस्तार | श्री दिपक कुमार भट्टराई | श्री बालकृष्ण पोखरेल |
| २५. | हावापानी कार्यालय | श्री राजीव कुमार झा | श्री माधव पोखरेल |
| २६. | तेश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | श्री चन्द्रश्वर प्रसाद साह | श्री हरि प्रसाद वस्ती |
| २७. | खानपानी तथा सरसफाई डिभिजन | श्री घर्मेन्द्रकुमार केशरी | श्री राजकुमार गिरी |
| २८. | जिल्ला प्रहरी कार्यालय | श्री पोषराज पोखरेल | श्री मान बहादुर जिम्मा |
| २९. | कारागार कार्यालय | श्री गणेश अधिकारी | श्री तुलसी प्र. आचार्य |
| ३०. | सहकारी प्रशिक्षण तथा डिभिजन | श्री बलराम निरौला | श्री गुरुभक्त श्रेष्ठ |
| ३१. | पुल आयोजना पूर्वी क्षेत्र १ धरान सुनसरी | श्री अर्जुन प्रसाद अर्याल | श्री चुडामणी गौतम |
| ३२. | पूर्व क्षेत्रिय दंगा नियन्त्रण कार्यालय दुहवी | श्री अर्जुन चन्द्र ठकुरी | श्री कृष्ण कु पोखरेल |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np